आर्थिक सुशासन

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय
बबरमहल, काठमाडौं
आ.व. २०८०/०८१

वर्तमान कुमारी

वि.सं. २०७४ साल आश्विन १२ गतेदेखि

आर्थिक सुशासन

तेह्रौं वार्षिक प्रकाशन

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय
बबरमहल, काठमाण्डौ
फोन/फ्याक्स : ०१-५३४०७४९
Web: kumarichowk.gov.np
Email: info@kumarichowk.gov.np
आ.व. २०८०/०८१

आर्थिक सुशासन, २०८१
Good Economic Governance, 2024

संयोजन र सम्पादन : **नमुना कार्की दाहाल**

: **अञ्जु न्यौपाने**

प्रकाशक : कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय

प्रति : ५७०

मुद्रण : आवृत्ति छापाखाना प्रा.लि., फोन- ०१-४१६७५७१

(यस प्रकाशनमा प्रकाशित लेख रचनामा व्यक्त विचारहरू लेखकका निजी विचारहरू हुन् ।)

नेपाल सरकार

अर्थ मन्त्रालय

महालेखा नियन्त्रक कार्यालय

Financial Comptroller General Office

अनामनगर, काठमाडौं

प.सं.: २०८०/८१ मिति: २०८१/०३/१२

च.नं.: ४०८

शुभकामना

कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयले बार्षिक रुपमा प्रकाशन गर्दै आएको **आर्थिक सुशासन** पत्रिकाको तेहौं अंक २०८१ प्रकाशन गर्न लागेकोमा मलाई खुशी लागेको छ। आर्थिक सुशासनका महत्वपूर्ण विषयहरु लेखा, राजस्व, लेखापरीक्षण, सार्वजनिक खरिद, वित्तीय संघीयता, सरकारी बाँकी तथा प्रतिवेदन लगायत निजामती सेवासँग सम्बन्धित अन्य सान्दर्भिक विषयहरुका साथै कार्यालयका गतिविधिहरु समेत समेटिएको प्रस्तुत पत्रिकाले सार्वजनिक वित्त प्रशासनको क्षेत्रमा संलग्न व्यक्तिहरुको विषयगत ज्ञानको दायरा फराकिलो पारी कार्यसम्पादनमा प्रभावकारीता अभिवृद्धि र आर्थिक सुशासन कायम गर्न महत्वपूर्ण भुमिका निर्वाह गर्न सहयोग हुने अपेक्षा लिएको छु। आर्थिक सुशासनका सैद्धान्तिक र व्यवहारिक पक्षहरुका साथै अन्य समसामयिक विषयहरुको जानकारी राख्न चाहने सरकारी एवं गैर सरकारी क्षेत्रका समस्त पाठकहरुको लागि प्रस्तुत पुस्तक उपयोगी हुने विश्वास समेत लिएको छु ।

यस **आर्थिक सुशासन** प्रकाशन गर्ने कार्यमा संलग्न कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयका कार्यालय प्रमुख लगायत सम्पुर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

विनोदप्रकाश सिंह

महालेखा नियन्त्रक

हालसम्मका जीवित देवी कुमारीहरुका केही तस्वीरहरू

चन्द्रदेवी शाक्य
वि.सं. १९८८ सालदेखि १९९० सम्म

दिलकुमारी शाक्य
वि.सं. १९९० सालदेखि १९९८ सम्म

नानीशोभा शाक्य
वि.सं. १९९८ सालदेखि २००६ सम्म



क्योमयजु शाक्य
वि.सं. २००६ सालदेखि २०१२ सम्म

हर्षलक्ष्मी शाक्य

वि.सं. २०१२ सालदेखि २०१८ सम्म

नानीमैयाँ शाक्य

वि.सं. २०१८ सालदेखि २०२६ सम्म

सुनिना शाक्य

वि.सं. २०२६ सालदेखि २०३५ सम्म

अनिता शाक्य

वि.सं. २०३५ सालदेखि २०४१ सम्म

रश्मिला शाक्य

वि.सं. २०४१ सालदेखि २०४८ सम्म

अमिता शाक्य

वि.सं. २०४८ सालदेखि २०५८ सम्म

प्रीति शाक्य

वि.सं. २०५८ सालदेखि २०६५ सम्म

मतिना शाक्य

वि.सं. २०६५ सालदेखि २०७४ सम्म

सम्पादकीय

यो वर्ष “आर्थिक सुशासन” तेह्रौं अंक प्रकाशन गर्ने जमर्को गरेका छौं। विगतका अंकहरूको सफलताबाट हामी अत्यन्तै हर्षित भएका छौं।

सार्वजनिक प्रशासनको आत्मा आर्थिक प्रशासन र आर्थिक प्रशासनको मूल मर्म आर्थिक सुशासन हो। आर्थिक प्रशासनका विविध पक्षहरू सार्वजनिक खरिद, लेखापरीक्षण, बेरुजु, सरकारी बाँकी सम्बन्धि विषय र वित्तीय संघीयता जस्ता समसामयिक लेखहरूका अतिरिक्त संगठनको गतिविधि समावेश भएको यो प्रकाशनले पुस्तक प्रेमीहरूको थोरै भएपनि ध्यान आकर्षण गर्नेछ भन्ने विश्वास लिएका छौं। प्रस्तुत पुस्तकलाई आर्थिक प्रशासनमा प्रत्यक्ष वा परोक्षरुपमा रहेर काम गर्ने पाठक वर्गहरूले कम्तीमा केहि समय दिनुभएमा हामीले त्यसलाई सफलता ठान्नेछौं।

प्रस्तुत प्रकाशनमा सकभर त्रुटी कमजोरीहरू नहोस् भन्ने सक्दो प्रयास गरेका छौं, तथापी यस्तो प्रयासका बाबजुद पनि कुनै कमी कमजोरीहरू रहन गएमा सुधारका लागि दिनु भएका सल्लाह र सुझावहरूलाई सदैव मार्ग निर्देशकका रुपमा स्वीकार गर्ने छौं।

अन्त्यमा, हाम्रो अनुरोधलाई स्विकार गरी छोटो समय भित्रै अमुल्य लेखहरू उपलब्ध गराई सहयोग गरिदिनु हुने सबै विद्वान लेखकहरूमा कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय हार्दिक आभार व्यक्त गर्दछ।

मिति २०८१/०३/१५ सम्पादक समूह

विषय सूची

सि.नं	बिषय	लेखक	पृष्ठ
१.	कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयको परिचय		१
२.	महालेखापरीक्षकको वार्षिक प्रतिवेदन र बित्तीय सुशासन	महेश्वर काफ्ले	५
३.	Diagnosis of the Governance Framework of Nepal	Chhabindra Parajuli	१३
४.	नेपालमा वित्तीय संघीयताको अभ्यास र सुधारका क्षेत्र	रमेश अर्याल	१९
५.	नेपालमा सरकारी खर्चको वर्तमान अवस्था र स्थिति समस्या समाधानका उपायहरू	गम्भिर बहादुर हाडा	२८
६.	Future of trade and tourism between rising China and Nepal	Namuna Karki Dahal	६०
७.	नेपालको सार्वजनिक वित्तीय व्यवस्थापनको कार्यसम्पादन: सन्दर्भ तेस्रो पेफा मूल्याङ्कन	गोकुल बाँस्तोला	६९
८.	सरकारी लेखापरीक्षण तथा वित्तीय जवाफदेहिता प्रवर्धनमा यसको भूमिका	टिकानाथ अर्याल	७९
९.	ASYMMETRIC PASS -THROUGH OF FUEL PRICE TO FOOD PRICE: THE CASE OF NEPAL	Rejina Koirala	९०
१०.	नेपालमा घर जग्गा निःसर्गमा पूँजीगत लाभकर	युवराज श्रेष्ठ	१०८
११.	अन्तर-सरकार वित्तीय सम्बन्ध; चुनौती र संभावना	सुनिता सुबेदी	११३
१२.	वित्तीय उत्तरदायित्वको वृहत् दृष्टिकोणः नेपालमा यसको कार्यान्वयन र अन्तर विश्लेषण	रुपेश जंग थापा मगर	११८
१३.	कर्मचारीको एकिकृत सेवा सुविधा भुक्तानी प्रणाली	रविचन्द्र अर्याल	१२९
१४.	सुशासनका लागि आन्तरिक नियन्त्रण प्रणाली	अन्जु न्यौपाने	१३६
१५.	नागरिक वडापत्र		१४२
१६.	बेरुजु फर्स्यौट समितिको सचिवालयको कार्य सम्पादनको अवस्था		१४३
१७.	बेरुजु व्यवस्थापन प्रणाली(IMS) संचालन निर्देशिका		१४६
१८.	सरकारी बाँकी असुली सम्बन्धी कार्यविधी		१४९
१९.	सरकारी बाँकी रकमको लगतको विवरण		१६१
२०.	सरकारी बाँकी रकम तिर्न बुझाउन आउने बारेको सूचना		१७३

कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयः एक परिचय

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय मुख्य रुपमा नेपाल सरकारका विभिन्न निकायहरूले असुल उपरका लागि लेखि पठाएको सरकारी बाँकी रकम सम्बन्धित व्यक्ति/फर्म/संस्थाबाट असुल उपर गर्ने कामको लागि स्थापित केन्द्रीय निकाय हो। यो कार्यालय महालेखा नियन्त्रक कार्यालय मातहत रहेर कार्य सम्पादन गर्दै आइरहेको छ। यसको साथै बेरुजु फछ्र्यौट समितिको सचिवालय, आ.ब.२०५९/६० सम्मको बेरुजुको लगत कट्टा गर्ने कार्य र जीवित देवि कुमारीको पुजा गर्ने कार्य समेत यस कार्यालयले गर्दै आइरहेको छ। ऐतिहाँसिक रुपमा हेर्दा सम्भवत नेपालमा हाल संचालनमा रहेका कार्यालयहरू मध्ये यो सबै भन्दा पुरानो ईतिहाँस बोकेको सरकारी निकाय पनि हो।

कुमारीचोक अड्डा

श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको पालामा विक्रम सम्वत १८२८ वैशाख ६ गते कुमारी चोक अड्डाको स्थापना भएको भन्ने ईतिहाँस पाइन्छ। कुमारी चोक अड्डा राज्यको हिसाबकिताब केन्द्रीय रूपमा जाँच गर्ने सरकारी अड्डाको रुपमा रहेको थियो। विभिन्न प्रशासनिक अड्डाका कर्मचारीहरूले गरेको आम्दानी र खर्चको विवरण जाँच गरेर दुरुस्त राख्नु कुमारी चोक अड्डाको मुख्य काम थियो। विवरण जाँच गर्दा अनियमित भएको पाइए सम्बन्धित कर्मचारीबाटै भराउने र गम्भीर अपराधका लागि दण्ड दिने समेत गरिन्थ्यो भन्ने भनाई पाइन्छ। राणाशासन कालमा देवानी तहसिल, फौजदारी तहसिल, कोतवाली तहसिल र कुमारीचोक तहसिल जस्ता अड्डाहरू पनि थिए। सोही समयमा कुमारीचोकको काम वृद्धिहुदै गएपछि कुमारीचोक अड्डाले राख्नेगरेको अभिलेख राख्न गोश्वरा अभिलेख नामको नयाँ कार्यालयको स्थापना गरियो। राजस्व, आम्दानी र खर्चका स्याहा स्रेस्ता कुमारीचोक अड्डाबाट जाँच भएपछि सुरक्षित राख्नका लागि गोश्वरा तहविल अड्डामा पठाउन थालियो।

२००७ सालको राजनैतिक परिवर्तन पछि लागु भएको अन्तरिम शासन विधानले आय व्ययको लेखापरीक्षण गर्न महालेखापरीक्षक रहने व्यवस्था गरिए पनि त्यसबखत महालेखापरीक्षकको कार्यालय गठन हुन सकेन। कुमारीचोक अड्डलाई २००८ सालमा राणा शासनकालमा दिईएको अधिकारको अन्तगरी महालेखापाल कार्यालय मातहत राखिएता पनि महालेखापरीक्षकको नियुक्ति नभएकोले २०१६ साल सम्म हिसाब जाँचका सम्बन्धमा कुमारीचोक अड्डाले सो काम गरिरहयो। नेपाल अधिराज्यको संविधान २०१५ बमोजिम २०१६ सालमा महालेखापरीक्षकको नियुक्ति गरि महालेखापरीक्षकको विभाग गठन भयो। सो विभागले महालेखापरीक्षकको कर्मचारी सम्बन्धी नियमावली २०१८ अनुसार कर्मचारी व्यवस्थापन गरी लेखापरीक्षण गर्ने काम २०१८ सालमा सुरु भई २०२० मा प्रथम प्रतिवेदन बुझाएको थियो भने वि.सं. २०१८/१२/२० मा जारी कुमारी चोक हिसाब जाँच नियमहरू २०१८ बमोजिम हिसाब जाँचको फारखको निस्सा महालेखा नियन्त्रकबाट हुने व्यवस्था गरियो। यसरी आय व्ययको हिसाब जाँच गर्ने तत्कालिन कुमारीचोकको भुमिका फरक रुपमा परिणत भयो र यो कार्यालयको काम पहिलेका स्रेस्ता राख्नेमा मात्र सिमित हुन गयो। वि.सं. २०५० साल श्रावण १ गते देखि कुमारीचोक गोश्वरा तहविल कार्यालय र केन्द्रीय तहसिल कार्यालय समेतलाई मिलाइ हालको कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयको रुपमा परिणत गरियो। वि.सं. २०५४ सालसम्म नेपाल सरकारका कार्यालयबाट पुराना स्रेस्ता जिम्मा लिई संरक्षण गरिराख्ने र सम्बन्धित कार्यालयबाट उक्त कागजात आवश्यक परि माग भइ आएमा सो कागजात तथा प्रमाण उपलब्ध गराउने तथा अनावश्यक कागजातहरू धुल्याउने कार्य गर्दै आएको थियो। त्यस बखत यस कार्यालयमा उपत्यका फाँट, मधेश फाँट, पहाड फाँट गरि ३ फाटहरूबाट कार्य सम्पादन हुँदै आएको थियो। वि.सं. २०५४ सालमा कुमारीचोक गोश्वरा तहविलमा रहेका नेपाल राज्यभरका विभिन्न ऐतिहाँसिक पुरातात्वीक, धार्मिक, साँस्कृतिक महत्वका कागजातहरू, विजन जाँच, सर्भे नापी सम्बन्धि कागजातहरू, विर्ता, गुठी र जग्गाको हकभोग सम्बन्धी कागजातहरू, आदेश, सवाल,

सनद, खड्गनिशान आदी र आय व्यय स्याहा स्रेस्ता समेतका विभिन्न ऐतिहाँसिक कागजातहरू पुरातत्व विभाग/राष्ट्रिय अभिलेखालयलाई बुझाएको देखिन्छ।

केन्द्रीय तहसिल

राणशासन कालमा स्रेस्ता अदालत गठन भएको र सो अदालतलाई पछि आएर काठमाण्डौ स्रेस्ता अदालत तहसिल बनाईयो। यसले सरकारी अड्डा अदालतबाट तोकिएको दण्ड जरिवाना आदी सरकारी बाँकी असुल तहसिल गर्ने कार्य गर्थ्यो। तत्कालिन स्रेस्ता तहसिल कार्यालयको कामगर्नेगरी २०३२/०८/१५ को मन्त्रीपरिषदको निर्णयवाट केन्द्रीय तहसिल कार्यालयको स्थापना भएको हो। सरकारी रकम असुल फछर्यौट ऐन २०२५ र नियमावली २०२७ र अन्य प्रचलित कानून बमोजिम जिम्मेवार व्यक्तिबाट असुल उपर गर्नुपर्ने रकम र सो समयसम्म स्रेस्ता तहसिल कार्यालयमा बक्यौता रहनगएका रकम कलमको लगत कसी असुल गर्ने, जफत भएका मालसामान लिलाम गरी राजस्व दाखिला गर्ने काम केन्द्रीय तहसिल कार्यालयले गर्ने गर्दथ्यो। सरकारी रकम असुल फछर्यौट ऐन २०२५ को दफा ९क मा केन्द्रीय तहसिल कार्यालयको कामको बारेमा उल्लेख हुँदा तत्कालिन स्रेस्ता तहसिल कार्यालयको कामगर्ने गरी केन्द्रीय तहसिल कार्यालयको स्थापना (गठन) भएको स्पष्ट हुन्छ। २०५० साल श्रावण १ गते देखि कुमारीचोक गोश्वरा तहविल कार्यालय समेतलाई यस कार्यालयमा गाभि हालको कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयको रुपमा परिणत गरेको थियो। सो पश्चात २०७७ साल माघ १९ मा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ जारी हुँदा सम्म मिन्हा समितिको सचिवालयको रुपमा समेत कार्य गर्दै आईरहेको थियो।

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयले मुख्यरुपमा निम्न ४ वटा कार्यहरू सम्पादन गर्दै आइरहेको छः

१. सरकारी बाँकी रकमको लगत कायम गर्ने र सो रकम असुल उपर गर्ने ।

सरकारी बाँकी रकम असुल उपर गर्ने कार्य अन्तर्गत चार किसिमका सरकारी बाँकी रकमहरूको लगत राख्ने र असुल उपर गर्ने कार्य गर्दछ । उक्त कार्यहरू निम्नानुसार रहेका छनः

१.१. तेजारथ सापटी असुल गर्ने ।

प्रधानमन्त्री रणोद्विप सिंहका पालामा विशेष गरि कर्मचारीलाई नगद ऋण प्रदान गर्ने उद्देश्यले स्थापित साविकको तेजारथ अड्डाबाट आ.ब. २०२८/२९ (कर्मचारी संचयकोषको स्थापना पछि तेजारथ अड्डाबाट कर्मचारीलाइ ऋण प्रदान गर्न छोडिएको) सम्म कर्मचारिहरूलाई वितरण गरेको तेजारथ सापटी रकम मध्ये असुल हुन बाँकी रकम असूलीका लागि साविकको कौशितोषाखाना अड्डाबाट प्राप्त लगत अनुसारको सरकारी बाँकी रकम असुल गर्ने ।

१.२. घरेलु तर्फको सरकारी बाँकी असुल गर्ने ।

घरेलु विकास समितिबाट विगतमा वितरण गरेको ऋण मध्ये असुल हुन बाँकी ऋणको प्राप्त लगत अनुसारको रकम सरकारी बाँकी सरह असुल गर्ने ।

१.३. बेरुजुबापतको सरकारी बाँकी रकम असुल गर्ने ।

महालेखा परीक्षकको कार्यालयले नेपाल सरकारका कार्यालयहरूको श्रेस्ता लेखापरीक्षण गर्दा असुल फछर्यौट हनुपर्ने भनि बेरुजु उल्लेख भएको रकम सम्बन्धित कार्यालयले जिम्मेवार व्यक्ति/फर्म/संस्थाबाट असुल उपर गर्न

नसकेमा सम्बन्धित मन्त्रालयको लेखाउत्तरदायी अधिकृतबाट सरकारी बाँकी सरह असुल उपर गर्न प्रमाणित भइ आएको रकमको विवरण लगत कसी असुल उपर गर्ने काम।

१.४. अन्य सरकारीबाँकी रकम असुल गर्ने ।

नेपाल सरकारका कुनै पनि निकायले कुनै पनि व्यक्ति/फर्म/संस्थाहरूबाट असुल उपर गर्नुपर्ने रकम असुल उपर गर्न नसकेमा सरकारी बाँकी सरह असुल उपरको लागि सम्बन्धित मन्त्रालयको लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित भइ आएको रकमको सरकारी बाँकी रकमको लगत कायम गरी असुल उपर गर्ने काम।

२. बेरुजु फछ्र्यौट समितिको सचिवालयको रुपमा काम गर्ने ।

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ४२ बमोजिम गठन हुने बेरुजु फछ्र्यौट समितिको सदस्य-सचिव कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयको कार्यालय प्रमुख हुने र आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७को नियम ११३ को उपनियम (२) बमोजिम कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय बेरुजु फछ्र्यौट समितिको सचिवालयको रुपमा काम गर्ने व्यवस्था रहेको छ। बेरुजु फछ्र्यौट समितिको गठन भएपछि बेरुजु फछ्र्यौटको लागि सम्बन्धित निकायहरूबाट लेखि आएपछि समितिहरूमा बेरुजु फछ्र्यौट्का कागजात तथा प्रस्तावहरू पेश गर्ने र समितिबाट भएका निर्णयहरूको जानकारी सम्बन्धित निकायहरूलाई उपलब्ध गराउने काम यस कार्यालयले गर्दछ।

३. आ.ब.२०५९/६० सम्मको बेरुजु लगत कट्टा सम्बन्धी काम ।

नेपाल सरकार (मन्त्रीपरिषद)को मिति २०६९/०६/११ को निर्णय बमोजिम आ.ब. २०५९/६० सम्मको बेरुजु मध्ये बेरुजु फछ्र्यौट समितिले फछ्र्यौट गरी बाँकी रहेको बेरुजुको लगत राख्ने र सो बेरुजु सम्बन्धित मन्त्रालयका लेखाउत्तरदायि अधिकृत वा सम्बन्धित निकायका जिम्मेवार पदाधिकारीबाट फछ्र्यौट गरि लगत कट्टाको लागि लेखि आएमा लगत कट्टा गर्ने कार्य यस कार्यालयलाई प्रदान गरिएको छ।

४. नेपाल सरकारको प्रतिनिधिको रुपमा जिवित देवी कुमारीको पूजा गर्ने ।

परम्परादेखि चलिआएको जिवित देवी कुमारीको नेपाल सरकारको तर्फबाट इन्द्रजात्रा अघि प्रत्येक बर्ष बसन्तपुर स्थित कुमारी घरमा देवी कुमारीको पुजाआजा गर्ने कार्य यस कार्यालयले गर्दै आइरहेको छ।

कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयको संगठन संरचना



नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७/०८/२३ को निर्णयबाट स्विकृत पदः-१२

चालु आर्थिक बर्ष २०८०/८१ मा यस कार्यालयबाट सम्पादित मुख्य कामको विवरण

१. आ.ब.२०५९/६० सम्मको बेरुजुको सम्बन्धी

- विभिन्न निकायले फर्स्यौट तथा फरफारक गरी लगत कट्टाको लागि अनुरोध गरी पठाएको ४१ लाख हाराहारीमा लगत कट्टा गरियो ।
- वागमती प्रदेश, गण्डकी प्रदेश र सुदुर पश्चिम प्रदेशका संघीय कार्यालय, प्रादेशिक कार्यालय र स्थानीय तहका लेखा समुहका कर्मचारीहरूलाई लेखापरीक्षण, बेरुजु र सरकारी बाँकी सरह असुल उपरका विषयमा क्षमता विकास कार्यक्रम सञ्चालन गरियो।
- सबै मन्त्रालय/सचिवालय/आयोग र विभागस्तरका निकायहरूमा कार्यरत १७० जना लेखा समुहका कर्मचारीहरूका लागि लेखापरीक्षण, बेरुजु फर्स्यौट तथा सरकारी बाँकी असुली सम्बन्धि बिषयक एक दिने प्रशिक्षण कार्यक्रम संचालन गरियो।
- आ.ब.२०५९/६० सम्मको बेरुजुको मन्त्रालयगत अवस्था, बेरुजु फछर्यौटका समस्या र समाधानको उपायहरूका बारेमा सार्वजनिक लेखा समुहमा जानकारी प्रदान गर्ने कार्य सम्पन्न गरियो ।
- बेरुजु फर्स्यौट तथा सरकारी बाँकी रकम असुल उपर सम्बन्धी जानकारी पुस्तिका छपाइ गरी वितरण गर्ने कार्य गरियो।

२. सरकारी बाँकी रकम असुल उपर सम्बन्धी

- बेरुजु र अन्य सरकारी बाँकी सरह असुल उपर तर्फको लगत ८७ थान रहेकोमा यस बर्ष १३ वटाले रकम बुझाइ लगत कट्टा भयो ।२ वटाको मुद्धाको फैसला भइ रिट जारी भएको र १ वटाको अन्तरिम आदेश जारी भइ असुली कारवाही यथावत राख्नुपर्ने अवस्था रहेको छ । बाँकी बेरुजु तर्फको लगतवालाको प्यान नम्बर, नागरिकता नम्बर पत्ता लगाएर सो आधारमा सम्पत्ती रोक्का तथा बैक खाता रोक्काको कारवाही गरिएको छ ।

३. अन्य

- मिति २०८०/०५/ गते भाद्र शुक्ल दशमीको दिन नेपाल सरकारको तर्फबाट कुमारी घर बसन्तपुरमा जिवित देवी कुमारीको पूजा सम्पन्न गरियो ।
- आर्थिक सुशासन पत्रिकाको तेह्रौ अंक यस कार्यालयका गतिवधी समेत समेटेर प्रकाश गरियो ।यि सबै कार्य कार्यालयको वेवसाइटमा अन्तर आवद्ध गरिएको छ ।
- कार्यालयले सम्पादन गर्ने कार्यहरू Web based मा संचालन गर्ने व्यवस्था गरी कार्यालयको Website मा अन्तरआवद्ध गरिएको छ।

महालेखापरीक्षकको वार्षिक प्रतिवेदन र वित्तीय सुशासन

*महेश्वर काफ्ले

सारांश

नेपालको संविधान, २०७२ अनुसार संवैधानिक निकायको रुपमा स्थापित महालेखा परीक्षकको कार्यालयको प्रमुख जिम्मेवारी सबै सरकारी कार्यालय र सरकारी स्वामत्विका संस्थान, बोर्ड, समिति लगायतको निकायको स्वतन्त्र, निष्पक्ष र उद्देश्यमूलक लेखापरीक्षण गरी सार्वजनिक स्रोत साधनको महत्वपूर्ण उपयोगको सुनिश्चितता प्रदान गर्दै वित्तीय सुशासनको प्रत्याभूत गर्न सघाउ पुःयाउनु हो। लेखापरीक्षण व्यबस्थापन गर्दा सूचना तथा वास्तविक तथ्याँकमा आधारित बनाइ लेखापरीक्षण गर्नुपर्ने निकायहरूको आवस्यक सूचना एवं तथ्याँकहरू संकलन गर्ने व्यवस्था मिलाउनु पर्ने, जोखिम बिश्लेषण गर्ने, सूचना प्रबिधिको प्रयोग गर्ने, नीतिगत बिषयमा केन्द्रित रहने तथा स्रोत साधनको महत्तम उपयोगमा केन्द्रित रहने व्यबस्था मिलाइ वित्तीय सुशासनको औजारको रुपमा लेखापरीक्षणको बिश्वसनयिता बढाउनुपर्ने आबश्यकता रहेको छ। बजेट तर्जुमा, निकासा तथा खर्च, लेखांकन, प्रतिवेदन र वित्तीय जवाफदेहिता प्रर्वद्धन गर्ने आर्थिक प्रशासन अन्तर्गत कर्मचारीको क्षमता विकास, पूर्वाधार विकास, प्राप्त स्रोत साधनको महत्तम उपयोग, पारदर्शीता, जवाफदेहिता, सूचना सञ्चार, खुलापन, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, कार्यप्रक्रिया सरलीकरण प्रचलित कानुनको पालना, लेखामानको अवलम्वन गर्दै प्रक्रिया र नतीजा केन्द्रित खर्चप्रणाली आदि विषयहरू पर्दछन् । यी विषयहरूमा नेतृत्व तथा व्यवस्थापनबाट उचित व्यबस्थापन गरी पारदर्शी, नतीजामुखी, उद्देश्यमुलक खर्चप्रणाली अभिवृद्धि गर्ने कुरामा प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको छ । लेखापरीक्षणका माध्यमवाट आर्थिक प्रशासनमा जवाफदेहीता, पारदर्शिता प्रवर्द्धन गरी वित्तीय सुशासनमा टेवा पुर्याउने कार्यमा सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ। लेखापरीक्षणको बिकास क्रममा प्रचलित कानूनको परिपालना भएको छ, छैन र श्रोत साधनको उपलव्धीमूलक उपयोग भएको छ छैन भनी गरीने परीक्षणबाट लेखा तथा लेखापरीक्षणको बिश्वसनियता अभिबृद्धि गर्ने, आर्थिक प्रशासनमा स्वच्छता र पारदर्शिता कायम हुने, सुशासनको प्रवद्र्धनमा टेवा पुग्ने, सरकारी लेखापरीक्षण पद्धति बिकासमा सहयोग पुग्ने भएकोले लेखापरीक्षणको बिशेष महत्व रहेको छ। योजनावद्ध विकास अभियानको शुरुवात भए पश्चात सरकारी खर्चको प्राथमिकता निर्धारण गर्ने, आय तथा व्ययको व्यवस्थित रुपमा लेखा राख्ने, उद्देश्य अनुरुप खर्च भएको छ छैन भनि स्वतन्त्र निकायबाट परीक्षण गरी प्रतिवेदन गर्ने, यस्ता प्रतिवेदनहरू उपर जनताको प्रतिनिधी थलो संसद वा संसदिय समितिमा छलफल गर्ने परम्पराको शुरुवात भएको पाइन्छ। लेखा तथा लेखापरीक्षण सम्बन्धमा संबैधानीक तथा कानूनी व्यबस्था, संस्थागत र संरचनागत जिम्मेवारी स्पष्ट भएता पनि सरकारी बेरुजुको रकम बर्षेनी बढ्दै गएकोले कानूनी व्यबस्थाको पालना तथा जिम्मेवारी र जवाफदेहिता बहन गर्दै वित्तीय सुशासन कायम गर्नुपर्ने देखिन्छ।

मुख्य शव्दहरू

वित्तीय सुशासन, पारदर्शीता, जवाफदेहिता, नतीजामुखी, उद्देश्यमुलक खर्चप्रणाली, मध्यमकालिन खर्च संरचना, लेखामानदण्ड, लेखापरीक्षण मानदण्ड, लेखापरीक्षण मार्गदर्शन, नमुना छनौट, लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन, बेरूजु, बेरूजु फस्यौट, बेरुजु सम्परीक्षण, बेरुजु फरफारख, अद्यावधिक बेरुजु, जिम्वेवारी व्यक्ति, लेखा उत्तरदायी अधिकृत,

* *पूर्व कार्यवाहक महालेखापरीक्षक*

वित्तीय सुशासन

सार्वजनिक आयव्ययको उद्देश्यमूलक उपयोगको बिश्वसनियता अभिबृद्धि गर्ने सन्दर्भमा आर्थिक कारोवारको लेखा राख्ने तथा जांच एवं परीक्षण गर्ने परम्पराको बिकास भएको पाईन्छ। मुलुकको आर्थिक क्रियाकलापमा वृद्धि, जनचेतनाको स्तरले ल्याएको आवश्यकता, लेखा प्रणाली र लेखापरीक्षणका सन्दर्भमा विभिन्न दातृमुलुक तथा संस्थावाट व्यक्त हुने चासो तथा आर्थिक प्रशासनमा स्वच्छताका लागि अपेक्षा गरीएका विषयहरूलाई आत्मसात गरी प्रचलित ऐन नियम, मानदण्ड र असल अभ्यासका आधारमा लेखा राख्ने तथा लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। सरकारी आर्थिक कारोवारमा कैफियत रहित अवस्थाको वाताबरण बनाउनु तथा नियमित रुपमा लेखापरीक्षणको सुनिश्चितता गर्दै लेखापरीक्षणबाट देखिएका व्यहोराहरूलाई समयमा फछ्र्यौट तथा सम्परीक्षण गर्नु गराउनु पर्ने व्यबस्था वित्तीय सुशासनका अवयवहरू हुन। वित्तीय सुशासन भनेको आर्थिक नीतिहरूको कुशल सञ्चालन हो जहां स्रोत साधनको प्राप्ति, उपयोग तथा वितरणमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारीता कायम गर्दै वितरण तथा बांडफांड कुशलना, सञ्चालन कुशलता र व्यवस्थापकीय कुशलताका माध्यमबाट अधिक लाभ तथा प्रतिफल प्राप्त हुने व्यवस्था मिलाइएको हुन्छ। वित्तीय सुशासनका मुख्य आयामहरूलाइं ३ भागमा बिभाजन गर्न सकिन्छ। मितव्ययिता आयाम अन्तर्गत राज्य सञ्चालनका लागि आवश्यक पर्ने स्रोत साधनहरू मुख्यतः आन्तरिक राजस्व, वैदेशिक अनुदान, ऋण, आन्तरिक ऋण तथा सरकारको प्राथमिकता, नीति, कार्यक्रम अनुसार आवश्यक पर्ने स्रोत साधन न्यूनतम लागतमा सकलन गर्नु, सकलन लागत घटाउनु, स्रोत साधनको उपयोग गर्दा वस्तु तथा सेवाको गुणस्तरमा ह्रास आउन नदिइं लागत घटाउनु, न्यूनतम लागतमा अधिकतम उत्पादन गर्नु आदि पर्दछन्। कार्यदक्षता आयाम अन्तर्गत स्रोत साधनको उपयोग गर्ने क्रममा निर्गतको तुलनामा आगत अत्यधिक बनाउनु, विधि प्रक्रियाको सरलीकरण गर्नुं, जिम्मेवारिता र जवाफदेहिता बहन गर्नु, निर्णयका तहहरू घटाउनु, गुणस्तरमा ह्रास आउन नदिई बस्तु तथा सेवाको उत्पादन बढाउनु वा त्यतिकै उत्पादनका लागि स्रोत साधनको उपयोगमा कमी ल्याउनु हो। प्रभावकारिता आयाम अन्तर्गत निश्चित उद्देश्य प्राप्ति गर्नु आगत बढाउनु, समग्र पक्षको प्रभाव बढाउनु प्रभावकारिता हो। प्रभावकारिता पक्षले वास्तविक रुपमा परिवर्तनको अनुभूति गराउने भएकोले खर्चको सार्थक मूल्य प्राप्तिको सुनिश्चितता गर्दछ। महालेखापरीक्षकको बिभाग गठन पश्चात यसले सबै सरकारी निकायको आर्थिक कारोवारको लेखा स्वतन्त्र रुपमा परीक्षण गरी देखिएका व्यहोराहरू सहित कमि कमजोरी सुधारगर्नका लागि सुझाउ सहितको प्रतिवेदन प्रस्तुत गर्ने गहन संवैधानिक दायित्व अनुसार महालेखापरीक्षकको कार्यालयले स्थापना कालदेखिनै सरकारी आय व्ययको परीक्षण गर्ने, जांच गर्ने, आलोचना सहितको प्रतिवेदन दिने कार्य गर्दै आएको छ। यसका अतिरिक्त सरकारी लेखाको परीक्षणबाट देखिएका कमि कमजोरी, त्रुटी, अनियमितता वा हिनामिना मस्यौट वा वढी भुक्तानी जस्ता रकम कलमको लगत राख्ने र प्रमाण पेश भएमा वा असुल उपर भएमा सो को सम्परीक्षण समेत गर्दै आएको छ। यी कार्यबाट आर्थिक अनुशासनको पालना भइ वित्तीय सुशासनमा सहयोग पुग्ने अपेक्षा गरिएको हुन्छ। लेखापरीक्षणबाट देखिएको आर्थिक झलक महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा स्पष्ट प्रतिविम्वित भएको हुन्छ। महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेख भएबमोजिम लेखापरीक्षण, बेरुजु, बेरुजु फस्यौट, सम्परीक्षण तथा आर्थिक जिम्मेवारिता र जवाफदेहिता पालनाका माध्यमबाट वित्तीय सुशासन कायम हुने बिश्वास गर्न सकिन्छ।

वित्तीय सुशासनमा लेखापरीक्षणको भूमिका

सार्वजनिक वित्तीय उत्तरदायित्व प्रर्वद्धन गराउने उद्देश्यले लेखापरीक्षण गर्ने भएकोले आर्थिक अनुशासन कायम गराउन लेखापरीक्षणको भूमिका महत्वपूर्ण रहन्छ। सरकारी आर्थिक कारोवारमा पहुंच, लेखापरीक्षण, अभिलेखाकंन, आलोचना सहितको प्रतिवेदन, सुधारका उपायको प्रस्तुतीकरण जस्ता कार्यबाट वित्तीय विश्लेषणका लागि आवश्यक तथ्याकं, सूचना, जानकारी प्राप्त हुन्छ। जुन आर्थिक तथा वित्तीय नीति तर्जुमा, बजेट तर्जुमा तथा खर्चको प्राथमिकता निर्धारण गर्न सघाउ पुग्दछ। चालु तथा पूंजीगत खर्चको स्थिति, ऋण तथा सांवा व्याज भुक्तानी, वैदेशिक सहयोगको प्राप्ति तथा उपयोग, आन्तरिक ऋण, शेयर लगानी, प्रतिफल प्राप्तिको स्थिति सम्बन्धमा यथार्थ जानकारी गराइं खर्चको सार्थक मूल्य प्राप्त भए नभएको, भविष्यमा

अवलम्बन गर्नुपर्ने सुधारका उपायको बारेमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनबाट अवगत गर्न सकिन्छ। आयोजनाको छनौट, कार्यान्वयन मर्मत संभार र दिगोपना प्राप्त भए नभएको सम्बन्धमा लेखापरीक्षण प्रतिवेदनमा विश्लेषण गरिने भएकोले आयोजनाको छनौट, प्राथमिकता क्रम निर्धारण, कार्यान्वयनमा लेखापरीक्षण प्रतिवेदनले पृष्ठपोषण प्रदान गर्दछ। सार्वजनिक पदाधिकारीहरूले सार्वजनिक खर्च गर्दा वा स्रोत उपयोग गर्दा प्रचलित कानुनको पालना गरे नगरेको, समयानुकुल ऐन नियमको सुधार वा संशोधन गरे नगरेको सम्बन्धमा महालेखापरीक्षकको कार्यालयले निगरानीको रुपमा लेखापरीक्षणका माध्यमबाट कार्य गर्ने भएकोले आर्थिक अनुशासन कायम भइ वित्तीय सुशासन कायम गराउन लेखापरीक्षणको भूमिका महत्वपूर्ण रहन्छ।

लेखापरीक्षण

नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ को दफा ३ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको संगठित संस्था र संघीय कानूनबमोजिम महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका संस्था वा निकायको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी विनियोजन, राजस्व, धरौटी र अन्य कोषको लेखापरीक्षण गर्ने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, निर्देशिका एवं असल अभ्यास समेतका आधारमा विद्युतीय पद्धतिमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली प्रयोग गरी सबै कार्यालय वा निकायको लेखापरीक्षण गर्ने व्यवस्था अवलम्वन गरेको पाइन्छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम लेखापरीक्षणबाट देखिएका व्यहोरा सहितको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन तत्काल उपलव्ध गराउने र सो उपर प्राप्त जवाफ प्रमाण र प्रतिक्रियासमेतका आधारमा बेरुजु फर्स्यौट गरी बांकी रहेका व्यहोरा तथा विषयहरू लेखा उत्तरदायी अधिकृत र सम्बन्धित विभागीय मन्त्रीलाई समेत जानकारी गराई महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा समावेश गरी सम्माननीय राष्ट्रपतिसमक्ष प्रतिवेदन पेश गर्ने व्यवस्था छ। यो वर्ष संघीय, प्रदेश सरकारी निकाय र स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्थासमेतको रू. ७८ खर्ब ८१ अर्ब ६० करोडको लेखापरीक्षण सम्पन्न भएकोमध्ये संघीयतर्फ रू. २४ खर्ब ६१ अर्ब ११ करोड, प्रदेशतर्फ रू. ३ खर्ब २३ अर्ब ३४ करोड र स्थानीय तहतर्फ रू. ११ खर्ब ३९ अर्ब १९ करोड र संस्था समितितर्फ रु ३३ खर्व ६५ अर्व ९ करोडको लेखापरीक्षण सम्पन्न भएको देखिन्छ । बिगत ५ बर्ष अर्थात आर्थिक बर्ष २०७५।७६ देखि २०७९।८० सम्म लेखापरीक्षण सम्पन्न अंकको बिवरण देहाय बमोजिम रहेको छः

(रु करोडमा)

आर्थिक बर्ष	संघिय सरकार	प्रदेश सरकार	स्थानीय तह	समिति, संस्था	जम्मा
२०७५।७६	१७४२८७	१८९२५	७४०६५	२४९८८७	५१७१६४
२०७६।७७	१५५५८१	२३७४१	८१५९९	२७१८७०	५३२७९१
२०७७।७८	२८२०३८	२९९५७	१०५११०	३३६२०४	७५३३०९
२०७८।७९	२३५६३४	३१२७३	११०४०१	३३६५०९	७१३८१७
२०७९।८०	२४६१११	३२३३४	११३९१९	३९५७९६	७८८१६०

श्रोतः महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

बिगत ५ बर्षको लेखापरीक्षण अंकको अबस्था हेर्दा रू ५१ खर्व ७१ अर्व ६४ करोडबाट रू ७८ खर्व ८१ अर्व ६० करोड अर्थात ५२.४० प्रतिशतले बृद्धि भएको छ कार्यालयको अन्तिम लेखापरीक्षण गर्ने संस्था केन्द्रमा मात्र रहेको र प्रदेश, जिल्ला, स्थानीय तह, सेवा केन्द्र तथा खर्च केन्द्र तहसम्म लेखापरीक्षण टोलीले भाद्रदेखी माघसम्म ६ महिनाको अबिधमा स्थलगत लेखापरीक्षण गरी प्रतिवेदन दिने कार्य चुनौतिपूर्ण नै भए पनि महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण ऐनको

अधिकार प्रयोग गरी एक एक गरी वा बीच बीचमा छड्के गरी केही प्रतिशतमात्र परीक्षण गर्नेगरी नमुना छनौटका माध्यमबाट जोखिममा आधारित लेखापरीक्षण पद्धतिबाट लेखापरीक्षण गर्ने व्यबस्था मिलाएका कारण समयमा लेखापरीक्षण सम्पन्न गर्ने कार्य सम्भव हुदै आएको छ।

प्रारम्भिक प्रतिवेदनको बेरुजु

यो वर्ष संघीय, प्रदेश सरकारी निकाय र स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्थासमेतमा रू. १ खर्ब २७ अर्ब ७३ करोड बेरुजु देखिएकोमध्ये संघीयतर्फ रू. ५२ अर्ब २१ करोड, प्रदेशतर्फ रू. ७ अर्ब १८ करोड र स्थानीय तहतर्फ रू. ३६ अर्ब ११ करोड र संस्था समितितर्फ रु ३२ अर्व २३ करोड बेरुजु भएको रहेको छ। बिगत ५ बर्ष अर्थात आर्थिक बर्ष २०७५।७६ देखि २०७९।८० सम्म लेखापरीक्षण बेरुजुको बिवरण देहाय बमोजिम रहेको छ ।

(रु करोडमा)

आर्थिक बर्ष	संघिय सरकार	प्रदेश सरकार	स्थानीय तह	समिति, संस्था	जम्मा
२०७५।७६	७९५५	१२२६	४२६४	१७८०	१५२२५
२०७६।७७	४७२५	११८६	४६७५	१२८८	११८७४
२०७७।७८	५४२९	९४२	४५४९	१७९९	१२७१९
२०७८।७९	६१५१	७४५	४६६८	१३९१	१२९५५
२०७९।८०	५२२१	७१८	३६११	३२२३	१२७७३

श्रोतः महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन अनुसार आर्थिक बर्ष २०७५।७६ मा रू १ खर्व ५२ अर्व २५ करोड बेरूजु देखिएकोमा आर्थिक बर्ष २०७९।८० मा रू १ खर्व २७ अर्व ७३ करोड १६.१० प्रतिशत बेरूजु घटि देखिएको छ । आर्थिक बर्ष २०७६।७७ मा बेरूजुको अंक केही घटेको देखिन्छ भने आर्थिक बर्ष २०७७।७८ र २०७८।७९ मा सो अंक बढेको छ भने अघिल्लो बर्षको तुलनामा आर्थक बर्ष २०७९।८० मा रू १ अर्व ८२ करोड घटेको छ तापनि बिगत ५ बर्षमा नै बेरूजको अंक रू १ खर्व भन्दा बढी देखिनु आर्थिक अनुशासनको हिसावले कमजोर अवस्थाको संकेत गर्दछ ।

प्रारम्भिक प्रतिवेदनको बेरुजु फस्यौट

यो वर्ष संघीय, प्रदेश सरकारी निकाय र स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्थासमेतमा रू. ३२ अर्ब १३ करोडको बेरुजु फस्यौट भएकोमध्ये संघीयतर्फ रू. ५ अर्ब ६७ करोड, प्रदेशतर्फ रू. ६७ करोड र स्थानीय तहतर्फ रू. ५ अर्ब १० करोड र संस्था समितितर्फ रु २० अर्व ७५ करोड बेरुजु फस्यौट भएको देखिन्छ । बिगत ५ बर्ष अर्थात आर्थिक बर्ष २०७५।७६ देखि २०७९।८० सम्म लेखापरीक्षण फस्यौट अंकको बिवरण देहाय बमोजिम रहेको छः

(रु करोडमा)

आर्थिक बर्ष	संघिय सरकार	प्रदेश सरकार	स्थानीय तह	समिति तथा संस्था	जम्मा
२०७५।७६	८४९	४०७	४५१	२२०	१९२७
२०७६।७७	२८६	५३६	५९२	२२	१४३६
२०७७।७८	४८२	१९४	१५९	३७९	१२१४
२०७८।७९	५२०	२४	३८०	५३	९७७
२०७९।८०	५६७	६१	५१०	२०७५	३२१३

श्रोतः महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

आर्थिक बर्ष २०७५।७६ मा रू १९ अर्व २७ करोड बेरूजु फस्यौट भएकोमा आर्थिक बर्ष २०७६।७७ देखि २०७८।७९ सम्म यस्तो फस्यौट घट्दै रू ९ अर्व ७७ करोड मात्र भएकोले फस्यौट ४९.३० प्रतिशतले घटेको पाइन्छ भने आर्थिक बर्ष २०७९।८० मा रू ३२ अर्व १३ करोड फस्यौट भएकोले फस्यौट प्रतिशत केही बढेको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछी ३५ दिनभित्र सबै बेरूजु फस्यौट गरी शुन्य बनाउनु पर्दछ।

प्रारम्भिक प्रतिवेदनको बांकी बेरुजु

यो वर्ष संघीय, प्रदेश सरकारी निकाय र स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्थासमेतमा रू. ९५ अर्ब ६० करोड बेरुजु बांकी देखिएकोमध्ये संघीयतर्फ रू. ४६ अर्ब ५४ करोड, प्रदेशतर्फ रू. ६ अर्ब ५७ करोड, स्थानीय तहतर्फ रू. ३१ अर्ब १ करोड र समिति तथा अन्य संस्थातर्फ रू ११ अर्व ४८ करोड बेरुजु बांकी देखिन्छ। बिगत ५ बर्ष अर्थात आर्थिक बर्ष २०७५।७६ देखि २०७९।८० सम्म बेरुजु बांकी अंकको बिवरण देहाय बमोजिम रहेको छ

(रु करोडमा)

आर्थिक बर्ष	**संघिय सरकार**	**प्रदेश सरकार**	**स्थानीय तह**	**समिति तथा संस्था**	**जम्मा**
२०७५।७६	७१०६	८१९	३८१३	१५६०	१३२९८
२०७६।७७	४४३९	६५०	४०८३	१२६६	१०४३८
२०७७।७८	४९४७	७४८	४३९१	१४१९	११५०५
२०७८।७९	५६३१	७२१	४२८८	१३३८	११९७८
२०७९।८०	४६५४	६५७	३१०१	११४८	९५६०

श्रोतः महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

आर्थिक बर्ष २०७५।७६ मा बांकी बेरूजु रू १ खर्व ३२ अर्व ९८ करोड रहेकोमा आर्थिक बर्ष २०७९।८० मा रू ९५ अर्व ६० करोड बांकी रहेको देखिन्छ। आर्थिक बर्ष २०७५।७६ देखि २०७८।७९ सम्म कुल बांकी बेरूजु एक खर्वभन्दा माथी रहनु आर्थिक अनुशासनको दृष्टिकोणबाट राम्रो अवस्था होइन।

बिगत बर्षको बेरुजु सम्परीक्षण

यो वर्ष संघीय, प्रदेश सरकारी निकाय र स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्थासमेतमा रू. १३ अर्ब १३ करोड बेरुजु सम्परीक्षण भएको छ। उक्त सम्परीक्षणमध्ये संघीयतर्फ बेरूजु सम्परीक्षण शुन्य रहेको छ भने प्रदेशतर्फ रू. २ अर्ब ५३ करोड, स्थानीय तहतर्फ रू. १० अर्ब १६ करोड र समिति तथा अन्यसंस्थातर्फ रू ४४ करोडको बेरुजु सम्परीक्षण भएको देखिन्छ। बिगत ५ बर्ष अर्थात आर्थिक बर्ष २०७५।७६ देखि २०७९।८० सम्म बेरुजु सम्परीक्षण अंकको बिवरण देहाय बमोजिम रहेको छ

(रु करोडमा)

आर्थिक बर्ष	**संघिय सरकार**	**प्रदेश सरकार**	**स्थानीय तह**	**समिति तथा संस्था**	**जम्मा**
२०७५।७६	८३४८	१	४२७	४३३	९२०९
२०७६।७७	८५४४	२४१	७५१	८४०	१०३७६
२०७७।७८	३४८७	१६९	१०५९	३१२	५०२७
२०७८।७९	७२९	११०	६६०	३	१५०२
२०७९।८०	०	२५३	१०१६	४४	१३१३

श्रोतः महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायीत्व ऐन २०७६ को दफा ३८(४) बमोजिम गत बिगत बर्षको फस्र्यौट, सम्परीक्षण तथा फरफारख भएको बेरूजुको लगत अद्याबधिक गरी पछिल्ला अबधिको लेखापरीक्षण हुंदा सो समेत परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था भएपनि यस्तो फस्र्यौट, सम्परीक्षण तथा फरफारख भएको अंक आर्थिक बर्ष २०७५।७६ मा रू ९२ अर्व ९ करोड रहेकोमा आर्थिक बर्ष २०७९।८० मा रू १३ अर्व १३ करोड मात्र रहेकोले ५ बर्षको तुलनामा यस्तो रकम ८५.७४ प्रतिशतले कमि आएको छ । संघिय सरकारको आर्थिक बर्ष २०७५।७६ मा रू ८३ अर्व ४८ करोड रहेकोमा आर्थिक बर्ष २०७९।८० मा शुन्य रहेको छ । यसरी बेरूजु फस्र्यौट कार्य शुन्य रहनु आर्थिक अनुशासनमा उदाशिन रहको संकेत गर्दछ ।

अद्यावधिक बेरुजु

गत वर्षसम्मको बाँकी बेरुजू रू.५ खर्ब ८७ अर्ब ३४ करोड रहेकोमा समायोजन तथा फर्स्यौट गरिएको अङ्क घटाई यो वर्ष थप भएको समेत रू. ६ खर्ब ६९ अर्ब ८६ करोड बेरुजू बाँकी रहेको छ। अद्यावधिक कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम गतवर्षसम्म रू.३ खर्ब ७२ अर्ब ४५ करोड रहेकोमा यो वर्ष रू. १ खर्व ४० अर्ब ९५ करोड थप भई रू. ५ खर्ब १३ अर्ब ४० करोड कायम भएको छ। अद्यावधिक बेरुजूमा कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम थप गर्दा रू. ११ खर्ब ८३ अर्ब २६ करोड पुगेको छ। गतवर्ष यस्तो रकम रू. ९ खर्ब ५९ अर्ब ७९ करोड रहेको थियो। गत वर्षको तुलनामा बेरूजु र कारबाही गरी टुङ्गो लगाउनुपर्ने कुल रकम २३.२८ प्रतिशतले बढेको छ।

जिम्मेवारी र जवाफदेहिता

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को परिच्छेद ९ दफा ५० मा वित्तीय उत्तरदायित्वका सम्बन्धमा स्पष्ट व्यवस्था छ । उक्त दफामा भएको व्यवस्था अनुसार योजना छनोट, मध्यमकालिन खर्च संरचना, बजेट प्रस्ताव, सरकारी सम्पत्तिको संरक्षण र व्यबस्थापन, योजना तथा कार्यक्रमको अनुगमन मुल्यांकन गर्ने लगायत वित्तीय उत्तरदायित्व कायम गर्ने गराउने कर्तव्य संबैधानिक अंग तथा निकायको हकमा सम्बन्धित संबैधानिक अंग तथा निकायको प्रमुख, मन्त्रालय तथा केन्द्रियस्तरका निकाय, सचिवालय, आयोगको हकमा सम्बन्धित मन्त्रालयका बिभागिय मन्त्री वा राज्यमन्त्रीको हुने व्यबस्था छ । त्यस्तै, लेखा राख्ने, खर्च गर्ने तथा बेरूजु फस्र्यौट गर्ने गराउने लगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्वेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यबस्था छ। उपर्युक्त बमोजिम कार्य सम्पादन भए नभएको सम्बन्धमा प्रधानमन्त्री, बिभागिय मन्त्री वा राज्यमन्त्री, संबैधानिक निकायको प्रमुखबाट निगरानी हुने व्यबस्था छ। ऐनको दफा ५२ मा आर्थिक प्रशासन संचालन गर्ने जिम्वेवारी अन्तर्गत कार्यालयले प्रचलित कानूनको पालना गरे नगरेको सम्बन्धमा आबश्यकतानुसार रेखदेख, जांचबुझ तथा निरीक्षण गर्ने र मातहत कार्यालयको हिसाव केन्द्रिय हिसावमा समावेश गराइ जांचबुझ गर्ने गराउने जिम्वेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यबस्था छ। त्यस्तै, दफा ५३ मा सार्वजनिक जवाफदेहिताको पद धारण गरेको व्यक्तिले दिएको आदेश वा निर्देशनमा भएको कारोवार वा निज आफैले गरेको कारोवारका सम्बन्धमा ऐन वा नियमावली बमोजिम सम्बन्धित व्यक्ति जिम्वेवार हुने व्यबस्था छ। सार्वजनिक बित्त व्यबस्थापन अन्तर्गत बजेट तथा कार्यक्रम यथार्थतामा आधारित हुन नसकेको, राजस्व परिचालन प्रभावकारी नभएको, बैदेशिक सहायता प्राप्ती तथा उपयोग क्षमता न्यून रहेको, सार्वजनिक ऋण व्यबस्थापन तथा उपयोग उपलव्धिमुलक क्षेत्रमा हुन नसकेको, खर्च नियन्त्रण प्रणाली कमजोर रहेको, अनुदान बितरणको प्रभावकारिता मुल्याकंन नभएको, सार्वजनिक सम्पत्तिको संरक्षण तथा उपयोग प्रभावकारी हुन नसकेको, योजना छनोट, स्वीकृति, कार्यान्वयन, अनुगमन, मुल्याकंन कमजोर रहेको, बितरणमुखी कार्यक्रम कार्यान्वयन, प्राथमिकता र आबश्यकता एवं आयोजना बैंक सम्बन्धी अवधारणा कार्यान्वयनमा कमजोरी रहेको, खरिद व्यबस्थापन र ठेक्का कार्यान्वयनमा कमजोरी, स्रोत साधनको उपलव्धीमुलक उपयोग हुन नसकेको जस्ता कारणबाट अपेक्षित प्रतिफल प्राप्त हुन सकेको छैन भने आर्थिक प्रशासन सम्बन्धी ऐन कानूनको पालनामा कमजोरी देखिएका कारण बर्षेनि खरवौ बेरुजु देखिने गरेको छ। सरकारी कोषबाट एकरुपैया पनि नियम विपरित खर्च गर्न पाइदैन, प्रमाण तथा खर्चको

पुष्ट्याइ संलग्न नगरी खर्च गर्न पाइदैन, कामको लागि लिएको पेश्की काम सकिएपछि बिल भर्पाइ पेश गरी फस्याौट गर्ने जिम्मेवारी पेश्की लिने दिने दुवैको हो तापनि नियम विपरित खर्च गर्ने, लिनुपर्ने राजस्व भन्दा घटि राजस्व असुल गर्ने तथा दिनुपर्ने भन्दा बढी भुक्तानी दिने, प्रमाण तथा खर्चको पुष्ट्याइ संलग्न नगरी खर्च गर्ने, पेश्की रकम समयमा फस्यौट नगर्ने जस्ता प्रवृत्ति देखिएको छ। प्रजातान्त्रिक शासन व्यवस्था भएका देशमा जनताबाट उठाएको कर र जनतका नाममा लिएको आन्तरिक तथा वैदेशिक ऋण सही उपयोग भएको छ छैन भनी परीक्षण गर्नका लागि स्वतन्त्र लेखापरीक्षण संस्थाको स्थापना गरिएको हुन्छ र यस्तो संस्थाले दिएको प्रतिवेदन उपर समयमा नै कारवाही गरी आर्थिक कारोवारमा नियमितता, स्वच्छता, पारदर्शिता र जवाफदेहिता कायम गर्नुपर्नेमा सम्बन्धित जिम्वेवार पदाधिकारी तथा लेखाउत्तरदायी अधिकृतबाट बिद्यमान ऐन नियमको पालनामा कमि कमजोरी भएका कारण वित्तीय उत्तरदायित्व र जवाफदेहिता पक्ष कमजोर रहेको पाइन्छ भने वित्तीय जवाफदेहिता अनुसार कार्य सम्पादन नभएको अवस्थामा प्रधानमन्त्री, बिभागिय मन्त्री वा राज्यमन्त्री, संबैधानिक निकायको प्रमुखबाट निगरानी गर्ने कार्य समेत प्रभावकारी हुन सकेको छैन ।

आर्थिक अनुशासन कायम गर्न गराउन अवलम्वन गर्नुपर्ने उपाय

कानुन सम्मत सार्वजनिक खर्चको सुनिश्चितता गरी खर्चको सार्थक मूल्य प्राप्तिका लागि लेखापरीक्षणबाट देखिएका कैफियतहरू ऐन नियममा उल्लिखित समयावधि भित्र असूल उपर, प्रमाण पेश वा पेश्की फस्यौंट गरी वार्षिक प्रतिवेदन पेश गर्नु अगाबै बेरुजु शुन्य बनाउने काम कर्तब्य र अधिकार लेखा उत्तरदायी अधिकृत र जिम्मेवार पदाधिकारीको नै हो। अतः लेखापरीक्षणबाट देखिएका कैफियतहरू आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३७, ३८, ३९, ४० तथा नियमावली २०७७ को नियम ८७, ८८, ८९, ९० बमोजिम तोकिएको म्याद तथा प्रक्रिया पुरा गरी फस्यौंट, सम्परीक्षण तथा राफसाफ गरी आर्थिक अनुशासन कायम गर्नु गराउनु पर्ने आबश्यकता रहेको छ। ऐनको दफा ३६ बमोजिम अन्तिम लेखापरीक्षणको सिलसिलामा सोधिएको प्रश्नको जवाफ वा माग गरिएको लेखा तथा विवरण लेखापरीक्षणको क्रममा उपलब्ध गर्ने गराउने व्यवस्था मिलाउने, दफा ३७ बमोजिम महालेखापरीक्षकवाट लेखापरीक्षण गरी प्रारंम्भिक प्रतिवेदनमा औल्याइएका बेरुजु सम्बन्धमा सो सूचना प्राप्त भएको ३५ दिन वा म्याद थप माग गरेको म्यादभित्र उक्त प्रतिवेदेन फस्यौंट वा सम्परीक्षण गराई बेरुजु सून्य बनाउने व्यवस्था मिलाउने, दफा ३८ बमोजिम बेरुजुको लगत कार्यालय र केन्द्रिय स्तरमा अद्यावधिक गर्ने, दफा ३९ बमोजिम लेखापरीक्षणमा औल्याएका बेरुजुको सम्वन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असूल उपर गरी फस्यौंट गर्ने जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेबार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको भएकोले सो बमोजिम बेरुजु फस्यौट हुन नसकेमा लेखाउत्तरदायी अधिकृतले जाँचबुझ गराइ तथा नियमित अनुगमन गरी वेरुजु असूल फस्यौंट गर्न गराउनु पर्ने, दफा ४० बमोजिम प्रक्रिया पूरा गरी लोखापरीक्षण प्रतिवेदनमा उल्लेखित बेरुजु असूल गरी फस्यौंट तथा नियमित गर्ने सम्वन्धित पदाधिकारीसँग आवश्यक विवरण वा स्पष्टिकरण लिइ बेरुजु असूल गराइ समयमै फस्यौंट गर्ने गराउने कार्य गरी बेरुजु फस्यौंट तथा फरफारक गर्न गराउनु पर्ने, दफा ४७ बमोजिम लेखापरीक्षणवाट मस्यौट तथा हिनामिना भएको भनि ठहर भएको रकम, दफा ३९ र ४० बमोजिम फस्यौंट तथा फरफारख हुन नसकेको तथा ऐन वमोजिम असूल उपर गर्नुपर्ने देखिएको रकम ३ वर्षसम्म प्रयास गर्दा पनि नियमित, असूल, फस्यौंट तथा फरफारख हुन नसकेमा सरकारी बाँकीको रुपमा लगत कायम गरी असूल उपर गर्नुपर्ने रकमको विवरण असूल उपरको लागि कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा लोखी पठाउने व्यवस्था गर्नुपर्ने, दफा ५४ अनुसार कार्यालयको सरकारी नगदी तथा जिन्सी भण्डारको लेखापरीक्षण गर्दा मस्यौट वा दुरुपयोग भएको देखिएमा ऐनमा उल्लेखित व्यवस्था प्रचलित कानून बमोजिम त्यस्तो मस्यौट वा दुरुपयोग गर्ने उपर आवश्यक कारवाही गरी सरकारी नगदी तथा जिन्सी भण्डार दुरुस्त राख्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ। त्यस्तै, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ बमोजिम सरकारी रकम खर्च गर्ने कार्यविधिको अवलम्बन सरकारी रकम खर्च गर्ने गराउने, नियम ४१ बमोजिम अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा सुनिश्चित हुनुपर्ने विषयलाई ध्यान दिइ खर्च गर्ने गराउने, परिच्छेद ५ मा उल्लेखित

पेश्की दिने र फर्स्यौट गर्ने कार्यविधिको अवलम्बन गरी एकिन विवरणका आधारमा पेश्की दिनुपर्ने र समयमा बिल भरपाई पेश गरी पेश्की फर्स्यौट गर्नु गराउनु पर्ने, दैनिक तथा भ्रमण खर्च भ्रमण पुरा गरेको १५ दिन भित्र, मालसमान खरिद गरेको २१ दिन भित्र फर्स्यौट गर्नु गराउनु पर्ने, तोकिएको म्याद भित्र पेश्की फर्स्यौटका लागि आवश्यक कागजात पेश नगरेमा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज लगाई समयमै पेश्की फर्स्यौट गर्ने गराउने व्यवस्था अवलम्वन गर्नु पर्ने, परिच्छेद ६ मा उल्लेखित कारोबारको लेखा राख्ने सम्वन्धमा लेखाको सिद्धान्त, आधार र ढाँचा बमोजिम लेखा राख्ने, राजस्व दाखिला लगायतका कार्य गर्नु गराउनुपर्ने, परिच्छेद ७ बमोजिम धरौटी सम्वन्धी स्रेस्ता खाता अध्यावधिक गरी लेखा राख्ने, घरौटी जफत गर्ने, फिर्ता गर्ने, राजस्वमा दाखिला गर्ने हिसाब मिलान गर्ने लगायतका कार्य गर्न गराउनु पर्ने, नियम ७५ बमोजिम वार्षिक बजेट, स्रोतान्तर, रकमान्तर निकासा, खर्च, वस्तुगत सहायता, सोझै भूक्तानी, टर्न की प्राविधिक तथा अन्य सहायता तथा शोधभर्ना हुने रकमको दात्रपक्ष, स्रोतको प्रकार, भूक्तानी विधि समते खुल्ने गरी केन्द्रीय लेखा तथा वित्तीय विवरण तयार गर्ने गराऊने व्यवस्था गर्नुपर्ने, नियम ७६ बमोजिम कार्यालयले आर्थिक वर्षभित्र भएको नगदी, जिन्सी तथा अन्य कार्यालयको आर्थिक कारोबार वार्षिक प्रतिवेदन तयार गर्ने गराउने व्यवस्था तथा नियम ७८ बमोजिम कार्यालयले आफुले खारिद गरेको, निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल अचल मालसामान तथा सम्पत्तिको लेखा राख्ने तथा राख्न लगाउने व्यवस्थाका अतिरिक्त प्रचलित ऐन नियमको पालना गरी खर्च गर्ने गराउने, सो को व्यवस्थित लेखा राख्ने, अभिलेख चुस्त दुरुस्त राख्ने, खर्चको सार्थक मूल्य प्राप्तीको सुनिस्चितता हुने आधार तय गर्ने लगायतका कार्य गरी आर्थिक अनुशासन पालनाको माध्यमबाट वित्तीय अनुशासन कायम गर्ने गराउने कार्य गर्नुपर्ने देखिएको छ।

निश्कर्ष

प्रजातान्त्रिक शासन व्यवस्था, कानूनी राज्य र विधीको शासनमा प्रचलित कानूनको पालना सवै पक्षले गर्नु पर्दछ। प्रचलित कानूनी व्यवस्था अनुसार महालेखापरीक्षकले लेखापरीक्षण गरी प्रतिवेदन दिने र बेरुजू फछ्यौंटको अनुगमन वा सम्परीक्षण गर्ने कार्य गर्नुपर्दछ। महालेखापरीक्षकको कार्यालयले आधुनिक पद्धति अनुरुप लेखापरीक्षण गर्ने कार्यमा केन्द्रित रही लेखापरीक्षणको क्रममा नै सम्परीक्षण हुने व्यबस्था समेत मिलाउनु पर्ने देखिन्छ। यसबाट लेखापरीक्षण कार्य प्रभावकारी रुपमा कार्यान्वयन गर्न जनशक्ति, समय र लागतमा समेत किफायत हुने देखिन्छ। आर्थिक प्रशासन सम्बन्धी कानूनी व्यबस्थाअनुसार सवै कार्यालय वा मन्त्रालयहरूले आर्थिक कारोवारको लेखा राख्ने, लेखापरीक्षण गर्ने गराउने, बेरुजूको लगत केन्द्रिय स्तर र कार्यालयस्तरमा राख्नु पर्ने, लेखापरीक्षणबाट देखिएको बेरुजु समयमा नै फछ्यौंट गरी राफसाफ गर्ने कार्यमा बिद्यमान कानूनी व्यबस्थाको पालना गरी जिम्बेवारी र जवाफदेहिता बहन गर्ने वाताबरण सिर्जना भएमा लेखापरीक्षण, बेरुजु फछ्यौंट, सम्परीक्षण एवं लगत कट्टा सम्बन्धी कार्य नियमित रुपमा अद्याबधिक हुने र लेखापरीक्षणको बिश्वसनियता बृद्धि भइ आर्थिक अनुशासन पालनाको माध्यमबाट वित्तीय अनुशासन कायम गर्ने गराउने कार्यमा सफलता प्राप्त गर्न सकिने बिश्वास गर्न सकिन्छ।

सन्दर्भ सामाग्री

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६, कानून किताव व्यबस्था समिति

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, कानून किताव व्यबस्था समिति

आबधिक योजना, राष्टिय योजना आयोग

नेपालको संबिधान २०७२, कानून किताव व्यबस्था समिति

महालेखा परीक्षकको बार्षिक प्रतिबेदनहरू, महालेखापरीक्षको कार्यालय

लेखापरीक्षण ऐन २०७५, कानून किताव व्यबस्था समिति

सार्वजनिक लेखा समितिको प्रतिबेदनहरू, संघिय संसद सचविालय

Diagnosis of the Governance Framework of Nepal

Mr. Chhabindra Parajuli*

Abstract

Government's vision of development could be achieved with the support of appropriate governance framework. The present constitutional framework of governance is sufficient enough to accelerate the development milestones of the country. All the three domains of governance should be equally relevant for the achievement of the SDGs goals and targets. In this context, the present government's slogan '' prosperous Nepal and happy Nepali'' would only be achieved if all the spheres of governance should be geared in the right direction.

Background

The word governance was first introduced by the World Bank on its report on Sub-Saharan Africa in 1989. Governance is now viewed with wider perspectives covering all the actors- State Institutions, Private sectors organizations and Non State Agencies.

The Nepal National Governance Survey defined the governance as a system or process for the exercise of authority by state authorities and other entities, in reference to broadly shared values (foundations of governance) and through democratically-established institutional mechanisms (infrastructure of governance), that deliver on the state's commitments for public goods and services (service delivery) that together define and consolidate the relationship between the state and citizens.

According to the World Bank the six dimensions of governance are-

I. Voice and Accountability- Measuring political, civil and human rights.

II. Political stability absence of violence /Terrorism- Measuring the likelihood of violent threats to or changes in government including terrorism.

III. Government Effectiveness- Measuring the competence of the bureaucracy and the quality of public service delivery.

IV. Regulatory Quality- Measuring the incidence of market unfriendly policies.

V. Rule of law- Measuring the quality of contract enforcement, the police and the courts, as well as the likelihood of crime and violence.

VI. Control of corruption- Measuring the exercise of public power for private gain including corruption and state capture cases.

Major Domain and Parameters of Governance

The Nepal National Governance Survey considered the following domains and parameters for the governance

* *Secretary, Office of the Chief of Province, Koshi Province.*

S.N.	Doman	Parameters	Remarks
1	Foundations of governance	-Voice and participation - Integrity and accountability - Justice and social inclusion - Rule of law	
2	Infrastructure Governance	-Elections - The constitution and constitutional provisions - Realization of constitutional freedoms - Provincial and local government - Political institutions - Social association and civic awareness - Information and communication - Security and protection	
3	Service Delivery Governance	- Experience of public service - Support for receiving services - Attempts made to receive services - Source of information about services - Service fee and additional expenses - Public service environment	

Constitutional Framework of Governance

The present constitution of Nepal which was passed by the constituent assembly has many provisions regarding the governance. The constitution has provided for a federal governance framework with the provision of three tiers of government- Federal, Provincial and Local. The President is the head of the state and the Prime Minister is the head of the government. Province chief and the chief minister are head of provinces and head of province government respectively. The Judiciary arm is extended to district court, high court and Supreme Court and other tribunals as well. The legislative power is exercised by the three tiers of legislature within their jurisdiction- federal, provincial and local level. The constitutional bodies are autonomous, independent and responsible to perform their assigned duties and responsibilities according to the constitutional mandate.

Major actors of Governance

I. Federal Government and its extended arms,

II. Provincial Government and its extended arms,

III. Local Government and its extended arms,

IV. Civil Society Organizations,

V. Private sectors organizations,

VI. Corporate Sectors,

VII. Other Non State actors,

VIII. Citizens at large

Governance Structure

The following Table shows the overall governance framework in Nepal.

S.N.	Actors	Mandate	Remarks
1	Legislative	Constitution of Nepal, Federal Parliament, Provincial Parliament, Rural Municipal Assembly, Municipal Assembly, District Assembly, Law making Process and procedures, Legislative committees mandate, Parliament Process, Operating Manuals of the parliament, Operating Procedures of Rural Municipal Assembly, Municipal Assembly, District Assembly, Norms and Practices of the parliament Rural Municipal Assembly, Municipal Assembly, District Assembly,	Federal, Provincial and Local Levels all have their own Legislative structure and mechanism
2	Executive	Constitution of Nepal, Legal Provisions of the cabinet, Governance Act and regulation, Government operating Guidelines and norms, Cabinet Committees procedures and mandate, Norms and Practices of the cabinet	Federal, Provincial and Local Levels all have their own Executive structure and mechanism and practices
3	Judiciary	Constitutional Mandates, Supreme Court, High Courts, District Courts, Special Courts, Quasi-Administrative Tribunals, Legal Provisions, Standard Operating Manuals and guidelines, Code of conduct for the judiciary process,	Judiciary has its own structure from the Federal to local level
4	Civil Society	Operating Guidelines, Civil society Norms, Accountability Transparency, Openness, Responsibility	Transparency issue
5	Private Sectors	Corporate guidelines and Norms, Corporate Ethics and standards, Legal Norms and procedures, Corporate Ethics and Norms	Transparency issue

Layers of governance

S.N.	Levels	Key Indicators	Reform Measures
1	Policy Governance	Constitution of Nepal Economic Policy Annual Budget and its objectives 16^{th} Plan and its mission, vision Targets and goals Projects selection criteria and the provision of projects Bank SDGs Targets Graduation plan from the LDC Status to developing countryt	Review and update all the national policies in line with the constitutional provisions
2	Economic Governance	Economic Policy Annual Budget and its objectives 16^{th} Plan and its goals SDGs Targets LDC graduation plan	Pre- Budget Discussions at all the levels in advance with the wider participation of the stakeholders.
3	Election Governance	Political Parties Election Manifesto and the promises of the candidates in the election	How to ensure the more participation of the rural poor people in the election process
4	Structural Governance	Organizational hierarchies Job Descriptions Terms of References	Review and redesign of the existing organizational structures of the Federal, Provincial and Local levels and coordination mechanism in line with constitutional provisions. Review the existing job descriptions of all the positions of the civil service positions and update them in the changing context. Revise the Organizational mandates and their Terms of Reference(TORs)of all the organizations including the federal, provincial and local levels in the changing context
5	Operational Governance	Operational Manuals Operational Guidelines Standard Operating Procedurals	Revise and update all the operational manuals, operating procedurals and procedures
6	Behavioral Governance	Code of conducts Behaviors of the employees	Inject new code of conduct New norms Sufficiently coach and Educate all the employees in order to improve their behavioral parts.

Nepal's Governance Situation Diagnosis

The Governance Situation of Nepal is diagnosis with the following table:

SN	Governance Indicators	Current status	Strategies to enhance the Governance indicators	Remarks
1.	Voice and Accountability	Weak performance	Promote the Openness and Transparency. Make accountability matrix at all the spheres of the government	Need to refocus to promote the Voice and Accountability
2.	Political stability absence of violence /Terrorism	Poor situation	Enhance the peace and maintain the law and order situation	Need to reform the election Law, process and procedure
3.	Government Effectiveness	Not satisfactory	Improve the service Delivery quality and standards	Need to orient and improve the service Delivery quantity, quality and standards and reduce the delivery time
4.	Regulatory Quality	Very weak status of performance of the regulatory agencies	Enhance the performance of the Regulatory bodies like Nepal Rastra Bank, Insurance Authority, Nepal Electricity Authority,	Need to build and enhance the capacity of the Regulatory Institutions
5.	Rule of law	Not satisfactory	Strengthen the capacity of the Judiciary Mechanism, Time consuming and lengthy procedures for the rule of law	Enforce the Rule of Law at all levels of government
6.	Control of corruption	Very weak	Strengthen the capacity of the oversight agencies	Strengthen the capacity of the oversight agencies and promote the governance ingredients at all the levels of the government

The perception regarding the governance is not in satisfactory level in Nepal. The status of foundation parameters is very low. Similarly, the status of infrastructure governance and service delivery governance are also at the lower positions. Nepal's current achievement and performance regarding the governance indicators are not in satisfactory level. Hence, the governance reform initiatives should be given high priority to accelerate the sustainable inclusive growth and development.

The existing election system should be reviewed in order to maintain the governance and to strengthen the people's participation in the election process It is necessary to inject the transparency

and show the self discipline by the political parties and their candidates in the whole election procedures, movements and the system. The present scenario of capturing the election ticket by the elites should also be insulated by implementing the strong criteria for the selection candidates by all the political parties.

Election system should be free, fair, inclusive, participatory and transparent. The selection of candidates for the election process should also be done by following the specific criteria and transparent procedures. The governance enhancement process should be initiated from the election reform initiatives. The whole election system should be reviewed and reformed in such a way that poor candidate should also be able to get the candidate election ticket and can run his election campaigns without any fear and minimum cost.

The Judiciary procedures and the whole judicial activities and norms should also be analyzed and updated as demanded by the constitutional framework and reactivated according to the governance norms. There is an urgent need to strengthen the whole Judiciary institutions by introducing the Information Technology and by implementing the e- service delivery mechanism.

The executive decisions and orders should also be tested with the governance principles and norms. The legislative committee's behaviors and their decisions should also follow the governance framework. The whole government procedures, systems, service delivery styles and institutions should be reoriented to follow the principles of open and transparent government. Service delivery governance should be enhanced immediately to meet the people's expectations as well as to deliver the democratic dividends to meet the promises made by the political parties during the election.

Conclusion

The governance structure and systems should be updated and revitalized according to the demands of the present constitution and the legal provisions. The present political parties' perception regarding the governance and their orientation should be mainstreamed in line with the governance principles and global practices. It is an urgent need to focus for the achievement of the good results on all the domains and the parameters of the governance framework. The capacity of the federal, provincial and local level public servants should also be strengthened. Deeper integration of governance framework in all the spheres of government is the need of the day. For the effective implementation of the governance framework there should be a visionary and strong leadership both in the political as well as administrative spheres. It is also necessary to mainstream the governance framework by educating the behaviors of citizens and all the stakeholders to follow the constitutional and other legal mandate and the better governance practices.

References

Nepal National Governance Survey, 2017/18, Nepal Administrative Staff College, Lalitpur
Constitution of Nepal, Law Books Management Committee, Kathmandu
Kuldeep Mathur, From Government to Governance, National Book Trust, India, 2016
www.governanceindicators.org
Approach Paper of the 16th plan, National Planning Commission, Nepal

नेपालमा वित्तीय संघीयताको अभ्यास र सुधारका क्षेत्र

रमेश अर्याल*

१ .परिचय

एउटै भूगोल र एउटै जनतालाई फरक फरक विषयमा भिन्न भिन्न तहका सरकारले शासन गर्ने व्यवस्था संघीय व्यवस्था हो। यसमा एक भन्दा बढी तहका इकाइहरूमा राज्यशक्तिको बाँडफाँड गरी शासन सञ्चालन हुन्छ। संघीय प्रणालीमा राज्यशक्तिको प्रयोग संविधान र कानून अनुसार विभिन्न तहबाट हुन्छ। राजनैतिक, प्रशासनिक र वित्तीय गरी संघीयताका मुख्य तीन आयामहरू छन्। यी आयामहरू एक अर्कासँग अन्तरसम्बन्धित हुनुका साथै एकअर्काका परिपूरक पनि हुने गर्दछन्। सामान्यतया वित्तीय संघीयता सरकारका तहहरू बीचको कार्यजिम्मेवारी र वित्तीय सम्बन्धलाई निर्धारण गर्ने प्रणाली हो।

वित्तीय संघीयताले सार्वजनिक वित्तीय स्रोतसाधनको विवेकपूर्ण र न्यायपूर्ण उपयोग गरी नागरिकको समृद्धि हासिल गर्ने उद्देश्य राखेको हुन्छ। वित्तीय संघीयता कर लगाउने, खर्च गर्ने र नियमन गर्ने विषयसँग सम्बन्धित छ। यसले सार्वजनिक खर्च, सार्वजनिक आय, सार्वजनिक ऋण र आर्थिक क्रियाकलापको व्यवस्थापन कुन तहको सरकारले के कसरी र के कति गर्ने भन्ने विषयको निक्र्यौल गर्दछ।

२. वित्तीय संघीयताका आधारस्तम्भ

वित्तीय संघीयताका चार आधार स्तम्भहरू छन । ती हुन :

(क) **खर्चको जिम्मेवारी :** खर्च जिम्मेवारी वित्तीय संघीयताको महत्वपूर्ण आधार हो। राज्यका तहहरूले गर्ने कार्य जिम्मेवारी नै खर्च जिम्मेवारी हुन। संविधानमा नै विभिन्न तहका सरकारले गर्ने कामको जिम्मेवारी तोकिएको हुन्छ। संघीयता लागू भएका देशमा सरकारहरू बीच एकल अधिकार, साझा अधिकार, प्रत्यायोजित अधिकार र अवशिष्ठ अधिकारको उल्लेख भएको पाइन्छ।

(ख) **राजस्व अधिकार :** खर्च जिम्मेवारी अर्थात कार्य जिम्मेवारी तोकिएपछि सरकारका तहहरूलाई राजस्व उठाउने अधिकार दिइन्छ। कुन तहलाई कस्तो र कति राजस्व अधिकार दिने भन्ने देश अनुसार फरक फरक हुन्छ। राजस्व उठाउदा निश्चितता, मितव्ययिता, समानता, सुविधा, प्रशासनिक रुपमा संकलन गर्न सकिने लगायतको हुनुपर्ने मान्यता छ।

(ग) **वित्तीय हस्तान्तरण :** वित्तीय संघीयताको अर्को आधारस्तम्भ अन्तरसरकारी वित्त हस्तान्तरण हो। यसमा सरकारका तहहरू बीच राजस्व हस्तान्तरण र अनुदान हस्तान्तरण हुने गर्छ।

(घ) **ऋण लिने अधिकार :** राजस्व अधिकार र वित्तीय हस्तान्तरणका माध्यमबाट उपलब्ध वित्तीय स्रोतले सरकारको खर्च आवश्यकता पुरा हुन नसकेमा ऋण उठाउने गरिन्छ।

३. नेपालमा वित्तीय संघीयताको अभ्यास

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून बमोजिम गर्ने नेपालको संविधानमा उल्लेख छ। सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन

---

* सहसचिव, नेपाल सरकार

व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने परिकल्पना नेपालको संविधानले गरेको छ। नेपालमा संघ, ७ वटा प्रदेश र ७५३ स्थानीय तह (२९३ नगरपालिका र ४६० गाउँपालिका) छन्। संघीय कानून बमोजिम सामाजिक सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिने संविधानमा उल्लेख छ। नेपालमा वित्तीय संघीयताका सम्बन्धमा संविधान तथा ऐन नियममा भएका प्रावधान निम्नानुसार छ :

(क) खर्च जिम्मेवारी

संविधानमा संघको अधिकार अनुसूची - ५ मा, प्रदेशको अधिकार अनुसूची - ६ मा, संघ र प्रदेशको साझा अधिकार अनुसूची - ७ मा, स्थानीय तहको अधिकार अनुसूची - ८ मा र संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची - ९ मा उल्लेख छ। संविधान बमोजिम संघ, प्रदेश तथा स्थानीय तहको अधिकारको सूची वा साझा सूचीमा उल्लेख नभएको वा यो संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा संघको अधिकार हुने उल्लेख छ।

संघको अधिकार सूचीमा राष्ट्रिय सुरक्षा, शान्ति सुरक्षा, वित्त तथा मौद्रिक नीति, अन्तर्राष्ट्रिय सम्बन्ध, नागरिकता, ठूला पूर्वाधार योजना, संघीय निजामती सेवा लगायत ३५ वटा विषय तोकिएको छ। प्रदेशको अधिकार अन्रतगत प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा, रेडियो, एफ. एम, टेलिभिजन सञ्चालन, प्रदेश निजामती सेवा, प्रदेश तथ्यांक, प्रदेश स्तरको विद्युत, सिचाइ र खानेपानी सेवा, परिवहन, स्वास्थ्य सेवा, भूमि व्यवस्थापन, जग्गाको अभिलेख, कृषि तथा पशु विकास, खानी अन्वेषण र व्यवस्थापन, गुठी व्यवस्थापन लगायतका २१ विषय तोकिएको छ। संघ र प्रदेशको साझा अधिकारमा फौजदारी तथा देवानी कार्यविधि, आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन, वैज्ञानिक अनुसन्धान, पर्यटन, खानेपानी तथा सरसफाइ, गरिबी निवारण, औद्योगीकरण, विज्ञान प्रविधि, मानव संसाधन विकास, रोजगारी र बेरोजगार सहायता लगायत २५ विषय उल्लेख छन्।

स्थानीय तहको अधिकार सूचीमा नगर प्रहरी, सहकारी संस्था, एफ. एम सञ्चालन, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य लगायतका २२ विषय उल्लेख छन्। संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा सहकारी, शिक्षा, खेलकूद, स्वास्थ्य, कृषि, खानी तथा खनिज, विपद् व्यवस्थापन, सामाजिक सुरक्षा र गरिबी निवारण लगायतका १५ विषय उल्लेख छन्।

संविधानका अलवा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आयोजना वर्गीकरण मापदण्ड २०८०, नेपाल सरकार मन्त्रिरिषद्को मिति २०७३/१०/१८ को कार्य विस्तृतिकरण सम्बन्धी निर्णयले संघीय इकाइहरूको जिम्मेवारी थप स्पष्टता ल्याएको छ। कार्य विस्तृतिकरण अनुसार संघको ८७०, प्रदेशको ५६५ र स्थानीय तहको ३६० गरी १,७१५ प्रकृतिका कार्य र क्रियाकलापको पहिचान गरिएको छ।

(ख) राजस्व अधिकार

नेपालको संविधान, २०७२ को धारा ६० मा राजस्व स्रोतको बाँडफाँड सम्वन्धी व्यवस्था छ, जस अनुसार संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने तर साझा सूचीभित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे वमोजिम हुने प्रावधान छ। संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा रहेका विषयहरू सेवा शुल्क, दण्ड जरिवाना, पर्यटन शुल्क दस्तुर रहेका छन्।

संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने गर्छन। संघले साझा सूचीका विषयमा

र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाई समेत लागू हुने गरी आवश्यक नीति, मापदण्ड र कानून बनाउन सक्ने, संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो तहको बजेट बनाउने तथा प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय संघीय कानून बमोजिम हुने संविधानमा उल्लेख छ।

नेपालको संविधानको अनुसूची तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद २ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहलाई राजस्वको अधिकारको व्यवस्था गरिएको छ। जस अनुसार नेपाल सरकारले संघीय कानून, प्रदेशले प्रदेश कानून र स्थानीय तहले स्थानीय कानून बमोजिम देहाय अनुसार कर तथा गैर कर उठाउन पाउँछन्। साथै, प्रचलित कानून बमोजिम लागेको आफ्नो अधिकार भित्रको दण्ड जरिबाना उठाउन सक्छन्।

तालिका १ : संघ, प्रदेश र स्थानीय तहको राजस्व अधिकार

	संघ	प्रदेश	स्थानीय तह
कर	• भन्सार • मूल्य अभिवृद्धि कर • संस्थागत आयकर • व्यक्तिगत आयकर • पारिश्रमिक कर	• घर जग्गा रजिष्ट्रेशन शुल्क • सवारी साधन कर • मनोरञ्जन कर • विज्ञापन कर • कृषि आयमा कर	• सम्पति कर • घर वहाल कर • घरजग्गा रजिष्ट्रेशन शुल्क • सवारी साधन कर • विज्ञापन कर • व्यवसाय कर • भूमिकर (मालपोत) • मनोरञ्जन कर
गैरकर	• राहदानी शुल्क • भिसा शुल्क • पर्यटन दस्तुर • सेवा शुल्क • जुवा चिठ्ठा, क्यासिनो • दण्ड जरिवाना • राहदानी शुल्क	• सेवा शुल्क • पर्यटन दस्तुर • दण्ड जरिवाना	• सेवा शुल्क दस्तुर • पर्यटन शुल्क • दण्ड जरिवाना

स्रोत : अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन अनुसार प्रदेश तथा स्थानीय तहले कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम बजार, छिमेकी, प्रदेश र स्थानीय तहलाई प्रतिकूल नहुने गरी लगाउनुपर्दछ। नेपाल सरकार, प्रदेश र स्थानीय तहले वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी गैरकरका दर निर्धारण गर्नुपर्दछ। नेपाल सरकार, प्रदेश वा स्थानीय तह मध्ये कुनै दुई तहले उठाउने कर तथा गैरकर देहाय बमोजिम एकल कर प्रशासन सम्बन्धी व्यवस्था बमोजिम उठाउने व्यवस्था छ :

- प्रदेशले सवारी साधन कर उठाउँदा स्थानीय तहले सवारी साधनमा लगाएको कर समेत उठाउने,
- स्थानीय तहले घरजग्गा रजिष्ट्रेशन शुल्क उठाउँदा प्रदेशले लगाएको घरजग्गा रजिष्ट्रेशन शुल्क समेत उठाउने,
- स्थानीय तहले विज्ञापन कर उठाउँदा प्रदेशले लगाएको विज्ञापन कर समेत उठाउने,
- स्थानीय तहले मनोरञ्जन कर उठाउँदा प्रदेशले लगाएको मनोरञ्जन कर समेत उठाउने।

(ग) अन्तरसरकारी वित्त हस्तान्तरण

नेपालको संविधानको धारा ६०)३ (मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने उल्लेख छ। नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्छ भने प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानून बमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्छ। नेपाल सरकारले संघीय सञ्चित कोषबाट प्रदान गर्ने सशर्त अनुदान, समपूरक अनुदान वा अन्य प्रयोजनका लागि दिने विशेष अनुदान वितरण सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुने उल्लेख छ। अनुदान हस्तान्तरण सम्बन्धमा देहायको व्यवस्था छ :

- **वित्तीय समानीकरण अनुदानः** नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्छ। नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठेको राजस्वलाई प्रदेशले प्रदेश भित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानून बमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट वित्तीय समानीकरण अनुदानलाई न्यूनतम, सुत्रमा आधारित र कार्यसम्पादन मूल्यांकनको आधारमा हस्तान्तरण गर्ने कार्य भएको छ। आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारले वित्तीय समानीकरण अनुदान प्रदेशको लागि रु. ६० अर्ब र स्थानीय तहको लागि रु. ८८ अर्ब हस्तान्तरण गर्ने गरी बजेट विनियोजन गरेको छ।

- **सशर्त अनुदानः** नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) मा उल्लेख राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको आधार बमोजिम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्छ। सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने हुन्छ। प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्ने गर्छ। आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारले सशर्त अनुदान प्रदेशको लागि रु. २५ अर्ब ८४ करोड र स्थानीय तहको लागि रु. २ खर्ब ८ अर्ब ८८ करोड हस्तान्तरण गर्ने गरी बजेट विनियोजन गरेको छ।

- **समपूरक अनुदान** : नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्छ। समपूरक अनुदान प्रदान गर्दा आधार लिइने कुराहरू हुन : (क) योजनाको सम्भाव्यता (ख) योजनाको लागत (ग) योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ (घ) योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति (ङ) योजनाको आवश्यकता र प्राथमिकता। प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम समपूरक अनुदान प्रदान गर्छ। समपूरक अनुदान सम्बन्धी कार्यविधि छ। आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारले समपूरक अनुदान प्रदेशको लागि रु. ६ अर्ब २० करोड र स्थानीय तहको लागि रु. ७ अर्ब हस्तान्तरण गर्ने गरी बजेट विनियोजन गरेको छ।

- **विशेष अनुदानः** नेपाल सरकारले शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने, अन्तर प्रदेश वा अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने र आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्ने कुनै उद्देश्य राखी प्रदेश वा स्थानीय तहबाट संचालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्छ। प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम विशेष अनुदान प्रदान गर्छ। विशेष अनुदान

सम्बन्धी कार्यविधि छ। आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारले विशेष अनुदान प्रदेशको लागि रु. ४ अर्ब ४० करोड र स्थानीय तहको लागि रु. ८ अर्ब ५० करोड हस्तान्तरण गर्ने गरी बजेट विनियोजन गरेको छ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार नेपाल सरकार, प्रदेश र स्थानीय तह बीच मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकम बाडँफाँट गर्न नेपाल सरकारले एक संघीय विभाज्य कोष खडा गरी त्यस्तो रकम सो कोषमा जम्मा गर्दछ। सङ्घीय विभाज्य कोषमा जम्मा भएको रकम मध्ये सत्तरी प्रतिशत नेपाल सरकारलाई, पन्ध्र प्रतिशत प्रदेशलाई र पन्ध्र प्रतिशत स्थानीय तहलाई बाँडफाँट गर्ने उल्लेख छ। आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकारले प्रदेश र स्थानीय तहमा राजस्व बाँडफाँटबाट रु. १ खर्ब ५९ अर्ब हस्तान्तरण हुने अनुमान गरेको छ।

नेपाल सरकारले संघीय कानून बमोजिम प्राकृतिक स्रोतमा रोयल्टी लगाउन र उठाउन सक्ने तथा सोको बाँडफाँट निम्नानुसार हुने उल्लेख छ :

तालिका २ : रोयल्टीको बाँडफाँट

क्र.सं.	रोयल्टीको शीर्षक	नेपाल सरकार	सम्बन्धित प्रदेश	सम्बन्धित स्थानीय तह
१	पर्वतारोहण	५०	२५	२५
२	विद्युत	५०	२५	२५
३	वन	५०	२५	२५
४	खानी तथा खनिज	५०	२५	२५
५	पानी तथा अन्य प्राकृतिक स्रोत	५०	२५	२५

स्रोत : अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ अनुसार प्राकृतिक स्रोत तथा वित्त आयोगले नेपाल सरकार, प्रदेश तथा स्थानीय तह बीच र प्रदेश तथा स्थानीय तह बीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गरी नेपाल सरकारमा सिफारिश गर्नुपर्ने उल्लेख छ। ती आधारहरू जनसंख्या र जनसाख्यिंक विवरण, क्षेत्रफल, मानव विकास सूचकाकं, खर्चको आवश्यकता, राजस्व संकलनमा गरेको प्रयास, पूर्वाधार विकास र विशेष अवस्था हुन। हाल तोकिएको आधार निम्नानुसार छ :

तालिका ३ : राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार

क्र.सं.	आधारहरू	प्रदेश	स्थानीय तह
१	जनसंख्या र जनसाख्यिंक विवरण (जनसंख्यालाई ८० र आश्रित जनसंख्यालाई २० प्रतिशत)	७०	७०
२	क्षेत्रफल	१५	१५
३	मानव विकास सूचकांक	५	५
४	न्यून विकास सूचकांक (पूर्वाधार सूचकांकमा ७०, सामाजिक तथा आर्थिक विभेद सूचकांकमा १०, प्रदेशको हकमा तुलनात्मक मूल्य सूचकांक तथा स्थानीयका हकमा खर्च आवश्यकता र राजस्व क्षमता बीचको अन्तर सूचकांकलाई २० अंकभार दिई प्राप्त हुन आउने सूचकांक)	१०	१०

स्रोत : राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

(घ) ऋण लिने अधिकार

वैदेशिक अनुदान र ऋण लिने अधिकार नेपाल सरकारको मात्र छ। नेपाल सरकारले वैदेशिक अनुदान ऋण लिँदा देशको समष्टिगत आर्थिक स्थायित्व हुने गरी लिनुपर्छ। नेपाल सरकारले प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन हुने योजना वा कार्यक्रमको लागि वैदेशिक सहयोग लिनसक्छ। प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको पूर्वस्वीकृति बिना कुनै पनि किसिमको वैदेशिक सहयोग लिन वा वैदेशिक सहयोगमा कुनै योजना वा कार्यक्रम कार्यान्वयन गर्न,

गराउन सक्दैनन्। वैदेशिक सहायताको परिचालन गर्दा नेपाल सरकारले राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रहरू (क) भौतिक पूर्वाधारको निर्माण, मर्मत र जिर्णोद्धार (ख) शिक्षा, स्वास्थ्य र मानव विकास (ग) स्वेदशी उत्पादन र उत्पादकत्व बृद्धि (घ) स्वेदशमा रोजगारी सिर्जना र क्षमता विकास (ङ) विपद् व्यवस्थापन (च) विज्ञान तथा प्रविधिको विकास र हस्तान्तरण (छ) वातावरण संरक्षण र जलवायु परिवर्तन (ज) सार्वजनिक निजी साझेदारीमा गरिने लगानी (झ) सार्वजनिक निजी, सहकारी र सामुदायिक क्षेत्रको क्षमता नपुगेको क्षेत्रमध्ये नेपाल सरकारले वैदेशिक सहायता लिन उपयुक्त हुने भनी निर्धारण गरेका क्षेत्रहरूमा गर्नुपर्छ।

सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ अनुसार नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको योजना तथा कार्यक्रम वा नेपाल सरकारद्धारा स्वीकृत परियोजना कार्यान्वयनको लागि नेपाल सरकारले कुनै विदेशी सरकार, विदेशी सरकारी बैंक वा वित्तीय संस्था वा एजेन्सीबाट आवश्यकता अनुसार जम्मा ऋणको कुल अंक अघिल्लो आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनको प्रचलित मूल्यमा कायम गर्दा हुने रकमको एकतिहाइमा नबढ्ने गरी त्यतिसम्म अंकको प्रचलित विनिमय दरले हुने विदेशी मुद्रा एकै पटक वा पटक पटक गरी ऋण लिन सक्छ। यसरी लिएको वैदेशिक ऋणको व्ययभार संघीय सञ्चित कोष माथि हुने तर नेपाल सरकारले प्रदेश सरकार वा स्थानीय तहको लागि कुनै विदेशी सरकार, विदेशी सरकारी बैंक वा वित्तीय संस्था वा एजेन्सीसँगबाट ऋण लिएकोमा त्यस्तो ऋण रकमको व्ययभार सम्बन्धित प्रदेश सञ्चित कोष वा स्थानीय सञ्चित कोष माथि हुने व्यवस्था छ। वैदेशिक ऋणको साँवा व्याज भुक्तान गर्ने अवधि ऋण उपलब्ध गराउने विदेशी सरकार, विदेशी सरकारी बैंक वा वित्तीय संस्था वा एजेन्सीसँग भएको सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिनसक्छन। तर प्रदेश तथा स्थानीय तहले आन्तरिक ऋण लिनु अघि नेपाल सरकारको सहमति लिनुपर्ने व्यवस्था छ। नेपाल सरकार तथा प्रदेशले प्रचलित कानूनको अधीनमा रही ऋणपत्र जारी गरी आन्तरिक ऋण उठाउन सक्छन। प्रदेश तथा स्थानीय तहले आन्तरिक ऋण लिन नेपाल सरकारको सहमति माग गर्दा आन्तरिक ऋण लिन खोजिएको योजना, योजनाबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि, ऋण भुक्तानी योजना, ऋण दिने संस्थाको विवरण सहितको प्रस्ताव अर्थ मन्त्रालय समक्ष पेश गर्नुपर्छ। पेश भएको प्रस्ताव कार्यान्वयन योग्य देखिएमा नेपाल सरकारले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई आन्तरिक ऋण लिन सहमति दिन सक्छ।

नेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई ऋण दिन सक्छ। प्रदेश वा स्थानीय तहले ऋण रकमको उपयोग, भुक्तानीको तरिका तथा समय सीमा समेत उल्लेख गरी ऋणको लागि अर्थ मन्त्रालय समक्ष अनुरोध गर्नुपर्छ। अनुरोध मनासिब देखिएमा नेपाल सरकारले ऋण प्रदान गर्ने स्वीकृति दिन सक्छ। नेपाल सरकारबाट ऋण प्रदान गर्ने स्वीकृति भएमा अर्थ मन्त्रालयले सम्बन्धित प्रदेश वा स्थानीय तहसँग सम्झौता गर्छ। नेपाल सरकारबाट प्राप्त ऋण प्रदेश वा स्थानीय तहले सम्झौतामा उल्लिखित अवधिभित्र चुक्ता नगरेमा नेपाल सरकारले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई उपलब्ध गराउने अनुदानबाट त्यस्तो ऋण रकम असुली गर्न सक्ने व्यवस्था छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रत्येक वर्ष संघ, प्रदेश र स्थानीय तहको लागि आन्तरिक ऋण उठाउन मापदण्ड सिफारिश गर्दछ। पछिल्लो सिफारिश अनुसार नेपाल सरकारले तत्कालको समष्टिगत आर्थिक स्थायित्व, प्रदेश तथा स्थानीय तहले परिचालन गर्न सक्ने आन्तरिक ऋणको अवस्था र बजार सहजता समेतको विश्लेषण गरी अनुमानित कुल गार्हस्थ्य उत्पादनको ५ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्नेछ। साथै, राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणकारी आयोजना वा मध्यमकालिन खर्च संरचना अन्तर्गतको पहिलो प्राथमिकता प्राप्त आयोजना कार्यान्वयनका लागि रकम नपुग भएमा प्रदेश र स्थानीय सरकारको लागि सिफारिश भएको आन्तरिक ऋणको सीमा

मध्ये प्रदेश र स्थानीय सरकारले उक्त आर्थिक वर्षमा परिचालन नगरेको हदसम्म कुल गार्हस्थ्य उत्पादनको ०.५ प्रतिशतले नबढ्ने गरी थप आन्तरिक ऋण परिचालन गर्न सक्नेछ। प्रदेश सरकारले नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाडँफाँट र प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्नेछ। त्यस्तै, स्थानीय तहले नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाडँफाँट र स्थानीय तहको आफ्नो आन्त्रिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्ने सिफारिश गरेको छ।

सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ अनुसार नेपाल सरकार वा नेपाल सरकारको सहमतिमा प्रदेश सरकार वा स्थानीय तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आवश्यक परिमाणमा एकै पटक वा पटक पटक गरी कुनै एक वा बढी प्रकारको ऋणपत्र निष्कासन गरी प्रचलित कानूनको अधिनमा रही आन्तरिक ऋण उठाउन सक्छन। ऋणपत्र निष्कासन गरी आन्तरिक ऋण उठाउने जिम्मेवारी सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको हन्छ। नेपाल सरकारले आन्तरिक ऋण उठाउन प्रदेश वा स्थानीय तहलाई सहमति दिएकोमा पनि सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले ऋण व्यवस्थापन सम्बन्धी सम्पूर्ण काम गर्नुपर्ने व्यवस्था छ।

४. नेपालमा वित्तीय संघीयता कार्यान्वयनमा देखिएका समस्याहरू

नेपालमा वित्तीय संघीयता कार्यान्वयनमा देखापरेका समस्याहरू देहाय अनुसार छन् :

- तीन तहको सरकारका अधिकार र कार्यजिम्मेवारी एवम् साझा अधिकारको सूचीमा थप स्पष्टता ल्याउन साझा अधिकार सूचीको प्रयोग सम्बन्धी कानूनको निर्माण हुन नसक्नु,
- नेपाल सरकारले हस्तान्तरण गर्ने वित्तीय अनुदानमा समानीकरण अनुदानको हिस्सा बढी हुनुपर्नेमा सशर्त अनुदानको भार बढ्दै जानु,
- प्रदेश र स्थानीय तहले आन्तरिक आय वृद्धिका लागि करका दायरा वृद्धि गर्नेमा पर्याप्त ध्यान नदिनु,
- संघको बजेटमा तोकिएको लक्ष्य अनुसार राजस्व संकलन नहुँदा अनुमानित वित्त हस्तान्तरण र वास्तविक वित्त हस्तान्तरणमा सन्तुलन कायम गर्न कठिनाई हुनु,
- संघ, प्रदेश र स्थानीय तहको चालु खर्च बढ्दै जानु तथा पूँजी निर्माण र उत्पादकत्व वृद्धिमा बजेट विनियोजन कम हुनु,
- स्थानीय तहले सम्बन्धित सभामा बजेट पेश गरी स्वीकृत गरेर खर्च गर्नुपर्नेमा केही स्थानीय तहले कानूनमा तोकिएको समयमा बजेट स्वीकृत नगर्नु,
- अन्तरसरकारी वित्तीय हस्तान्तरणलाई समन्यायिक, वस्तुगत र यथार्थपरक बनाउन खण्डिकृत र अद्यावधिक तथ्यांकका अभाव हुनु,
- स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूको बजेट विनियोजन, खर्च व्यवस्थापन लगायतका विषयमा क्षमता विकास नहुनु,
- प्रदेश र स्थानीय तहको खर्च आवश्यकताको अध्ययन गरी श्रोत हस्तान्तरण र कार्यजिम्मेवारीमा तादम्यता नहुनु,
- तीन तहको समन्वयका लागि गठित विभिन्न समितिहरूको बैठक नियमित रुपमा नहुनु,
- प्रदेश र स्थानीय तहमा आन्तरिक ऋण परिचालनको कार्यान्वयनमा ढिलाई हुनु,
- बजेट विनियोजन र कार्यान्वयनमा कुशलता र दक्षता नहुनु,
- संघ, प्रदेश र स्थानीय तहले एकै आयोजनामा बजेट विनियोजन गर्दा दोहोरोपना हुनु,

- प्रदेश तथा स्थानीय तहको खर्चको लेखांकन र प्रतिवेदन व्यवस्थित नहुनु,,
- रोयल्टी बाँडफाँटमा देखिएका अस्पष्टतालाई स्पष्ट बनाउन प्राकृतिक स्रोत सम्बन्धमा एकिकृत कानूनको अभाव हुनु।

५. नेपालमा वित्तीय संघीयता कार्यान्वयनमा सुधारका क्षेत्र

वित्तीय संघीयतालाई प्रभावकारी बनाउन देहायका कार्य गर्नु पर्दछ :

- तीन तहको सरकारका अधिकार एवम साझा अधिकारको सूचीमा थप स्पष्टता ल्याउन साझा अधिकार सूचीको प्रयोग सम्बन्धी कानूनको निर्माण गर्नुपर्छ।
- खर्चको आवश्यकता पहिचान गर्न राष्ट्रिय मानक र मापदण्ड तयार गर्नुपर्छ । विशेषगरी प्रदेश र स्थानीय तहको खर्च आवश्यकताको अध्ययनका आधारमा स्रोत हस्तान्तरण र कार्यजिम्मेवारीमा तादम्यता कायम गर्नुपर्दछ।
- संघ, प्रदेश र स्थानीय तहमा आयोजना बैंक र मध्यमकालिन खर्च संरचना तयार गरी योजनाको प्राथमिकीकरण गरी बजेट विनियोजन कुशलता र कार्यान्वयन दक्षतामा अभिवृद्धि गर्नुपर्छ।
- आवधिक योजना, मध्यकालिन खर्च संरचना र वार्षिक बजेट बीच तादम्यता मिलाई कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्नुपर्छ।
- एकै आयोजनामा दोहोरो बजेट पर्ने अवस्थाको अन्त्यका लागि आयोजना वर्गीकरण मापदण्डको कार्यान्वयन गर्नुपर्छ।
- तीनै तहका सरकारले आन्तरिक आय वृद्धिका लागि करका दायरा वृद्धि गरी राजस्व परिचालनमा जोड दिनुपर्छ। दाहोरो राजस्व अधिकार क्षेत्र भित्र परेका कर, राजस्व उठाउने र बाड्ने सम्बन्धमा थप स्पष्टता ल्याउनुपर्छ।
- चालु खर्चलाई बाञ्छित सीमामा राखी पूँजीगत खर्च बढाई विकास निर्माणका कार्यहरूलाई तीव्रता दिदै उत्पादकत्व वृद्धि गर्नुपर्छ।
- सरकारी खर्चको प्राथमिकीकरण गरी नतिजान्मुख खर्च प्रणालीको विकास गर्दै सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्छ।
- स्थानीय तहले सम्बन्धित सभामा बजेट पेश गरी स्वीकृत गरेर खर्च गर्नुपर्नेमा केही स्थानीय तहले कानूनमा तोकिएको समयमा बजेट स्वीकृत नगरेकोले समयमै बजेट पारित गरी कानूनको पूर्ण पालना गर्नुपर्छ।
- अन्तरसरकारी वित्तीय हस्तान्तरणलाई समन्यायिक, वस्तुगत र यथार्थपरक बनाउन स्थानीय तहसम्मको खण्डिकृत र अद्यावधिक तथ्यांकको उपलब्धतामा जोड दिनुपर्छ। स्रोतसाधनको समन्यायिक वितरणमा जोड दिनुपर्छ।
- संघीय संरचना बमोजिम संस्थागत संरचना निर्माणलाई व्यवस्थित गर्दै सवै तहमा पर्याप्त कर्मचारी व्यवस्थापन गर्नुपर्छ।
- स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूको बजेट विनियोजन, खर्च व्यवस्थापन लगायतका विषयमा क्षमता विकास गर्र्नुपर्छ।
- तीन तहको समन्वयका लागि गठित विभिन्न समितिहरू (राष्ट्रिय समन्वय परिषद्, अन्तरप्रदेश परिषद्, अन्तरसरकारी वित्त परिषद्, प्रदेश समन्वय परिषद्, विषयगत समिति)को बैठक नियमित रुपमा गरी निर्णयको कार्यान्वयन गर्नुपर्छ।
- जनताका अपेक्षा पुरा गर्ने गरी स्रोतको उपलब्धता र आवश्यकता बीच तालमेल मिलाउनुपर्छ।
- सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको संस्थागत क्षमता विकास गरी सार्वजनिक ऋण व्यवस्थापन ऐन र नियमावली अनुसार संघ, प्रदेश र स्थानीय तहमा आन्तरिक ऋण परिचालनलाई व्यवस्थित बनाउनुपर्छ।
- बजेट विनियोजन र कार्यान्वयनमा कुशलता र दक्षतामा जोड दिई आर्थिक अनुशासन कायम गर्नुपर्छ।

- खर्च लेखांकन र प्रतिवेदन प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाई व्यवस्थित र तीनै तहका प्रणालीबीच अन्तरआवद्धता कायम गर्नुपर्छ।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई सबलीकरण गर्दै आयोगले दिएका सुझावको कार्यान्वयन गर्नुपर्छ।
- रोयल्टी बाँडफाँटमा देखिएका अस्पष्टतालाई स्पष्ट बनाउन प्राकृतिक स्रोत सम्बन्धमा एकिकृत कानून बनाउनुपर्छ।
- वित्तीय संघीयता सफल बनाउन तीनै तहका सरकार बीच सञ्चार, समन्वय र सहकार्यको अभिवृद्धि गर्नुपर्छ।

६. निष्कर्ष

वित्तीय संघीयताको सफल कार्यान्वयन भएमा संघीयताको कार्यान्वयन सफल हुन्छ। नेपालमा वित्तीय संघीयताको लागि छोटो समयमै धेरै कामहरू भएका छन्। यद्यपि गर्नुपर्ने कामहरू अझै पनि छन्। नेपालमा वित्तीय संघीयताको कार्यान्वयन नवीन अभ्यासमा रहेकोले तीनै तहका सरकारको वित्त सम्बन्धी कामका लागि संस्थागत, संरचनागत, संगठनात्मक एवम् प्राविधिक पक्षमा ध्यान दिनु जरुरी छ। विगत देखिको केन्द्रीकृत मानसिकतालाई हटाउदै र वित्तीय संघीयता कार्यान्वयनमा देखा परेका समस्याहरूको समाधान गर्दै वित्तीय संघीयता वित्तीय संघीयताको कुशल र प्रभावकारी कार्यान्वयनका लागि तीनै तहका सम्बन्धित निकाय प्रतिवद्ध र कटिवद्ध हुनुपर्ने देखिन्छ।

सन्दर्भ सामाग्री

- नेपालको संविधान, २०७२, कानून किताव व्यवस्था समिति, काठमाडौ।
- अन्तरसरकारी वित्त हस्तान्तरण ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्य, २०८१, अर्थ मन्त्रालय, काठमाडौं।
- आर्थिक वर्ष २०८०/८१ को बजेटको अर्धवार्षिक मूल्यांकन प्रतिवेदन, २०८० माघ, अर्थ मन्त्रालय, काठमाडौं।
- आर्थिक ऐन, २०८१, अर्थ मन्त्रालय, काठमाडौं।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग जानकारी पुस्तिका २०७७, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग।
- आर्थिक वर्ष २०८१/८२ को लागि संघ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सम्बन्धमा नेपाल सरकार, प्रदेश र स्थानीय सरकारलाई गरिएको सिफारिश, २०८१, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग।
- डा. बैकुण्ठ अर्याल (२०७६), नेपालमा वित्तीय संघीयता : वर्तमान अवस्था, अवसर र चुनौती, नेगो अर्थ सन्देश, नेपाल निजामती कर्मचारी संगठन, अर्थ विभागीय समिति।
- रमेश अर्याल (२०७९), संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध, प्रशासन, वर्ष ५३, अंक १, पूर्णांक १३५, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौं।

नेपालमा सरकारी खर्चको वर्तमान अवस्था र स्थिति –समस्या समाधानका उपायहरू

गम्भीरबहादुर हाडा*

सारांश (Abstract)

सार्वजनिक वित्त व्यवस्थापनले अर्थतन्त्रमा समष्टिगत स्थायित्व कायम गर्न, वित्तीय पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिता कायम गर्न, साधन स्रोतको सही र उच्चतम उपयोग गर्न, सार्वजनिक नीतिको कार्यान्वयन गर्न, आर्थिक अनुशासन र स्वच्छता कायम गर्न, विकास योजना र कार्यक्रम सञ्चालन गर्न, साधन स्रोतको सन्तुलित र समतामूलक वितरण गर्न र अनुगमन र नियन्त्रण प्रणाली व्यवस्थित गर्न जोड दिएको छ । सरकारले राज्य संचालनका लागि आवश्यक विभिन्न खर्चहरु व्यहोर्ने गर्दछ र जनकल्याण तथा विकासका लागि पनि खर्च गर्दछ । यसलाई नै सार्वजनिक व्यय (Public expenditure) भनिन्छ । यसअन्तर्गत सरकारले विभिन्न क्रियाकलापहरुमा विभिन्न प्रयोजनका लागि व्यहोर्ने सबै खर्च रकमहरु समावेश हुन्छ । सार्वजनिक व्ययको परिभाषा र परिधिमा परिवर्तन आएको छ । सरकारले राज्य सञ्चालनका लागि आवश्यक विभिन्न खर्चहरू व्यहोर्ने गर्दछ र जनकल्याण तथा विकासका लागि पनि खर्च गर्दछ । यसलाई नै सार्वजनिक व्यय भनिन्छ । यसअन्तर्गत सरकारले विभिन्न क्रियाकलापहरूमा विभिन्न प्रयोजनका लागि व्यहोर्ने सबै खर्चरकमहरू समावेश हुन्छ ।

सार्वजनिक खर्चको महत्वहरु यसप्रकारका छन् : क) यातायात र संचारजस्ता आर्थिक विकासका आधारभूत आधारशीलाहरूसँगसम्बन्धित गतिविधिहरूको निर्माण र उत्थान गर्न । ख) कृषि, उद्योग एवं वाणिज्यको विकासमा सहयोग पुऱ्याउने हेतुले विकासात्मक कार्यक्रमहरू र आयोजनाहरू सञ्चालन गर्न । ग) प्राकृतिक साधन र श्रोतहरूको उत्थान र परिचालन गरी राष्ट्रिय उत्पादनको दरमा वृद्धि ल्याउन । घ) विद्युत, पिउनेपानीजस्ता सर्वाजनिक वस्तुको निर्माण गरेर नागरिकलाई सेवा सुविधाहरू उपलब्ध गराउन । ङ) उत्पादन वृद्धि गर्न सुरक्षात्मक प्रवन्ध र जीवनस्तरमा वृद्धि गर्न पनि सार्वजनिक व्ययको बढी महत्व छ । सार्वजनिक खर्च दुई प्रकारका छन् : जस्तै : (१) साधारण खर्च (२) पुँजीगत खर्च ।

आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०७९/८० मा उल्लेख गरिएअनुसार यस आर्थिक वर्ष २०७८/७९ मा संघ, प्रदेश र स्थानीय तहको एकीकृत खर्च ९.४ प्रतिशतले बढेर रु. १४ खर्ब ९० अर्ब ६१ करोड पुगेको छ । आर्थिक वर्ष २०७७/७८ मा यस्तो वृद्धि १४.४ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म संघीय खर्च आर्थिक वर्ष २०७९/८० को सोही अवधिको तुलनामा २.९ प्रतिशतले बृद्धि भई रु. ८ खर्ब १ अर्ब ५८ करोड पुगेको छ । यस अवधिमा चालु खर्च र पुँजीगत खर्च क्रमशः ४.४ प्रतिशत र ३.६ प्रतिशतले घटेको छ भने वित्तीय व्यवस्थातर्फको खर्च ६०.५ प्रतिशतले बढेको छ ।

नेपालको राजस्व प्रणालीअन्तर्गत आयकरमा स्वयं कर घोषणा गरी कर र विवरण बुझाउने, भन्सारमा कारोबार मूल्यको स्वयम् घोषणा गरी महसुल बुझाउने, अन्तःशुल्कमा स्वयम् निस्काशन प्रणालीबाट विवरण र कर बुझाउने, वित्तीय महत्व र राजस्व जोखिमको आधारमा छनौटपूर्ण जाँचपास परीक्षण गरी कर कानूनको परिपालना गराई करको स्वेच्छिक कर सहभागिताको माध्यमबाट राजस्व सङ्कलन गर्ने नीति लिएको पाइन्छ ।

लोकतान्त्रिक शासन प्रणालीमा जवाफदेहीता सर्वाधिक महत्वको विषय हो । राज्यको स्रोत साधन र शक्तिको प्रयोग जवाफदेहितापूर्ण ढंगले गर्न गराउन सके मात्र नतिजामूलक राज्ञ प्रणाली स्थापित हुन सक्छ । सीमित शासन,

* सह प्राध्यापक,अर्थशास्त्र, भक्तपुर बहुमुखी क्याम्पस

नतिजा प्राप्ति र पुष्ट्याइको साथै सरोकारवालालाई जवाफद ानु जवाफदेहिता हो । जवाफदेहिताका संवैधानिक, कानुनी र संस्थागत व्यवस्थाका बाबजुद नेपालमा स्वतः स्फुर्त जवाफदेही हुने भन्दा बाध्यात्मक र औपचारिकतामा सीमित हुनु, प्रदेश र स्थानीय तहमा पद्धति स्थापित भई अपेक्षाकृत क्रियाशील हुन सकेको छैन । सार्वजनिक पदमा रहेको पदाधिकारीले आफूलाई प्राप्त अधिकरा, शक्ति र स्रोतको प्रयोग गरी गरिएको निर्णय वा कार्यसम्पादन सम्बन्धमा सरोकारवाला सामु जवाफ/उत्तर दिनुपर्ने दायित्व नै सार्वजनिक उत्तरदायित्व हो । उत्तरदायित्व एकातिर जिम्मेवारी निर्वाह गर्नुपर्दछ भने अर्कोतर्फ जिम्मेवारी निर्वाह गर्ने क्रममा प्रयोग गरिएका अधिकार शक्ति र स्रोतको औचित्यता पृष्टि गर्न सरोकारवालालाई जवाफ दिनुपर्दछ । जवाफदेहिता भित्र केन्द्रित हुने विषयहरुमा : शक्तिको प्रयोग प्रतिको जवाफदेहिता, कार्यसम्पादन र उपलब्धिप्रतिको जवाफदेहिता, वित्तीय साधन प्रतिको जवाफदेहिता, कार्यव्यवहार, आचरण र नैतिकताप्रतिको जवाफदेहिता उत्तरदायित्व ।

नेपालको सरकारी खर्च (पुँजीगत खर्च) अन्तर्गत देखिएका प्रमुख समस्याहरुमा : जनताप्रति प्रत्यक्ष रुपमा जवाफदेही र उत्तरदायी छैन । माथिल्लो निकाय र शक्तिकेन्द्रप्रतिको भक्तिमा अडेको छ । प्रक्रिया र कानूनी जटिलताले गर्दा समस्यामूलक र कठोर बन्दै गएको छ, जिम्मेवारी पन्छाउने प्रवृत्ति अत्याधिक मात्रामा रहेको छ । राजनैतिक दलसँग आबद्ध भएकाले पदसोपान, आदेशको शृङ्खला टुटेको छ, प्रभावित भएको छ । आधिकारिक ट्रेड युनियन मात्र हुनुपर्छ । सेवाप्रवाहको स्पष्ट मापदण्ड कायम गर्ने, क्षतिपूर्ति सहितको सार्वजकि वडापत्रको व्यापक प्रयोग, गुनासोको सुनुवाई र कारवाही गर्नुपर्छ । आधुनिक प्रशासनिक पद्धतिको जानकारी, सूचना प्रविधिको प्रयोग गर्न सक्ने गरी क्षमता विकास, परिवर्तनको बोध र आत्मसात गराउन क्षमता विकास गराउने रणनीतिक कार्यक्रमहरु सञ्चालन गरिनु आवश्यक रहेको छ । निजामती सेवाले हाल गरिरहेका कार्यहरुको लेखाजोखा गर्दै आगामी दिनमा संघीय संरचना अनुसार के-कस्ता कार्य संघ वा केन्द्रीय निजामती सेवलो गर्नुपर्ने हो, के-कस्ता कार्य प्रान्त र के-कस्ता कार्य स्थानीय तहबाट सम्पादन गरिनुपर्दछ भन्ने स्पष्ट विश्लेषण गर्नु आवश्यक छ । केन्द्र, प्रदेश र स्थानीय स्तरमा के कति कुन दर्जाका कर्मचारी आवश्यक पर्ने हुन सोको खाका तयार गरिनु आवश्यक छ । सबै तहमा काम गर्ने कर्मचारीहरुलाई बदलिँदो परिवेश र संघीयताको मर्म अनुसार कानूनी, प्रशासनिक, आर्थिक-वित्तीय र जनसरोकार सम्बोधन सम्बन्धी तालिम प्रदान गरी पेशागत दक्षता र क्षमता अभिबृद्धि गर्नुपर्दछ ।

नेपालको सरकारी खर्च (पुँजीगत खर्च) अन्तर्गत देखिएका प्रमुख समस्या तथा चुनौतीहरुको निराकरण गर्न : सदाचार पद्धतिका मूल्यहरुको निर्धारणमा : वैधानिकता, नैतिक नेतृत्व, सेवाभाव, निष्पक्षता, स्वच्छता, इमान्दारिता, स्वार्थरहितता, कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व, समानता र समता । **सदाचारका पूर्वाधारहरुमा** : संस्थागत कार्यविधिको निर्धारण, नैतिक शिक्षा र नैतिक सचेतनाको विकास, कार्यवधि र प्रक्रियामा सरलता र स्पष्ट कानुनी व्यवस्था, आचार संहिताको व्यवस्था, भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनसम्बन्धी कानुनी, संस्थागत व्यवस्था, आचरण र सदाचार प्रवर्द्धन तालिम, सूचनाको हकसम्बन्धी कानुन, सुसेली संवाहक कानुन, सूर्यप्रकाश नीति, आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था, राष्ट्रिय सदाचार नीति, सदाचार हेर्ने अधिकारी, अनुगमन तथा मूल्यांकनको व्यवस्था । **आचरणगत व्यवहारमा** : समय पालना र सार्वजनिक, स्वार्थ बाझिएको विषयमा संलग्न नरहने, उच्च नैतिक व्यवहारको प्रदर्शन, समयको पालना र न्यायिक मनको प्रयोग, संविधान, कानुन र पेशागत मूल्यमान्यताको पालना, साधन स्रोतहरुको सही र इमान्दारीपूर्वक प्रयोग गरिनु आवश्यक छ ।

शब्दकुञ्जी (Keywords) : **सारांश, परिचय, महत्व, पुँजीगत खर्चको वर्तमान अवस्था र स्थिति, प्रभाव, पुँजीगत खर्चमा देखापरेका समस्या, बाधा तथा निराकरणका उपायहरु, वित्तीय उत्तरदायित्व, पन्धौं योजनामा सार्वजनिक खर्चको व्यवस्था, उपसंहार/निष्कर्ष तथा सन्दर्भ सामग्रीहरु ।**

परिचय

सरकारले राज्य संचालनका लागि आवश्यक विभिन्न खर्चहरु व्यहोर्ने गर्दछ र जनकल्याण तथा विकासका लागि पनि खर्च गर्दछ । यसलाई नै सार्वजनिक व्यय भनिन्छ । यसअन्तर्गत सरकारले विभिन्न क्रियाकलापहरुमा विभिन्न प्रयोजनका लागि व्यहोर्ने सबै खर्च रकमहरु समावेश हुन्छ । सार्वजनिक व्ययको परिभाषा र परिधिमा परिवर्तन आएको छ । १९ औं शताब्दीका राजस्व अर्थशास्त्रीहरुले सार्वजनिक व्ययमाथि ध्यान नदिएर केवल सार्वजनिक आयमाथि विश्लेषणलाई बढी ध्यान केन्द्रित गरेका थिए । वर्तमान शताब्दीमा सार्वजनिक व्ययको महत्वलाई स्वीकार गरी आजकाल प्रायः सबै राजस्व अर्थशास्त्रीहरुले यसलाई राजस्वको अभिन्न अंगको रुपमा विश्लेषण गरेको पाइन्छ ।

नागरिकहरुको सुरक्षा र आर्थिक तथा सामाजिक हित अभिबृद्धिको लागि प्रचुरमात्रामा सार्वजनिक खर्चको आवश्यकता पर्दछ । नागरिकहरुका लागि नभई नहुने कतिपय त्यस्ता सामान्य आवश्यकताहरु हुन्छन् । जसको प्राप्तिका लागि सरकारी प्रयासकै आवश्यकता पर्दछ । देशमा शान्ति, सुव्यवस्था, प्रतिरक्षा, न्याय र प्रशासनिक व्यवस्था कायम राख्न र सार्वजनिक वस्तुको निर्माण लगायत आर्थिक र सामाजिक क्रियाकलापहरुको प्रवर्धन गर्न यथेष्ट मात्रामा सरकारी खर्चको आवश्यकता पर्दछ । देशको नागरिकहरुप्रति, सरकारको महत्वपूर्ण जिम्मेवारी हुन्छ, त्यो जिम्मेवारी हो समाजमा न्याय, शान्ति तथा सुरक्षा कायम राख्नु र जनताको जीवनस्तरमा सुधार ल्याउनु । एकातिर प्रहरी, अदालत र विभिन्न प्रशासनिक निकायहरुको व्यवस्था गरी सरकारले समाजमा शान्ति सुरक्षा तथा न्याय कायम राख्ने प्रयत्न गर्दछ भने अर्कोतिर अस्पताल, विद्यालय, संचार, सडक, पुल, नहर आदिको व्यवस्था गरी जनताको स्वास्थ्य, शिक्षा र जीवनस्तरमा सुधार ल्याउनसमेत प्रयत्न गर्नुपर्दछ । आधुनिक राज्यका आर्थिक र सामाजिक कार्यहरुमा सरकारको भूमिका बढ्दै गइरहेको हुँदा विकासशील क्रियाकलापहरु संचालन गर्न सरकारले ठूलो रकम खर्च गर्नुपर्ने हुन्छ ।

सन् १९३० तिर शुरु भएको विश्वव्यापी आर्थिक मन्दीपछि विश्वका ख्याती प्राप्त अर्थशास्त्रीहरूले राष्ट्रमा पूर्णरोजगारीको स्थिति कायम गरी आर्थिक स्थायित्व कायम गर्न वा राष्ट्रका आर्थिक विकासको सन्दर्भमा वित्तीय नीतिले खेल्न सकिने प्रभावकारी भूमिकामाथि जोड दिएका थिए । राष्ट्रको आर्थिक उद्देश्यहरूको परिपूर्तिका लागि कार्यान्वयन गरिने वित्तीय नीतिका दुई महत्वपूर्ण माध्यममध्ये सार्वजनिक खर्च एक महत्वपूर्ण माध्यम हो । अर्थशास्त्री एडोल्फ वागनर (Adolf wager) ले राजकीय व्ययको महत्वलाई लिएर भनेको छ । राज्यको कार्यहरूमा व्यापक र गहिरो दुवै प्रकारका खर्चहरू समावेश गर्न सकिन्छ । नयाँ कार्यहरू वरावर हातमा ल्याउँदै रहन्छ र पुरानो कार्यहरू बराबर बढी कुसलताबाट र ठूलो मात्रा सम्पन्न भई नै रहन्छ ।

सार्वजनिक खर्चको वर्गीकरण (Classification of Public Expenditure)

राज्यमा सरकारद्वारा गरिने खर्चसँग सम्बन्धित छ । देशका नागरिकहरु प्रति सरकारको महत्वपूर्ण जिम्मेवारी हुन्छ । त्यो जिम्मेवारी हो समाजमा न्याय, शान्ति तथा सुरक्षा कायम राख्नु र जनताको जीवनस्तरमा सुधार ल्याउनु । शास्त्रीय अर्थशास्त्रीहरु (Classical economists) को विचारमा सरकारले खर्च केवल देशमा शान्ति सुरक्षा कायम राख्नका लागि मात्र गर्नुपर्दछ भन्ने थियो किनभने स्वतन्त्र अर्थव्यवस्थामा विश्वास राख्ने उनीहरुका अनुसार अरु सबै खर्च सार्वजनिक रुपमा भन्दा व्यक्तिगतरुपमा गर्नाले अर्थव्यवस्थामा ठूलो योगदान मिल्छ ।

सार्वजनिक खर्च (Public expenditure) को वर्गीकरणको तात्पर्य सार्वजनिक कार्यहरुको क्रमबद्ध सूची तयार गर्नु हो । आधुनिक व्यावसायिक परिस्थितिमा सार्वजनिक व्ययहरुको वर्गीकरण एक आवश्यक कार्य

भईसकेको छ । प्रो.लुटन (Lutn) ले सार्वजनिक व्ययको वर्गीकरणको उद्देश्यबारे भन्नुभएको छ -“वर्गीकरणको एक राम्रो विधिको सबभन्दा महत्वपूर्ण उद्देश्य विभिन्न हित र कार्यहरुको बीचमा उचित सन्तुलन स्थापित गर्नु हो जसको पूर्तिको वित्तीय उत्तरदायित्व सरकारले लिएको हुन्छ ।” जनताको सुरक्षा तथा सामाजिक र आर्थिक कल्याणको लागि सरकारका केन्द्रीय राज्य र स्थानीय विभिन्न तहहरुमा हुने व्ययलाई सार्वजनिक व्यय भनिन्छ ।

सार्वजनिक खर्चको वर्गीकरणको तात्पर्य सार्वजनिक कार्यहरूको क्रमवद्ध सूची तयार गर्नु हो । आधुनिक व्यावसायिक परिस्थितिमा सार्वजनिक व्ययहरूको वर्गीकरण एक आवश्यक कार्य भईसकेको छ । प्रो. लुटन (Lutn) ले सार्वजनिक व्ययको वर्गीकरणको उद्देश्यबारे भन्नुभएको छ -“वर्गीकरणको एक राम्रो विधिको सबैभन्दा महत्वपूर्ण उद्देश्य विभिन्न हित र कार्यहरूको बीचमा उचित सन्तुलन स्थापित गर्नु हो जसको पूर्तिको वित्तीय उतरदायित्व सरकारले लिएको हुन्छ ।” जनताको सुरक्षा तथा सामाजिक र आर्थिक कल्याणको लागि सरकारका केन्द्रीय राज्य र स्थानीय विभिन्न तहहरूमा हुने व्ययलाई सार्वजनिक व्यय भनिन्छ । सार्वजनिक खर्चको वर्गीकरण सम्वन्धमा विभिन्न अर्थशास्त्रीहरूको प्रस्तुति फरक रहेको पाइन्छ । अर्थशास्त्रीहरूले प्रस्तुत गरेका धारणाहरूको आधारमा सार्वजनिक वा सरकारी खर्चलाई यसप्रकार वर्गीकरण गर्न सकिन्छ :

१. **हितको आधार** : सार्वजनिक व्ययबाट जनतालाई प्राप्त हुनसक्ने फाइदाको आधारमा १९औं शताव्दीका जर्मन अर्थशास्त्री कोहन (Cohn) र अमेरिकन अर्थशास्त्री प्लेहन (Plehn) ले यसलाई चार भागमा बाँडेका छन् :

क) सम्पूर्ण जनतालाई फाइदा हुने खर्चहरू जस्तै सुरक्षा, नियम, कानून, शिक्षा, यातायात संचार तथा सामान्य प्रशासनको निम्ति गरिने खर्चहरू ।

ख) सामान्य प्रकृतिका खर्चहरू कुनै निश्चित समयमा केही व्यक्तिहरूलाई मात्र विशेष फाइदा दिन्छ, जस्तै - पुलिस र न्यायालय ।

ग) खर्चहरू जसले प्रत्यक्षरूपमा समाजका केही वर्ग अथवा व्यक्तिहरूलाई मात्र फाइदा पुर्‍याउँछन् भने अप्रत्यक्षरूपमा सम्पूर्ण समाजलाई नै फाइदा दिइरहेका हुन्छन्, जस्तै - सामाजिक सुरक्षा, जनकल्याण, पेन्सन, वेरोजगारीलाई भत्ता आदि ।

घ) खर्चहरू जसले कुनै खास वर्गलाई मात्र विशेष फाइदा दिइरहेका हुन्छन् जस्तै - कुनै विशेष वस्तुको निर्यातकर्ता अथवा उत्पादकलाई दिइने नगद प्रोत्साहन र कुनै उद्योगलाई वित्तीय सहयाता प्रदान गर्नु आदि ।

२. **कार्यमूलक आधार** : प्रो. एडाम स्मिथले सार्वजनिक खर्चलाई सुरक्षात्मक व्यय, वाणिज्य सम्वन्धी व्यय र विकासमूलक व्यय गरी तीन प्रकारमा बाडेका छन् ।

३. **राजस्वको आधार** : प्रो. निकोसनले सार्वजनिक खर्चलाई यसप्रकार बाँडेका छन् :

क) त्यस्ता खर्चहरू जसबाट प्रत्यक्षरूपमा राजस्व आर्जन गर्न सकिदैन ।

ख) त्यस्ता खर्चहरू जसबाट अप्रत्यक्षरूपमा राजस्व आर्जन गर्न सकिन्छ ।

ग) त्यस्ता खर्चहरू जसबाट आंशिकरूपमा राजस्व आर्जन गर्न सकिन्छ ।

घ) त्यस्ता खर्चहरू जसलाई राजस्वकोरूपमा पूर्णरूपले असुल उपर गर्न सकिन्छ । अझ खर्चको अनुपातमा राजस्व बढी प्राप्त गर्नसकिन्छ ।

४. **महत्वको आधार** : अर्थशास्त्री फिन्डले शिराज (Findley Shiras) ले सार्वजनिक खर्चलाई महत्वको आधारमा यसरी वर्गीकरण गरेका छन् :

क) **मुख्य खर्चहरू** : प्रहरी, सुरक्षा, कानून र ऋण भुक्तान आदि मुख्य खर्चहरू हुन् ।

ख) **गौण खर्चहरू** : मुख्य खर्च बाहेका सबै खर्चहरू यस अन्तर्गत पर्दछन् ।

सार्वजनिक खर्चको वर्गीकरण सम्बन्धमा विभिन्न अर्थशास्त्रीहरुको प्रस्तुति फरक रहेको पाइन्छ। अर्थशास्त्रीहरुले प्रस्तुत गरेका धारणाहरुको आधारमा सार्वजनिक वा सरकारी खर्चलाई (क) क्षेत्रीय खर्चको आधारमा (On the basis of regional expenditure) (ख) कामको आधारमा (on the basis of function) (ग) खर्चको प्रकृतिको आधारमा (On the basis of the nature of expenditure) वर्गीकरण गर्न सकिन्छ। यसलाई हितको आधार, कार्यमूलक आधार, राजस्वको आधार, प्राविधिक आधारमा पनि वर्गीकरण गर्न सकिन्छ ।

१. **हितको आधार (Benefit criterion)**

सार्वजनिक व्ययबाट जनतालाई प्राप्त हुन सक्ने फाइदाको आधारमा १९ औं शताब्दीका जर्मन अर्थशास्त्री कोहन (Cohn) र अमेरिकन अर्थशास्त्री प्लेहन (Plehn) ले यसलाई चार भागमा बाँडेका छन् :

(क) सम्पूर्ण जनतालाई फाइदा हुने खर्चहरु जस्तै सुरक्षा, नियम, कानून, शिक्षा, यातायात संचार तथा सामान्य प्रशासनको निम्ति गरिने खर्चहरु ।

(ख) सामान्य प्रकृतिका खर्चहरु कुनै निश्चित समयमा केही व्यक्तिहरुलाई मात्र विशेष फाइदा दिन्छ, जस्तै -पुलिस र न्यायालय ।

(ग) खर्चहरु जसले प्रत्यक्षरुपमा समाजका केही वर्ग अथवा व्यक्तिहरुलाई मात्र फाइदा पुऱ्याउँछन् भने अप्रत्यक्षरुपमा सम्पूर्ण समाजलाई नै फाइदा दिइरहेका हुन्छन्, जस्तै -सामाजिक सुरक्षा, जनकल्याण, पेन्सन, बेरोजगारीलाई भत्ता आदि ।

(घ) खर्चहरु जसले कुनै खास वर्गलाई मात्र विशेष फाइदा दिइरहेका हुन्छन् जस्तै - कुनै विशेष वस्तुको निर्यातकर्ता अथवा उत्पादकलाई दिइने नगद प्रोत्साहन र कुनै उद्योगलाई वित्तीय सहायता प्रदान गर्नु आदि ।

२. **कार्यमूलक आधार (Functional criterion):**

प्रो.एडाम स्मिथ (Adam Smith) ले सार्वजनिक खर्चलाई तीन प्रकारले बाँडेका छन् (क) सुरक्षात्मक व्यय (ख) वाणिज्य सम्बन्धी व्यय -रेल, सडक आदिको निर्माण र (ग) विकासमूलक व्यय -शिक्षा, स्वास्थ्य, मनोरञ्जन ।

३. **राजस्वको आधार (Revenue criterion):**

(क) त्यस्ता खर्चहरु जसबाट प्रत्यक्षरुपमा राजस्व आर्जन गर्न सकिदैन ।

(ख) त्यस्ता खर्चहरु जसबाट अप्रत्यक्षरुपमा राजस्व आर्जन गर्न सकिन्छ ।

(ग) त्यस्ता खर्चहरु जसबाट आंशिकरुपमा राजस्व आर्जन गर्न सकिन्छ ।

(घ) त्यस्ता खर्चहरु जसलाई राजस्वको रुपमा पूर्णरुपले असुल उपर गर्न सकिन्छ । अझ खर्चको अनुपातमा राजस्व बढी प्राप्त गर्न सकिन्छ ।

४. **महत्वको आधार (Importance criterion):**

अर्थशास्त्री फिन्डले शिराज (Findley Shiras) ले सार्वजनिक खर्चलाई महत्वको आधारमा यसरी वर्गीकरण गरेका छन् :

बाँकी सबै खर्चहरु यस अन्तर्गत पर्दछन्, जस्तै -शिक्षा, स्वास्थ्य, यातायात आदि ।

(क) मुख्य खर्चहरु (Primary expenditure):प्रहरी, सुरक्षा, कानून र ऋण भुक्तान आदि मुख्य खर्चहरु हुन् ।

५. **पीगुको वर्गीकरण (Pigu's classification):**

प्रो.पिगु (Pigou) ले राजकीय व्यय स्वरुप साधनको हस्तान्तरण व्यय र अहस्तान्तरण व्ययको रुपमा वर्गीकरण गर्नुभएको छ ।

(**क**) **हस्तान्तरण व्यय (Transfer expenditure):** यसअन्तर्गत त्यस्ता खर्चहरु सम्मिलित गरिन्छ, जुन साधन राष्ट्रबाट जनतामा हस्तान्तरण हुन्छ । उदाहरणका लागि सरकारी ऋणको ब्याज भुक्तान, निवृत्तिभरण, बेरोजगारी भत्ता तथा अन्य सामाजिक संरक्षणको गरिने खर्चहरु समेत पर्दछन् ।

(**ख**) **अहस्तान्तरण व्यय (Non-transfer expenditure):** राष्ट्रले वस्तु तथा सेवा खरिद गर्न वा प्रयोग गर्न गरेका व्ययलाई अहस्तान्तरण व्यय भनिन्छ । उदाहरणका लागि शिक्षा, स्वास्थ्य, प्रहरी, न्याय, यातायात आदिमा भएका खर्चहरु यस अन्तर्गत पर्दछन् ।

६. **डा.डाल्टनको वर्गीकरण (Dalton classification)**

डा.डाल्टनले सार्वजनिक अथवा राजकीय व्ययको वर्गीकरण यसप्रकार गर्नुभएको छः

(क) युद्धकाल र शान्तिमा सेनाको व्यवस्था तथा यन्त्रहरुमा गरिएको व्यय ।

(ख) न्याय प्रशासन व्यय ।

(ग) देशको राज्यप्रमुख तथा विदेशमा कुटनीतिक कार्यहरुमा गरिएको खर्च ।

(घ) नागरिक प्रशासन व्यय ।

(ङ) कृषि, उद्योग, वाणिज्य तथा अन्य विकास सम्बन्धी कार्यहरुमा गरिएको व्यय ।

(च) शिक्षा, जनहित र सामाजिक सुरक्षाको कार्यहरुमा गरिएको व्यय ।

उपर्युक्त सूचीका आधारमा डाल्टनले सार्वजनिक व्ययलाई दुई भागमा बाँडेका छन् :

(क) अनुदान, (ख) क्रयमूल्य (Purchase price)

डाल्टन (Dalton) को वर्गीकरण वैज्ञानिक आधारमा गरिएको छ । तर सार्वजनिक व्ययमा कति भार अनुदानको र कति भार क्रय मूल्यको छ त्यो पत्ता लगाउनु कठिन हुन्छ ।

७. **प्रो.राविन्सन (Prof-Robinson):**

प्रो.राविन्सनले उत्पादकताको दृष्टिकोणले सार्वजनिक व्ययलाई दुई भागमा विभाजन गरेका छन् :

(**क**) **उत्पादक व्यय (Productive expenditure):**यो त्यो व्यय हो जसबाट समाजको उत्पादन क्षमतामा बृद्धि हुन्छ तथा आर्थिक विकासमा सहयोग पुऱ्याउँछ । उदाहरणका लागि शिक्षा, खेल, बाटोघाटो, बिजुली, स्वास्थ्य, अनुसन्धान इत्यादिमाथि गरिने व्यय पर्दछन् ।

(ख) **अनुत्पादक व्यय (Unproductive expenditure):** यो त्यो व्यय हो जसबाट समाजको उत्पादन क्षमतामा बृद्धि हुँदैन । उदाहरणका लागि युद्धमा गरिने खर्च वा अन्य योजनामा गरिने व्यय जसको अन्तमा फल प्राप्त हुँदैन ।

८. **प्राविधिक वर्गीकरण (Technical classification):**

बजेट तयार गर्दा कूल बजेटमा उल्लेख भएको खर्चलाई प्राविधिकरुपमा दुई छुट्टै वर्गमा विभाजन गर्न सकिन्छ जुन निम्न प्रकारका छन् :

(क) **चालु खर्च (Current expenditure):** प्रतिरक्षा सम्बन्धी खर्च, राष्ट्रमा शान्ति-सुरक्षा कायम गर्न गरिने खर्च र प्रशासनिक खर्च आदि यस वर्गमा समावेश गरिन्छ । यी खर्चहरुबाट समाजमा विद्यमान पुँजीलाई सुरक्षित र व्यवस्थित गरिन्छ । तर यस्ता खर्चहरुबाट राष्ट्रिय उत्पादकत्वमा बृद्धि हुँदैन ।

(ख) **पुँजीगत खर्चहरु (Capital expenditure);** विभिन्न क्षेत्रहरुको विकासका लागि गरिने खर्चलाई पुँजीगत खर्च भनिन्छ । यस्तो खर्चबाट पुँजीगत नयाँ सम्पत्तिको सृजना हुन्छ राष्ट्रिय उत्पादकत्वको बृद्धि हुन्छ । उदाहरणको लागि बाटोघाटोका निर्माण, बिजुली उत्पादन, उद्योगधन्दामा गरेको लगानी आदिलाई पुँजीगत खर्च (Capital expenditure) भनिन्छ । चालु खर्च र पुँजीगत खर्चलाई क्रमशः साधारण र विकास खर्च (Ordinary and development expenditure) पनि भनिन्छ ।

उपरोक्त सम्पूर्ण विवेचनाबाट के स्पष्ट हुन्छ भने सार्वजनिक खर्चको कुनै पनि एउटा वर्गीकरण हुन सक्दैन । वर्गीकरण सम्बन्धी विवाद वा विचारहरुको कुनै भिन्नता र महत्व राखिदैन । किनभने वर्गीकरणको प्रश्न व्यावहारिकतालाई हेरेर नै थाहा पाउन सकिदैन । अतः सबै वर्गीकरणलाई ध्यानमा राखेर काम गरिनु आवश्यक छ ।

पुँजीगत खर्चहरू

विभिन्न क्षेत्रहरूको विकासका लागि गरिने खर्चलाई पुँजीगत खर्च भनिन्छ । यस्तो खर्चबाट पुँजीगत नयाँ सम्पत्तिको सृजना हुन्छ राष्ट्रिय उत्पादकत्वको वृद्धि हुन्छ । उदाहरणको लागि बाटोघाटोको निर्माण, बिजुली उत्पादन, उद्योगधन्दामा गरेको लगानी आदिलाई पुँजीगत खर्च भनिन्छ । चालु खर्च र पुँजीगत खर्चलाई क्रमशः साधारण र विकास खर्च पनि भनिन्छ । उपरोक्त सम्पूर्ण विवेचनाबाट के स्पष्ट हुन्छ भने सार्वजनिक खर्चको कुनै पनि एउटा वर्गीकरण हुन सक्दैन । वर्गीकरण सम्वन्धी विवाद वा विचारहरूको कुनै भिन्नता र महत्व राखिदैन । किनभने वर्गीकरणको प्रश्न व्यावहारिकतालाई हेरेर नै थाहा पाउन सकिदैन । अतः सबै वर्गीकरणलाई ध्यानमा राखेर काम गरिनु आवश्यक छ ।

दीर्घकालीन सोच हासिल गर्न पुँजीगत खर्चमा बढोत्तरी गरी पूर्वाधारको क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गर्न आवश्यक हुन्छ । पुँजीगत खर्चको वृद्धिले आर्थिक वृद्धिदरमा सघाउ पुग्ने अर्थशासीत्रीहरुको मान्यता रहेको छ । नेपालको विगत ५ वर्षको पुँजीगत खर्चको अवस्थालाई नियाल्ने हो भने सन्तुष्ट हुने ठाउँ छैन । वार्षि कसरदर ३ सय अर्ब पुँजीगत बजेट विनियाजन गर्ने र सोमध्ये औसतमा ६५ प्रतिशतमात्र खर्च गर्ने प्रवृत्रिले हाम्रो कमजोर कार्यान्वयन क्षमता प्रदर्शित गर्दछ । विनियोजनको ९५ प्रतिशतसम्म खर्च गर्न सकेमा विनियोजन कुशलता राम्रो मानिन्छ । नत्र हचुवाको भरमा विनियोजन गरेको वा आयोजनाको पर्याप्त तयारी नै नगरी केवल लोकप्रियताका लागि विनयोजन गरेको वा खर्च गर्ने क्षमता नभएको भन्ने बुझिन्छ । तलको तालिकामा वित्तीय व्यवस्था तर्फको विनियोजन र खर्च समावेश नगरुी केवल विगत ५ आर्थिक वर्षको चालू र पुँजीगत खर्चको विवरण मात्र उल्लेख

गरिएको छ। यसबाट आव २०७४/७५ मा ८० प्रतिशत बढी पुँजीगत खर्च भएकोमा पछिल्ला आ.व.मा घट्दै गएर गत आ.व.२०७८/७९ मा जम्मा ५७.१५ प्रतिशत मात्र भएको देखिएको छ। अझ यो खर्च सवारी साधन, कम्प्युटर लगायतका कार्यालयसँग सम्बन्धित भौतिक सामग्री खरिद समेतको हो।

सार्वजनिक खर्च (पुँजीगत खर्च) को आवश्यकता तथा महत्व :

आधुनिक युगमा विकसित र विकासोन्मुख मुलुकहरूमा सार्वजनिक व्ययको महत्वलाई निम्न शीर्षकहरूमा अध्ययन गर्न सकिन्छ :

१. **आर्थिक मन्दी र वेरोजगारीको समस्या समाधान गर्न :** आर्थिक मन्दी तथा वेरोजगारीको समस्या समाधान गर्न पनि सरकारद्वारा व्यापक सार्वजनिक निर्माण कार्यहरू सञ्चालन गरिनुपर्छ भन्ने आधुनिक अर्थशास्त्री लर्ड किन्स (Lord Keynes) को भनाइ छ। यस प्रकारका कार्यक्रमहरू सञ्चालन गरिदा रोजगारीमा वृद्धि भै प्रभावकारी मागमा वृद्धि हुनजान्छ। यसले गर्दा आर्थिक मन्दीको समस्या निराकरण गर्न सकिन्छ।

२. **राष्ट्रिय सुरक्षाका लागि :** राष्ट्रिय सुरक्षाको दृष्टिकोणबाट पनि सार्वजनिक खर्चको भुमिकालाई जोड दिन सकिन्छ। राष्ट्र प्रतिरक्षाको लागि गरिने खर्च अनुत्पादनशील भए पनि आजको तनावपूर्ण युगमा राष्ट्रको सार्वभौमसत्ताको जगेर्ना गर्न प्रतिरक्षा सम्वन्धी सार्वजनिक खर्च नितान्त आवश्यक छ।

३. **गरीब वर्गको हित गर्न :** सरकारले राजस्व खर्चगर्दा निम्नस्तरका व्यक्तिहरूको जीवनस्तर उकास्ने तथा अविकसित क्षेत्रहरूमा बढी रकम लगानी गरी उत्पादनशील क्रियाकलापहरूलाई प्रोत्साहन दिई त्यहाँका वासिन्दाहरूको आम्दानी बढाउने प्रयत्न गर्दछ। सरकारले धनीवर्गका मानिसहरूबाट करको रूपमा राजस्व सङ्कलन गरी गरीबवर्गका हितको निम्ति खर्च गर्दछ र देशमा क्षेत्रीय आर्थिक सन्तुलनसमेत कायम राख्ने प्रयत्न गर्दछ।

४. **कार्यकुशलतामा वृद्धि :** मानवीय साधनको कार्यकुशलतामाथि नै अर्थतन्त्रको विकास निर्भर गर्छ। तसर्थ कुनै पनि अर्थव्यवस्थाको विकासका लागि जनतालाई कार्यकुशल बनाउनुपर्छ। यस सन्दर्भमा सार्वजनिक व्ययको महत्वपूर्ण भूमिका हुन्छ। शिक्षा, स्वास्थ्य, यातायात, आवास, मनोरञ्जन आदि सामाजिक सेवा माथि गरिएको व्ययले जनताको कार्यकुशलतामा वृद्धि गर्छ।

५. **बचत गर्ने योग्यतामा वृद्धि :** अविकसित देशका जनता निर्धन भएको हुनाले आफ्नो सीमित आयबाट बचत गर्न असक्षम हुन्छन्। बचतको अभावमा समुचित मात्रामा विनियोग हुन पाउँदैन। फलस्वरूप अर्थव्यवस्थाका अल्पविकसित स्वरूपमा परिवर्तन आउन पाउँदैन। सार्वजनिक क्षेत्रमा गरिएको व्ययको फलस्वरूप जनताको वास्तविक आयमा वृद्धि हुन्छ र वास्तविक आयमा वृद्धिको परिमाणस्वरूप बचत गर्ने क्षमतामा वृद्धि हुन्छ।

६. **आय र सम्पत्तिको असमान वितरणमा कम :** आय तथा सम्पत्तिको असमान वितरण विकासशील राष्ट्रहरूको ठूलो आर्थिक विकार हो। यसको निराकरण नगरी शोषणरहित समाजको सृजना गर्ने सपना प्रायः अपुरो नै हुने गर्दछ। सार्वजनिक व्ययको उचित प्रयोगबाट यो समस्या समाधान गर्न सकिन्छ। निर्धन व्यक्तिहरूको शिक्षा, स्वास्थ्य आदिमा खर्च गर्नाले उनीहरूको कार्यक्षमता बढ्ने हुन्छ। साथै उनीहरूलाई उत्पादनशील रोजगारीका अवसरहरू प्रदान गर्नाले गरीब व्यक्तिहरूको आय वृद्धि भई आय तथा सम्पत्तिको असमान वितरणको समस्या हल हुन्छ।

७. **जनसंख्या बृद्धि :** कैयौं देशहरुमा जनसंख्या बृद्धिको कारणले गर्दा पनि सरकारी खर्चमा बृहत रुपमा बृद्धि हुन गएको छ। सरकारले बढ्दो जनसंख्याका लागि आवश्यक वस्तु एवं सेवाको विस्तार गर्न- बाल शिक्षा एवं पौष्टिक आहार, सावजनिक सुरक्षाका उपायहरु-निवृत्तिभरण, स्वास्थ्य सेवा खानेपानी एवं ढलनिकास, श्रम र

समाज कल्याण एवं रोजगारी जस्ता कार्यक्रमहरु बृहत् रुपमा गर्नु सरकारी खर्च बृद्धि भएको छ भने तिव्र रुपमा बढ्दो जनसंख्या नियन्त्रण गर्न परिवार नियोजनका साधनहरुको आपूर्ति, अन्वेषण र तालिमको साथै स्वेच्छिक संघ संस्थाहरुको विकासमा समेत बृहत लगानी गर्नुपरेको छ ।

८. **शहरीकरण** : प्रत्येक देशमा नयाँ नयाँ क्षेत्रको शहरीकरण गर्ने कार्य तिब्र रुपमा भैरहेको छ । पुरानो शहरहरुको विस्तार र नयाँ शहरको विकास कार्यले त्यहाँ उपलब्ध गराइनु पर्ने सार्वजनिक सेवाको विस्तार गुण र परिमाण दुवैमा अधिक खर्च गर्नुपर्ने आवश्यकता बढेको छ । जसले गर्दा सरकारी खर्चमा बृद्धि हुन गएको छ ।

सार्वजनिक खर्चमा (पुँजीगत खर्च) समेतको बृद्धिका कारणहरु

१९ औं शताब्दीमा सरकारी कार्यहरु ज्यादै सोभित थियो, जसले गर्दा सरकारी खर्च पनि कम थियो । बीसौं शताब्दीको उत्तरार्धमा सरकारी खर्च तिब्र गतिमा बृद्धि हुन थाल्यो । जसले गर्दा आज यो सार्वजनिक वित्तको प्रमुख अङ्ग बनेको छ ।

Wagner's Law–

Adolf Wagner ले सर्वप्रथम सार्वजनिक खर्च बृद्धि हुनाको कारणहरु सम्बन्धमा –ीबध या भखभच ष्लअचभबकष्लन कतबतभ बअतष्खष्तथ। को रुपमा व्याख्या गरे । उनको भनाइमा केन्द्रीय एवं प्रान्तीय सरकार हरुको क्रियाकलाप पुस्तैनी प्रवृत्तिको आधारमा नै सघन रुपमा र विस्तारित रुपमा पनि बृद्धि हुँदै जान्छ । अतः अर्थ व्यवस्थाको विकास र सरकारी क्रियाकलापका बीच क्रियात्मक सम्बन्ध रहेको हुन्छ । उनको धारणा अनुसार सरकारी खर्च बृद्धि हुनुमा मुख्य तीन कारणहरु रहेका छन् ।

(१) सरकारको परम्परागत कार्यहरु– बाह्य सुरक्षा, प्रशासन, नियम कानूनको पालना गराउनु आदि बढ्दै गएको छ । जसले सरकारी खर्चलाई बृद्धि गराएको छ ।

(२) दोस्रोमा सरकारी कार्यको क्षेत्र विस्तार भएको छ किनभने पहिले सरकारले शान्ति सुरक्षा, न्याय र ऐन कानूनको पालना आदि कार्य मात्र गर्दथ्यो भने आधुनिक समयमा सरकारले आफ्नो जिम्मेवारीको क्षेत्र बढाएर जनकल्याणकारी गतिविधिहरुलाय विस्तउृत पारेको छ जसले सामाजिक सुरक्षाको जिम्मेवारी थपेको छ । शिक्षा, स्वास्थ्य, बसोबास र खाद्यान्न जस्ता जिम्मेवारीले सरकारी खर्चमा बृहत रुपबाट बृद्धि गरेको छ ।

(३) जनताको आवश्यकता परिपूर्ति गर्न सरकारले विभिन्न वस्तु एवं सेवाको उत्पादन गर्ने उद्योगहरुको स्थापना गर्ने जिम्मेवारी सरकारी क्षेत्रले लिएको छ जसले गर्दा विभिन्न संस्थाहरु खोली अत्यधिक मात्रामा लगानी गर्नुपर्छ ।

पूँजीगत खर्चको विशेषताहरु

- पुँजीगत खर्चले राज्यलाई दीर्घकालीन प्रभाव पार्दछ, पुँजीगत खर्च Irreversible प्रकृतिको हुन्छ,
- पुँजीगत खर्चको सुरुवाती लागत उच्च हुन्छ, पुँजीगत खर्चबाट प्राप्त Capital Assets हरु बिस्तारै ह्रास हुन्छन्,
- पुँजीगत खर्च मूर्त तथा अमूर्त Capital Assets को प्राप्तिका लागि आवश्यक छ,
- पुँजीगत खर्च मौजुदा सम्पत्तिको स्तरबृद्धि र मर्मतको लागि आवश्यक छ,
- ऋणको ब्याज भुक्तानीका लागि आवश्यक पर्दछ, पुँजीगत खर्चले रोजगार सिर्जना गर्दछ ।

सार्वजनिक खर्चको वर्तमान अवस्था र स्थिति

आर्थिक वर्ष २०७८/०७९ मा संघीय चालु खर्च र वित्तीय व्यवस्थापन तर्फको खर्च वृद्धि भएको छ। २०७८ असोजमा प्रतिस्थापन विधेयक संघीय संसदबाट स्वीकृत भचई बजेट प्राप्ति ढिला भएका कारण पुँजीगत खर्च भने केही संकुचन भएको छ। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म संघीय खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १८.० प्रतिशतले वृद्धि भई रू ६ खर्ब ७४ अर्ब ६१ करोड पुगेको छ। संघीय आय २०.४ प्रतिशतले वृद्धि भई रू ६ खर्ब ५३ अर्ब ३० करोड पुगेको छ। यस अवधिमा संघीय सरकारको पुँजीगत खर्चमा कमी आएको तथा संघीय आयमा वृद्धि हुँदा घाटा न्यून भई रू २१ ऋर्ब ३१ करोड रहेको छ। आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म बजेट घाटा रू २९ अर्ब २७ करोड रहेको थियो। आर्थिक वर्ष २०७८/२०७९ को फागुनसम्म संघीय सरकारको राजस्व बचत गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३४.८६ प्रथिशतले वृद्धि भई रू ६२ अर्ब पुगेको छ। आर्थिक वर्ष २०७७/२०७८ को फागुनसम्ममा यस्तो बचत रू ४५ अर्ब ९८ करोड रहेको थियो।

नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग, बालुवाटार, काठमाडौं देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति (आर्थिक वर्ष २०७९/८० को **दश महिनाको** तथ्याङ्कमा आधारित) मा उल्लेख गरिएअनुसार आर्थिक वर्ष २०७९/८० को दश महिनामा संघीय सरकारको कुल खर्च नेपाल सरकार, अर्थ मन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) का अनुसार रु.१०४७अर्ब७६ करोड भएको छ। समीक्षा अवधिमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था खर्चतर्फ क्रमशः रु.७८६ अर्ब ७४ करोड, रु.१२५ अर्ब ६८ करोड र रु.१३५ अर्ब ३४ करोड रहेको छ। समीक्षा अवधिमा संघीय सरकारको कुल राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने रकमसमेत) रु.७५६ अर्ब २५ करोड भएको छ। समीक्षा अवधिमा यस अन्तर्गत कर राजस्व तर्फ रु.६८४ अर्ब ६३ करोड र गैर कर राजस्व तर्फ रु.७१ अर्ब ६२ करोड परिचालन भएको छ। नेपाल सरकारको नगद मौज्दात २०८० बैशाख मसान्तमा यस बैंकमा रहेका सरकारका विभिन्न खातामा रु.१८० अर्ब ४२ करोड (प्रदेश सरकार तथा स्थानीय सरकारको खातामा रहेको रकम समेत) नगद मौज्दात रहेको छ। २०७९ असार मसान्तमा यस्तो मौज्दात रु.२२५ अर्ब ८० करोड रहेको थियो। समीक्षा अवधिमा प्रदेश सरकारहरुकोकुल खर्च रु.१०९ अर्ब १९ करोड रहेको छ। त्यसैगरी, समीक्षा अवधिमा प्रदेश सरकारको स्रोत परिचालन रु.१४२ अर्ब २८ करोड रहेको छ। समीक्षा अवधिमा यसमध्ये संघीय सरकारले हस्तान्तरण गरेको अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्वसमेत गरी रु.१११ अर्ब ४४ करोड छ र प्रदेश सरकारहरुले परिचालन गरेको राजस्व र अन्य स्रोतबाट रु.३० अर्ब ८४ करोड रहेको छ।

पुँजीगत खर्चमा सरकार झनै कमजोर देखिएको छ। मासिक १० प्रतिशत पुँजीगत खर्चको महत्वाकांक्षी लक्ष्य राखिएकोमा गत आर्थिक वर्ष कोभिड १९ प्रभावित वर्षबाहेक दशककै न्यून पुँजीगत खर्च भएको छ। गत आर्थिक वर्षका लागि सरकारले तीन खर्ब ७८ अर्ब रुपियाँ पुँजीगत खर्च विनियोजन गरेको थियो। खर्च प्रणालीमा सुधार नदेखिएको भन्दै चालू आर्थिक वर्षको बजेट भाषणका क्रममा सरकारले त्यसलाई संशोधन गर्दै तीन खर्ब नौ करोड रुपियाँ खर्च हुने अनुमान गरेको थियो। तर, अन्तिमसम्म दुई खर्ब १६ अर्ब ३७ करोड रुपियाँ मात्र खर्च भएको छ, जुन संशोधित लक्ष्यको ८४ करोड रुपियाँ कम हो। आर्थिक वर्षको अन्तिम महिना असारमा हुने खर्च निकै धेरै हुँदै आएको छ। जेठ अन्तिमसम्म एक खर्ब ३७ अर्ब ९६ करोड रुपियाँ मात्र पुँजीगत खर्च भएको थियो। यस हिसाबले असारमा मात्रै ७८ अर्ब रुपियाँभन्दा बढी पुँजीगत खर्च भएको छ। वित्तीय खर्च पनि लक्ष्यअनुसार हुन नसकेको तथ्यांकले देखाउँछ। बजेटमा एक खर्ब ८९ अर्ब ४३ करोड रुपियाँ वित्तीय खर्च विनियोजन भएकोमा एक खर्ब १८ अर्ब ३९ करोड रुपियाँ मात्र खर्च भएको छ। सरकारले यो खर्च पनि संशोधन गर्दै एक खर्ब ७५ अर्ब ५६ करोड रुपियाँ खर्च हुने अनुमान गरेको थियो। सरकारको खर्च मात्र हैन राजस्व पनि लक्ष्यअनुसार संकलन

भएको कार्यालयको तथ्यांकले देखाउँछ । गत आर्थिक वर्ष सरकारले सुरु बजेटमा कुल ११ खर्ब ८० अर्ब ६० करोड रुपियाँ राजस्व संकलन हुने लक्ष्य राखेको थियो ।

आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०७९/८० मा उल्लेख गरिएअनुसार पछिल्ला ३ आर्थिक वर्षमा विनियोजित पुँजीगत बजेटको गठूलो हिस्सा खर्च हुन नसक्दा विनियोजनको तुलनामा पुँजीगत खर्च न्यून रहन गयो । साथै, कुल विनियोजनमा पुँजीगत बजेटको अंशमा समेत कमी आएको छ। आर्थिक वर्ष २०७८/७९ मा विनियोजित पुँजीगत बजेटको ५७.२ प्रतिशत मात्र खर्च भएको थियो । सङ्घीय सरकारको कुल बजेटमा पुँजीगत बजेटको हिस्सा आर्थिक वर्ष २०७८/७९ मा २३.२ प्रतिशत रहेको छ। अघिल्ला दुई आर्थिक वर्षहरुमा यस्तो हिस्सा क्रमशः २३.९ प्रतिशत र २६.७ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७८/७९ मा यस्तो हिस्सा २१.२ प्रतिशत रहेको छ । वित्तीय सङ्घीयता कार्यान्वयन पछिका वर्षमा सङ्घीय सरकारको पुँजीगत खर्च तर्फको विनियोजनमा केहि कमी आएको छ। विगतको पुँजीगत खर्चको प्रवृत्ति हेर्दा आर्थिक वर्षको अन्ख्त्यातिर मात्र पुँजीगत खर्चको भुक्तानी अधिकेन्द्रित हुने गरेकोमा गत आर्थिक वर्षमा भने केही सुधार भएको देखिन्छ । गत आर्थिक वर्षमा पुँजीगत खर्च विनियोजित पुँजीगत बजेटको ५७.२ प्रतिशतमात्र रहेको थियो । आर्थिक वर्ष २०७८/७९ मा कुल पुँजीगत खर्चको २९.८४ प्रतिशत असार महिनामा भुक्तानी भएको थियो । आर्थिक वर्ष २०७७/७८ र २०७६/७७ मा कुल पुँजीगत खर्चको क्रमशः ३७.५ प्रतिशत र ३३.३३ प्रतिशत असार महिनामा भुक्तानी भएको थियो ।

तालिका नं. १

संघ, प्रदेश र स्थानीय तहको एकीकृत खर्च विवरण (रु.करोडमा)

आर्थिक वर्ष	खर्च विवरण	संघ	प्रदेश	स्थानीय तह	एकीकृत खर्च
२०७५/७६	खुद चालु खर्च	३९५२३.५२	३४९३.९२	२४३६३.५७	६७३८१.०२
	अनुदान हस्तान्तरण	३२११८.२४	१६१५.५०	०.००	३३७३३.७४
	पुँजीगत खर्च	२४१५६.१५	६०९९.५६	६२७७.७३	३६५३३.५४
	वित्तीय व्यवस्था	१५२४७.६७	०.००	०.००	१५२४७.६७
	जम्मा (अनुदान हस्तान्तरण सहित)	१११०४५.६८	११२०८.९९	३०६४१.३०	–
	जम्मा (अनुदान हस्तान्तरण बाहेक)	७८९२७.४४	९५९३.४९	३०६४१.३०	११९१६२.२३
२०७६/७७	खुद चालु खर्च	४३११४.९९	४३५९.२२	१९२७१.९५	६६७४६.१६
	अनुदान हस्तान्तरण	३५२९९.९०	२३२०.६५	४.३७	३७६२४.९२
	पुँजीगत खर्च	१८९०८.४७	८९३१.५५	१२७१५.५४	४०५५५.५६
	वित्तीय व्यवस्था	११७९०.०४	०.००	१४.०९	११८०४.१३
	जम्मा (अनुदान हस्तान्तरण सहित)	१०९११३.४१	१५६११.४२	३२००५.९५	–
	जम्मा (अनुदान हस्तान्तरण बाहेक)	७३८१३.५१	१३२९०.७७	३२००१.५८	११९१०५.८६

आर्थिक वर्ष	खर्च विवरण	संघ	प्रदेश	स्थानीय तह	एकीकृत खर्च
२०७७/७८	खुद चालु खर्च	४५१६७.०६	५५१८.९४	२३४८५.०२	७४१७१.०२
	अनुदान हस्तान्तरण	३९४५४.६७	२०१८.७६	२.२९	४१४७५.७२
	पुँजीगत खर्च	२२८८३.६१	११२०५.१६	१५६२९.९९	४९७१८.७६
	वित्तीय व्यवस्था	१२१६२.२६	१४०.००	२६.३३	१२३२८.५९
	जम्मा (अनुदान हस्तान्तरण सहित)	११९६६७.६०	१८८८२.८६	३९१४३.६३	–
	जम्मा (अनुदान हस्तान्तरण बाहेक)	८०२१२.९३	१६८६४.१०	३९१४१.३४	१३६२१८.३७
२०७८/७९	खुद चालु खर्च	५४८२५.८९	५२४३.०७	२५८४९.३५	८५९१८.३०
	अनुदान हस्तान्तरण	४०६०५.७९	२४९८.३२	०.००	४३१०४.११
	पुँजीगत खर्च	२१६२१.३१	१०८६५.३६	१६५३१.२२	४९०१७.८९
	वित्तीय व्यवस्था	१३९४७.१०	१४१.७२	३६.३७	१४१२५.१८
	जम्मा (अनुदान हस्तान्तरण सहित)	**१३१०००.०८**	**१८७४८.४६**	**४२४१६.९४**	–
	जम्मा (अनुदान हस्तान्तरण बाहेक)	**९०३९४.२९**	**१६२५०.१४**	**४२४१६.९४**	**१४९०६१.३८**

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७९(आर्थिक सर्वेक्षण २०७९/८०, नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं, पेज नं. ३१-३२) ।

आवमा पुँजीगत खर्चका लागि ३ खर्ब ८० अर्ब ३८ करोड रुपैयाँ बजेट छुट्याएको थियो । सरकारले पुँजीगत खर्चको लक्ष्य पूरा गर्न अब १२ दिनमा २ विभिन्न पत्रपत्रिकाले हालै सार्वजनिक गरेको सूचनाअनुसार सरकारले चालू आीर्थक वर्ष २०७९/८० मा पुँजीगत खर्च लक्ष्यको ४४ दशमलव ८२ प्रतिशत मात्र गरेको छ। चालू आव सकिन १२ दिन मात्रै बाँकी रहँदा पुँजीगततर्फ १ खर्ब ६६ अर्ब ७० करोड रुपैयाँ मात्र खर्च गरेको हो । सरकारले चाल खर्ब खर्च गर्नुपर्नेछ। सरकारले चालू खर्चतर्फ भने लक्ष्यको ७९ प्रतिशत खर्च गरेको छ। चालूतर्फ ११ खर्ब ८३ अर्ब रुपैयाँ खर्च गर्ने लक्ष्प्य लिएकमा सरकारले हालसम्म ९ खर्ब ३५ अर्ब रुपैयाँ खर्च गरिसकेको छ। चालू आव २०७९/८० को १२ दिन बाँकी हुँदा सरकारको चालू खर्च लक्ष्य पूरा गर्न २ खर्ब ४८ अर्ब रुपैयाँ खर्च गर्नुपर्ने हुनछ । महालेखा नियन्त्रकको तथ्यांकअनुसार सरकारले ७० प्रतिशत कुल खर्च सकिसकेको छ । १७ खर्ब ९३ अर्ब खर्चको लक्ष्यमा १२ खर्ब ६३ अर्ब खर्च भएको महालेखा नियन्त्रकको तथ्यांक रहेको छ ।

चालू आर्थिक वर्ष २०७९/८० सकिन दुई साताभन्दा कम छँदा एक दर्जन मन्त्रालयको पुँजीगत खर्च ४० प्रतिशत पनि कट्न सकेको छैन। विकास निर्माणसँग सरोकार राख्ने मन्त्रालय नै पुँजीगत खर्चमा कमजोर देखिएका छन् । महालेखा नियन्त्रक कार्यालयका अननुसार कम खर्च गर्नेमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्तालय सबैभन्दा कम १०.०९ प्रतिशत पुँजीगत खर्च गरेको छ। चालु आर्थिक वर्षमा यस मन्तालयका लागि पुँजीगततर्फ ३७ करोड २२ लाख रुपैयाँ विनियोजन गरिएकामा असार १५ सम्म ३ करोड ७५ लाख रुपैयाँ मात्र खर्च भएको छ। त्यसपछि कम पुँजीगत खर्च गर्नेमा अर्थ मन्तालय आउँछ। अर्थले असार १५ सम्म पुँजीगततर्फ

१२.४७ प्रतिशत मात्र खर्चिएको छ। चालु आर्थिक वर्षमा अर्थलाई पुँजीगततर्फ १० अर्ब ६२ करोड १८ लाख छुट्याइएकामा १ अर्ब ३२ करोड ४४ लाख रुपैयाँ मात्र खर्च भएको हो।

उद्योग, वाणिज्य तथा आप्रूीर्त मन्तालय पनि पुँजीगत खर्च गर्नेमा कमजोर देखिएको छ। यस मन्तालयका लागि चालु आीर्थक वर्षमा पुँजीगततर्फ ५ अर्ब ३४ करोड ९९ लाख विनियोजन भएकामा ७३ करोड ९१ लाख अर्थात् १३.८२ प्रतिशत मात्र खर्च भएको हो। ४० प्रतिशतभन्दा कम खर्च गर्नेमा परराष्ट्र, युवा तथा खेलकुद, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, श्रम, रोजगार तथा सामाजिक सुरक्षा, सञ्चार तथा सूचना प्रूविधी, कृषि तथा पशुपन्छी विकसा र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्तालय छन्। विकास निर्माणको काम गर्ने मन्त्रालयका रुपमा रहेको सहरी विकासले पनि आर्थिक वर्ष बित्न लाग्दा पुँजीगत खर्च बढाउन सकेको छैन। यस मन्त्रालयले असार १५ सम्म कुल विनियोजित ५५ अर्ब ८७ करोड २५ लाख पुँजीगत बजेटमा २० अर्ब ३७ करोड ९० लाख रुपैयाँ अर्थात् ३६.४७ प्रतिशत मात्र खर्च गरेको छ।

फागुनसम्म सहरी विकासको पुँजीगत बजेट ३५ अर्ब ४५ करोड थियो। स्थानीय पूर्वाधार विभाग (डोली)नै गाभिएपछि अहिले पुँजीगत बजेट धेरै देखिएको मन्त्रालयबाट थाहा भएको छ। पुँजीगत खर्च कम गर्नेमा प्रधानमन्त्री तथा मनित्तपरिषद्को कार्यालय पनि छ। यस कार्यालयका लागि पुँजीगततर्फ ८६ करोड ९५ लाख रुपैयाँ विनियोजन भएकामा अहिलेसम्म ३३ करोड ६ लाख रुपैयाँ अर्थात् ३८.०२ प्रतिशत मात्र खर्च भएको छ। सबैभन्दा बढी खर्च गर्नेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय छ। यस मन्त्रालयले पुँजीगततर्फ विनयिषेजत ७३ करोड ३८ लाख रुपैयाँमध्ये असार १५ सम्म ९०.८६ प्रतिशत खर्च गरेको छ। मन्त्रालयहरुको पुँजीगत खर्च कम हुनुमा निर्वाचनले प्रभाव पनि रहेको देखिन आउँछ।

चालु आर्थिक वर्ष २०८०/८१ को नौ महिना पूरा हुँदासम्म सरकारले आम्दानीभन्दा दुई खर्ब रुपियाँ बढी खर्च गरेको छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार सरकारले चैतसम्म आठ खर्ब ५७ अर्ब रुपियाँ आम्दानी गर्दा १० खर्ब ५६ अर्ब ८९ करोड रुपियाँ खर्च गरेको हो। लक्ष्य अनुरुप राजस्व सङ्कलन हुन नसकेपछि सरकारी वित्त घाटा झन् फराकिलो भएको हो। कार्यालयका अनुसार चैतसम्म लक्ष्यको ५८.२ प्रतिशत मात्र आम्दानी भएको हो। आम्दानी शीर्षकमध्ये सबैभन्दा धेरै राजस्व शीर्षकमा आठ खर्ब ३१ अर्ब ९३ करोड रुपियाँ सङ्कलन भएको छ। जसमध्ये कर शीर्षकतर्फ सात खर्ब ४६ अर्ब ८३ करोड रुपियाँ आम्दानी देखिएको छ भने गैरकरतर्फ ८५ अर्ब १० करोड रुपियाँ आम्दानी भएको छ। यसबाहेक सरकारले समीक्षा अवधिसम्म दुई अर्ब ७५ करोड रुपियाँ अनुदान र अन्य प्राप्तितर्फ २२ अर्ब ३३ करोड रुपियाँ आम्दानी गरेको छ। चालु आवमा सरकारले सार्वजनिक ऋणबाहेक १४ खर्ब ७२ अर्ब ४८ करोड रुपियाँ आम्दानी गर्ने लक्ष्य राखेको छ। समीक्षा अवधिसम्म सरकारको पुँजीगत खर्च झन् खस्किएको देखिएको छ। गत आवको तुलनामा पुँजीगत खर्च नै घटाएको सरकारले समीक्षा अवधिसम्म लक्ष्यको ३७.०४ प्रतिशत अर्थात् एक खर्ब ११ अर्ब ८८ करोड रुपियाँ पुँजीगत खर्च गरेको छ। गत आवको चैतसम्म भने सरकारले एक खर्ब २५ अर्ब ६७ करोड रुपियाँ खर्च गरेको थियो जुन लक्ष्यको ३३.०४ प्रतिशत हुन आउँछ। प्रतिशतमा बढी देखिएमा पुँजीगत खर्चको लक्ष्य नै घटाएको अवस्थामा सरकारले गरेको खर्च रकममा भने घटेको देखिएको छ। यसबाहेक चालुतर्फ सरकारले लक्ष्यको ६५.९१ प्रतिशत अर्थात् सात खर्ब ५२ अर्ब ५५ करोड रुपियाँ खर्च गरेको छ। सार्वजनिक ऋणको ब्याज तिर्न यस वर्ष वित्तीय खर्च बढाएको सरकारले चैतसम्म यस शीर्षकमा एक खर्ब ९२ अर्ब ४५ करोड रुपियाँ खर्च गरेको छ, जुन लक्ष्यको ६२.६ प्रतिशत हुन आउँछ।

२०८० **साल कार्तिक महिनामा नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले प्रकाशित गरेको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन अनुसार** आर्थिक वर्ष २०७९/८० मा कुल सरकारी खर्च ९.१ प्रतिशतले वृद्धि

भई रु.१४२९ अर्ब ५६ करोड पुगेको छ। अघिल्लो वर्षमा कुल सरकारी खर्च रु. १३१० अर्ब रहेको थियो। आर्थिक वर्ष २०७९/८० मा चालु खर्च ५.४ प्रतिशतले बृद्धि भई रु. १००५ अर्ब ७६ करोड पुगेको छ। अघिलले आर्थिक वर्षमा चालु खर्च रु. ९५४ अर्ब ३२ करोड रहेको थियो। समीक्षा वर्षमा पुँजीगत खर्च ८.१ प्रतिशतले वृद्धि भई रु. २३३ अर्ब ७० करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो पुँजीगत खर्च रु. २१६ अर्ब २१ करोड रहेको थियो।

आर्थिक वर्ष २०७९/८०मा वित्तीय व्यवस्था अन्तर्गतको खर्च ३६.३ प्रतिशतले वृद्धि भई रु. १९० अर्ब ११ करोड कायम भएको छ। अघिल्लो वर्ष यस्तो खर्च रु. १३९ अर्ब ४७ करोड रहेको थियो। आर्थिक वर्ष २०७९/८० मा बैंकिङ्ग कारोबारमा आधारित कुल सरकारी खर्च ९.२ प्रतिशतले वृद्धि भई रु.१३७७ अर्ब ८९ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो खर्च रु. १२६२ अर्ब ३५ करोड रहेको थियो। समीक्षा वर्षमा कुल खर्चमा चालु, पुँजीगत तथा वित्तीय व्यवस्था अन्तर्गतको खर्चको अंश क्रमशः ७०.४ प्रतिशत, १६.३ प्रतिशत र १३.३ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० मा भएको चालु, पूँजीगत र वित्तीय व्यवस्था अन्तर्गतका खर्चहरुको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमशः १८.७ प्रतिशत, ४.३ प्रतिशत र ३.५ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यी अनुपातहरु क्रमशः १९.३ प्रतिशत, ४.४ प्रतिश तर २.८ प्रतिशत रहेका थिए।

चालु आव २०८०/८१ का लागि सरकारले सुरुमा १४ खर्ब २२ अर्ब ५४ करोड रुपियाँ राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो। गत माघुमा बजेटको अर्धवार्षिक समीक्षा गर्दै सरकारले राजस्व सङ्कलनको सुरु लक्ष्य संशोधन गर्दै ११ खर्व ७१ अर्व ४० करोड रुपियाँ राजस्व सङ्कलन हुने अनुमान ग्रेको थियो। जसमध्ये १० खर्ब ६४ अर्ब ३३ करोड कर राजस्व र एक वर्ष सात अर्ब रुपियाँ गैरराजस्व सङ्कलन हुने संशोधित लक्ष्य छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार सरकारले आठ खर्ब ५७ अर्व रुपियाँ राजस्व सङ्कलन गरेको छ। जसमध्ये सात खर्ब ७० अर्ब ४९ करोड रुपियाँ कर राजस्व र ८६ अर्ब ५७ करोड रुपियाँ गैरकर राजस्व रहेको छ। संशोधित लक्ष्य अनुसार आवका बाँकी आ समयमा सरकारले तीन खर्ब १४ अर्ब ३४ करोड स रुपियाँ राजस्व सङ्कलन गर्नुपर्ने हुन्छ। चालु आव सकिन ५० दिन बाँकी रहेकाले संशोधित लक्ष्यको बाँकी र अवधिको अनुपातका हिसावले सरकारले दैनिक छ अर्ब रुपियाँमन्दा बढी राजस्व सङ्कलन गर्नुपर्ने देखिएको हो। चालु आवमै सरकारले गत आवको संशोधित लक्ष्यको तुलनामा ४० प्रतिशतभन्दा बढी राजस्व सङ्कलनको लक्ष्य बढाएको थियो।

सरकारले कर र राजस्वका स्रोतभन्दा पनि वैदेशिक ऋण तथा आर्थिक सहायतालाई आधार मानेर बजेट बनाउने गरेकोमा पछिल्लो समय दुवै स्रोतको हिस्सा घट्दै गएका छन्। जसका कारण आम्दानी र खर्चबीचको अन्तर बढ्दै गएको छ। सरकारले ड्ड आइतबार जारी गरेको आर्थिक सर्वेक्षण २०८१ अनुसार सबै आर्थिक वर्षमा वैदेशिक सहायताको लक्ष्य र प्राप्तिबीच ठूलो अन्तर रहेको देखिएको छ भने राजस्व असुली पनि निराशाजनक देखिएको छ। गत आर्थिक वर्षमा वार्षिक लक्ष्यको तुलनामा वैदेशिक अनुदान प्राप्ति ४१.७ प्रतिशत र वैदेशिक ऋण प्राप्ति ५०.८ प्रतिशतमात्र रहेको छ। त्यस्तै, आन्तरिक ऋणको हिस्सा बढ्दै गएको छ। २०८० फागुनसम्मको सार्वजनिक ऋणमा आन्तरिक र बाह्य ऋणको अनुपात क्रमशः ४९.६ र ५०.४ प्रतिशत रहेको छ। २०७९ फागुनसम्मको यस्तो अनुपात क्रमशः ४८.६ प्रतिशत र ५१.४ प्रतिशत रहेको थियो। अघिल्लो आथिक वर्ष राजस्व संकलन न्यून रहेको र वैदेशिक अनुदान अपेक्षितरूपमा प्राप्त हुन नसकेकाले संघीय सरकारको बजेट घाटा ३.४१ प्रतिशतले बढेर कुल गार्हस्थ्य उत्पादनको ९.३३ प्रतिशत पुगेको थियो। आर्थिक वर्ष २०७८/७९ मा यस्तो घाटा ५.९५ प्रतिशत थियी।

सरकारको ऋणको सेवा खर्च अर्थात् साँवा र व्याज भुक्तानी बढ्दै गएको छ। चालु आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म आन्तरिक ऋण एक खर्ब दुई अर्ब ९७ करोड र बाह्य ऋण २३ अर्ब छ करोड गरी जम्मा एक खर्ब २६ अर्ब ४ करोड भुक्तानी गरिएको छ। गत आर्थिक वर्षको फागुनसम्म आन्तरिक ऋण ६२ अर्ब १७ करोड र बाह्य ऋण १८ अर्ब ८२ करोड गरी कुल ८० अर्ब ९९ करोड साँवा भुक्तानी भएको थियो ।त्यस्तै, चालु आर्थिक वर्षको फागुनसम्म आन्तरिक ऋण ४३ अर्ब ६८ करोड र बाह्य ऋण पाँच अर्ब ८० करोड गरी ४९ अर्ब ४८ करोड ब्याज भुक्तानी भएको छ। अघिल्लो आर्थिक वर्षको यसै अवधिमा आन्तरिक ऋण ३५ अर्ब ३५ करोड रुपैयाँ र बाह्य ऋण पाँच अर्ब ३३ करोड गरी कुल ४० अर्ब ६८ करोड रुपैयाँ ब्याज भुक्तानी गरिएको थियो।

आम्दानीमात्रै घटेको नभई सरकारको खर्च गर्न सक्ने क्षमता पनि घट्दै गएको छ। वित्तीय संघीयतापछि संघीय सरकारबाट प्रदेश र स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण संघीय सरकारको चालु खर्चमा लेखांकन भएकाले पुँजीगत खर्चको हिस्सा वार्षिक औसत १८.२ प्रतिशतमात्र रहेको छ। आर्थिक वर्ष २०७९/८० मा संघ, प्रदेश र स्थानीय तहको एकीकृत खर्च ११.१ प्रतिशत बढेर १६ खर्ब ५६ अर्ब ७ करोड पुगेको छ। यस अवधिमा, तीन तहको खुद चालु खर्च ८.५ प्रतिशतले बढेर नौ खर्ब ३२ अर्ब ३९ करोड पुगेको छ। त्यसैगरी पूँजीगत खर्च ७.६ प्रतिशतले बढेर पाँच खर्ब २७ अर्ब ४५ करोड र वित्तीय व्यवस्थातर्फको खर्च ३८.९ प्रतिशतले बढेर एक खर्ब ९६ अर्ब २३ करोड पुगेको छ। गत आर्थिक वर्षमा संघ, प्रदेश र स्थानीय तहको राजस्व संकलन १० खर्ब ४२ अर्ब ६४ करोड रहेको छ भने सो अवधिमा तीन तहमा उपयोग भएको राजस्व तीन तहको खुद चालु खर्च (वित्तीय हस्तान्तरणबाहेक) भन्दा एक खर्ब तीन अर्ब ३५ करोडले बढी छ। चालु आर्थिक वर्षको फागुनसम्म संघीय खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.९ प्रतिशतले वृद्धि भई आठ खर्ब एक अर्ब ५८ करोड पुगेको छ। यस अवधिमा सरकारको राजस्व संकलन ९.७ प्रतिशतले बेढेर छ खर्ब ३९ अर्ब पाँच करोड पुगेको छ।

कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोगको अंश उच्च रहँदै आएको छ। चालु आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा कुल उपभोग ९२.४ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य बचत ७.४ प्रतिशत रहेकोमा चालु आर्थिक वर्ष ७.६ प्रतिशत पुग्ने अनुमान छ। तथापि विश्वका अधिकांश मुलुकमा मूल्यवृद्धि नियन्त्रणका लागि अवलम्बन गरिएको नीतिका कारण पछिल्ला महिनामा उपभोक्ता मुद्रास्फीति कम हुँदै गएको देखिएको छ। नेपालमा समेत मूल्यवृद्धि नियन्त्रणका लागि लिइएका उपाय र घट् दो मुद्रास्फीतिको फलस्वरूप चालु आर्थिक वर्षको फागुनसम्म औसत उपभोक्ता मुद्रास्फीति ६.५ प्रतिशतको वाञ्छित सीमाभित्र रही ६.० प्रतिशत - कायम भएको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो मुद्रास्फीति ७.९ प्रतिशत थियो।

आर्थिक सर्वेक्षण २०८०/८१ मा उल्लेख गरिएअनुसार आर्थिक वर्ष २०७९/८० मा तीन तहका सरकारको कुल राजस्व सङ्कलन (सो आर्थिक वर्षमा तीन तहका सरकारले सङ्कलन गरेको रोयल्टीमध्ये बाँडफाँट गर्न बाँकी रहेको रु. ६ अर्ब ८९ करोड ७० लाख सहित) रु. १० खर्ब ४२ अर्ब ६४ करोड रहेको छ। तीन तहका सरकारले उपयोग गरेको राजस्व रु. १० खर्ब ३५ अर्ब ७५ करोडमध्ये सङ्घ, प्रदेश र स्थानीय तहले उपयोग गरेको राजस्वको हिस्सा क्रमशः ८०.५३ प्रतिशत, ८.८८ प्रतिशत र १०.५९ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० मा सङ्घ, प्रदेश र स्थानीय तहको खुद खर्च (एकीकृत खर्च) रु. १६ खर्ब ५६ अर्ब ७ करोड रहेको छ। एकीकृत खर्चमध्ये चालु खर्च ५६.३० प्रतिशत, पुँजीगत खर्च ३१.८५ प्रतिशत र वित्तीय व्यवस्था तर्फको खर्च ११.८५ प्रतिशत रहेको छ। त्यसैगरी, कुल एकीकृत खर्चमध्ये सङ्घ, प्रदेश र स्थानीय तहले गरेको खर्च क्रमशः ६१.८३ प्रतिशत, १०.७७ प्रतिशत र २७.४० प्रतिशत रहेको छ। गत आर्थिक वर्ष अनुदान हस्तान्तरण सहित तीन तहका सरकारको कुल

प्राप्ति रु. १९ खर्ब १४ अर्ब २ करोडमध्ये सङ्घ, प्रदेश र स्थानीय तहको कुल प्राप्ति क्रमशः ६७.६१ प्रतिशत, ९.९२ प्रतिशत र २२.४७ प्रतिशत रहेको छ । यस अवधिमा अनुदान हस्तान्तरण बाहेक तीन तहका सरकारको खुद प्राप्ति रु. १५ खर्ब १ अर्ब १८ करोड रहेको छ ।

आर्थिक वर्ष २०७९/८० मा सङ्घ, प्रदेश र स्थानीय तहको कुल एकीकृत खर्च तीन तहको सरकारको कुल आय भन्दा रु. ५ खर्ब २६ अर्ब ६७ करोडले बढी रहेको छ । त्यसैगरी, सो अवधिमा ३ तहका सरकारको कुल राजस्व खुद चालु खर्चभन्दा रु. १ खर्ब ३ अर्ब ३५ करोडले बढी रहेको छ । आर्थिक वर्ष २०७९/८० मा सङ्घीय सरकारको बजेट सन्तुलन कुल गार्हस्थ्य उत्पादनको ९.३३ प्रतिशतले ऋणात्मक रहेकोमा तीन तहका सरकारको बजेट सन्तुलन कुल गार्हस्थ्य उत्पादनको ९.८५ प्रतिशतले ऋणात्मक रहेको थियो । सो अवधिमा सङ्घीय सरकारको राजस्व सन्तुलन कुल गार्हस्थ्य उत्पादनको २.९४ प्रतिशतले ऋणात्मक रहेकोमा तीन तहका सरकारको यस्तो सन्तुलन भने कुल गार्हस्थ्य उत्पादनको १.९३ प्रतिशतले धनात्मक (बचत) रहेको थियो । आर्थिक वर्षमा सङ्घबाट प्रदेश र स्थानीय तहमा तथा प्रदेशबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण रु. ४ खर्ब २३ अर्ब ७५ करोड अभिलेख भएकोमा प्रदेश र स्थानीय तहले वित्तीय हस्तान्तरणबापत प्राप्त गरेको अनुदान रु. ४ खर्ब १२ अर्ब ८३ करोड रहेको देखिन्छ । अभिलेख भएको खर्च र प्राप्ति बीचको अन्तर रु. १० अर्ब ९२ करोड रहेको छ ।

२०८० असार मसान्तमा तीन तहका सरकारको सञ्चित कोष रु. ३८ अर्ब २० करोडले ऋणात्मक रहेको छ । २०७९ असारमसान्तमा तीन तहका सरकारको सञ्चित कोष रु. १ खर्ब २७ अर्ब ६० करोडले बचतमा रहेको थियो । २०८० असारमसान्तमा सङ्घीय सरकारको सञ्चित कोष रु. १ खर्ब ८१ अर्ब २७ करोडले ऋणात्मक रहेकोमा प्रादेशिक सञ्चित कोष रु. ६४ अर्ब ४२ करोड र स्थानीय तहको सञ्चित कोष रु. ७८ अर्ब ६४ करोडले धनात्मक रहेको थियो । आर्थिक वर्ष २०७९/८० मा भने तीन तहका सरकारको प्राप्ति भन्दा खर्च बढी भई तीनै तहमा सञ्चित कोष ऋणात्मक रहेको थियो ।

चालु आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म सङ्घीय खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.८७ प्रतिशतले बढेर रु. ८ खर्ब १ अर्ब ५८ करोड पुगेको छ । गत आर्थिक वर्षमा यस्तो खर्च १५.५१ प्रतिशतले बढेर रु. ७ खर्ब ७९ अर्ब २३ करोड पुगेको थियो । आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म सङ्घीय राजस्व १०.४ प्रतिशतले बढेर रु. ५ खर्ब ६१ अर्ब ९३ करोड पुगेको छ । यस अवधिमा कर राजस्व १०.७ प्रतिशतले बढेको छ भने गैरकर राजस्व ८.५ प्रतिशतले बढको छ । गत आर्थिक वर्षको फागुनसम्म सङ्घीय राजस्व १५.३ प्रतिशतले घटेर रु. ५ खर्ब ८ अर्ब ७७ करोड रहेको थियो । यस अवधिमा राजस्व परिचालन बढेपनि लक्ष्य भन्दा २३.५ प्रतिशत न्यून सङ्कलन भएको छ । यसबाट अर्थतन्त्त हालसम्म पनि कोभिड पश्चातको पुनरुत्थानको क्रममा नै रहेको र सरकारले केही वस्तुको पैठारीमा लगाएको प्रतिबन्धको असर केही हदसम्म कायमै रहेको देखिन्छ । सङ्घीय राजस्व परिचालन बढेको र सङ्घीय खर्च अपेक्षित रुपमा हुन नसकेकोले यस अवधिमा बजेट घाटा तुलनात्मक रुपमा घटेको छ । चालु आर्थिक वर्षको फागुनसम्म सङ्घीय सरकारको बजेट घाटा ८.५ प्रतिशतले घटेर रु. २ खर्ब ४ अर्ब १५ करोड रहेको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा रु. २ खर्ब २३ अर्ब ११ करोड रहेको थियो ।

तालिका नं.२

सङ्घीय सरकारको चालु खर्चको कार्यात्मक संरचना (प्रतिशतमा)

विवरण	आर्थिक वर्ष			फागुनसम्म		
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०७८/७९	२०७९/८०	२०८०/८१
सामान्य सार्वजनिक सेवा	५७.४४	५२.७८	५२.५५	५३.४२	५३.७९	५२.४३
रक्षा	५.१८	५.०	५.२१	५.६५	५.६७	६.०५
सार्वजनिक शान्ति सुरक्षा	५.५९	६.५३	७.२०	६.८४	८.०२	७.२९
आर्थिक मामिला	७.२३	६.५८	७.९४	५.५७	६.८७	६.८५
वातावरण संरक्षण	०.१२	०.०९	०.०८	०.०७	०.०५	०.०५
आवास तथा सामुदायिक सुविधा	०.३९	०.१९	०.२७	०.२	०.१७	०.२४
स्वास्थ्य	४.९२	६.३	३.६६	५.०७	३.५८	३.४६
मनोरञ्जन, संस्कृति तथा धर्म	०.३७	०.४२	०.४४	०.३५	०.४१	०.३१
शिक्षा	४.३५	४.४५	४.८२	५.४४	५.१	६.१९
सामाजिक सुरक्षा	१४.४२	१७.६६	१७.८५	१७.३८	१६.३४	१७.१३
जम्मा	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०, आर्थिक सर्वेक्षण २०८०/८१, नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल, पेज नं. ४४)।

तालिका नं. ३

सङ्घीय सरकारको पुँजीगत खर्चको कार्यात्मक विवरण (प्रतिशतमा)

विवरण	आर्थिक वर्ष			फागुनसम्म		
	२०७७/७८	२०७८/७९	२०७९/८०	२०७८/७९	२०७९/८०	२०८०/८१
सामान्य सार्वजनिक सेवा	१४.३१	८.३६	२.०८	९.२५	१.५४	२.७४
रक्षा	३.५५	२.५८	३.५७	२.३९	१.८	२.७५
सार्वजनिक शान्ति सुरक्षा	४.२७	४.६८	३.५६	५.७३	४.९९	४.६१
आर्थिक मामिला	५७.२८	५९.६५	६२.७७	५९.६४	६६.८९	७०.५७
वातावरण संरक्षण	१.९	२.१२	१.५८	१.९६	१.९९	०.७३
आवास तथा सामुदायिक सुविधा	१४.६५	१५.३७	१६.९१	१४.६७	१३.१८	१३.२५
स्वास्थ्य	३.४६	६.८४	६.७१	६.२	५.८९	३.४७
मनोरञ्जन, संस्कृति तथा धर्म	०.४	०.३२	०.६३	०.०९	०.४७	०.३६
शिक्षा	०.१५	०.०७	२.१७	०.०४	३.२२	१.४९
सामाजिक सुरक्षा	०.०४	०.०२	०.०२	०.०२	०.०३	०.०२
जम्मा	१००.०	१००.०	१००.०	१००.०	१००.०	१००.०

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०८०, आर्थिक सर्वेक्षण २०८०/८१, नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल, पेज नं. ४५)।

आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म सङ्घीय सरकारको राजस्व सन्तुलनमा केही सुधार भएको छ। गत आर्थिक वर्षको फागुनसम्म राजस्व सन्तुलन रु. १ खर्ब ७ करोडले ऋणात्मक रहेकोमा यस अवधिमा रु. २१ अर्ब २३ करोडले ऋणात्मक रहेको छ। आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म सङ्घीय खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.९ प्रतिशतले वृद्धि भई रु. ८ खर्ब १ अर्ब ५८ करोड पुगेको छ। यस अवधिमा चालु खर्च र पुँजीगत खर्च क्रमशः ४.४ प्रतिशत र ३.६ प्रतिशतले घटेको छ भने वित्तीय व्यवस्था तर्फको खर्च ६०.५ प्रतिशतले बढेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो खर्च १५.५ प्रतिशतले बढेर रु. ७ खर्ब ७९ अर्ब २३ करोड रहेको थियो। यस अवधिको सङ्घीय खर्चमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था तर्फको खर्चको अनुपात क्रमशः ७२.६ प्रतिशत, १०.१ प्रतिशत र १७.३ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात क्रमशः ७८.१ प्रतिशत, १०.८ प्रतिशत र ११.१ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म सङ्घीय सरकारको चालु खर्च रु. ५ खर्ब ८२ अर्ब ११ करोड पुगेको छ। गत आर्थिक वर्षको फागुनसम्म सङ्घीय सरकारको यस्तो खर्च रु. ६ खर्ब ८ अर्ब ८४ करोड रहेको थियो। गत आर्थिक वर्ष सङ्घीय सरकारको चालु खर्च (अनुदान हस्तान्तरण सहित) ३.९ प्रतिशतले बृद्धि भई रु. ९ खर्ब ९१ अर्ब ५१ करोड पुगेको छ। आर्थिक वर्ष २०७८/७९ मा सङ्घीय सरकारको यस्तो खर्च १२.८ प्रतिशतले वृद्धि भई रु. ९ खर्ब ५४ अर्ब ३२ करोड रहेको थियो।

आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म चालु खर्चमध्ये सामान्य सार्वजनिक सेवा शीर्षकमा भएको खर्चको अनुपात सबैभन्दा उच्च ५२.४ प्रतिशत र वातावरण संरक्षण शीर्षकमा भएको खर्चको अनुपात सबैभन्दा न्यून ०.०५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको फागुनसम्म पनि चालु खर्च अन्तर्गत सामान्य सार्वजनिक सेवा शीर्षकमा भएको खर्च सबैभन्दा बढी ५३.८ प्रतिशत र वातावरण संरक्षण शीर्षकमा भएको खर्च सबैभन्दा न्यून ०.०५ प्रतिशत रहेको थियो।

कार्यात्मक वर्गीकरणअनुसारको पुँजीगत खर्च विवरण

आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म सङ्घीय सरकारको पुँजीगत खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६.७ प्रतिशतले घटेर रु. ८१ अर्ब २१ करोड ४८ लाख रहेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो खर्च ९.२ प्रतिशतले वृद्धि भई रु. ८४ अर्ब २५ करोड रहेको थियो। आर्थिक वर्ष २०७९/८० मा सङ्घीय सरकारको पुँजीगत खर्च ८.५ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ३४ अर्ब ६२ करोड रहेको थियो। सो अवधिमा कुल पुँजीगत खर्चमध्ये सबैभन्दा बढी आर्थिक मामिला शीर्षकमा ६२.८ प्रतिशत र सबैभन्दा कम सामाजिक सुरक्षामा ०.०२ प्रतिशत खर्च भएको थियो।

पछिल्ला आर्थिक वर्षमा कुल विनियोजित बजेटमा पुँजीगत बजेटको अंश घट्दै गएको छ। सङ्घीय सरकारको कुल बजेटमा पुँजीगत बजेटको हिस्सा आर्थिक वर्ष २०७८/७९ मा २३.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा २१.२ प्रतिशत रहेको थियो। विनियोजित पुँजीगत बजेटको ठूलो हिस्सा खर्च हुन नसक्दा पुँजीगत खर्च न्यून रहेको थियो। गत आर्थिक वर्षमा सङ्घीय सरकारको पुँजीगत खर्च अपेक्षा गरिए भन्दा न्यून रहेपनि अघिल्लो आर्थिक वर्षको तुलनामा भने केही सुधार भएको थियो। सो अवधिमा विनियोजित पुँजीगत बजेटमा पुँजीगत खर्चको अनुपात ६१.७ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७८/७९ मा यस्तो अनुपात ५७.२ प्रतिशत रहेको थियो।

पुँजीगत खर्च भुक्तानी आर्थिक वर्षको अन्त्यतिर अधिकेन्द्रित हुने गरेकोमा गत आर्थिक वर्षमा भने केही सुधार भएको छ। आर्थिक वर्ष २०७८/७९ मा कुल पुँजीगत खर्चको २९.८४ प्रतिशत असार महिनामा भुक्तानी

भएकोमा गत आर्थिक वर्षको सोही महिनामा यस्तो भुक्तानी ३४.७५ प्रतिशत रहेको थियो । वित्तीय सङ्घीयता कार्यान्वयनसँगै शुरुका तीन आर्थिक वर्षमा तीन तहको एकीकृत खर्चमा पुँजीगत खर्चको अनुपात बढ्दै गएको थियो । तथापि, आर्थिक वर्ष २०७८/७९ पछि भने त्यस्तो प्रवृत्ति कायम रहन सकेन । आर्थिक वर्ष २०७८/७९ को एकीकृत खर्चमा पुँजीगत खर्चको अनुपात अघिल्लो आर्थिक वर्षको ३६.५ प्रतिशतबाट घटेर ३२.९ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७९/८० मा यस्तो खर्च ३१.८ प्रतिशत रहेको थियो । गत आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनमा एकीकृत पुँजीगत खर्चको अनुपात ९.८६ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७७/७८ मा यस्तो अनुपात ११.४२ प्रतिशत र आर्थिक वर्ष २०७८/७९ मा ९.९४ प्रतिशत रहेको थियो ।

आर्थिक वर्ष २०७६/७७ देखि सङ्घ, प्रदेश र स्थानीय तहको कुल बजेटमा पुँजीगत बजेटको अनुपात क्रशः घट्दै गएको छ । आर्थिक वर्ष २०७६/७७ मा यस्तो अनुपात ४०.८ प्रतिशत, आर्थिक वर्ष २०७७/७८ मा ४०.३ प्रतिशत र आर्थिक वर्ष २०७८/७९ मा ३१.८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा ३०.४ प्रतिशत मात्र रहेको थियो । यद्यपि, प्रादेशिक कुल बजेटमा पुँजीगत बजेटको अनुपात भने क्रमशः बढ्दै गएको थियो । गत आर्थिक वर्षमा सङ्घीय पुँजीगत बजेटमा सङ्घीय पुँजीगत खर्चको अंश ६१.७ प्रतिशत र प्रादेशिक पुँजीगत बजेटमा प्रादेशिक पुँजीगत खर्चको अंश ६८.२ प्रतिशत रहेको थियो । त्यसैगरी, स्थानीय तहको कुल पुँजीगत बजेटमा स्थानीय तहको पुँजीगत खर्चको अंश ६५.२ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७८/७९ मा यस्तो अंश क्रमशः ५७.६ प्रतिशत, ६८.७ प्रतिशत र ६५.२ प्रतिशत रहेको थियो । सङ्घको तुलनामा प्रदेश र स्थानीय तहमा पुँजीगत खर्चको अंश तुलनात्मक रुपमा उच्च रहेको छ । आर्थिक वर्ष २०७९/८० को सङ्घीय खर्चमध्ये पुँजीगत खर्च १६.५ प्रतिशत र कुल प्रादेशिक खर्चमध्ये प्रादेशिक पुँजीगत खर्च ६०.७ प्रतिशत रहेको थियो । त्यसैगरी, स्थानीय तहको कुल खर्चमध्ये पुँजीगत खर्च ३७.२ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७८/७९ मा यस्तो खर्च क्रमशः १६.५ प्रतिशत, ५८.० प्रतिशत र ३९.० प्रतिशत रहेको थियो । पुँजीगत खर्च बढाउन संस्थागत सुधार, विनियोजन दक्षतामा सुधार तथा समग्रमा खर्चको गुणस्तर र प्रभावकारिता अभिबृद्धि गर्ने तर्फ जोड दिनु आवश्यक छ । साथै, खर्चको गुणस्तर सुनिश्चित गर्न संस्थागत सुदृढीकरण गर्ने प्रणाली र कार्यपद्धतिको विकास गर्नुपर्ने देखिन्छ ।

नेपालको वार्षिक राजस्व परिचालन र वार्षिक सरकारी खर्चको अनुपात कुल गार्हस्थ्य उत्पादनको तुलनामा आर्थिक वर्ष २०४८/४९ र २०७५/७६ को बीचको अवधिमा बृद्धि भए तापनि २०७९/८० मा केही प्रतिशतले ह्रास हुन गएको देखिन्छ । सरकारको वार्षिक खर्च अन्तर्गत कुल गार्हस्थ्य उत्पादनमा चालु र वित्तीय व्यवस्थाको खर्चको अनुपात निरन्तर बढिरहेको तथा पुँजीगत खर्चको अनुपात आर्थिक वर्ष २०४८/४९ मा ११ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा उल्लेख्य रुपमा ह्रसा भई ४.४ प्रतिशतमा सीमित हुन पुगेको छ । न्यून वित्त परिचालनका लागि वैदेशकि अनुदानको अंश घट्ने र बढ्दो सार्वजनिक ऋणमा आन्तरिक ऋणको अनुपात वृद्धि हुँदै गएको अवस्था विद्यमान छ । (**स्रोतः सोह्रौं योजना** (२०८१/८२–२०८५/८६), **नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं, २०८१ जेष्ठ, पेज नं**. २०७) ।

राजस्व सङ्कलनमा संरचनात्मक समस्या कायम छ । कुल राजस्वमा प्रत्यक्ष करको योगदान अप्रत्यक्ष करको तुलनामा निकै कम रहेको छ । कुल बजेटमा चालु खर्चको अंश बढिरहेको अवस्थामा पुँजीगत खर्चको विनियोजन तथा खर्च निरन्तर घटिरहेको छ । पुँजीगत खर्चको अधिकांश भाग आर्थिक वर्षको अन्तिम त्रैमासिक अवधिमा हुने र गुणस्तर कमजोर रहेको अवस्था छ । पुँजीगत खर्चको तुलनामा वित्तीय व्यवस्थाको लागि विनियोजन हुने बजेटको आकार बढ्दै गएको छ । वैदेशिक ऋणलाई उत्पादनशील क्षेत्रमा प्रभावकारी उपयोग गर्न नसक्दा आन्तरिक ऋण परिचालन गरी सार्वजनिक वित्त व्यवस्थापन गर्नुपर्ने अवस्था छ ।

सोह्रौं योजना (२०८१/८२–२०८५/८६) **परिच्छेद ११ को प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापन तथा पुँजीगत खर्च क्षमता अभिबृद्धि कार्यक्रम अन्तर्गत रुपान्तरणकारी रणनीतिमा निम्नलिखित बुँदाहरु उल्लेख गरिएको छ।**

(१) **राजस्वको दायरा विस्तार गर्नेः**– कर प्रस्ताव विधेयक मार्फत कर निर्धारण प्रणालीलाई संसदको छलफलको विषय बनाउने, करको दररेट कायम गर्ने र कर छुट दिने अधिकार संसदलाई दिने, राजस्वका स्रोत र दरहरुको पुनर्संरचना गर्ने, कर अन्तर भएका क्षेत्र र क्रियाकलाप केन्द्रित कर परिक्षण र अनुसन्धान गर्ने, कराधार संरक्षण एवम् अर्थतन्त्रको लागत कम गर्ने ।

(२) **राजस्व प्रशासनको सुदृढीकरण गर्नेः**– राजस्व प्रशासनको नीतिगत तथा संस्थागत सुधार गरी प्रक्रियागत सरलीकरण र अन्तर निकाय समन्वय कायम गर्ने र राजस्व प्रणालीलाई गतिशील र दिगो बनाउने गरी आधुनिक प्रविधिको अधिकतम उपयोग गर्ने, सबै प्रकारको आयलाई राजस्वमा आबद्ध गर्न एकीकृत प्रणाली विकास गर्ने ।

(३) **विनियोजन कुशलता र खर्च प्रभावकारिता अभिबृद्धि गर्नेः**– स्रोत अनुमानको अनुसन्धान, प्रमाण र जवाफदेहीता पुष्टि गर्ने संयन्त्रको विकास गर्ने, अनिवार्य र आकस्मिक दायित्वका सार्वजनिक खर्चलाई दिगो र धान्न सकिने बनाउन योगदानमूलक, साझेदारी तथा सहभागितामा आधारित खर्च प्रणाली अवलम्बन गर्ने ।

(४) **पुँजीगत खर्च क्षमता अभिबृद्धिका लागि आयोजना सुशासन कायम गर्नेः**– तीनै तहमा आयोजना बैङ्कको संस्थागत व्यवस्था गर्न, आर्थिक बृद्धिका लागि तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता भएका सम्भाव्य क्षेत्र उन्मुख भौतिक पूर्वाधार केन्द्रित गरी आयोजनाको प्राथमिकीकरण र पुनःप्राथमिकीकरण गर्न ।

(५) **अन्तर्राष्ट्रिय वित्त उपयोग क्षमता अभिबृद्धि र नयाँ उपकरणको परिचालन गर्नेः** पूर्व तयारी सम्पन्न भएका उच्च प्रतिफल दिने आयोजना तथा कार्यक्रममा विकास सहायता परिचालन गर्ने, हरित बण्ड लगायतका अन्तर्राष्ट्रिय वित्तका नयाँ उपकरणहरु परिचालन गर्ने ।

(६) **सार्वजनिक ऋणको उत्पादनमूलक उपयोग गर्नेः** लागत-लाभ विश्लेषणका आधारमा सार्वजनिक ऋण परिचालनलाई सम्भाव्य र प्रतिफलमूलक आयोजनामा मात्र केन्द्रित गरी दीर्घकालीन पुँजी निर्माण गर्ने ।

(७) **सबल र उत्तरदायी सार्वजनिक वित्त व्यवस्थापनको प्रवर्द्धन गर्नेः** सार्वजनिक वित्त व्यवस्थापनलाई सबल र प्रभावकारी बनाउन निरन्तर सुधार योजना कार्यान्वयन गरी वित्तीय लगानी, कार्यकुशलता अभिबृद्धि, आकस्मिक दायित्व व्यवस्थापन गर्ने ।

(८) **अन्तरसरकारी वित्तको प्रभावकारिता अभिबृद्धि गर्नेः** अन्तरसरकारी वित्त हस्तान्तरणलाई वैज्ञानिक, पारदर्शी र उत्तरदायी बनाइ प्रदेश र स्थानीय तहको वित्तीय अन्तरलाई सम्बोधन गर्ने ।

(९) **आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि कार्यसम्पादन सम्झौता गर्नेः** प्रतिस्पर्धामा आधारित आयोजना प्रमुखको छनौट गरी आयोजनाको कार्यसम्पादन बृद्धि गर्ने ।

(१०) **सार्वजनिक–निजी साझेदारीका आयोजनालाई प्राथमिकता दिनेः** सार्वजनिक निजी साझेदारीमा सञ्चालन गर्ने सम्भाव्य आयोजनाको पहिचान गरी कानूनी व्यवस्थामा समयानुकूल परिमार्जन गर्ने, निर्माण व्यवसायीको क्षमता मापन गरी क्षमता अभिबृद्धि गर्ने, सार्वजनिक-निजी साझेदारीमा प्रत्यक्ष वैदेशिक लगानी तथा आन्तरिक लगानीको परिचालन गर्ने ।

(११) **नतिजामूलक अनुगमन तथा मूल्यात्कन प्रणालीको विकास गर्नेः** सबल आन्तरिक नियन्त्रण प्रणाली, सार्वजनिक कोष, दायित्व, सम्पत्ति, आय र खर्चको प्रोदभावी लेखाङ्कन, प्रतिवेदन र लेखापरीक्षणको सुदृढीकरण गर्ने ।

सोह्रौं योजना (२०८१/८२–२०८५/८६) **परिच्छेद ११ को प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापन तथा पुँजीगत खर्च क्षमता अभिबृद्धि सम्बन्धी प्रमुख कार्यक्रम** : (१) राजस्व प्रणालीको सुदृढीकरण कार्यक्रम (२) वित्तीय स्रोत परिचालनमा सुधार कार्यक्रम (३) वित्तीय हस्तान्तरण-वित्तीय कार्यकुशलता अभिबृद्धि कार्यक्रम (४) प्राकृतिक स्रोत मार्फत वित्तीय स्रोत परिचालन कार्यक्रम (५) अनौपचारिक आर्थिक क्रियाकलापको औपचारिकीकरण कार्यक्रम (६) उत्तरदायी सार्वजनिक वित्त व्यवस्थापन कार्यक्रम (७) आयोजना व्यवस्थापन सबलीकरण र पुँजीगत खर्च क्षमता बृद्धि कार्यक्रम (८) निर्माण व्यवसायीको क्षमता र कार्यकुशलता अभिवृद्धि कार्यक्रम (९) सार्वजनिक कोषहरुको एकीकरण र स्रोतको विस्तार कार्यक्रम (१०) परियोजना विशेष विकास ऋणपत्र निष्काशन कार्यक्रम (११) देशलाई आकर्षक लगानी गन्तव्य रुपमा प्रवर्द्धन कार्यक्रम (१२) कृत्रिम बौद्धिकता प्रवर्द्धन कार्यक्रम (१३) अन्तर्राष्ट्रिय वित्त परिचालनको प्रभावकारिता अभिबृद्धि कार्यक्रम (१४) नतिजामूलक अनुगमन तथा मूल्याङ्कन र दिगोपना कार्यक्रम ।

नेपालमा सार्वजनिक खर्च ब्यवस्थापन (साधारण खर्च र पुँजीगत खर्च समेत) मा देखिएका समस्या तथा चुनौतीहरु

- चालु खर्चलाई वाञ्छित सीमामा राखी पुँजीगत खर्चको हिस्सा बढाउन नसकिएको, पुँजीगत खर्च कुल बजेटको करिब २५% जति मात्र विनियोजन गरिने, विनियोजनको पनि २/३ जति मात्र खर्च हुने । ठूलो हिस्सा आर्थिक वर्षको अन्त्यमा खर्च हुने गरेको छ ।

- पर्याप्त पूर्वतयारी बिनै आयोजना कार्यान्वयनमा लैजानु, विस्तृत परियोजना प्रतिवेदन भन्दा पनि Pork Barrel शैलीमा आयोजना छनोट हुनु, अघिल्ला कमि कमजोरीको समीक्षा नगरी बजेट विनियोजन गरिनु, कार्यान्वयनमा जान नसकेका पुरानै आयोजनालाई निरन्तरता दिनु । उच्च संख्याका विकास आखलयोजना, प्रतिआयोजना न्यून लगानी । खर्च सम्भाव्य आयोजनामा स्रोतको न्यूनता र खर्च नहुने आयोजनामा रकम फ्रिज हुने गरेको छ ।

- विकास खर्चमा अन्तर्राष्ट्रिय विकास सहायता माथिको परनिर्भरता तर विकास सहायता परिचालनको कमजोर अवस्था, वार्षिक बजेटको औसतमा २५% अनुमान गरिए तापनि प्रशोधन क्षमता ५५–६०% मात्र छ । आन्तरिक स्रोतमा थप दबाब पैदा हुने । कागजात तयारी, विस्तृत अध्ययन प्रतिवेदन निर्माण, बोलपत्र आह्वान र ठेक्का लगाउँदासम्म कम्तीमा पनि आधा वर्ष पछि मात्र निर्माण कार्य सुरु हुने । आयोजना खर्चमा राजनीति, प्रशासन, निजी क्षेत्र र लाभग्राही उपभोक्तासमेतको दोहन गर्नुपर्छ भन्ने सोच रहने । आयोजना प्रमुख र कर्मचारी क्षमताभन्दा भनसुन र दबाबमा नियुक्त खटनपटन गरिने कार्य गरिएको छ ।

- कम मूल्यकै टेन्डरलाई स्वीकृत गर्नुपर्ने बाध्यता, सियोदेखि हवाईजहाजसम्मको एकै प्रकारको खरिद प्रक्रिया । अन्तर तह, अन्तर निकाय ठाडो र क्षितिजीय समन्वय र सहकार्य हुनै कठिन, अस्वस्थ्य प्रतिस्पर्धाको भावना बढ्दै गएको । खानेपानी, बिजुली, ढल, टेलिफोन । सम्बद्ध पक्षमा सदाचारिता, नैतिकता र इमान्दारिताको खडेरी परेको छ ।

- Proactive भएर निर्णय गर्ने र जोखिम लिएर काम गर्ने, नैतिकता र इमानमा खर्च गर्ने राजनीतिक र प्रशासनिक नेतृत्वको अभाव । सरकार, निजी क्षेत्र, सरोकारवाला कसैले पनि जिम्मेवारीबोध नगर्ने । आयोजना चक्रका कुनै पनि चरणमा सरोकारवालालाई अर्थपूर्ण सहभागिता गराइँदैन ।

- दाताका चाहना र चासो तथा खरिद मापदण्ड बमोजिम प्रक्रिया अघि बढाउँदा आउने अवरोध । भएका संयन्त्रको निष्क्रियता । प्रधानमन्त्रीको संयोजकत्वमा आयोजना कार्यान्वयन निर्देशक समिति छ, प्रधानमन्त्रीकै नेतृत्वमा राष्ट्रिय विकास समस्या समाधान समिति पनि छ, राष्ट्रिय योजना आयोगमा केन्द्रीय अनुगमन महाशाखा ठुला परियोजनाहरुलाई अर्थ मन्त्रालय आफैंले अनुगमन गर्छ, मन्त्रालयपिच्छे आफूअन्तर्गतका परियोजनाहरुको अनुगमन र मूल्यांकन गरिन्छ तर पनि नतिजा हात लाग्यो शून्यझैँ बनेको छ ।
- वर्षेनी पुनरावृत्ति भैरहने कमजोरी । संसदको अर्थ समितिले दोस्रो चौमासिक सम्ममा ६०%, जेष्ठभित्रमा ९०% खर्च गरिसक्नुपर्ने र असारमा १०% भन्दा बढी खर्च गर्न नपाइने भनी दिएको निर्देशन कतै पनि पालना भएको छैन । बिचौलियाको दबदबा, अनावश्यक Price Hiking हुने ।
- समयमै ठेक्कापट्टा नहुनु, भेरिएसनसम्बन्धी विवाद । वनक्षेत्र भित्र पर्ने रुखको कटान अत्यन्तै जटिल छ । IEE/EIA मा ढिलाइ । निर्माण सामग्रीको अभाव हुनु, अनियन्त्रित मूल्य वृद्धि । कसरी अप्ठेरो पर्छ र लाभ लिने भन्ने राजनीति, प्रशासन र स्थानीयको प्रवृत्ति । कार्यक्रम/आयोजनाप्रतिको स्वामित्व भावको कमी, सरकारको लगानीमा दोहन गर्ने बढ्दो विकृति हुने गरेको छ ।
- आवधिक योजना, मध्यकालीन खर्च संरचना र वार्षिक बजेटबिचको कमजोर संगति । MTEF लाई तीनै तहमा संस्थागत गर्न नसकिनु । नगदमा आधारित लेखा प्रणाली । प्रदेश र स्थानीय तहलाई दिइने अनुदानलाई चालु खर्चमा समेटिने, तल्ला तहमा बजेट फ्रिज भइरहँदा संघले ऋण परिचालन गर्नुपरेको छ ।
- कार्य विशिष्टीकरण, क्षमताअनुरुपको जिम्मेवारी, वैज्ञानिक कार्य सम्पादन मूल्यांकनजस्ता पक्षमा जोड दिन नसक्दा अब्बल ठहरिएर छनोट भएका कर्मचारीको न्यून उत्पादकत्व र घट्दो मनोबल । प्रदेश र स्थानीय तह सुशासनका केन्द्र बन्न नसक्दा पुँजीगत खर्च गर्न नसक्ने केन्द्रीकृत रोग तल्ला तहमा समेत संस्थागत हुँदै जानु ।
- सीमान्त पुँजी उत्पादकत्व ५.२:१ रहेको । गुणस्तर र परिमाणमा कमी, लागत र समयमा वृद्धि । संघीयतासँगै सार्वजनिक संगठनको संख्यामा थप वृद्धि हुँदा चालु खर्च झन बढेको छ । उच्च संख्याका क्रमागत आयोजनालाई तीनओटै तहमा अधिकार बमोजिम बाँडफाँट गर्न नसकिदा सबै संगठनहरुलाई गतिशिल बनाउन नसकिएको देखिन आउँछ ।
- अघिल्लो दशकका वर्षहरुमा चालु खर्च राजस्वको ६०–७० प्रतिशत मात्र हुने गरेकोमा पछिल्ला आ.व.मा चालु खर्च राजस्वकै बराबरमात्र नभइ कतिपय वर्षमा त राजस्वभन्दा पनि बढी भएको देखिन्छ । चालु आ.व. २०७९/८० मा संघको चालु खर्चलाई राजस्व आयको सीमाभित्रै राखिएको त छ तथापी यो पनि (६६%, वित्तीय हस्तान्तरण समेत) राजस्व आय (६९%) को करिब ९५ प्रतिशत रहेको छ ।
- सडकलगायतका पूर्वाधार निर्माण, सामाजिक सुरक्षा कार्यक्रम, गरीबी निवारण, दुर्गम क्षेत्र विकासजस्ता कार्यक्रमहरु खप्टिन गएका छन् । राजनीतिक प्रियतावादमा आधारित बजेट विनियोजन (गोजीका आयोजना, पर्याप्त पूर्व तयारी बिनाका आयोजना), कार्यान्वयन चरणमा लाभको आश वा निगरानी निकायको त्राश वित्तीय अनुशासनको दुरावस्था : त्क्ष को पछिल्लो प्रतिवेदनले नेपाल सर्बेक्षण गरिएका एसियाका १७ मुलुकमा सबैभन्दा भ्रष्ट देखिएको छ ।
- पछिल्ला वर्षहरुमा सार्वजनिक ऋण जुन गति र प्रवृत्तिमा वृद्धि भइरहेको छ, त्यसलाई पुष्ट्याई हुने गरी पुँजीगत खर्च र दीर्घकालीन प्रभाव दिने आयोजनाहरु निर्माण एवम् सञ्चालन हुन सकेको देखिदैन । उच्च प्राथमिकतामा

राखिएका राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणकारी योजना, सार्वजनिक निजी साझेदारीमा सञ्चालन गरिने आयोजनाको कार्यान्वयन जटिलता पाईएको छ ।

- पुँजीगत खर्च बढ्दै जाँदा वित्तीय घाटा बढ्दै जान्छ । वित्तीय घाटा बढ्दै जानु भनेको ऋणको मात्रा पनि बढ्दै जानु हो । ऋण लिएको ब्याजको भुक्तानी पनि पुँजीगत खर्चको एक अंश हो । तर यो Non-Development आर्थिक गतिविधि पनि हो । ब्याजको मात्रा बढ्दै गए पनि दीर्घकालीन प्रतिफलका लागि ऋणको मात्रा बढाउँदै यसलाई पुँजीगत लगानीमा आकर्षित गर्नुपर्दछ ।
- पुँजीगत खर्चको बढोत्तरीसँगै रोजगारी सिर्जना पनि बढ्छ । रोजगारी बढ्दै जाँदा श्रमिकको सिप एवम् आयतन बृद्धि गर्नुपर्ने चुनौती थपिन्छ । संघीयताको कार्यान्वयन भई प्रदेश र स्थानीय तहको सरकारहरू गठन भएको केही वर्ष वितिसकेको छ । हालसम्म पनि प्रदेश र स्थानीय तहको लागि आवश्यक जनशक्ति व्यवस्थाप हुन नसक्दा समयमा बजेट ल्याउने, विकास निमार्ण र सामाजिक क्षेत्रका कामहरू यथोचित रूपमा सम्पन्न हुन सकेका छैनन् ।
- स्पष्ट कानुन र दृष्टिकोणको अभावमा प्रदेश र स्थानीय सरकारको जनभावना विपरित कर गाउने फिर्ता लिने जस्ता प्रवृतिले सरकार प्रतिको विश्वास र भरोसामा केही कमी आउने र अन्तत संघीयताको मर्म र भावना अनुसारको डेलिभरी नहुने चुनौती छ । संघ प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने अनुदान रकमको कानुन बमोजिम विनियोजन र खर्च हुन सकेको छैन् अन्तर प्रदेश र अन्तर स्थानीय निकायबीच आर्थिक क्रियाकलाप र खर्च हुन सकेको छैन ।
- सीमित व्यक्ति र उद्यमीबिच वित्तीय स्रोत साधनको परिचालन, परिचालित वित्तीय स्रोत साधनबाट उत्पादन र रोजगारी सिर्जनामा अपेक्षित योगदान पुग्न नसकेको, बजार प्रतिस्पर्धाको कमजोर अवस्था, सिन्डिकेट प्रणाली, उत्पादक र उपभोक्ताबिच बिचौलियाको अनपेक्षित उपस्थिति,
- अनौपचारिक कारोबारको ठूलो हिस्सा, न्यून बिजकीकरण, तस्करी, क्रिप्टोकरेन्सी तथा हाइपरफण्ड जस्ता अवैध क्षेत्रमा लगानी, पुँजी पलायन, हुण्डी कारोबार, बजारमा तरलता, मूल्य र आपूर्तिमा अस्वभाविक उतार-चढाव,
- सार्वजनिक खर्चको आवश्यकता र स्रोत परिचालन क्षमता बिचको खाडल, राजस्व परिचालनको ठूलो हिस्सा आयातमा आधारित, अनिश्चयपूर्ण वित्त प्रणालीसँगै वित्तीय सङ्घीयता कार्यान्वयनमा चुनौती देखा परेको छ ।
- कमजोर विनियोजन कुशलता, न्यून पुँजीगत विनियोजन तथा कमजोर खर्च क्षमता, पूर्वाधारजन्य परियोजना निर्माणको अनियन्त्रित लागत तथा विलम्ब, लागतको तुलनामा न्यून प्रतिफल ।
- भारतीय मुद्रासँगको स्थिर विनिमय प्रणालीसँगै कमजोर स्वायत्त मौद्रिक नीति, मुद्रा स्फीतिमा अधिक बाह्य प्रभाव र कमजोर आन्तरिक नियन्त्रण क्षमता, सुशासन, सार्वजनिक सेवा प्रवाहको गुणस्तर र सुरक्षा व्यवस्थाप्रतिको नागरिकको कमजोर विश्वसनीयता, भ्रष्टाचार नियन्त्रण, सामाजिक न्याय, शीघ्र न्याय निरुपण, राष्ट्रियता र राष्ट्रिय एकता मजबुत पार्ने चुनौती ।
- विकासशील मुलुकमा स्तरोन्नति, उपलब्धिसँगै आईपर्ने चुनौतीको व्यवस्थापन, दिगो विकास लक्ष्यको प्राप्तिः स्रोतको व्यवस्थापन कार्यान्वयनको प्रभावकारीता । स्थानीय तहका सबै प्रकारका प्राप्ति (राजस्व अनुदान, विभाज्य कोषका रकम आदि) सञ्चित कोषमा दाखिला र वार्षिक बजेटमा समावेश गरी सभाबाट पारित गराउने, त्यसपछि मात्र खर्च गर्ने ।

- खर्च गर्दा निर्धारित मापदण्ड, विधि तथा कार्यतालिका अपनाउने, स्थानीय वित्तीय व्यवस्थासम्बन्धी कानून तथा नीति बनाउँदा नेपाल सरकारको आर्थिक तथा वित्तीय नीतिको अनुसरण गर्ने ।
- जुन प्रयोजनका लागि संघ तथा प्रदेश सरकारबाट अनुदान उपलब्ध भएको हो, सोही प्रयोजनमा मात्र उपयोग गर्ने, पूँजीगत खर्चमा विनियोजित रकम चालूतर्फ रकमान्तर नगर्ने, आय-व्ययको वर्गीकरण तथा लेखाङ्कन नेपाल सरकारले अवलम्बन गरेको खर्च वर्गीकरणसम्बन्धी व्यवस्था र चार्ट अफ एकाउण्ट्स अनुसार गर्न नेपाल सरकारको लेखाविधि र स्रेस्ताप्रणाली अवलम्बन गर्ने ।
- बजेट तर्जुमा गर्दा अवण्डामा रकम नराख्ने, आर्थिक वर्ष भुक्तान भएपछि कानूनअनुसार खर्च नभएको (सशर्त, समपूरक र विशेष अनुदानका रकमबाहेक) जिम्मेवारी सार्ने, नेपाल सरकारबाट प्राप्त अनुदानबाट सङ्घीय सरकारको सामाजिक सुरक्षा कार्यक्रममा रकम थप गरेर र अन्य कुनै प्रकारको आर्थिक सहायता वितरण गर्न पाइने छैन ।
- सरकारी कोष सञ्चालन गर्न महालेखा नियनत्तक कार्यालयले नेपाल राष्ट्र बैंकको परामर्शमा तोकिएको सरकारी कारोबार गर्ने बैङ्कमा खाता सञ्चालन सरकारी कारोबार निर्देशिका, २०७७ अनुसार गर्ने,
- स्थानीय सरकारले प्रत्येक वर्षको आय-व्यय आषाढ १० गते आफ्नो सभामा पेश गरी आर्थिक वर्ष शुरु हुनुपूर्व नै पारित गर्नुपर्ने अनिवार्य व्यवस्था गरिएको छ। तर कतिपय पालिकाहरुले यो कानूनी प्रावधानलाई संवेदनशील रुपमा लिएका छैनन् । समयमा बजेट कार्यक्रम पनि पेश नगर्ने अवस्था आउनु स्थानीय सरकार र यसको जवाफदेहिताका लागि संवैधानिक रुपमा पनि मिल्दो देखिँदैन ।
- स्थानीय तहहरुमा कोष सञ्चालन र व्यवस्थापन गर्ने प्रणाली विकास भइसकेको छैन । स्थानीय तहले गर्ने खर्च कार्यको राष्ट्रिय मानक बनिनसकेकोले वार्षिक विकास कार्यक्रममा पूँजीगत र चालू खर्चको अनुपात निर्धारण भएको छैन । पालिकाहरु वितरणमुखी कार्यक्रम र साधारण प्रकृतिको खर्चमा उत्साहित छन्, यही प्रवृत्ति रहेमा खर्च दायित्व र प्रतिबद्धता सामर्थ्य र सीमाभन्दा माथि हुने सम्भावना छ ।
- स्थानीय सरकारहरु निजी तथा सामुदायिक क्षेत्रसँग सहकार्य गरी वित्तीय भार घटाउन उद्यत छैनन् । स्थानीय तहमा वित्तीय क्षमता विकास गर्नुपर्ने स्थिति छ । क्षमता विकास र प्रणाली निर्माण नभइसकेकोले संघबाट पठाइएका अनुदानहरु पनि खर्च हुनसकेको छैन । आर्थिक वर्षको अन्त्यमा वित्तीय समानीकरण अनुदान बाहेकका अनुदान खर्च हुननसकी संघमै फिर्ता गर्नुपर्ने स्थिति रहेको छ ।
- धेरैजसो स्थानीय तहहरुले बजेट तथा कार्यक्रमबीच उपयुक्त आबद्धता कायम गर्न सकेका छैनन् । विनियोजनका आधार र प्राथमिकतालाई व्यवस्थित बनाउन सकिएको छैन । खर्च जिम्मेवारी र वित्त व्यवस्थाबीच सन्तुलन पनि छैन । जसका कारण स्थानीय नागरिक सेवा व्यवस्थापनमा कार्यकुशलता र प्रभावकारिता देख्न सकेको छैन ।
- वित्तीय हस्तान्तरणका लागि आवश्यक हुने खण्डीकृत तथ्याङ्क र जानकारीहरु उपलब्ध छैनन् । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तहगत सरकारसँग समन्वय गरी विशिष्टीकृत तथ्याङ्कीय आधार तर्जुमा गर्नुपर्दछ ।
- स्थानीय तहमा बजेट विनियोजन तथा खर्च व्यवस्थापन एवं यसको लेखाङ्कनका मान्य सिद्धान्त/मानकहरु अभ्यासमा आइसकेका छैनन् । कुन क्षेत्र र विषयमा कति विनियोजन गर्ने भन्ने मानकको निर्धारण नभएकोले सहजताका आधारमा विनियोजन हुँदै आएको छ । परिणामतः आर्थिक अनुशासन कायम गर्ने चुनौती छ । खर्चको गुणस्तर कायम भएको छैन ।

- वित्तीय संघीयताको एक प्रमुख चुनौती भनेको राज्यमा उपलब्ध सीमित साधनस्रोतलाई अधिकतम सार्वजनिक कल्याण हुनेगरी दक्षतापूर्वक के कसरी प्रयोग गर्ने भन्ने हुने गर्दछ । यसको प्रयोग बजारमा विकृति नआउने गरी तथा प्रशासकीय दक्षता कायम हुनेगरी गर्नुपर्दछ । साधन र स्रोतको विनियोजन यसरी होस् कि जनताले अधिकतम् लाभ प्राप्त गर्न सकून् र वस्तु तथा सेवाको उत्पादन बढाउन सहयोग मिलोस् ।
- नेपालमा खर्च जिम्मेवारीको अनुपातमा वित्तीय हस्तान्तरणको हिस्सा समेत न्यून रहेको छ । खर्च संरचनामा पूँजीगत खर्चको हिस्सा समेत कम रहेको छ । अर्थ मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७८/७९ मा एकीकृत खर्चमा संघीय खर्च ६०.६ प्रतिशत, प्रादेशिक खर्च १०.९ प्रतिशत र स्थानीय तहको खर्च २८.५ प्रतिशत रहेको छ । यस आर्थिक वर्षमा संघ, प्रदेश र स्थानीय तहको एकीकृत खर्च रु. १४ खर्ब ९० अर्ब ६१ करोड रहेको थियो ।
- संघीय सरकारको आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनमा संघीय सरकारको बजेट घाटा ६ प्रतिशत रहेको छ । नेपालजस्तो आयातमा आधारित व्यापारको दबदबा भएको मुलुकमा यस्तो घाटा ३ प्रतिशतभन्दा बढी रहनु स्वस्थ मानिन्न । २०७९ असारसम्म कुल सार्वजनिक ऋण दायित्व कुल गार्हस्थ्य उत्पादनको ४०.८ प्रतिशत रहेको थियो ।
- वित्तीय सङ्घीयताको सुदृढीकरणका लागि योग्यतामा आधारित सार्वजनिक संस्थाको विकासको चुनौती रहेको छ । महालेखा परीक्षकको कार्यालय, महालेखा नियन्त्रकको कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगजस्ता सार्वजनिक वित्तसँग जोडिएका संस्थाहरुको संस्थागत क्षमता जति सुदृढ हुनसक्यो वित्तीय संघीयता पनि उत्तिकै संस्थागत हुँदै जाने हुन्छ । विगत केही वर्षयता अर्थ मन्त्रालयको प्रशासनिक र नीतिगत तहमा विषय विज्ञभन्दा जेनेरलिस्टहरु सरुवा भएर जाने प्रवृत्ति बढेको देखिन्छ । यसले संस्थागत क्षमतालाई कमजोर बनाउने सम्भावनालाई नकार्न सकिँदैन ।
- सार्वजनिक वित्त व्यवस्थापनलाई वित्तीय संघीयताको कार्यान्वयन आयाम मान्ने गरिन्छ । सार्वजनिक वित्त व्यवस्थापनमा क्षमता जति बढाउन सक्यो वित्तीय संघीयताको प्रभावकारिता उति नै बढी सुदृढ हुने गर्दछ ।
- नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ ले वित्तीय संघीयताका अधिकांश विषयहरुलाई संरचनागत रुपमा व्यवस्थापन गरेको छ । नेपालको संविधानमा संघको एकल अधिकार सूचीमा ३५ वटा क्षेत्र समेटिएका छन् । यी क्षेत्रहरुमा संघले आवश्यक ऐन निर्माण गरी कार्यान्वयन गर्ने गर्दछ जुन मुलुकभर लागू हुने गर्दछ । प्रदेशको एकल अधिकार सूचीमा २१ वटा क्षेत्र समेटिएका छन् र यी क्षेत्रहरुमा प्रदेशले संवैधानिक सीमामा रही आवश्यक ऐन निर्माण गरी कार्यान्वयन गर्ने गर्दछ जुन प्रदेशभर लागू हुने गर्दछ । संघ र प्रदेशको साझा अधिकार सूचीमा २५ वटा क्षेत्र समेटिएका छन् ।

नेपालको सार्वजनिक खर्च तथा पुँजीगत खर्च व्यवस्थापनको प्रभावकारीताका लागि अबलम्बन गर्नुपर्ने उपायहरुः

- कामका आधारमा विश्लेषण गरी संघका अनावश्यक संरचना, बोर्डहरु खारेज गर्ने, मन्त्रालय संख्या १६ मा सीमित गर्ने । परियोजना छनोट गर्दा डिपिआर निर्माण तथा साइट क्लियर गरेर मात्र बजेट विनियोजन गर्ने । तीनओटै तहमा आयोजना व्यवस्थापन निर्देशिका लागु गर्ने, आयोजना बैंक तयार गर्नुपर्छ ।
- हरेक आयोजनाको लागि सम्बन्धित मन्त्रालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगका कर्मचारी रहने गरी Project Monitoring Unit (PMU) गठन गर्ने । प्रत्येक आयोजनाको ड्यास बोर्ड सहितको अनलाइन

अनुगमन प्रणालीलाई अनिवार्य बनाउने । PMU बाट नियमित अनुगमन गर्नु आवश्यक छ । विकास आयोजनाहरुको अनलाइन अनुगमन गरी विनियोजित बजेट अनुरुप खर्च हुने पद्धति सम्बन्धित मन्त्रालयले सुनिश्चित गर्नुपर्छ ।

- आयोजना कार्यान्वयनमा प्रत्यक्ष संलग्न पदाधिकारी, ठेकेदार र परामर्शदातालाई तोकिएको जिम्मेवारीप्रति उत्तरदायी बनाउने, उच्च संख्याका क्रमागत आयोजनालाई तीनओटै तहका संविधान प्रदत्त अधिकार बमोजिम बाँडफाँट गर्ने ।
- पुँजीगत खर्च वृद्धिको लागि हाम्रो विकास सञ्चालनको अभ्यास र सोचाइको आधारभूत भाष्यमा पनि तीव्र परिवर्तन हुनु जरुरी छ । लोककल्याणकारी राज्यमा आधारभूत आवश्यकताको सुनिश्चितताको प्रयास राज्यले गरिदिने हो तर हरेक आर्थिक वर्षको कुल विनियोजन बजेटमध्ये करिब ७०–८०% रकमको खर्च खरिद प्रयोजनबाट गर्नु भनेको राज्यले त्यसमा निजी क्षेत्रको ब्यापार पनि प्रवेश गराउनु हो । निम्न विषयहरुमा कुशल व्यवस्थापन गर्न सके पुँजीगत खर्चको बृद्धि गर्न सकिन्छः
- सार्वजनिक खरिद गरी सम्पन्न भएका आयोजना समयमा हस्तान्तरण हुन नसक्नु र सम्पन्न भइसकेका आयोजनाहरुमा पनि मर्मतसम्भारको व्यवस्थित संयन्त्रको अभावमा पुनर्निर्माण गर्नुपरेको यथार्थ छँदैछ । आयोजनालाई त्रुटि सच्याउने अवधिसम्म मात्र टिकाइ आयोजना हस्तान्तरणभन्दा पनि आयोजनाको समग्र लाभमा मूल्य थप गर्नतर्फ ध्यान जानु आवश्यक छ ।
- निर्माण व्यवसायी आपूर्तिकर्ता र परामर्शदाता राष्ट्रिय पुँजी निर्माण र त्यसको परिचालनका अहम् पात्र हुन् । सार्वजनिक खरिदका यी पात्रहरुको पेसागत क्षमता अभिबृद्धिमा राज्यको सकारात्मक पहलकदमी हुन जरुरी छ । पुँजीगत खर्चलाई नतिजामुखीभन्दा पनि प्रक्रियामुखी बनाउँदै गइरहेको पाइन्छ । हाम्रो कर्मचारीतन्त्र पदसोपानमा आधारित छ । "Tone from the top is always key" भनेझैँ शीर्षस्थ व्यक्तिको संकेतले आफू मातहतका कर्मचारीहरु उत्प्रेरित हुने गर्दछन् ।
- आयोजनाको नाममा व्ययभार भएको रकम उक्त आयोजनाले सालबसाली रुपमा नै खर्च गर्नुपर्ने काम मूलतः आयोजनाको नै हो । आयोजनालाई सम्पन्न गर्ने प्रमुख सहपात्रको भूमिका सम्झौताको अर्को साझेदार निर्माण व्यवसायीको निर्माण क्षमता उसको Bid capacity ले निर्धारण गर्दछ । Bid capacity निर्धारण र त्यसको जाँच वा परीक्षणलाई प्रभावकारी नबनाउँदा सम्झौता भएका आयोजनाहरुलाई पनि निर्माण व्यवसायीहरुले समयमै हस्तान्तरण गर्न सकेका छैनन् ।
- पूर्वाधार निर्माणमा आवश्यक निर्माण सामग्रीको व्यवस्थापन र Common Resource Problem बालुवा गिट्टीको लागत मूल्य र प्राप्ति मूल्यमा अपारदर्शिता छ । यसको Competitive मूल्य निर्धारण हुनुपर्दछ । नदीजन्य एवम् खानीजन्य उत्खननको सफेद् कारोबार पनि हुनुपर्दछ । नदी एवम् खानीजन्य निर्माण सामग्रीहरु साझा एवम् सामुदायिक सम्पत्ति पनि हुन् । यिनीहरुको उत्तम उपयोग गर्ने वातावरणमा Irreversible Impact पर्दछ । न्यून र अधिक दोहनबिच ट्रेड अफ गर्दै प्राकृतिक निर्माण सामग्रीको प्रयोगमा व्यावहारिक र Rational बन्नुपर्दछ ।
- सालबसाली रुपमा सडक आयोजनाको निर्माणमा मात्र बालुवा, गिट्टी र ढुंगा गरी करिब ७५ लाखभन्दा बढी घनमिटरको खपत हुन्छ । Materials को खपतअनुसारको वार्षिक Materials Collection Plan बनाउन जरुरी देखिन्छ । मौसमअनुसार Materials Collection बनाउन रणनीति तयार गर्न हामी चुकेका देखिन्छौं । वर्षभरि आवश्यक Materials व्यवस्थापन गर्नका लागि त्यही प्रकारको रणनीति अपनाउन आवश्यक देखिन्छ ।

- आयोजनासँग सम्बद्ध सिँचाइ आयोजनाहरु, सडक एवम् खानेपानी आयोजनाहरुमा देखिने प्राविधिक समस्याहरुलाई अध्ययन संस्थान, कलेज र विश्वविद्यालयका Thesis हरुबाट गराउन सकिन्छ। यसबाट समस्या पहिचान र समाधान पनि निकाल्न सकिन्छ। पुँजीगत खर्चका समस्याहरुलाई क्षेत्रगत रुपमा पहिचान गर्दै त्यसको समाधानको लागि इन्जिनियरिंग कलेज, विश्वविद्यालय एवम् अनुसन्धान केन्द्रलाई सक्रिय बनाउनु जरुरी छ।
- संविधानतः तीन तहका सरकारहरुबिच आयोजना कार्यान्वयनमा समन्वयको जरुरी छ। संविधानतः पुँजीगत खर्चको जिम्मेवारी तिनै तहको पनि हो । पूर्वाधारको प्रकृति र आयतनअनुसार तिनै तहमा अधिकार व्यवस्थापन गरिएको छ। आयोजनाहरु स्थानीय तहमा नै कार्यान्वयन गरिने भएकोले स्थानीय तहको सक्रिय भूमिका आवश्यक छ । पुँजीगत खर्च गर्दै गर्दा विकास निर्माणका विषयहरु अन्य मन्त्रालय र विभागसँग समन्वय गर्नुपर्ने खालका छन् । तर एकअर्को मन्त्रालय र विभागले गर्नुपर्ने र बुझिदिनुपर्ने व्यावहारिकतामा कुनै सुधार आएको छैन । पुँजीगत बजेटको अधिकांश रकम खर्च गर्ने जिम्मेवारी पाएका ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, सहरी विकास मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, भौतिक पूर्वाधार मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयहरुबिच समन्वय र प्रतिबद्धता आवश्यक छ ।

आर्थिक वर्ष २०८१/०८२ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार सार्वजनिक खर्चलाई प्रतिफलमुखी बनाउन मितव्ययिता अपनाइने छ। कार्यालयको प्रकृति र जनशक्तिका आधारमा कार्यालय सञ्चालन खर्च, घरभाडामा, बिजुली, इन्धन, पानी, सञ्चार महसुल खर्चमा मितव्ययिता कायम गरिने नीति लिइएको छ। मन्त्रालय र निकायको चालु प्रकृतिका खर्च कार्यक्रम खर्चबाट बेहोर्ने प्रवृत्ति निरुत्साहित गरिने कार्यक्रम राखिएको छ । आयोजना सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति निजामती सेवाबाट खटाउने व्यवस्था मिलाइने कार्यक्रम राखिएको छ। सङ्घीय कार्यालय औचित्य र आवश्यकताका आधारमा एक आपसमा गाभिने छ वा खारेज गरिने कार्यक्रम राखिएको छ। सरकारी कार्यालयको सेवा प्रवाह, जनशक्ति, कार्यक्षेत्र र कार्यबोझलगायतका आधारमा भवनको संरचना, आकार र आन्तरिक साजसज्जाको मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइने नीति लिइएको छ। विभिन्न मञ्चमा मुलुकको प्रतिनिधित्व सम्बन्धित देश वा कार्यक्षेत्रमा रहेका नेपाली दुतावासबाट गर्ने व्यवस्था मिलाई नेपाल सरकारबाट अनिवार्य रुपमा प्रतिनिधित्व गर्नुपर्नेबाहेक वैदेशिक भ्रमणलाई निरुत्साहित गरिने नीति राखिएको छ। सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व मूल्याङ्कनको तेस्रो प्रतिवेदनका आधारमा सार्वजनिक वित्त व्यवस्थापन सुधार रणनीति तयार गरी कार्यान्वयनमा ल्याइने नीति राखिएको छ।

आन्तरिक ऋणको पुनर्संरचना गरी मध्य र दीर्घकालीन उपकरणको उपयोग गर्ने रणनीति लिइने कार्यक्रम राखिनुका साथै परियोजना विशेष ऋणपत्रमार्फत लगानी जुटाउने प्रबन्ध मिलाइने उद्देश्य राखिएको छ । नेपाल सरकारमार्फत सरकारी संस्थानमा परिचालन हुने ऋण एस्को एकान्टमार्फत सोझै भुक्तानी गर्ने व्यवस्था मिलाइने कार्यक्रम राखिएको छ । निर्माणजन्य सामग्रीको सहज उपलब्धताका लागि प्रदेश र स्थानीय तहसँगको समन्वय र सहकार्यलाई प्रभावकारी बनाउनुका साथै सार्वजनिक खरिद प्रक्रियालाई थप सरल, पारदर्शी र लागतप्रभावी बनाउन वस्तु तथा सेवाको प्रकृति अनुरुप अलग अलग मापदण्ड तर्जुमा गरिने कार्यक्रम राखिएको छ। बोलपत्र प्रस्ताव गर्दा लागत अनुमानभन्दा बढीको मात्र प्रस्ताव पेस भएमा सोमध्ये न्यूनतम बोलपत्र प्रस्तावकसँग ठेक्काको सर्त परिवर्तन नहुने गरी वार्ताबाट ठेक्का सम्झौता गर्न सकिने व्यवस्था मिलाइने कार्यक्रम राखिएको छ।

आयोजनाको प्रभावकारी कार्यान्वयन गरी तोकिएको समयमा नै सम्पन्न गर्न आन्तरिक प्रतिस्पर्धाको आधारमा आयोजना प्रमुख छनोट गर्ने र कार्यसम्पादन सम्झौतामा तोकिएको न्यूनतम अङ्क हासिल नगरेमा बाहेक आयोजना अवधिभर सरुवा नगर्ने गरी मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइने कार्यक्रम राखिएको छ। विकास आयोजना कार्यान्वयनसम्बन्धी एकीकृत ऐन तर्जुमा गरिने नीति लिइएको छ । आयोजना कार्यान्विनयमा सरोकारवाला र समुदायको संलग्नता अभिबृद्धि गरिने कार्यक्रम राखिएको छ । राष्ट्रिय प्राथमिकताका आयोजनामा दुई सिफ्टमा काम गर्ने व्यवस्था मिलाइने नीति लिइएको छ। तोकिएको समय अगावै आयोजना सम्पन्न गर्ने कर्मचारी र निर्माण व्यवसायीलाई पुरस्कृत गर्ने प्रबन्ध गरिने कार्यक्रम राखिएको छ । आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन कार्ययोजना २०८१ असार मसान्तभित्र र आवश्यक कार्यविधि, मापदण्ड र निर्देशिका २०८१ साउन मसान्तभित्र तयार गरिसक्नुपर्ने छ ।

कर प्रणालीमा सुधार अन्तर्गत भन्सार महसुल दर तोक्ने र हेरफेर गर्ने विषय समावेश गरी छुट्टै नयाँ भन्सार महसुल विधेयक पेस गरेको पाइन्छ । यसबाट भन्सार प्रशासनको काम कारवाहीमा सहजता र प्रभावकारिता अभिबृद्धि हुने अपेक्षा गरिनुका साथै आन्तरिक राजस्व परिचालन रणनीति तर्जुमा गरी लागु गरिने कार्यक्रम राखिएको छ । छैटौँ चरणको भन्सार सुधार तथा आधुनिकीकरण योजनाबमोजिम भन्सार प्रशासन सुधार गरिने लक्ष्य राखिएको छ । राजस्व प्रशासनको विभागीय प्रमुखमा पदस्थापन गर्दा आवश्यक पर्ने निश्चित योग्यता एवं कार्यानुभवसहितको मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिने नीति राखिएको छ ।

कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिको प्रतिवेदन कार्यान्वयन गर्दै लगिनुका साथै कर छुट दिँदा सरकारले त्याग गरेको करको हिसाब सरकारको वित्तीय प्रतिवेदनमा प्रतिविम्बित हुने गरी कर खर्च प्रणाली अवलम्बन गरिने नीति राखिएको छ । विकास सहायतासम्बन्धी नयाँ सम्झौता गर्दा आयोजनालाई कर छुट दिने व्यवस्था गर्नुको सट्टा कर फिर्ता वा निकासाको माध्यमबाट कर छुट प्रदान गर्ने व्यवस्था मिलाइने कार्यक्रम राखिएको छ ।

राजस्व चुहावट नियन्त्रण गर्ने कार्यक्रम अन्तर्गत राजस्व चुहावट नियन्त्रणसँग सम्बन्धित निकायलार्य क्रियाशील बनाई समन्वयात्मक रुपमा परिचालन गरिनुका साथै सीमामा कार्यरत राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायबिचको समन्वय सुदृढ बनाई सीमा व्यवस्थापनलाई प्रभावकारी बनाइने नीति राखिएको छ । चोरी निकासी, पैठारी नियन्त्रणका लागि संयुक्त गस्ती परिचालन र छड्के जाँच तथा सुराकी परिचालनलाई प्रभावकारी बनाइने उद्देश्य राखिएको छ । केन्द्रीय बिजक अनुगमन प्रणाली, आशिकुडा प्रणाली, भिसिटिएस सूचना प्रणाली, भूमि व्यवस्थापन तथा अभिलेख सूचना प्रणालीबिच अन्तर आबद्धता कायम गरी एकीकृत करदाता सूचना प्रणालीको विकास गरिने नीति राखिएको छ । आयात हुने मालवस्तुको मूल्याङ्कनका लागि नियमित बजार सर्वेक्षण गरी सङ्कलन गरिएको सूचनाका आधारमा सुदृढ, तथ्यपरक र वास्तविक भन्सार मूल्याङ्कन प्रणाली विकास गरिने कार्यक्रम राखिएको पाइन्छ ।

वर्तमान पन्ध्रौं योजना २०७६–२०८१ मा सार्वजनिक खर्च तथा प्रशासनिक सुधार कार्यक्रम

सोच :

- पारदर्शीता, जवाफदेही, जनउत्तरदायी, सदाचारयुक्त र आधुनिक प्रविधिमा आधारित विधिको साशन तथा सार्वजनिक खर्चको कुशल र नतिजामूलक व्यवस्थापनद्धारा समृद्ध अर्थतन्त्र निर्माण, सुदृढ र प्रगतिशील राजस्व प्रणालीको विकास गरी समृद्ध अर्थतन्त्र निर्माण गर्ने ।

लक्ष्य

- समग्र साशन व्यवस्थामाथि नागरिकको विश्वास अभिवृद्धि गर्दै विधिको साशन सुदृढ बनाउने । सार्वजनिक खर्चको कुशल, समन्यियक र नतिजामूलक व्यवस्थापन गरी उच्च आर्थिक वृद्धि हासिल गर्ने, आन्तरिक उत्पादन र आयमा आधारित करको बृद्धि गर्दै कुल गार्हस्थ्य उत्पादनको अनुपातमा एक तिहाइ राजस्व पुर्‍याउने ।

उद्देश्य

- सार्वजनिक निकायका कामकारबाहीहरूलाई जवाफदेही, उत्तरदायी, सदाचार र प्रविधिमैत्री बनाई जनसहभागिता र जनविश्वासको अभिवृद्धि गर्नु ।
- सार्वजनिक खर्चको विनियोजन दक्षता, कार्यान्वयन कुशलता र वित्तीय अनुशासन कायम गर्नु, उत्पादन, लगानी, व्यवसाय तथा करदातामैत्री एवम् स्वच्छ, तटस्थ, पारदर्शी र प्रगतिशील कर प्रणालीको विकास तथा स्वेच्छिक कर सहभागिताबाट अधिकतम राजस्व परिचालन गर्नु ।

रणनीति

- सबै किसिमका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने । राजस्व प्रशासनको विस्तार तथा आधुनिकीकरण गरी कुशल, व्यावसायिक र स्वच्छ बनाउने ।
- संघीय प्रणाली अनुरुप राजस्व प्रशासनको संरचनागत र प्रणालीगत पक्षमा सुधार गर्ने । आर्थिक विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाई थप लगानी/व्यवसायमैत्री बनाउने ।
- कर संरचना र दरमा सामयिक सुधार गरी कर प्रणालीलाई थप सरल र समन्यायिक बनाउने । सरकारका कामकारबाहीलाई पारदर्शी तथा प्रभावकारी बनाउन, सांगठनिक, कानुनी, प्रणाली तथा व्यवहारगत सुधार गर्ने ।
- विकास आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने समस्यालाई संबोधनगर्ने प्रविधिमाआधारित तत्काल समस्या समाधानगर्ने प्रणालीको विकास गर्ने ।
- राजनीतिक तथा प्रशासनिक क्षेत्रका जिम्मेवार पदाधिकारीको कार्यसम्पादनको स्तरलाई मापनयोग्य बनाई लागू गर्ने, सार्वजनिक निकायका काम कारबाहीप्रति सकारात्मक छवि निर्माण गर्ने ।

उपसंहार/निष्कर्ष

पुँजी बजारमा स्रोतको सुनिश्चितता गर्ने माध्यम पनि बैंकिंग क्षेत्र तथा बैंकिंग क्षेत्रमाथिको स्रोतमा मुद्रा बजार व्यवस्थापन र पुँजी बजारको स्रोत दुवैको लागि काम गर्नुपर्ने दबाब पैदा भएको छ । निक्षेपका स्रोत सीमित तर कर्जा माग उच्च हुँदा माग र आपूर्तिका बीचमा असमाञ्जस्यता कायम हुन गई असन्तुलन पैदा भएको स्थिति छ । वित्तीय बजारका पूर्वाधारहरु, सुरक्षाका प्रबन्धकहरु, वित्तीय पहुँच, वित्तीय साक्षरता, वित्तीय उपकरणहरुको सहजता, उपलब्धता आदिमा अपेक्षित बिस्तार गर्न नसकिँदा वित्तीय बजार प्रभावकारी बनाउनमा चुनौती थपिएको स्थिति छ । बैंक तथा वित्तीय संस्थामा संस्थागत सुशासन, पारदर्शिता, मितव्ययिता, सामाजिक उत्तरदायित्वको विषय आशातित रुपमा आशा गर्न नसकिँदा वित्तीय बजारमा केही अनियमितताहरु हुने गरेका छन् । नीतिगत रुपमा स्पष्टता, विभिन्न संयन्त्रहरुका बीचमा समन्वय, तथा बजार व्यवस्थापनका लागि आवश्यक विज्ञता, प्रक्षेपण क्षमता आदिमा पनि अपेक्षित सुधार र क्षमता विकास गर्न सकिराखिएको छैन । नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड, नेप्से, नेपाल सरकार अर्थ मन्त्रालय, संघीय सरकार, प्रादेशिक र स्थानीय सरकारहरु, बीमा कम्पनीहरु, बीमाको

नियामक निकाय, गैर बैंकिंग वित्तीय संस्थाहरु, सहकारी लगायतका निकायहरुका बीचमा आवश्यक समन्वय संयन्त्र नहुँदा मुद्रा बजारको कार्य एकीकृत र व्यवस्थित हुन सकिरहेको छैन । अनौपचारिक आर्थिक गतिविधिलाई औपचारिक बनाउँदै करको दायरामा ल्याउने, कर सहभागितामा गुणात्मक अभिवृद्धि ल्याउने, कर संकलन लागत र करदाताको कर परिचालन लागत घटाउने, कर प्रशासनलाई पारदर्शी, करदाता मैत्री र सदाचारमुक्त बनाउने । राजस्व चुहावटको नियन्त्रण, कारोबार मूल्यमा आधारित भन्सार जाँचपास प्रणालीको आधार बनाउने, बजारमा विल दिने लिने पद्धतिको विकास गर्ने, सबै तहको कर प्रशासनहरू बीच एकरूपता कायम गर्ने र प्राकृतिक स्रोतको उपयोग, कर संकलन र बाँडफाड बीच एकरूपता र समन्वय गर्ने, अन्तरसरकारी कर प्रणालीबीच समन्जस्यता र जनतामा करको अनावश्यक भार पर्न नदिने ।

राजस्व संकलन र बाँडफाड प्रक्रियालाई पारदर्शी बनाउन सूचना सञ्जाल तयार गर्ने, संघ, प्रदेश र स्थानीय तहबीच राजस्व प्रशासनलाई विद्युतीय सूचना प्रणालीमा रूपान्तरण गर्ने र अन्तर आबद्धता विकास गर्ने, प्रत्येक मन्त्रालयको बार्षिक बजेट खर्चको उत्तरदायित्व सम्बन्धित विभागिय मन्त्रीलाई सुम्पिइनु पर्ने । बिद्यमान करिब ४,५०० वटा भुक्तानी केन्द्रलाई करिब २,००० मा झार्ने । आर्थिक सूचना प्रणाली लागू गर्ने र व्यवस्थित गर्ने । धेरै शिर्षकमा बजेटलाई वर्गीकरण नगरी एकमुष्ट बजेट प्रणाली लागू गर्ने । सालबसाली खर्च, पूँजीगत खर्च र विविध खर्च शिर्षकमा बजेट वर्गीकरण गरी कार्यालय प्रमुखलाई खर्चमा स्वायत्तता दिने । आर्थिक बर्ष बैशाख १ गतेदेखि लागू गर्ने । बार्षिक रुपमा राष्ट्रिय दरभाउ निर्धारण गर्ने । आन्तरिक स्रोतको परिचालन र बाह्य सहयोगबाट भएको खर्चको छुट्टाछुट्टै स्पष्ट अभिलेख राख्ने । बैदेशिक सहायताको प्रभावकारी व्यवस्थापनमा जोड दिइनु पर्ने । लेखामा काम गर्ने कर्मचारीलाई आफूले काम गर्ने कार्यालयमा मात्र जिम्मेवार भए पुग्ने व्यवस्था मिलाउनु पर्ने । प्रोदभावी लेखा प्रणालीमा स्रेस्ता राख्ने व्यवस्था गरिनु पर्ने । लेखा प्रणाली सरल बनाउनुको साथै लेखापरीक्षणलाई वस्तुगत बनाई वास्तविक बेरुजु मात्र देखिने लेखा परीक्षण प्रणाली विकसित गरिनुपर्ने । महालेखा परीक्षकको कार्यालयले लेखापरीक्षण गर्ने कामको अतिरिक्त कार्यालयहरुलाई लेखापालन सम्बन्धमा उचित परामर्श दिने व्यवस्था पनि गर्नुपर्ने । जिन्सीको प्रभावकारी व्यवस्थापनमा प्राथमिकता दिइनु पर्ने ।

सार्वजनिक खर्च व्यवस्थापनसंग सम्बन्धित ऐन नियमहरु समसामयिक हिसावले तर्जुमा एवम् परिमार्जन गरिनुपर्ने । मुद्रा बजारलाई व्यवस्थित पार्दै वित्तीय मध्यस्थताको लागत जतिसक्दो कम गर्नुपर्ने हुन्छ । यसका लागि अल्पकालीन ब्याजदरमा स्थिरता कायम गर्दै दीर्घकालीन ब्याजदरको सुनिश्चितता, लगानीका लागि आवश्यक स्रोतको जोहो मिलाउनु नै मौद्रिक नीतिको मुख्य उद्देश्य बनाइनुपर्छ । जसबाट मात्र बजारमा मुद्रास्फीति नियन्त्रण, वित्तीय स्थायित्व कायम, भुक्तानी प्रणाली सबलीकरण र बाह्य क्षेत्र सन्तुलन कायम हुन जान्छ । जसका लागि निम्नानुसारका रणनीति अवलम्बन गर्नुपर्ने देखिन्छ । मौद्रिक नीतिको लक्ष्यलाई स्पष्ट रुपमा किटान गर्ने, दुई वा सोभन्दा बढी उद्देश्य राख्ने परिपाटीलाई हटाउने, मौद्रिक नीतिको प्रसारण संयन्त्र पुर्नपरिभाषित गर्ने, स्पष्ट प्रसारण संयन्त्र निर्माण गर्ने, मुद्रा बजारको क्षेत्र र कार्यक्रमहरु थप स्पष्ट पार्ने, मौद्रिक चरणहरुको प्रक्षेपण क्षमता, विज्ञता, प्राविधिक पक्षमा सुधार गर्ने, पुँजी बजारको विकास र व्यावसायिकता अभिबृद्धि गर्ने, नियमन तथा सुपरिवेक्षण क्षमता अभिबृद्धि गर्ने, नीतिगत विषयम ागहन विश्लेषण गर्ने परिपाटी विकास गर्ने, सार्वजनिक नीतिहरुलाई पूर्वअनुमानयोग्य बनाउने, विभिन्न नीतिहरुका बीचमा अन्तरसम्बन्ध स्थापित गर्ने, विषयहरुको गाम्भीर्यताका आधारमा दूरदर्शिता अपनाउने, बैंकहरुमा पारदर्शिता, संस्थागत सुशासन र व्यावसायिक स्वस्थता अभिबृद्धि गर्ने, विभिन्न निकायका बीचमा समन्वय संयन्त्र निर्माण गर्ने, अन्तरनिकायगत सञ्चार संयन्त्रलाई प्रभावकारी बनाउने, वित्तीय बजार व्यवस्थापनका लागि उत्तरदायी नीति तथा ऐनहरु बनाउने, मौद्रिक तथा वित्तीय समिति बनाई प्राविधिक विषयमा निर्णय गराउने आदि जस्ता कार्यहरु कार्यान्वयन गरिनु आवश्यक छ ।

सार्वजनिक खर्च व्यवस्थापनको सन्दर्भमा नीतिगत पक्षको भूमिका महत्वपूर्ण रहन्छ । किनभने यस्तो व्यवस्थापनले खास कार्य वा कार्यक्रमहरुको लागि मात्र नभई यसले समग्र अर्थतन्त्रको समेत ध्यान राख्नु आवश्यक हुन्छ । समग्र आर्थिक नीतिको मुख्य उद्देश्यहरु सामान्यतया आर्थिक बृद्धि स्थायित्व र समतामूलक विकास रहेको हुन्छ । सार्वजनिक खर्च व्यवस्थापन भन्ने पक्ष कुनै पनि राज्यको अवस्था अनुसार हुने गर्दछ । तर पनि यस्को आधारहरु पूर्णतया आर्थिक, सामाजिक, प्रशासकीय र कार्यान्वयन क्षमताको वास्तविकतामा आधारित रहेको हुन्छ । सार्वजनिक खर्च व्यवस्थापन नीति कार्यान्वयन गर्ने साधन भएकोले आर्थिक नीतिका सबै उद्देश्यहरु ध्यानमा राख्नु आवश्यक हुन्छ । वित्तीय स्थायित्वको लागि विशेषतः वित्तीय अनुशासन आवश्यक हुन्छ भने आर्थिक वृद्धि र समतामूलक विकास विभिन्न क्षेत्रमा सार्वजनिक कोषको बाँडफाँडको आधारमा प्राप्त गर्ने प्रयास गरिन्छ ।

आर्थिक कार्य प्रणालीको उद्देश्य नै वित्तीय जवाफदेही निश्चित गर्नु र ब्यवस्थापनका लागि आवश्यक सूचनाको प्रवाह गर्नु हो । यसका लागि देशको मूल कानुन संविधानले नै कार्य प्रक्रिया, संयन्त्र र आधारहरुको निर्दिष्ट व्यवस्था गर्नुका साथै संवैधानिक निकायहरुको भुमिका निर्वाहको सन्तुलन र नियन्त्रणको सीमारेखा पनि तोकेको हुन्छ । आर्थिक अनुशासन कायम गर्नका लागि नियम कानूनको संरचना र संस्थागत व्यबस्था मात्र पर्याप्त छैनन् । आर्थिक अनुशासनका लागि सार्वजनिक खर्च ब्यवस्थापनलार्य प्रमुख रुपमा अपनाउने कार्य सूचीले विश्वव्यापी प्रवेश पाएको छ । यसले साधनको उपलब्धि माथि जोड दिने, नीति तथा कार्यक्रम र साधन बीच उपयुक्त तालमेल मिलाउने, भरपर्दो र व्यबवस्थित वित्तीय ब्यवस्थापन प्रणाली अपनाउने, खर्चका प्रक्रियाहरु पारदर्शी बनाउने, कार्य सम्पादनलाई परिणाममुखी बनाउने तथा भ्रष्टाचार एवं अनियमितता नियन्त्रण गरी सदाचार वहालीका लागि कानूनी एवं संस्थागत ब्यवस्था कडा पार्ने कार्यमा जोड दिइँदै आएको छ । खर्च प्रणालीको अनुगमन गरी प्रति इकाई खर्चको उत्पादकत्व बढाउनु अवाश्यक छ किनकि साँघुरो कराधार, असीमित आवश्यकता, बढ्दो उपभोग खर्च, कमजोर आर्थिक आधारशिला जस्ता आर्थिक परिवेश एकातिर छ भने अर्कोतर्फ मौजुदा सुरक्षा व्यवस्थाका कारण सीमित साधन माथि पनि सुरक्षा खर्चको अंश बढ्दै गएको छ । यसको प्रत्यक्ष असर विकास खर्चमा परिरहेको छ ।

सङ्घीयतामा आर्थिक विकासका लीगि प्रभावकारी राज्य सञ्चालन जरुरी हुन्छ । यस प्रयोजनका लाग विवेकसम्म्त ढङ्गले राजश्व सङ्कलन गरी जवाफदेहीपूर्ण तवरले खर्च गर्ने र सेवा प्रवाह, विकास निर्माण, आर्थिक वृद्धि, गरिबी निवारण गर्ने लक्ष्य निर्धारण गरिएको हुन्छ । यी लक्ष्य प्राप्त गर्न सकेमा राज्यप्रतिको विश्वसनीयता अभिबृद्धि हुन्छ । प्रभावकारी राज्इ सञ्चालनका लीगि सबल सार्वजनिक वित्तीय व्यवस्थापन अतिआवश्यक हुन्छ । सार्वजनिक वित्तीय व्यवस्थापन कमजोर। भएमा स्रोत साधनको मितव्ययी दक्ष र प्रभावकारी उपयोग हुन सक्दैन । फलस्वरुप जनताको अपेक्षा पूरा हुन सक्दैन र मुलुक सधैँ पछाडि परेको हुन्छ । तसर्थ हरेक देशले वित्तीय व्यवस्थापनमा सुधारका प्रयासहरु सञ्चालन गरिरहेको पाइन्छ । सङ्घीयता कार्यान्वयनपश्चात् वित्तीय व्यवस्थापनलाई सङ्घको मात्र नभएर प्रदेश र स्थानीय तहसमेतको समग्र रुपमा लिनुपर्ने हुन्छ । त्यसैले सङ्घीयताको वित्तीय व्यवस्थापनले राज्यका तीन तहका सरकारले स्रोत साधनको प्राप्ति, बजेट निर्माण, कार्यान्वयन, खर्च, अभिलेखन एवं प्रतिवेदन, अनुगमन र लेखापरीक्षण सम्बन्धमा अवलम्बन गरेको नीति, विधि र प्रक्रियाको समष्टिगत रुपलाई जनाउँदछ । (स्रोतः रामुप्रसाद डोटेल, सङ्घीयतामा वित्तीय व्यवस्थापन, नेपालमा सङ्घीयताको अभ्यासः समीक्षा र मार्गचित्र, नेपाल नगरपालिका संघ, २०७८ फाल्गुण, पेज नं. ३२७) ।

सार्वजनिक वित्त व्यवस्थापनका मुख्य उद्देश्यमा समग्र आर्थिक अनुशासन कायम गर्ने, उपलब्ध स्रोत साधनलाई प्राथमिकताका क्षेत्रमा विनियोजन गर्ने, सार्वजनिक सेवाहरुलाई सक्षम र प्रभावकारी रुपमा विनियोजन गर्ने र वित्तीय जवाफदेहिता कायम गराउने रहेका छन् । त्यस्तै अन्य उद्देश्यमा सार्वजनिक खर्च व्यवस्थापनलार्य प्रभावकारी एवम् नतिजामुखी बनाउनु र यससंग सम्बन्धित वित्तीय जोखिमलार्य न्यूनीकरण गर्नु, समग्र वित्तीय अनुशासन पालना गर्ने,

स्रोत साधनहरुको रणनीतिक बाँडफाँड, स्रोतको प्रयोगमा प्रभावकारिता, कुशलता, पारदर्शिता र जवाफदेहिता पालना गर्ने, सेवा प्रवाहमा सुधार गर्ने नगद प्रक्षेपणीय अवस्था, स्रोतको अधिकार प्रत्यायोजन आदि), वित्तीय जोखिम घटाउने -बेरुजु, दातृ निकायको रकम अभाव, अनावश्यक वित्तीय दायित्व), साधन स्रोतको प्रभावकारी उपयोग गर्ने, व्यवस्थापकीय नियन्त्रण गर्ने, सूचना प्रणालीबाट जिम्मेवारी पूरा गराउने, प्रशासनिक खर्चमा नियन्त्रण गर्ने रहेका छन् ।

आर्थिक अनुशासनहीनता आउनुको पछि राजनैतिक नेतृत्व मात्र दोषी छैन, कार्य परिवेश, बाह्य वातावरण र सामाजिक मूल्य मान्यता पनि त्यत्तिकै जिम्मेवार छन् । समाजले राम्रो काम गर्ने र इमान्दारलाई कदर गर्न छाडेको छ । बिना परिश्रम र छिटो आर्जन गर्ने विषयले सामाजिक मान्यता नै पाएको छ । आर्थिक अनुशासन कायम गर्ने विषय भनेको व्यवस्थापनको कार्य हो । व्यवस्थापन जागरुक र सचेत छैन भने नियम कानून र संस्थागत व्यवस्थाले मात्र केहि उपलब्धि हासिल गर्न सकिँदैन । विषय मन्त्रालयका सचिवलाई प्रमुख लेखा उत्तरदायी अधिकारीको रुपमा आर्थिक प्रशासन सम्बन्धी ऐन कानूनले स्थापित गरे तापनि आर्थिक कारोबार र सरकारी सम्पत्तिको निरन्तर अनुगमन र सुपरीवेक्षण गर्ने, सूचना लिने, प्रोत्साहन र कारवाई जस्ता प्रशासकीय कारवाही गर्ने, वित्तीय अवस्थाको विश्लेषण गर्ने विषयमा अपर्याप्त रुपमा ध्यान गएको पाइँदैन ।

सहायक ग्रन्थहरु

- डाँगी डम्बरजंग, नेपालको अर्थशास्त्र, धौलागिरी बुक्स एण्ड स्टेशनरी, काठमाडौं, दोस्रो संस्करण २०६६ वैशाख ।
- सापकोटा विशाल, सार्वजनिक खर्च व्यवस्थापन, पुँजीगत खर्चका सवाल र सुधारका उपायहरु, कर्मचारी २०७९, भदौं, वर्ष १५, अंक १५, नेपाल निजामती कर्मचारी युनियन, केन्द्रीय कार्यसमिति, बबरमहल, काठमाडौं, नेपाल ।
- मुकुन्द शर्मा पोखरेल, नेपालमा सार्वजनिक खर्च व्यवस्थापनको आवश्यकता, आर्थिक मिमांसा, अंक १८, २०८० चैत्र, नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाडौं, नेपाल ।
- सापकोटा विशाल, नेपालको सार्वजनिक खर्च ब्यवस्थापन : ब्यवस्था, अवस्था र कार्यदिशा, रसद, २०७९, वर्ष ९, अंक ८, २५ औँ वार्षिकोत्सवको अवसरमा नेपाल इन्टरमोडल यातायात विकास समितिको प्रकाशन, चोभार, कीर्तिपुर –६, काठमाडौँ नेपाल ।
- मैनाली गोपीनाथ, बजेट चक्रका चरण र पुँजीगत खर्चबीचको सुधार, लेखापरीक्षण पत्रिका, वर्ष ४१, अंक ९४, असार २०७९, महालेखापरीक्षकको कार्यालय, अनामनगर, काठमाडौं, नेपाल ।
- अर्याल बालकृष्ण, पुँजीगत खर्च : समस्या र समाधान, कर्मचारी २०७९, भदौं, वर्ष १५, अंक १५, नेपाल निजामती कर्मचारी युनियन, केन्द्रीय कार्यसमिति, बबरमहल, काठमाडौं, नेपाल ।
- पन्थी शंकरप्रसाद, नेपालमा आर्थिक कार्यविधि सञ्चालन सम्बन्धी कानूनी एवं संस्थागत व्यवस्था, शासन र सेवा प्रवाह, नेपाल निजामती कर्मचारी संगठन, खानेपानी मन्त्रालय, विभागीय कार्यसमिति, सिंहदरबार, काठमाडौं, प्रकाशनः २०७९ भाद्र ।
- मैनाली दीर्घराज, राजस्व चुहावट नियन्त्रणमा राजस्व अनुसन्धान विभागको भूमिका, नेपाल (द्वैमासिक), वर्ष ४९, अंक १, पूर्णांक २२७, संयुक्तांक २०७७, सूचना तथा प्रसारण विभाग, नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, काठमाडौं, नेपाल ।
- श्रीवास्तव दिलिपकुमार, राजस्व चुहावटका कारण र नियन्त्रणका उपाय, नेपाल राष्ट्र बैंक समाचार, ६८ औं वार्षिकोत्सव, विशेषाङ्क, वैशाख १४, २०८०, नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाडौं, नेपाल ।
- अधिकारी सुरेश, शासन प्रणाली तथा समसामयिक विषय, परिमार्जित सातौं संस्करण, २०७६, करीयर काउन्सिलिङ्ग सेन्टर प्रा.लि., रानीबारी, काठमाडौं, सातौं संस्करण २०७६, नेपाल ।
- आचार्य युवराज, सार्वजनिक उत्तरदायित्व, राजस्व, वर्ष ४३, अंक २, २०७९ पौष, नेपाल सरकार, अर्थ मन्त्रालय, सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र, हरिहरभवन, ललितपुर, नेपाल ।
- नेपालको संविधान, नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून किताब व्यवस्था समिति, २०७८ साल चैत्र, काठमाडौं, नेपाल ।
- डा. जोशी श्याम, नेपालको अर्थशास्त्र, नविन प्रकाशन, काठमाडौं, संस्करण २०६५ ।
- हाडा गम्भीर बहादुर, नेपालमा सरकारी आयको स्रोत -चुहावट तथा समस्या र सुझाव –एक विवेचना, गुञ्जन -त्रैमासिक), वर्ष ६, अंक २, २०५९, आश्विन, काठमाडौं ।

Future of trade and tourism between rising China and Nepal

Namuna Karki Dahal*

The future of trade and tourism between rising China and Nepal in 2033 is more optimistic than current period. The paper is focused on the status of the trade and tourism between China-Nepal and its positive consequences in the future. This paper aims at recommending the policy options to the Government of Nepal for the enhancement of its relationship with northern neighbour China for prosperous growth and development of the nation.

China-Nepal diplomatic relationship was established and formalized in 1955 based on the peaceful co-existence, the Panchasheel with sharing features of friendliness, mutual support with respect to each-other's sovereignty, regional integrity and independence (MOFA Nepal, 2018). Commitment of Nepal to prohibit anti-China protest and one China policy is evident to the peaceful co-existence. A 1414 kilometres of Himalayan range boarder mainly with Tibet Autonomous Region (TAR) is shared by two nations beside the fact China is 65 times bigger than the Nepal.

China is the top five leading traders for both merchandise exports and imports in 2016 whereas Nepal suffered trade deficit (WTO, 2017). Moreover, the second biggest transaction of the Nepalese trade is with China, data reveals US$ 181 million of total exports in 2015/16 made to China from Nepal with increase of US$ 2 million (MOFA, Nepal 2018). Import percentage also increased by 39% per annum, total of US$ 1247 million imported in year 2015/16 (ibid). The current trade is not satisfactorygiven China has allowed no tariff for more than 8000 Nepalese products mainly noodles, timber, medicinal herbs and tea (ibid).

Trade openness empowers unindustrialized economies to import innovative technologies form developed economies (Shahbaz, et all., 2014). Hence, trade openness is vital factor to stimulate industrialization, enhance productivity and creativity and expansion of the business. The future relation of the global leader China and a small, landlocked country Nepal seems positive as there are many Memorandum of Understandings (MOUs) signed by the both nations in many development sectors of Nepal including Transit and Transport Agreement, bilateral development agreements, hydroelectricity production agreements and infrastructure development agreements (ibid). In 2017, between Nepal and China a memorandum of understanding on cooperation under the Belt and Road Initiative signed with expectation of innovative paths on concurred extent to open.

In Lonely' planet's "Best Value Destination" Nepal has ranked 5th on the top ten destinations guidebook and only country to fall under that list from South Asia in 2016 (Kathmandu Post, 2016). As a Himalayan country in the world Nepal has Highest peak in the world the Mount Everest (Sagaramatha, 8848 kilometres) and among 10 highest peaks in the world Nepal has altogether 7 highest mountains (Department of Tourism, Nepal, 2018). Similarly, as a lonely planet or virgin land Nepal has many natural reservation centres with wide range of flora and fauna, grassland, adventures like paragliding, bunji jumping, rafting, hiking, mountaineering and diverse cultural and religious activities (ibid).

---

* कार्यालय प्रमुख, कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय, बबरमहल, काठमाण्डौ।

Tourism industry is the one of the vital source of Nepalese economy accounting for 7.5% GDP per year (Chowdhury, 2018). China is the second largest source of tourists for Nepal (MOF, Nepal 2018). Annually, more than 100,000 Chinese tourists visit Nepal, and to promote Nepalese tourism, the Government of Nepal has exempted visa fee for Chinese nationals from 2016, similarly the Chinese government has promoted Nepalese tourism and announced the year 2017 as Nepal Tourism Promotion Year in China. Therefore, the Chinese Government has showed its interest in building road and rail connection to all entry-points of Nepal as well as strengthening the air linkages for instance Pokhara International Airport (ibid).

As a least developing country in the world, Nepal has many physical and strategical challenges to develop infrastructure and maintain neutral relationship with two rising giants they are China and India. If Nepal succeeds in maintaining harmonious relationship with rising China, it will certainly help for future development in the sector of trade and tourism in Nepal.

The two drivers presented below will significantly impact the future trade and tourism of Nepal with by 2033.

Driver 1: infrastructure development in Nepal: rapid vs slow

Nepal as a landlocked country, fully relies upon Indian ports for trade and therefore sometimes faces numerous trade related problems (Sharma, 2018). As a hope and key driver for development of Nepal, China and Nepal has drafted and finalized a protocol to allow Nepal to use Chinese port for trading (ibid). The nearest port in China from Nepal is in distance of 1625 miles and lack of proper infrastructure it is not easy for Nepal to use these Chinese seaports (ibid). Three Chinese ports namely, Tianjin, Shanghai and Guangzhou and two terrestrial ports are recognized for trade between Nepal and third country through China land (The Kathmandu Post, 2018). Many proposals of dropping duty on imports of raw materials to balance the trade deficit of Nepal and upsurge entry of Nepalese goods to Chinese marketplace are in the process. Nepal is also looking for trade facilitation with China. Moreover, the major infrastructure developments with support of China to Nepal are roadways, ports, railways and air linkage as means of connectivity, hydropower and other infrastructure and trade (Guoxiu, 2018).

Further, under Belt and Road Initiation (BRI), a cross-border railway network connecting Kathmandu to Gyirong trading port in the Tibetan city of Xigaze (Hongkong Free post, 2018). If all projects and MoUs signed between Nepal and China are gradually implemented, Nepal's economy will be transformed. Beckley, 2012 claims globalization permits the country to exploit its comparative advantages, interests economic activities and manipulates the transnational system to its benefits. Cooperation with China at the reconstruction phase after great earthquake of 2015, succeed to reopen the Tatopani trading point and started import and export between two nations. Under BRI, other interconnectivity projects in south-north corridors of Nepal have been forwarded by the Ministry of Physical infrastructure and Transport (The Kathmandu Post, 2018).

Further, both governments are having series of meeting to finalize various due MOUs and accompanying a practicability studies for railways and trade agreements for no tariffs (ibid). According to theory of convergence, it is believed that low-economic nations are more probable to gain its economic progress than the high-economic ones (Beckley, 2012). In addition, use of advanced technologies can lead to better result, for instance, China is succeeding to narrow the World GDP and became a leader in world economy (ibid). If all these signed and committed project once started and completed, Nepal will have easy intra-national connectivity with South Himalayas to North Terai basin and will favour domestic trading and transportation. Previously Nepal had 1 percent trade with China in 1959/60s and now it outperformed trade with India and increased 17 times since 2006 (Nepal, 2017). In addition, China-Nepal trade in skyrocketed in the ways doubled trade deficit in the period of 2010-2015 and Nepal

have share of 14 percent of total trade volume (ibid). Likewise, infrastructure supported trade will also have fostered between the China and Nepal and it is assumed that looking at current trade status imports from China is consistently growing at a rate of 39 percent annually (ibid).

Alternatively, BRI project is ambitious for China because it will facilitate the Chinese trade in South Asia viz. India because Nepal is India-locked on three side with three populated states of India (Nepal, 2017). So, it is assumed that China is willing to start and operate its infrastructure connectivity via different routes with Nepal to globalize its trade all over the South Asia. At present, the infrastructure development in Nepal is presumed to be rapid rather than slow due to initiation taken by the giant China for its BRI project and to keep its influence in the Himalayan territory as it acts as security terrain with India. As Least Developing Countries (LDC) status Nepal has many challenges to upgrade in developing country by 2022 (NPC, 2018). To achieve this goal Nepal, must increase its gross national per capita income, and increase Human Development Index (HDI) in all three index that is health, nutrition and education. If infrastructures are rapidly developed, Nepal will able to accomplish the goals. However, failure to rapid growth or infrastructure development to attain economic goals and increase trade and tourism in Nepal will negatively influence to the overall development of the Nepal.

On the other hand, sluggish pace of infrastructure development will further aggravate the trade with neighbouring countries, erode the competitiveness of Nepalese industries, and impede the access in the international market.

Driver 2: role of India: Indian pressure high vs low

The role of India in developingNepal's trade and tourism development is another key driver. The pressure from India either high or low will determine the overall development of Nepal due to provision of Peace and Friendship treaty.

India and Nepal share traditional culture, close friendly relationship and cooperation characterized by open boarder and fixed exchange rate. This deep-rooted alliance legalized with The India-Nepal Treaty of Peace and Friendship 1950 (MEA, 2018). Another rising giant in the South Asia is India with third highest economy in the world and second largest trading partner of Nepal. Bilateral trade increased by 61.2 percent in the year 2015/16 and India's export to Nepal for the same year worth US$ 4.48 billion and Nepal's export US$ 371 million (ibid). Nepal largely relies on India for trade as it is using the Indian seaports for export and import of goods. Under Indian government assistance many projects are operating in Nepal and some are in planning phase including the check-post in the border of Nepal and India.

In addition, sharing a similar culture, language and deep kinship India has a kind of dominance in Nepalese politics and geopolitics as well. There is a tradition developed as every new prime minister or president visit India as their first international visit. India has a kind of reservation to new constitution of the Nepal and pressurized Nepal to not pass that constitution, but government of Nepal promulgated the constitution with majority despite disapproval form some of the minorities parties (Bhattarai, 2018). Thereafter, Indian government imposed an unofficial economic blockade for almost five months immediately after the great earthquake 2015 (Nepal, 2017). Nepalese suffered due to blockage of foods, medicine, oils, gas and other essential goods that Nepal used to import form third countries. Nepal's Prime Minister K.P. Oli then talked with China and initiated trade with china in more collaborate way and requested to allow Nepal to use their seaport to export and import from third nations. China and Nepal inked historic trade and transit agreement to reach the unprecedented modification between two countries to eliminate the domination of Indian Oil Corporation (IOC) over Nepal's energy resources.

Indian supremacy to a landlocked and 22 times smaller country Nepal is sometime extremely unacceptable for many reasons. Nepalese Prime Minister Oli has been a little bit against Indian monopoly but due to provision of previous treaties and agreement he is legally bonded to act against rising India. During his first visit as recently elected Prime Minister of Republic Democratic Nepal, he clearly addressed that current focus of Nepal will be on economic diplomacy and looking for a trustworthy relationship with India deprived of doubt (Gupta, 2018). He further expressed his desire to treat by India equally respecting the national sovereignty and stay far from domestic affairs (ibid). Border disputes in Western Nepal namely Susta and Kalapani is mainly India initiated and due to open border provision, the pillars are not reconstructed and repaired (Bhattarai, 2018). However, is not willing to resolve that argumentative matter and Nepalese leaders are not able to raise question on this issue due to dominating nature of India (ibid).

When Chinese collaboration with Nepal is getting increased, India is attempting to recover Indo-Nepal alliance with several counteractive trials such as, infrastructure assistance by signing the many railways line in eastern Nepal (Gupta, 2018). Lack of India's clarity and consistency in its approach towards Nepal leading many Indian projects uncompleted and is not proactive towards Nepal (Upreti, 2016). Therefore, future role of India toward Nepal is uncertain either it could be high pressure in terms of Nepalese engagement with China for advancing trade and transit. Further this will have negative consequences in the development of Nepal. Reason for that is south, east and western Nepal is connected to the India and open borders favours more illegal activities and anti-China protest that will be against the Nepal's commitment towards One China policy. If Indian pressure remain low and less interfering and Chinese projects are operated within time frame it will certainly favours economic growth of Nepal.

Rapid infrastructure development



Slow infrastructure Development

Scenario 1. Positive Impact in development

By 2033, Nepal will be promoted from developing country status to middle income country status as committed to achieve Sustainable Development Goals (SDGs) (NPC, 2018). Low/neutral Indian pressure to Nepal and rapid infrastructure development will turned positive for trade and tourism development of the prosperous Nepal.

Railway linkage under BRI, Tibet Autonomous Region (TAR) and Kathmandu, capital city of Nepal will physically have connected. Cross-border railway connection from Tibet to Lumbini the western Nepal is believed to be a turning point in the development sector of the Nepal. This railway tract will directly connect Nepal to the seaport in the Gyirong. Thereafter, Nepal will be participating in global trading system via availability of the transport to import its local production to the third countries of the world.

India also has committed many rail-track networks and hope to accomplish that in 15 years from now with other rapidly growing infrastructure development. To facilitate import and export India has proposed to make rail-linkages in the two entry ports namely Jogbani-Biratnagar and Jayanagar-Janakpur (Gupta, 2018). These projects are top prioritized by Indian government in phase-I. Rapid infrastructure development is only possible when India has low pressure in domestic and international relationship of the Nepal with its donor countries. This further leads to fill the trade deficit of Nepal and will move towards positive trade relation with neighbouring nations and third world as well. Nepali Prime Minister Oli, on his official meeting in India, invited and welcomed Indian investors to invest in its next-door nation with similar cultural and sociological background along with investment across the globe (Bhattrai, 2018). From 15 years now, people from China and India will travel in train to visit Nepal as a main cultural tourism and adventurous destination. So, the tourism industry in virgin land will also have significant impact in the development of Nepal through sharing the culture of south to north.

Motorways access to Himalayan and remote hilly part of Nepal is challenging development sector. Geographic spatial remoteness is the main obstacle for surface transport in Nepal and causing numerous fatal accident and loss of lives. However, Nepal has established road connection to all 77 districts but not the quality of road is maintained or blacktopped. By 2033, all intranational road will be of international road safety standards and within access of all Nepalese citizen to feel development in real. Local unique products like tea of Ilam will have reach to people of Mustang in the Far-West region of Nepal.

Airway linkage is another plausible way to impact positively in the development of the Nepal. One of the best tourism destination in the world Nepal has limited access to airways. One international airport and suffered with air traffic is the hurdle to foreigners. To resolve this situation Nepal is planning to construct two international airports in two different part on the country. From 15 years now, these international airports with maximum capacity to hold aircrafts will enhance the air-connectivity of Nepal to the world and the numbers of the passengers will be high. This will maximize the possibilities tourism in Nepal namely health tourism, adventurers' tourism, education tourism and so on. So, it is obvious to impact development of Nepal from rapid infrastructure development and low Indian pressure.

Hydropower is one of the maximum potential sector in the energy sector of Nepal and causes no pollution with renewable source. It is estimated that, Nepal has approximately 40000 Mega Watt (MW) of economically feasible hydropower potential (NPC, 2018). However, approximately 600 MW of hydropower is developed at present situation.The demand of the total public is not covered by the total supply. Many Chinese and Indian big-hydropower projects are under construction phase and it is forecast that after accomplishment of these projects Nepal will be able to export its hydroelectricity with many countries. Furthermore, the industrial sector will directly benefit and productivity of the nation will be high. Trade openness affects energy demand via scale effect, technique effect and composite effect, other things being same trade openness increase economic activities that stimulates domestic production and hence economic growth (Shahbaz, et all, 20114).

Early warning indicators

Scenario presented above are vital for positive development of Nepal by 15 years from now as the economic interdependence of Nepal towards China is accelerating. China will be one of the leading power by 2025 and may overtake the United States by 2030. China will hold the 20 percent of world GDP with annual growth rate of 7 percent similar to that of the United States (Subramanium, 2011). Hence it is truly willing to support poor neighbour and promotes its global trade via ambitious BRI project.

History of old-age relationship and number one donor to the Nepal, China has showed more interest in infrastructure development on the sector of connectivity, hydropower and other infrastructure development to support BRI project. If all Chinese projects implemented according to expected time frame, there will be massive development in the various regions of the Nepal. However, it seems sceptical due to India-China relation of geopolitics and other issues. Both are emerging superpower that walks on the path of global dominance in sector of innovation and development along with increasing military power. There are both security and economic incentives for China to cooperate in the development of Nepal. First, China may be willing to treat Nepal as their security border from Indian side and want to influence Nepal's political support by economic donations.

Low pressure from India on Nepal's engagement with China in this scenario is expected because they might have realized the implication of over-pressurized and dominance in internal affairs of Nepal with massive anti-Indian protest. Therefore, 15 years from now they will guide the relationship on the independence and sovereignty of Nepal and cooperating in development of the Nepal without troubling much.

Scenario 2: Negative impact in development

If there is slow development pace and pressure from India remains high there will be negative impact in the development of the Nepal. Nepal as a weak, small and landlocked state for India and 'wedge state' for both emerging superpowers China and India (Rijal, 2015). Furthermore, Nepal as Least developing country and land-locked country have only access to two ports of India. Therefore, if will still have dominance on its internal and international affairs then it couldn't concentrate on development activities due to Indian pressure and leads toward negative development of the Nation 15 years from now. Similarly, slow pace of development is waste of time and money in the technological era of 2033.

India remains special friend of Nepal and this special relationship is now causing more problems than prosperity for Nepal and unable to develop equitable relationship with other powers especially China (Kumar, 1990). In 1960, Nepal's attempt to maintain impartial relationship with both giant neighbours were turned into crisis and that changed the government as well and India forced to maintain a special relationship with India rather than a normal relationship (ibid). Therefore, if there will be high Indian pressure for Nepal to develop alliance with China, then repeatedly there will be some unseen but predicted crisis for Nepal for example blockade of ports for trade. India possess the power to turn the government of Nepal and bring the political party that obey their commands.

India has been using economic relations as an instrument regarding security convergence with northern frontier due to easy access to anti-India activities related to open border between India and Nepal (Murthy, 1999). Political instability in Nepal could be the main cause of high Indian pressure towards for making alliance with third countries. Limited association in globalizing world can impact the numbers of fund and grants assistance entering to Nepal. So that this will impact negatively in the infrastructure development and international linkages to the world as

well.

Trade and tourism in Nepal directly associated with unobstructed entry and exit of goods and service. Deliberate infrastructure development leads to minimize capacity of domestic as well as foreign movement in Nepal caused by no provision of surface and air ways. People particularly from China enthusiastic to visit Nepal are not able to come because of limited access of airways in Nepal. Hence, they must come from Indian border if they choose to surface travel and if they choose airways long waiting to get tickets can irritate them and they will rather choose third country to visit. Reasons for slow infrastructure development in Nepal 15 years from now could be unavailability of the raw materials needed for construction, inability of Nepal to maximum utilization of its local resources due to limited numbers of industries, geopolitical conflicts with neighbouring countries and internal political and social imbalance.

Nepal as one of the poorer country in the South Asia with more than 25 percent of people living below the international poverty line will significantly affected from the slow pace of development to attain the Sustainable Development Goals to defeat the poverty and achieve prosperity. Slow pace of infrastructure development and high pressure from India will definitely cause negative impact on the development of Nepal in 2033.

Early warning indicators:

There are several early warning indicators for this scenario whichcould be worst for overall development of Nepal. Scenario concerned with rising Indian pressure for Nepal and its consequences in the development of Nepal. India is one of the major donor and supporter from past and influences policy and strategies of Nepal related to third nation alliance. Similarly, emerging superpower to the globe with leading economy and growth rate of 7-8 percentage in next 15 year may increase its dominance over Nepal. It may cut-off the aids to Nepal and can charge more to use harbors for trade to Nepal. Likewise, frequent interference with internal affairs of Nepal and high pressure of India on power of unequal treaties may increase anti-Indian movements in Nepal with intention to maintain sovereignty. This further deterioration in development of Nepal with limitations in trade and tourism due to unfavourable situation of the nation.

Policy recommendations

Nepal's policy towards China: Nepal should take advantages of the emerging economic and innovative power of China by capitalizing the resource for overall prosperous development of Nepal. Nepal is committed to One -China policy and continued to it because of non-interference agreement to each-other's internal matters. Therefore, anti-Chinese activities in Nepal is prohibited by the government, to remain stick on that policy. In this pretext, Government of Nepal should gradually enhance its engagement with China in its development. It should also move forward with the help of private sectors.

For rapid infrastructure developments, Government of Nepal should have clear mandate on operationalization of the development activities. The legal procedures of signing memorandums, contracts and agreement conducted in transparent way and proposals in timely revised manner. More incentives and attractions should be provided to Chinese nationals for promoting tourism industry in Nepal. Like it hasexempted visa fee for Chinese citizens done by Chinese tourists. More attention is needed to develop recreational facilities for engaging them at home. Preparing warm and welcoming local environment is also significant in attracting them.

Policy of cultural exchange and extension between two neighbours also foster the mutual relation and this increase the numbers of Chinese people visiting Nepal thus, tourism industry will enhance.

To promote trade via infrastructure development Nepal should insure the favourable environment in any development sector like hydropower, roadways, railways and airways. The Government should invest more of its resources in connectivity under BRI without teasing India for the moment. It should explore other quiet ways of promoting deeper engagement with Chinese money and mind. Further, Nepal should encourage Nepalese traders to increase the Nepalese craft business, herbs and timbers export with China by providing additional bank loan free of interest and such more business appealing strategies. Moreover, Nepal should as a substance of firmness seek Chinses advice for comprehensive trade and tourism advancement as per required.

Nepal must act as realistic in its trade with emerging and world leading partner relative to own context. Nepal's overall economic, social and political development can be possible through proper advice, strategic lessons, and practices they implemented in their setting can be a good measure to practice on its setting and largely helpful to develop plan and strategies to stimulate trade and tourism in Nepal.

Nepal is committed towards One-China policy and must be stick on it and should avoid any kinds of anti-Chinese remonstrations and activities to maintain friendly political relationship with China. Moreover, it should also respect the dignity of Chinese sovereignty and faithful to obligations of the signed Friendship Treaty.

Last but not least, Nepal should maintain a harmonious relationship with India as it is wedged between two giants and both are global leaders in terms of economic development. Nepal should be able to take advantages of both situations with maintain neutral friendship. Nepal should be balanced with both India and China as both are vital for Nepal in its development.

References:

Beckley, M 2012, 'China's century? Why America edge will endure,' International Security, vol. 36, no. 3, pp.41-78.

Bhattarai, DK 2018, 'Resetting India-Nepal relations,' *The Diplomat*, viewed on 30 October 2018,

<https://thediplomat.com/2018/04/resetting-india-nepal-relations/>.

Chowdhury, RD 2018, 'Chinese tourists are flooding into Nepal, and the floodgates haven't even opened,' South China Morning Post, 24 February, viewed 13 September 2018,

<https://www.scmp.com/week-asia/business/article/2134528/chinese-tourists-are-flooding-nepal-and-floodgates-havent-even>.

Department of Tourism, Nepal, <http://www.tourismdepartment.gov.np/mountain>.

Guoxiu, W 2018, 'China and Nepal sign 14 infrastructure and connectivity deals,' viewed on 1 November 2018,

<https://news.cgtn.com/news/3d3d514f77676a4d78457a6333566d54/share_p.html>.

Gupta, DB 2018, 'Equality has to be the basis of future Indo-Nepal relationships,' viewed on 30 October 2018,

<https://m.dailyhunt.in/news/india/english/india+press+agency-epaper-indpres/equality+has+to+be+the+basis+of+future+indo+nepal+relations-newsid-85332443>.

Hongkong Free Post, 2018, 'China Nepal to build rail link connecting Tibet and Kathmandu,' viewed on 1 November 2018,

<https://www.hongkongfp.com/2018/06/23/china-nepal-build-rail-link-connecting-tibet-kathmandu/>.

Kumar, D 1990, 'Managing Nepal's India Policy,' *Asian Survey*, vol. 30, no. 7, pp. 697-710.

Ministry of External Affairs, 2017, 'India-Nepal Relations' viewed on 31 October 2018,

<https://www.mea.gov.in/Portal/ForeignRelation/Nepal_November_2017_new.pdf>.

Ministry of Foreign Affairs 2018, Official home page, Ministry of Foreign Affairs, Kathmandu, viewed 11 September 2018,

<https://mofa.gov.np/nepal-china-relations/>.

Murthy, P 1999, 'India and Nepal: Security and economic dimensions,' Strategic Analysis, vol. 23, no. 9, pp. 1531-1547.

National Planning Commission, viewed on 27 October 2018, <www.npc.gov.np>.

Nepal, MR 2017, 'China and Nepal: global power in the neighbourhood,' 21st Century Global Dynamics, vol. 10, no 84, viewed on 31 October 2018,

<http://www.21global.ucsb.edu/global-e/december-2017/china-and-nepal-global-power-neighborhood>.

Rijal, S 2015, 'In search of autonomy: Nepal as a wedge state between India and China,' *ProQuest publication*.

Sharma, G 2018, 'Nepal says China to allow access to ports, ending Indian monopoly on transit,' Reuters, 7 September, viewed 10 September 2018,

<https://www.reuters.com/article/us-china-nepal-ports/nepal-says-china-to-allow-access-to-ports-ending-indian-monopoly-on-transit-idUSKCN1LN1KJ>.

Subramanian, A 2011, 'The inevitable superpower: why China's dominance is a sure thing,' *Foreign Affairs*.

The Kathmandu Post, 2016, 'Nepal named the world's best value destination,' viewed on 28 October 2018,

<http://kathmandupost.ekantipur.com/news/2016-10-26/nepal-named-the-worlds-best-value-destination.html>.

Upreti, CB, 'India-Nepal relations: complexities, misperceptions and irritants,' *Indian Foreign Affairs Journal*, vol.11, no. 2, pp. 108-115.

World Trade Organization 2017, World trade statistical review 2017, World Trade Organization, viewed 10 September 2018,

<https://www.wto.org/english/res_e/statis_e/wts2017_e/wts2017_e.pdf>.

नेपालको सार्वजनिक वित्तीय व्यवस्थापनको कार्यसम्पादनः सन्दर्भ तेस्रो पेफा मूल्याङ्कन

गोकुल बाँस्तोला*

सार्वजनिक वित्तीय व्यवस्थापन

सरकारको आम्दानी र खर्च एवं सो को समग्र व्यवस्थापनसँग जोडिएको बिषय हो सार्वजनिक वित्तीय व्यवस्थापन।सरकारको सञ्चित कोषमा हुने सबै खालका प्राप्ति र सो कोषबाट हुने भुक्तानी वा सार्वजनिक कोषबाट हुने खर्चको लेखांकन, प्रतिवेदन, लेखापरीक्षण एवं सार्वजनिक जवाफदेहिता निर्वाहका समग्र बिषयहरू सार्वजनिक वित्तीय व्यवस्थापनको अवधारणा भित्र समेटिन्छ। मुख्यत: सार्वजनिक स्रोतहरूको प्रभावकारी र पारदर्शी रूपमा परिचालन एवं उपयोग गर्नका लागि आवश्यक नीति, कानुन, प्रक्रिया, यससँग सम्बन्धित संस्थाहरू तथा समग्र प्रणालीको समग्रता नै सार्वजनिक वित्तीय व्यवस्थापन हो । सार्वजनिक वित्तीय व्यवस्थापनको प्रमुख ध्येय सरकारको कोषमा हुन प्राप्ति र कोषबाट हुने खर्च प्रणालीलाई अनुमानयोग्य, पारदर्शी, विश्वसनीय बनाई जनविश्वास आर्जन गर्नु नै हो भने समग्र वित्तीय व्यवस्थापनलाई प्रभावकारी, कुशल र दिगो (Sustainable) बनाउँदै जनताको करबाट प्राप्त रकमको सहि मूल्य (Value for Money) स्थापित गर्नु पनि उत्तिकै महत्वपूर्ण पक्षको रुपमा रहेको हुन्छ।

सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) र पेफा (PEFA)मूल्याङ्कन

सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्वअर्थात पेफा कुनै पनिमुलुकको कुनै पनि तहको सार्वजनिक वित्तीय व्यवस्थापनको एक निश्चित अवधिकोकार्यसम्पादनको मापन गर्ने प्रभावकारी र प्रमुख औजार हो। कुनै मुलुकको सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली कतिको बलियो र प्रभावकारी छ, यसको कार्यसम्पादन स्थापित र स्वीकार्य मूल्यमान्यता अनुरुपको छ,छैन भनीविभिन्न आयामबाटकार्यसम्पादनको मापन गर्ने आधारका रुपमा सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व)Public Expenditure and Financial Accountability-PEFA)अवधारणाको विकास भएको पाइन्छ। पेफालाई विश्वव्यापीरूपमानै सार्वजनिक वित्तीय व्यवस्थापन सुधारको लागि एउटा महत्वपूर्ण औजार (PFM Reform Tool) का रूपमा समेत स्वीकार गरिएको पाइन्छ ।

एक निश्चित समयमा सार्वजनिक वित्तीय व्यवस्थापनका समग्र पक्षको गहनरुपमा, यथार्थपरक सूचकहरूमा आधारित भएर प्रमाणमा आधारित मूल्याङ्कन तथा मापन गरी वास्तविक धरालतीय अवस्था पत्ता लगाउने कार्य नै पेफा मूल्यांकन हो । यसले मुलकुको सार्वजनिक वित्तीय व्यवस्थापनको विस्तृत रुपमा तर सुक्ष्म तवरमा परीक्षण (Scanning) गर्ने कार्य गर्दछ । पेफा मूल्यांकनले सार्वजनिक वित्तीय व्यवस्थापनका संस्थागत, नीतिगत र प्रक्रियाहरूको पूर्व निर्धारित सूचकहरूको आधारमा प्रमाणमा आधारित भएर समग्र कार्यसम्पादन स्तर मापन **A, B, C** र **D** गरी चारवटा स्तरमा गरिन्छ।

D स्कोरले आधारभूत स्तरभन्दा कम वा तलको कार्यसम्पादन भएको अथवा कार्यसम्पादनको मापन गर्न पर्याप्त सूचना/तथ्याङ्क/प्रमाण नभएको भन्ने देखाउँछ भने अन्तर्राष्ट्रिय असल अभ्यासका सीमित तत्त्वहरूसँग मेल खाने गरी आधारभूतस्तरको कार्यसम्पादन भएको अवस्था (Basic level of Performance) भएकोमा C स्कोर प्राप्त हुन्छ । अन्तर्राष्ट्रियस्तरका असल अभ्यासका अधिकांश तत्वहरूसंग मेल खाने गरी असल कार्यसम्पादन (Sound Performance)

* सदस्य सचिव, सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय।

भएकोअवस्था B स्कोरले जनाउँछ भने A स्कोरले अन्तर्राष्ट्रिय असल अभ्यास सहितको उच्चस्तरको कार्यसम्पादन (High Level of Performance) भएको अवस्था दर्शाउँछ ।

सार्वजनिक वित्तीय व्यवस्थापनका नीतिगत, प्रक्रियागत र संस्थागत व्यवस्थाहरूको कार्यसम्पादन स्तरको मापन गरे तापनि पेफा मूल्याङ्कनले सरकारका नीतिहरू र यस्का विषयवस्तुहरू के कस्तो हुनु पर्थ्यो भनी बिषयगत मूल्याङ्कन गर्ने कार्य भने गर्दैन। पेफा मूल्याङ्कनबाट मुलुकको सार्वजनिक वित्तीय व्यवस्थापनको कार्यसम्पादनको यथार्थ मापन गरी सो को अवस्था दर्शाएपश्चात यथार्थ अवस्था ज्ञात हुन जान्छ र सोहि अवस्थाका आधारमा सार्वजनिक वित्तीय व्यवस्थापनमा आवश्यक सुधारका क्षेत्रहरू र क्रियाकलापहरूको पहिचान गरी तदअनुरुपको कार्य अगाडि बढाउन आधार प्रदान गरिने भएकोले पेफालाई सुधारको औजारको रुपमा लिइएको हो ।पेफा मूल्याङ्कन संसारभर नै गरिदै आएको छ ।यस प्रकारको मूल्यांङ्कन सवल र दुर्वल पक्ष पहिल्याउन सरकार र अन्य सरोकारवाला पक्षको लागि आवश्यक छ ।यद्यपी यस मूल्यांकनको प्रयोजन यतिमा मात्र सिमीत छैन ।सार्वजनिक वितीय व्यवस्थापनमा चासो राख्ने सबैका लागि यो उपयुक्त त छदैछकतिपय विकास साझेदारहरूले मुलुकलाई विकास सहायता उपलब्ध गराउनुपूर्व उक्त मुलुकको सार्वजनिक वित्तीय व्यवस्थापनको कार्यसम्पादन अवस्था कस्तो छ भनी चासो राख्ने गरेका र कतिपयले यस प्रकारको मूल्यांकनका आधारमा मात्र सहयोग गर्ने गरेका उदाहरण पनि छन ।

पेफा फ्रेमवर्क (PEFA Framework)

सार्वजनिक वित्तीय व्यवस्थापनको कार्यसम्पादन स्तर मापनका लागि प्रयोग गरिने विभिन्न सूचकहरूको संयुक्त रुपलाई पेफा फ्रेमवर्क(PEFA Framework)को नामबाट चिनिन्छ । पेफा मूल्याङ्कनको कार्य पेफा फ्रेमवर्क PEFA Framework मा आधारित भएर गरिन्छ अर्थात सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालिको कार्यसम्पादनको अवस्थाका सम्बन्धमा प्रमाणमा आधारित (Evidence-Based)मापन गर्ने Tools का रुपमा रहेका पेफा फ्रेमवर्क(PEFA Framework) संसारभरका मुलुकहरू पेफा मूल्यांङ्कन गर्न लिने आधार हो । ।यस अर्थमा यस्लाई मापन यन्त्र (Measuring tool) पनि मान्न सकिन्छ। यस फ्रेमवर्कलाई पेफा सचिवालय (वासिङ्टन डि.सि.)ले समय समयमा परिमार्जन गर्ने गर्दछ । यसै फ्रेमवर्कमा आधारित रहेर नै मूल्यांङ्कन कार्य सम्पन्न गरी स्कोरहरूको निर्धारण गर्ने कार्य हुन्छ ।पहिलो पेफा फ्रेमवर्क सन २००१ मा जारी भइ २००५ मा परिमार्जन भएको पाइन्छ । त्यसै गरी सन २०११ फ्रेमवर्क जारी भएकोमा पुन २०१६ मा परिमार्जित फ्रेमवर्क जारी भएको छ । यहि फ्रेमवर्कहरूमा आधारित भएर विभिन्न समयमा पेफा मूल्याङ्कनहरू हुँदै आएका छन । सन २०१६ को पेफा फ्रेमवर्कले तपशिलमा उल्लेख गरिए बमोजिम सातवटा पेफा स्तम्भहरू (PEFA Pillars) को व्यवस्था गरेको छ ।

पेफा स्तम्भहरू (PEFA Pillars)

१. बजेटकोविश्वसनीयता (Budget Reliability):

२. सार्वजनिक वित्तको पारदर्शिता (Transparency of Public Finance)

३. सम्पत्ति र दायित्वको व्यवस्थापन (Management of Assets and Liabilities)

४. नीतिमा आधारित वित्तीय रणनीति र बजेट तर्जुमा (Policy Based Fiscal Strategy and Budgeting)

५. बजेट कार्यान्वयनमा सुनिश्चितता र नियन्त्रण (Predictability and Control in Budget Execution):

६. लेखापालन र प्रतिवेदन (Accounting and Reporting):

७. बाह्य निगरानी र लेखापरीक्षण (External Scrutiny and Audit):

पेफा सूचकहरू (PEFA Indicators)

सातवटा पेफा स्तम्भ(Pillars) अन्तर्गत ३१ वटा पेफा सूचकहरू (Indicators) र ९४ वटा आयाम (Dimension) हरूको व्यवस्था पेफा फ्रेमवर्क २०१६ मा गरिएको छ। पेफा स्तम्भहरू र सोसँग सम्बन्धित सूचकहरू यसप्रकार रहेका छन।

क. बजेटको विश्वसनीयता

१. जम्मा यथार्थ खर्च

२. बजेट शिर्षक (बनावट) अनुसार यथार्थ खर्च

३. यथार्थ राजस्व आम्दानी

ख. सार्वजनिक वित्तको पारदर्शिता

४. बजेट बर्गिकरण

५. बजेट दस्तावेज/पुस्तिका

६. वित्तीय प्रतिवेदनमा समावेश नभएका वा बाहिर भएका केन्द्रीय सरकार संचालन खर्च

७. प्रदेश र स्थानीय तहका सरकारलाई वित्तीय हस्तान्तरण

८. सेवा प्रवाह गर्ने इकाईहरूका लागि बजेट र स्रोत साधन सम्बन्धी सूचना

९. वित्तीय सूचनामा सार्वजनिक पहुँच

ग. सम्पत्ती र दायित्वको व्यवस्थापन

१०. वित्तीय जोखिम प्रतिवेदन

११. सार्वजनिक लगानी व्यवस्थापन

१२. सार्वजनिक सम्पत्तीको व्यवस्थापन

१३. ऋण व्यवस्थापन

घ. नीतिमा आधारित वित्तीय रणनीति र बजेट

१४. समष्टिगत आर्थिक तथा वित्तीय प्रक्षेपण

१५. वित्तीय रणनीति

१६. बजेट तर्जुमामा मध्यमकालिन अवधारणा

१७. बजेट तर्जुमा प्रक्रिया

१८. बजेटको संसदीय निगरानी

ङ. बजेट कार्यान्वयनमा पूर्वानुमान र नियन्त्रण

१९. राजस्व प्रशासन

२०. राजस्व लेखापालन

२१. चालु वर्षका निमित्त विनियोजन स्रोत बाँडफाँडको सुनिश्चितता

२२. भुक्तानी बाँकी खर्च

२३. तलबी प्रतिवेदन नियन्त्रण

२४. सार्वजनिक खरिद

२५. गैरतलबी खर्चमा आन्तरिक नियन्त्रण

२६. आन्तरिक लेखापरीक्षण

च. लेखापालन र प्रतिवेदन

२७. वित्तीय तथ्याङ्कको शुद्धता

२८. चालु वर्षको बजेट प्रतिवेदन

२९. वार्षिक वित्तीय प्रतिवेदन

छ. बाह्य निगरानी र लेखापरीक्षण

३०. बाह्य/ अन्तिम लेखापरीक्षण

३१. लेखापरीक्षण प्रतिवेदनको संसदीय परिनिरीक्षण

नेपालको पेफा मूल्यांकन र नतिजाहरू

नेपालमा हालसम्म तीनवटा पेफा मूल्याङ्कनको कार्य सम्पन्न भइसकेका छन र ती तीनवटा पेफा मूल्याङ्कनहरू पश्चात फरक फरक नतिजाहरू आएका छन । प्रथम, द्वितीय र तृतीय पेफा मूल्यांकनबाट प्राप्त नतिजाहरू र तत अवस्थामा हाम्रो सार्वजनिक वित्तीय व्यवस्थापनको समग्र अवस्थाको संक्षिप्त झलक निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

१) प्रथम मूल्यांकन

पहिलो पेफा मूल्यांकन प्रतिवेदन अनुसार सबैभन्दा उच्च स्कोर 'A' एउटामात्र सूचक (Indicator) मा रहेको देखिन्छ । समग्रमा प्राप्त स्कोर तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

तालिका नं.-१

प्रथम पेफा मूल्यांकन स्कोर / नतिजा तालिका (सूचक अनुसार)

पेफा सूचक	स्कोर / नतिजा	संख्या
PI-३	A	१
PI-१, ६ र १०	B	३
PI-११, १२, १३, १६, १७, १८, २२, २४ र २५	C+	९
PI-२, ५, ७, ८, १४, १९, २० र २३	C	८
PI-४, ९, १५, २१, २६, २७ र २८	D+	७
D-१, D-२ र D-३	D	३
जम्मा		३१

नोट:*PI- Performance Indicator, D: Donor Indicator*

पहिलो पेफा मूल्यांकन प्रतिवेदनले नेपालको सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली अन्तर्राष्ट्रिय स्तरका स्थापित मापदण्ड र अभ्यासको तुलनामा थुप्रै कमजोरीहरू विद्यमान रहेको अवस्था देखाएको थियो ।यस प्रकारका कमजोर पक्षहरूमा मुख्यत: सरकारको बजेट प्रणाली अपेक्षितरूपमा प्रभावकारी र विश्वसनीय नभएको, सरकारी राजस्व संकलन र खर्च प्रणालीमा प्रभावकारी नियन्त्रण नभएको, वित्तीय उत्तरदायित्व र पारदर्शिताको अभाव रहेको, चालु खर्च ठूलो मात्रामा रहेको र पूंजीगत खर्च अपेक्षित रुपमा हुन नसकेको, सार्वजनिक खर्चको ठूलो परिमाण

बजेटभन्दा बाहिरबाट खर्च हुने गरेको एवं सोको प्रतिवेदन प्रस्तुत/ सार्वजनिक हुने नगरेको, आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षण प्रभावकारी नभएको, सार्वजनिक आय र व्ययको अनुगमन तथा मूल्यांकन प्रभावकारी नभएको जस्ता अवस्थाहरू दर्शाएको पाइन्छ ।

२) दोश्रो पेफा मूल्यांकन

पहिलो पेफा मूल्यांकनको नतिजा पश्चात सार्वजनिक वित्तीय व्यवस्थापनका क्षेत्रमा विभिन्न सुधारका कार्यहरू गरिएको थियो। तत पश्चात दोश्रो पेफा मूल्यांकन सन २०१४ मा सम्पन्न गरी यसको प्रतिवेदन, २०१५ मा सार्वजनिक गरिएको थियो। यस मूल्यांकनबाट ३१ वटा सूचकहरू मध्ये पहिलो मूल्यांकनको तुलनामा १८ वटा सूचकहरूमा सुधार भएको, १० वटामा अवस्था यथावत् रहेको र ३ वटा सूचकहरू पहिलेभन्दा कमजोर भएको नतिजा प्राप्त भएको थियो।उक्त नतिजाको सारांश तालिका नं. २ मा प्रस्तुत गरिएको छ ।

तालिका नं.-२

दोस्रो पेफा मूल्यांकन स्कोर / नतिजा तालिका (सूचक अनुसार)

पेफा सूचक(Indicator)	स्कोर / नतिजा	संख्या
PI-१, ३, ५, ६, १०, ११, १३, १४ र २३	A	९
PI-४	B+	१
PI-१२ र १९	B	२
PI-२, ८, १६, १७, १८, २२, २४, २५, २६ र D-२	C+	१०
PI-९, २० र D-३	C	३
PI-७, १५, २१ र D-१	D+	४
PI-२७ र २८	D	२
कुल		३१

नोट:PI- Performance Indicator, D: Donor Indicator

यस पटकको पेफा मूल्यांकनले सार्वजनिक खर्च र राजस्व बजेट तुलनात्मक रुपमा विश्वसनीय रहेको, बजेट अनुमान र यथार्थ कार्यसम्पादन बीचको अन्तर घटदो क्रममा रहेको, एकल खाता कोष प्रणालीको कार्यान्वयनबाट खर्च भुक्तानी छिटो हुने गरेको र बजेट कार्यान्वयनमा सुधार भएको, वित्तीय सूचनामा पारदर्शिता बढेकोजस्ता सकारात्मक पक्ष देखिएको भए तापनि बजेट कार्यान्वयनमा कमजोरी अझै विद्यमान रहेको,बजेट अनुशासन विशेष गरी सार्वजनिक लगानीमा केही विचलन रहेको, स्वायत्त सरकारी निकायहरूको खर्च र दातृ निकायको सहायता खर्चको विवरणहरू वित्तीय प्रतिवेदनमा समावेश हुन नसकेको, पूँजीगत खर्च लक्ष्य अनुसार हुन नसकेको, निरन्तर रुपमा रकमान्तर हुने गरेको, कर बक्यौता, तलब भुक्तानी प्रणालीमा अपेक्षित सुधार नभएको, सार्वजनिक खरिद व्यवस्थापन प्रणाली कमजोर रहेको, आन्तरिक नियन्त्रण र लेखापरीक्षण प्रभावकारी हुन नसकेको, सरकारी खर्च र राजस्व सम्बन्धी हिसाव भिडान समयमा हुननसकेको समस्या यथावत रहेको, लेखापरीक्षणवाट कायम भएको बेरुजुको रकम बढदो मात्रामा रहेकोएवं महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याइएका सुझावहरू माथि समयमा कारवाही हुने नगरेको तथा विधायिकाबाट बजेट कार्यान्वयनका विषयमा उपयुक्त तवरले निगरानी एवं सुपरीवेक्षण हुने नगरेको जस्ता अवस्थाहरू विद्यमान रहेको प्रतिवेदनले औंल्याएको पाइन्छ।

३) नेपालको तेस्रो पेफा मूल्याङ्कन र नतिजा

सामान्यतया पेफा मूल्यांकन पाँच पाँच वर्षमा गर्ने प्रचलन भए तापनि नेपालको दोश्रो पेफा मूल्यांकन सम्पन्न भएको करिब सात वर्ष पछि मात्र तेस्रो पेफा मूल्यांकन हुन सकेको हो ।यसै क्रममा मुख्य पेफा मूल्यांकनका अलावा पहिलोपटक नेपालको सार्वजनिक वित्तीय व्यवस्थापनको लैङ्गिक (Gender) तथा जलवायु (Climate) का दृष्टिकोणबाट समेत मूल्यांकन सम्पन्न गरिएको छ ।नेपाल संघीय प्रणालीमा गए पश्चात यसका साथै गण्डकी प्रदेश र मधेश प्रदेशमा Subnational पेफा मूल्याङ्कनको कार्य समेत भइरहेको छ । नेपालको पहिलो पेफा मुल्याङ्कन सन् २००८ मा पेफा फ्रेमवर्क २००५ का आधारमा आधारित भएर गरिएको थियो । दोस्रो मूल्यांकन सन् २०१४ मा पेफा फ्रेमवर्क २०११का आधारमा गरिएको थियो।तेस्रो पेफा मूल्याङ्कन भने २०१६ को PEFA Framework मा आधारित भएर सन २०२४ मा सम्पन्न गरिएको छ । फरक फरक पेफा फ्रेमवर्कमा आधारित भएर पेफा मूल्याङ्कन गरिएकोले यी मूल्यांकनहरूका सबै नतिजाहरू एक अर्कामा प्रत्यक्ष रुपमा तुलनायोग्य छैनन।

आ.व.२०७५/७६, २०७६/७७र२०७७/७८तीन आर्थिक वर्षका तथ्याङ्कहरूमा आधारित भएर तेस्रो पेफा मूल्यांकन सम्पन्न गरिएको थियो ।स्वयं मूल्यांङ्कन विधी अवलम्वन गरिएको यस मूल्यांकन लागि नेपाल सरकारका ११ जना सहसचिवको नेतृत्वमा ११ वटा मूल्यांकन कार्यटोली गठन गरिएको र यी टोलीहरूमा कुल ६१ जना सदस्यहरू रहनु भएको थियो ।प्रत्यक्ष रुपमा यीनै ६१ जना तेस्रो पेफा मूल्यांङ्कनमा संलग्न रहेको भए तापनि अप्रत्यक्ष रुपमा विभिन्न सरकारी निकायहरू र विकास साझेदारहरू समेतको सहयोगमा मूल्यांङ्कन कार्य सम्पन्न भएको हो ।समग्र मूल्यांङ्कन कार्यका लागि अर्थ सचिवज्यूको अध्यक्षतामा रहेको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार निर्देशक समितिको नीतिगत मार्गदर्शन र दिशानिर्देश रहेको थियो ।

तेस्रो पेफा मूल्यांङ्कन नेपालमा हालसम्म भएका मूल्यांकनहरू मध्ये गुणस्तर सुनिश्चितताका सबै चरणहरू पूरा गरेर पेफा चेक (PEFA Check)प्राप्त गरेको पहिलो मूल्यांकन हो ।यस पेफा चेक प्रमाणित भएबाट स्वयं मूल्यांङ्कन विधीबाट गरिएको मूल्यांकन पश्चातका स्कोरहरू र यस चरणमा गरिएका प्रक्रियाहरूमा गुणस्तर एवं तेस्रो पक्षबाट भएको जाँच परीक्षण वा पुनरावलोकन एवं पेफा सचिवालय वासिङ्टन डि.सी.ले निर्धारण गरेका सबै प्रक्रियाहरू पूर्ण भएको सुनिश्चित गर्न सकिन्छ ।तेस्रो पेफा मूल्यांकनमा प्राप्त नतिजालाई तालिका नं.- ३ मा प्रस्तुत गरिएको छ ।

तालिका नं.-३

तेस्रो पेफा मूल्यांकन स्कोर / नतिजा तालिका (सूचक अनुसार)

पेफा सूचक(Indicator)	स्कोर / नतिजा	संख्या
PI-४	A	१
PI-८,	B+	१
PI-१७, PI-२१ रPI-२७	B	३
PI-७, PI-११, PI-१६, PI-१८, PI-१९, PI-२०, PI-२२, PI-२३, PI-२५, PI-२८ रPI-२९	C+	११
PI-५, PI-९, PI-१३, PI-२४र PI-३१	C	५
PI-२, PI-३, PI-१२, PI-१४, PI-२६ र PI-३०	D+	६
PI-१, PI-६, PI-१० र PI-१५	D	४
कुल		३१

नोट:PI- Performance Indicator

तालिका नं.-४

तेस्रो पेफा मूल्यांकन स्कोर / नतिजा तालिका

आयाम(Dimension) अनुसार

कार्यसम्पादन सूचक तथा आयामहरू (Performance Indicator and Dimension) i. ii.		**आयामगत नतिजा/स्कोर (Dimension Score)**				**समग्र स्कोर (Overall Score)**
		iii.	**iv.**			
I. बजेटको विश्वसनीयता (Budget reliability)						
PI-१	जम्मा यथार्थ खर्च	D				D
PI-२	बजेट शिर्षक (बनावट) अनुसार यथार्थ खर्च	D	D	A		D+
PI-३	यथार्थ राजस्व आम्दानी	D	C			D+
II. सार्वजनिक वित्तको पारदर्शिता (Transparency of public finances)						
PI-४	बजेट बर्गिकरण	A				A
PI-५	बजेट दस्तावेज/पुस्तिका	C				C
PI-६	वित्तीय प्रतिवेदनमा समावेश नभएका वा बाहिर भएका केन्द्रीय सरकार संचालन खर्च	D	D	D		D
PI-७	प्रदेश र स्थानीय तहका सरकारलाई वित्तीय हस्तान्तरण	B	C			C+
PI-८	सेवा प्रवाह गर्ने इकाईहरूका लागि बजेट र स्रोत साधन सम्बन्धी सूचना	B	B	A	B	B+
PI-९	वित्तीय सूचनामा सार्वजनिक पहुँच	C				C
III. सम्पत्तीरदायित्वकोव्यवस्थापन(Management of assets and liabilities)						
PI-१०	वित्तीय जोखिम प्रतिवेदन	D	D	D		D
PI-११	सार्वजनिक लगानी व्यवस्थापन	C	B	B	C	C+
PI-१२	सार्वजनिक सम्पत्तीको व्यवस्थापन	B	D	D		D+
PI-१३	ऋण व्यवस्थापन	C	B	D		C
IV. नीतिमा आधारित वित्तीय रणनीति र बजेट (Policy-based fiscal strategy and budgeting)						
PI-१४	समष्टिगत आर्थिक तथा वित्तीय प्रक्षेपण	D	C	D		D+
PI-१५	वित्तीय रणनीति	D	D	D		D
PI-१६	बजेट तर्जुमामा मध्यमकालिन अवधारणा	C	A	C	D	C+
PI-१७	बजेट तर्जुमा प्रक्रिया	B	A	C		B
PI-१८	बजेटको संसदीय निगरानी	C	C	A	B	C+
V. बजेट कार्यान्वयनमा पूर्वानुमान र नियन्त्रण(Predictability and control in budget execution)						

कार्यसम्पादन सूचक तथा आयामहरू (Performance Indicator and Dimension) i. ii.		आयामगत नतिजा/स्कोर (Dimension Score)				समग्र स्कोर (Overall Score)
		iii.	iv.			
PI-१९	राजस्व प्रशासन	A	C	D	B	C+
PI-२०	राजस्व लेखापालन	B	A	C		C+
PI-२१	चालु वर्षका निमित्त विनियोजन स्रोत बाँडफाँडको सुनिश्चितता	C	D	A	A	B
PI-२२	भुक्तानी बाँकी खर्च	A	C			C+
PI-२३	तलबी प्रतिवेदन नियन्त्रण	B	A	C	C	C+
PI-२४	सार्वजनिक खरिद	D	D*	B	B	C
PI-२५	गैरतलबी खर्चमा आन्तरिक नियन्त्रण	C	D	A		C+
PI-२६	आन्तरिक लेखापरीक्षण	A	D	A	D	D+
VI. लेखापालन र प्रतिवेदन (Accounting and reporting)						
PI-२७	वित्तीय तथ्याङ्कको शुद्धता	B	NA	B	B	B
PI-२८	चालु वर्षको बजेट प्रतिवेदन	C	A	C		C+
PI-२९	वार्षिक वित्तीय प्रतिवेदन	C	B	C		C+
VII. बाह्य निगरानी र लेखापरीक्षण (External scrutiny and audit)						
PI-३०	बाह्य /अनुतिम लेखापरीक्षण	B	D	B	C	D+
PI-३१	लेखापरीक्षण प्रतिवेदनको संसदीय परिनिरीक्षण	D	C	C	B	C

नोट:PI- Performance Indicator

माथि तालिका नं. ३ र ४ मा तेस्रो पेफा मूल्यांकनको नतिजा प्रस्तुत गरिएको छ। उक्त नतिजाले नेपालको सार्वजनिक वित्तीय व्यवस्थापनको कार्यसम्पादन उत्कृषष्ट रहेको देखाउँदैन। प्राप्त नतिजाहरू मध्ये Indicator को तहमाएक मात्र सूचकमा उत्कृष्ट स्कोर Aप्राप्त भएको देखिन्छ भने आयाम (Dimension)तहमा १६ वटा आयाममा Aर २२ वटामा Bस्कोर प्राप्त भएको छ।उपरोक्त नतिजाहरू आफैमा नराम्रो होइन तर उक्त नतिजा अनुसार २७ वटा आयाममा C र २७ वटै आयाममा Dस्कोर प्राप्त भएकोबाट नेपालको सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधारका पर्याप्त आवश्यकता रहेको देखिन्छ। यद्यपी पहिलो र दोस्रो पेफा मूल्यांकनको आधारमा रहेको पेफा फ्रेमवर्क फरक फरक रहेको हुँदा उक्त नतिजाहरू प्रत्यक्ष तुलनायोग्य रहेको छैन।यद्यपी विगतको तुलनामा नेपालको सार्वजनिक वित्तीय व्यवस्थापनको कार्यसम्पादन स्तर अपेक्षित रुपमा प्रभावकारी नभएको मात्र होइन कि केहि आयामहरूमा विगतको तुलनामा कमजोर कार्यसम्पादन रहेको समेत देखिन्छ।

नेपालको सार्वजनिक वित्तीय व्यवस्थापनका प्रमुख सबल तथा कमजोर पक्षहरू

तेस्रो पेफा मूल्यांकनको नतिजा पश्चात यस मूल्यांकनले नेपालको सार्वजनिक वित्तीय व्यवस्थापनका निम्नप्रमुख सबल तथा कमजोर पक्षहरू उजागर गरेको बमोजिम रहेको पाउन सकिन्छ।

सबल पक्षहरू

- सार्वजनिक वित्तीय व्यवस्थापनको बलियो र राम्रो संवैधानिक/ कानूनी तथासंस्थागत संरचना भएको ।
- बजेटको कार्यान्वयन र खर्च व्यवस्थापनको क्रममा प्रभावकारी नियन्त्रणको व्यवस्था रहेको ।
- वित्तीय अनुशासनका लागि नियमित आन्तरिक तथा अन्तिम लेखापरीक्षणको व्यवस्था रही सो को कार्यान्वयन हुने गरेको।
- निर्धारित आन्तरिक नियन्त्रणका व्यवस्थाहरूसँग व्यय अनुपालन उच्च रहेको र न्यूनतम खर्च बक्यौता वा भुक्तानी बाँकी खर्चन्यूनतम रहेको वा खासै नरहेको।
- सार्वजनिक बजेट तर्जुमा प्रक्रिया बृहत तथा व्यवस्थित रहेको तथाबजेट सम्बन्धी वार्षिक प्रकाशन / दस्तावेजहरू बिस्तृत रहेको ।
- बजेट बर्गिकरण अन्तराष्ट्रिय मापदण्ड अनुसार पारदर्शी र बृहत प्रकृतिको रहेको ।
- अन्तरसरकारी वित्तीय हस्तान्तरण मुलत: पारदर्शी, नियममा आधारित र अनुमान योग्य रहेको यद्यपी सशर्त अनुदानका सम्बन्धमा भने केहि सवालहरू रहेको ।
- संविधानका निर्देशक सिद्धान्त, दिगो विकास लक्ष्यहरूर आवधिक योजनाहरूले दीर्घकालीन रुपमा साधनस्रोतको रणनीतिक वितरण (strategic allocation) का लागि निर्देशित गरेका ।
- बजेटमा मध्यमकालिन अवधारणाको अभ्यासले रणनीतिक योजना (Strategic Plans) र बजेट अनुमानका बिचमा सामञ्जस्यता (Alignment) को प्रयास भएको।
- मूल्यांकन अवधिका आर्थिक वर्षहरूमा समयमै भएको बजेट स्वीकृतिले खर्च गर्ने निकायहरूलाई समयमै बजेट कार्यान्वयन शुरु गर्न सहज भएको ।
- राजस्व प्रशासन तथा लेखांङ्कनको प्रभावकारी व्यवस्थापन रहेको र मूलत: संघीय सरकारका सबै प्रकारका राजस्व सिधै संघीय सञ्चित कोषमा जम्मा हुने राम्रो व्यवस्था ।
- खर्च गर्ने निकायहरूलाई आर्थिक वर्षको शुरुमा नै पुरै आर्थिक बर्षको बजेट खर्च गर्ने अख्तियारी जाने गरेको ।

सुधार गर्नुपर्ने पक्षहरू

यस पटकको पेफा मूल्यांकनले नेपालको सार्वजनिक वित्तीय व्यवस्थापनको मुलत: बजेटको विश्वसनीयताअर्थात सरकारी राजस्व र खर्च अनुमानको तुलनामा यथार्थ प्राप्ति तथा खर्च, सरकारी सम्पत्ती र दायित्वको व्यवस्थापन, नीतिमा आधारित वित्तीय रणनीति तथा बजेट, वित्तीय जोखिमको विश्लेषण तथा प्रतिवेदन, एवं सार्वजनिक खरिद क्षेत्रहरूमा कमजोरीहरू रहेको र त्यसमा सुधार गर्नुपर्ने अवस्था औंल्याएको देखियो ।यस अवस्थालाई संक्षिप्तमा निम्न बमोजिम उल्लेख गर्न सकिन्छ ।

- बजेट अनुमानको तुलनामा खर्च तथा राजस्वको वास्तविक प्रगति कमजोर रहेको ।
- प्रतिवद्धता (Commitment) लेखांङ्कनर नियन्त्रण कमजोर रहेको विद्यमान लेखांकन प्रणालीले भुक्तानीको समयमा मात्रअभिलेख राख्ने गरेको ।

- मुलुकको समष्टिगत अर्थतन्त्र (Macroeconomic)अवस्थामा हुन सक्ने सम्भावित अदृश्य परिवर्तनको कारण राजस्व, खर्च तथा सार्वजनिक ऋणमा पर्न सक्ने प्रभाव समेटेर वैकल्पिकपरिदृश्य(Fiscal Scenarios) को प्रभावकारीविश्लेषण हुने नगरेको ।
- मध्यमकालिन खर्च संरचनाले वित्तीय रणनीति (Fiscal Strategy)का केहि तत्वहरू समेटेको भएतापनि ठोस र एकिकृत वित्तीय रणनीति तयार र प्रकाशन नभएको ।
- सरकारको एकिकृत वित्तीय प्रतिवेदनले सार्वजनिक क्षेत्रमा हुने सबै कारोबारहरू समेटन नसकेको ।मुख्यत: बजेट बाहिरका सार्वजनिक निकायहरू (Extra Budgetary Unit) हरूकोकारोबार एकिकृत वित्तीय प्रतिवेदनले नसमेटेको।
- सार्वजनिक संयन्त्रको खर्च गर्ने संस्थागत क्षमता कमजोर रहेको।
- स्थानीय सरकारहरू, सार्वजनिक संस्थान एवं बजेट बाहिरका सार्वजनिक निकायहरूका कारण सिर्जना हुन सक्ने वित्तीय जोखिमको विश्लेषण र सो सम्बन्धी उपयुक्त रणनीति निर्धारण हुने नगरेको।

निष्कर्ष

मुलुकको सार्वजनिक वित्तीय व्यवस्थापन कुशल र प्रभावकारी नभई सार्वजनिक स्रोतको प्रभावकारी परिचालन र उपयोग सम्भव हुदैन जसबाट जनताको विश्वास समेत आर्जन गर्न सकिदैन।आम जनताका लागि आधारभूत सार्वजनिक सेवा उपलब्ध गराउनु जसरी राज्यको कर्तव्य र प्राप्त गर्नु नागरिकका हक मानिन्छ त्यसैगरी जनताका आवश्यकताको सम्बोधन गर्नु पनि राज्यको दायित्व भित्र नै पर्दछ यद्यपी जनअपेक्षा र राज्यको क्षमताका बीचमा केहि सीमीतताहरू नरहेका भने हैनन ।राज्यको यस जिम्मेवारीको पूरा गर्नका लागि अत्यावश्यक रहेको दुर्लभ साधन स्रोतको व्यवस्थापनकुशलतापूर्वक गरिनु अनिवार्य आवश्यकताको रुपमा रहेको हुन्छ । सार्वजनिक वित्तीय व्यवस्थापनको कमजोर पाटोहरूमा सुधारको जति जरुरत पर्दछ त्यति नै महत्वपूर्ण बिषय सुधारका संभावित क्षेत्र क्रियाकलाप र सहि दिशा पहिल्याउनु एवं तिनलाई दिगो बनाउनुको पनि रहेको हुन्छ। सुधारका कार्यहरू तबमात्र दिगो हुनसक्छन जतिबेला वास्तविक र धरातलीय यथार्थमा आधारित सुधारले प्रश्रय पाउँछ । यसै सन्दर्भमा मुलुकको सार्वजनिक वित्तीय व्यवस्थापनको प्रमाणमा आधारित भएर गरिने यथार्थ मूल्यांकन एवं संसारभर नै अभ्यास गरिएको पेफा मूल्याङ्कनले औंल्याएकासार्वजनिक वित्तीय व्यवस्थापनका सबल पक्षलाई थपदिगो बनाउने र टिकाई राख्ने एवं कमजोर पाटोहरूमा सुधारका संभावितक्रियाकलापको पहिचान गरी तदनुरुपको कार्य अगाडि बढाउनुको विकल्प हामीसँग उपलब्ध छैन किनकी सुधार निरन्तर र नियमित चलिरहने प्रक्रिया हो भने सुधारको विकल्प पनि थप सुधार नै हो ।

सन्दर्भ सामाग्रीहरू

- Nepal public expenditure and financial accountability assessment, performance assessment report- III- PEFA Secretariat, April 2024
- Framework for assessing public financial management- PEFA Secretariat Washington DC
- हाते पुस्तिका, २०७६, पेफा सचिवालय अनामनगर काठमाडौं
- सार्वजनिक वित्तीय व्यवस्थापनसँग सम्बन्धित विभिन्न कक्षाहरूमा वितरित अध्ययन सामाग्रीहरू
- https://www.pefa.gov.np
- https://www.pefa.org

सरकारी लेखापरीक्षण तथा वित्तीय जवाफदेहिता प्रवर्धनमा यसको भूमिका

टीकानाथ अर्याल*

१. पृष्ठभूमि

सार्वजनिक आर्थिक क्रियाकलापको लेखाजोखा गरी मुलुकमा वित्तीय जवाफदेहिता तथा पारदर्शिता कायम गर्न सर्वोच्च लेखापरीक्षण संस्थाको स्थापना गर्ने विश्वव्यापी मान्यता रहेको पाइन्छ। नेपालमा सरकारी (सार्वजनिक क्षेत्रको) लेखापरीक्षणको ऐतिहासिक पक्ष केलाउन करिब २५० वर्ष पछाडि फर्किनुपर्ने हुन्छ। एकीकृत नेपालका प्रथम राजा पृथ्वी नारायण शाहले नेपालमा विक्रम सम्वत्१८२८ मा सरकारी अड्डाहरूको आय-व्ययको हिसाब जाँच गर्न, गराउन 'कुमारीचोकअड्डा' नामक एक अधिकार सम्पन्न कार्यालयको स्थापना गराएका थिए। विभिन्न प्रशासनिक अड्डाका कर्मचारीहरूले गरेको आम्दानी र खर्चका विवरण जाँच गरी दुरुस्त राख्नु कुमारीचोकअड्डाको मुख्य काम थियो।

सबै सरकारी निकायहरूको अन्तिम लेखापरीक्षणको लागि नेपाल अधिराज्यको संविधान, २०१५ बमोजिम २०१६साल आषाढ १५गते प्रथम महालेखापरीक्षकको रूपमा श्री चन्द्र बहादुर थापाको नियुक्ति पश्चात महालेखापरीक्षकको कार्यालयको विधिवत स्थापना पश्चात् उक्त अड्डाको भूमिका र अस्तित्व करिब समाप्त भयो। यद्यपि तेजारथ सापटी असूल गर्ने, बेरुजु तथा घरेलु तर्फको सरकारी बाँकी बापतको रकम असुल गर्ने, अन्य सरकारी बाँकी रकम असुल गर्ने लगायतका कार्य गर्ने गरी महालेखा नियन्त्रक कार्यालय अन्तर्गत कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयको नाममा उक्त कार्यालय अहिले पनि अस्तित्वमा रहेको छ।

सार्वजनिक आर्थिक क्रियाकलापको लेखाजोखा गरी मुलुकमा वित्तीय जवाफदेहिता तथा पारदर्शिता कायम गर्न सर्वोच्च लेखापरीक्षण संस्थाको स्थापना गर्ने विश्वव्यापी मान्यता अनुरूप एक स्वतन्त्र संवैधानिक निकायको रुपमा नेपालमा महालेखापरीक्षकको कार्यालयको स्थापना भएको हो ।जनहितका लागि **"जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने"** दूरदृष्टि (Vision) रहेको यो कार्यालय नेपालको संविधान एवं प्रचलित कानूनी व्यवस्थाहरूको अवलम्बन गरीसार्वजनिक क्षेत्रको लेखापरीक्षणको माध्यमबाट सार्वजनिक क्षेत्रमा वित्तीय अनुशासन र जवाफदेहिता प्रवर्धन गर्न क्रियाशील रहेको छ । यसबाट हुने लेखापरीक्षणले आर्थिक कारोबार, विकास-निर्माण र सेवा प्रवाहको सिलसिलामा भएका कमी कमजोरी र सार्वजनिक नीतिको कार्यान्वयनमा जिम्मेवार पक्षलाई नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको दृष्टिकोणबाट मूल्याङ्कन गरी सजग गराउँदछ ।

यस लेखमा लेखापरीक्षणको अवधारण, ऐतिहासिक पृष्ठभूमि, संवैधानिक तथा कानूनी व्यवस्था, उद्देश्य, लेखापरीक्षणका चरणहरू र वित्तीय जवाफदेहिता प्रवर्धनमा यसको भूमिका तथा महत्त्वका बारेमा चर्चा गर्ने प्रयास गरिएको छ।

२. लेखापरीक्षण

सामान्य अर्थमा लेखापरीक्षण भन्नाले लेखा (हिसाब/किताब) को जाँच गरी रायसहितको प्रतिवेदन तयार गर्ने कार्यलाई बुझिन्छ । आर्थिक कारोबार सँग सम्बन्धित लेखा, कागजात, अभिलेख तथा विवरणहरूको स्वतन्त्र, निष्पक्ष एवं उद्देश्यमूलक जाँच नै लेखापरीक्षण हो । यस अन्तर्गत आर्थिक कारोबार एवं क्रियाकलाप र वित्तीय विवरणहरूको शुद्धता, नियमितता

* निर्देशक, महालेखापरीक्षकको कार्यालय, अनामनगर।

तथा यथार्थताको परीक्षण तथा सोको आधारमा गरिने मूल्याङ्कनदेखि विश्लेषण सहितको प्रतिवेदन तयारगर्ने र अनुगमन लेखापरीक्षण (सम्परीक्षण) समेतका क्रियाकलाप समावेश हुन्छ। लेखाविद् मण्टगोमरीले "**Auditing is a Systematic examination of the books and records of a business or other org. in order to ascertain or verify and report up on the facts regarding the financial operations and the results thereof**.'' भनी लेखापरीक्षणलाई परिभाषित गरेका छन् । अर्का लेखाविद् आर. बी. रोजले यसलाई ''**Audit may be said to be the verification of the accuracy and correctness of the books of accounts by an independent person qualified for the job and not in ay way connected with the preparation of such accounts.''** भनी उल्लेख गरेका छन्।

त्यसै गरी सर्वोच्च लेखापरीक्षण संस्थाहरूको संगठन (INTOSAI) द्वारा जारी अन्तर्राष्ट्रिय मानदण्ड-१००: सार्वजनिक लेखापरीक्षणका आधारभूत सिद्धान्तहरू **(International Standards of Supreme Audit Institutions-ISSAI-100)** मा सार्वजनिक क्षेत्रको लेखापरीक्षणलाई निम्नानुसार परिभाषित गरिएको छः ''**In general public-sector auditing can be described as a systematic process of objectively obtaining and evaluating evidence to determine whether information or actual conditions conform to established criteria**.''

उल्लिखित परिभाषाहरूको आधारमा पनि लेखापरीक्षण भनेको कुनै निकायको वित्तीय कारोबार तथा सोको नतिजा वा विवरणको यथार्थता यकिन गर्न कारोबारसँग सम्बन्धित लेखा, कागजात, अभिलेख तथा विवरणहरूको स्वतन्त्र, निष्पक्ष, योजनावद्धएवं उद्देश्यमूलक परीक्षण हो ।

३. ऐतिहासिक पृष्ठभूमि

आर्थिक क्रियाकलापको सुरुवाती अवस्थामा कारोबारको आकार सानो र जटिलता समेत न्यून रहेकोले कारोबारकर्ता वा व्यवसायको मालिक स्वयंले लेखा राख्ने तथा सोको जाँज गर्ने गर्दथे ।पन्ध्रौँ शताब्दीमा क्रिष्टोफर कोलम्बसको विश्व भ्रमण अभियान र पछि सोह्रौँ र सत्रौँ शताब्दीको युरोपेली औद्योगिक क्रान्तिबाट आन्तरिक तथा वाह्य आर्थिक एवं व्यापारिक कारोबार विस्तार हुँदै गयो । समयक्रमसँगै निरन्तर जनसंख्या वृद्धि तथा गाँस, बास र कपासजन्य मालवस्तुको माग र आवश्यकता वृद्धि हुन थाल्यो । जसबाट कारोबारको आकार तथा उद्योग/व्यवसायमा लगानीको मात्रा वृद्धि हुँदै जाँदा कारोबार गर्ने, लेखा राख्ने तथा सोको जाँच/परीक्षण गर्ने कार्य एकै व्यक्तिले धान्न नसक्ने अवस्थाको सिर्जना भयो । फलस्वरुप लेखा/स्रेस्ता राख्ने व्यक्ति (खजान्ची वा लेखापाल) र वर्षभरिको लेखा/स्रेस्ता जाँच गरी सोको सम्पूर्ण व्यहोराव्यवसायको मालिकलाई सुनाउने व्यक्तिको आवश्यकता पर्‍यो ।ल्याटिन भाषामा यसरी हिसाबको विवरण सुन्नुलाई "**Audire**'' भनिने हुनाले पछि सोही शब्दबाट **"Audit''** (लेखापरीक्षण) शब्दको प्रादुर्भाव भएको मानिन्छ । सन् १४९४ मा इटालियन लेखाविद् लुका पेसिओली **(Luca Pacioli**) ले लेखा र लेखापरीक्षणको क्षेत्रमा नयाँ अवधारणाको सूत्रपात गरेपछि आर्थिक प्रशासनमा नयाँ युगको थालनी भयो।

नेपालको सन्दर्भमा राज्य रजौटाको स्थापना र मुद्राको उत्पत्तिसँगै सरकारी तवरमा हिसाब किताब वा लेखा/स्रेस्ता राख्ने प्रथाको सुरुआत भएको मानिन्छ । शासक तथा भारदारहरूलाई आय-व्ययको यथार्थ छ भनी प्रमाणित गर्नका लागि भुक्तानी गर्नुभन्दा महिले तोकिएको पदाधिकारी समक्ष मौखिक फाँटवारी बताई खर्च गर्ने प्राचीन प्रथाबाट नै लेखापरीक्षणको अवधारणा सुरुवात भएको भन्ने इतिहासविदहरूको भनाइ छ। यसरी लेखापरीक्षण कार्य कारोबारको सुनुवाइबाट प्रारम्भ भई लेखा/स्रेस्ताको जाँच गरी कारोबारको सत्ययता यकिन गर्ने प्रणालीको अवस्था पार गरी आर्थिककारोबारतथा सोसँग सम्बन्धितक्रियाकलाप र वित्तीय विवरणहरूकोमूल्याकन तथा परीक्षण गरी लेखापरीक्षकको राय र सुझाव व्यक्त गर्नुपर्ने अवस्थामा पुग्यो। अतः लेखापरीक्षण कार्य एक अति महत्त्वपूर्ण र जटिल पेशागत कार्यमा परिणत भयो।

नेपालमा लेखापरीक्षणको थालनी सम्बन्धमा यकिन तिथि मिति पाइएको छैन। यद्यपि प्राचीन कालमा नेपालमा सरकारी दामकाम गर्ने वा स्रेस्तादारहरूले आफूले ''कुनै हिनामिना तथा मस्यौट गरेको छैन/गर्ने छैन'' भनी दशैँको टीकाको दिन तुलसी र दुबो हातमा लिई गोबरले लिपेको ठाउँमा बसी भाइ भारदार तथा देवी देवता साक्षी राखी शपथ वा किरिया खानुपर्ने चलन रहेको किम्वदन्ती पाइन्छ। मल्लकालमा यस्तो प्रथामा केही परिवर्तन भई दामकाम गर्ने व्यक्तिहरूलाई तोकिएको समयमा वसन्तपुरको कुमारी मन्दिरमा आई माथि कै रीत बमोजिम शपथ खानुपर्ने प्रथा चल्यो। राजा पृथ्वी नारायण शाहले सरकारी कारोबार गर्नेहरूले शपथ खानको लागि कुमारीदेवीको मन्दिर प्राङ्गगणमा चोक निर्माण गरी त्यहाँ बसी हिसाब जाँचको काम भाइभारदारहरूबाट हुने प्रचलन सुरु भयो। देवीको अगाडि निष्ठा र नैतिकताको शपथ खाए पनि केही व्यक्तिले सरकारी रकम हिनामिना, मस्यौट गर्ने गरेको भेटिएपछि ठाउँ-ठाउँमा हिसाब जाँच गर्न जाने टोली नै बनाई मूल जाँचकी अड्डा को नाममा काठमाडौँको वसन्तपुर डबलीमा राजा पृथ्वी नारायण शाहले सम्वत्१८२६मा एक छुट्टै हिसाबजाँच गर्ने एक शक्तिशाली (अधिकारसम्पन्न) निकाय स्थापना गराए। सोही कार्यालयको नाम पछि गएर 'कुमारीचोक' अड्डा रहन गएको पाइन्छ। उक्त अड्डा हालको महालेखापरीक्षकको कार्यालयको प्रारम्भिक स्वरुप थियो।

नेपालको पहिलो संविधान "नेपाल सरकार वैधानिक कानून, २००४" मा सरकारको आयव्ययको लेखापरीक्षण गर्न श्री३ महाराजले एक मुख्य लेखा परीक्षक नियुक्त गर्न सक्ने प्रावधान रहेता पनि सो अनुसार लेखापरीक्षक नियुक्त भएको पाइँदैन।त्यस्तै, नेपालको अन्तरिम शासन विधान, २००७को भाग८, धारा ६१ मा नेपालमा एक नियन्त्रक तथा महालेखा परीक्षक रहने र निजलाई मन्त्रिपरिषद्को सिफारिशमा श्री ५ले नियुक्त गर्ने व्यवस्था भएकोमा सो अनुसार नियन्त्रक तथा महालेखापरीक्षकको नियुक्ति नभएकोले उक्त व्यवस्था कार्यान्वयनमा आएन। लेखापरीक्षणको माध्यमबाट मुलुकमा वित्तीय अनुशासन एवं जवाफदेहिता कायम गर्न तथा सरकारी आम्दानी, खर्च र कार्यहरूको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा लेखापरीक्षण गर्न तत्कालीन नेपाल अधिराज्यको संविधान, २०१५ बमोजिम २०१६साल आषाढ१५ गते नेपालका प्रथम महालेखापरीक्षकको नियुक्ति सँगै सबै सरकारी निकाय तथा सार्वजनिक संस्थानहरूको अन्तिम लेखापरीक्षण गर्न महालेखापरीक्षकको कार्यालयको स्थापना भएको देखिन्छ।

जनहितका लागि "जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने" दूरदृष्टि (Vision)र "सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने" गन्तव्य (Mission)रहेको यस कार्यालयले निष्ठा, स्वतन्त्रता, व्यावसायिकता, पारदर्शिता र जवाफदेहितालाई आफ्ना मूल्य मान्यता(Core Values) का रुपमा अङ्गीकार गरेको छ। यस कार्यालयले लेखापरीक्षण कार्यलाई मर्यादित, सक्षम र सबलबनाउने दिशामा विभिन्न मानदण्ड,निर्देशिका तथा मार्ग दर्शन प्रयोगमा ल्याई पारदर्शिता, जवाफदेहिता प्रवर्धन गर्न र असल पद्धति बसाल्न भूमिका निर्वाह गर्दै आएको छ। लेखापरीक्षण कार्यलाई बढी सूचनामूलक, यथार्थ र पारदर्शी बनाउने अभिप्रायले यस कार्यालयकले कार्यमूलक लेखापरीक्षणमा आवश्यकतानुसार नागरिक समाजको सहभागिता गराउँदै आएको छ भने संघीयता कार्यान्वयन पश्चात् संविधानले व्यवस्था गरे बमोजिम स्थानीय तहको लेखापरीक्षणसमेत गर्दै आएको छ।

४. **संवैधानिक तथा कानूनी व्यवस्था**

४.१ नेपालको संविधान, २०७२ -नेपालमा २०६२/६३ को दोस्रो जन आन्दोलनको सफलतापछि गठन भएको ऐतिहासिक संविधान सभाबाट निर्मित नेपालको संविधानको भाग २२ अन्तर्गत धारा २४० र २४१ तथा भाग ३२ अन्तर्गतको धारा २९४ महालेखापरीक्षकसँग सम्बन्धित छन्। यस संविधानमा महालेखापरीक्षकको नियुक्ति तथा योग्यता सम्बन्धी प्रावधान अघिल्लो संविधानको जस्तै रहे तापनि महालेखापरीक्षकको कार्यक्षेत्र तथा प्रतिवेदन सम्बन्धमा केही नयाँ प्रावधान थपिएका छन्। यस संविधान बमोजिम स्थानीय तहसम्मको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था

भई यस कार्यालयको कार्यक्षेत्र तथा जिम्मेवारीमा व्यापकता आएको छ । यस संविधानमा रहेका प्रमुख प्रावधान निम्नानुसार छन्:-

(१) **नियुक्ति तथा योग्यता**—नेपालको संविधान, २०७२ को धारा २४० मा महालेखापरीक्षकको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट हुने, निजको पदावधि नियुक्तिको मितिले ६ वर्षको हुने, निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा वापदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमावा निजको मृत्यु भएमा पद रिक्त हुने, महालेखापरीक्षकको पदमा नियुक्तिको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा लेखामा स्नातकोपाधि प्राप्त गरी वा चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी नेपाल सरकारको विशिष्ट श्रेणीमा काम गरेको वा लेखापरीक्षण सम्बन्धी काममा कम्तीमा बीस वर्ष अनुभव प्राप्त गरेको, कुनै राजनैतिक दलको सदस्य नरहेको, ४५ वर्ष उमेर पूरा भएको, उच्च नैतिक चरित्र कायम भएको जस्ता योग्यता आवश्यक पर्ने जस्ता प्रावधान समेटिएका छन्।

(२) **काम, कर्तव्य र अधिकार**—संविधानको धारा २४१ बमोजिम महालेखापरीक्षकको काम, कर्तव्य र अधिकार देहाय अनुसार छन्:-

- राष्ट्रपति र उप–राष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, सुरक्षा निकाय लगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा लेखापरीक्षण गर्ने ।
- ५० प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्तिका लागि परामर्श र अपनाउनु पर्ने सिद्धान्तका सम्बन्धमा आवश्यक निर्देशन दिने ।
- महालेखापरीक्षकलाई लेखापरीक्षणको सिलसिलामा लेखासँग सम्बन्धित कागजपत्रहरू जुनसुकै बखत हेर्न पाउने अधिकार हुने र त्यस्तो कागजपत्र तथा जानकारी उपलब्ध गराउनु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुने ।
- तोकिएका कार्यालयका अतिरिक्त अन्य कुनै कार्यालय वा संस्थाको महालेखापरीक्षकबाट लेखापरीक्षण गर्नुपर्ने गरी संघीय कानून बमोजिम व्यवस्था गर्न सकिने ।
- लेखापरीक्षण गरिने निकायको लेखा संघीय कानून बमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा राख्नुपर्ने ।

(३) **वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था** —संविधानको धारा २९४ मा महालेखापरीक्षक लगायतका संवैधानिक निकायले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नुपर्ने र प्रधानमन्त्री मार्फत् त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश हुने व्यवस्था छ । उक्त धाराको उपधारा २ मा वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने कुराहरू संघीय कानून बमोजिम हुने उल्लेख भए अनुसार लेखापरीक्षण ऐन, २०७५ को दफा १९ मा महालेखापरीक्षकबाट वर्षभरिमा लेखापरीक्षण भए, गरेका काम कारबाहीको विवरण, लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र भविष्यमा गर्नुपर्ने सुधार तथा आवश्यक अन्य कुराहरू समावेश गर्नुपर्ने व्यवस्था गरिएको छ । साथै तोकिएका निकायको लेखापरीक्षण सम्पन्न गरिसकेपछि राय सहितको लेखापरीक्षण प्रतिवेदन समेत जारी गर्न सक्ने व्यवस्था लेखापरीक्षण ऐनमा रहेको छ।

संविधानको धारा २९४ तथा लेखापरीक्षण ऐनको दफा १९ मा महालेखापरीक्षकले प्रत्येक प्रदेशको काम कारबाहीको

सम्बन्धमा अलग अलग वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुख समक्ष पेश गर्ने रउक्त प्रतिवेदन मुख्य मन्त्री मार्फत् प्रदेश सभामा पेश हुने व्यवस्था छ।

४.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व ऐन, २०७६ - यस ऐनको दफा३५मा प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोबारको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ ।

४.३ लेखापरीक्षण ऐन, २०७५- साविकको लेखापरीक्षण ऐन, २०४८खारेज भई २०७५।१२।१५ देखि यो ऐन लागू भएको हो । सार्वजनिक लेखापरीक्षण सम्बन्धमा यस ऐनका प्रमुख प्रावधान निम्नानुसार छन्:-

- ऐनको दफा ४ बमोजिम कुनै निकाय वा सो अन्तर्गतका कुनै एकाइ छनौट गरी आर्थिक कारोबार र त्यससँग सम्बन्धित अन्य क्रियाकलापको एक-एक गरी वा बीच-बीचमा छड्के गरी वा केही प्रतिशत मात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका क्षेत्र र अवधि तोकी अन्तिम लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त भएका तथ्यहरू दर्शाउन त,यसमा विवेचना तथा आलोचना गर्न र आर्थिक विवरणउपर राय सहितको प्रतिवेदन जारी गर्न रवित्तीय विवरण उपर आवश्यकता अनुसार राय सहितको प्रतिवेदन जारी गर्न सक्ने।
- ऐनको दफा ५, ६ र ७ मा वित्तीय तथा विविध विषयको लेखापरीक्षण, सामयिक लेखापरीक्षण, अनुदान तथा सहायता लगायतका क्षेत्रको लेखापरीक्षण गर्न सक्ने,संघ तथा प्रदेशका सबै सरकारी कार्यालय, स्थानीय तह एवं सार्वजनिक संस्थानहरूको जोखिममा आधारित वित्तीय तथा नियमितताको लेखापरीक्षण गर्न तथा विषयवस्तुको तात्त्विक महत्त्वको आधारमा महालेखापरीक्षकबाट छनौट भएका विषयमा कार्यमूलक, सूचना प्रविधि, वातावरणीय तथा विशेष लगायतका क्षेत्रको लेखापरीक्षण गर्न सक्ने।
- **ऐनको दफा ८ मा उल्लेख भए अनुसार महालेखापरीक्षकले नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत विचार गरी आवश्यकता अनुसार लेखापरीक्षण गर्ने विषय वा क्षेत्रहरू देहायअनुसार छन्:**

क. ऐविनियोजन ऐन तथा अन्य ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न निर्दिष्ट शीर्षक तथा उप-शीर्षकमा स्वीकृत भएका रकमहरू तोकिएको सीमामा रही निर्दिष्ट प्रयोजनको लागिखर्च भए/नभएको,

ख. (कारोबारको लेखा तोकिएको ढाँचा अनुरुप राखे, नराखेको तथा निर्दिष्ट समयमा प्रतिवेदन गरे/नगरेको,

ग. सबै संघीय तथा प्रदेश कार्यालयहरू र स्थानीय तहको विनियोजन, राजस्व, धरौटी लगायतका सम्पूर्ण कारोबारको लेखा राखी वित्तीय विवरण तयार पारे, नपारेको र त्यसले आर्थिक कारोबारको यथार्थ चित्रण गरे/नगरेको,

घ. संघीय सञ्चित कोष, प्रदेश सञ्चित कोष, स्थानीय सञ्चित कोष तथा र अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहे/नरहेको,

ङ. आम्दानी वा खर्च भएका कलमहरूको पुष्ट्याइँ गर्ने प्रमाण यथेष्ट भए/नभएको,

च. लेखा वा प्रतिवेदन बमोजिम भौतिक प्रगति भए/नभएको,

छ. खर्च गर्न अधिकार प्राप्त अधिकारीको स्वीकृति भए/नभएको,

ज. नगदी,जिन्सी लगायत सबै सार्वजनिक सम्पत्तिको उचित रुपमा उपयोग गरे, नगरेको,

झ. सरकारी सम्पत्तिको हानि नोक्सानी नहुने गरी उचित संरक्षण तथा मर्मत सम्भार गरे/नगरेको,

ञ. खर्च गर्दा दुरुपयोग हुन नपाउनेगरी पर्याप्त कानूनी व्यवस्था भए, नभएको, तत्सम्बन्धी नियमन तथा नियन्त्रण व्यवस्था पर्याप्त भए, नभएको र ती कुराहरूको अनुशरण गरे/नगरेको,

ट. आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी व्यवस्था भए, नभएको र त्यसको अनशुरण गरे/नगरेको,

ठ. आन्तरिक लेखापरीक्षण सन्तोषजनक तरिकाबाट भए/नभएको र भएकोमा प्रतिवेदनको कार्यान्वयन गरे/नगरेको,

ड. राजस्व तथा सरकारी कोषमा जम्मा हुनुपर्ने रकम कानून बमोजिम निर्धारण, असुली, दाखिला र लेखाङ्कन भए, नभएको र राजस्व चहुावट नियन्त्रण गर्ने प्रयास गरे, नगरेको,

ढ. कार्यालयको संगठन र व्यवस्थापन तथा कार्यविभाजन यथेष्ट र समुचित भए, नभएको र त्यस अनुसार कार्यालय सञ्चालन तथा व्यवस्थापन गरे/नगरेको,

ण. कुनै काम दोहोरो हुने गरी विभिन्न निकायबाट गराएको वा गर्नुपर्ने कुनैकाम छुटाएको वा कार्यालयको कामनिर्दिष्ट समयमा गर्ने, गराउने प्रभावकारी व्यवस्था भए/नभएको,

त. कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति भए, नभएको तथा कामको गुणस्तर र परिमाण मानदण्ड अनुरुप भए/नभएको,

थ. कार्यालयको उद्देश्य र नीति स्पष्ट भए, नभएको र निर्दिष्ट उद्देश्य तथा नीति अनुरुप योजना, बजेट तथा कार्यक्रम तर्जुमा गरे, नगरेको तथा सोही बमोजिम कार्यान्वयन गरे/नगरेको,

द. स्वीकृत लागत खर्चको सीमाभित्र रही कार्यक्रम सञ्चालन गरे/नगरेको र लागतको तुलनामा प्रतिफल प्राप्त भए/नभएको,

ध. वित्तीय कारोबार, अभिलेख र प्रतिवेदन व्यवस्थालाई सूचना प्रविधिमा आधारित बनाउन प्रयास गरे/नगरेको,

न. नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा प्रचलित कानून बमोजिम बाँडफाँट भएको राजस्व, अनुदान तथा रोयल्टीको उपयोग र परिचालन प्रभावकारी भए, नभएको, सोधभर्ना लिने कार्य समयमा गरे, नगरेको,

प. बेरुजु लगत र फछ्र्यौटको अभिलेख अद्यावधिक राखे, नराखेको तथा बेरुजु फछ्र्यौट गर्ने प्रयास गरे, नगरेको।

- **ऐनको दफा ९ मा उल्लेख भए अनुसार महालेखापरीक्षकले औचित्यको दृष्टिकोणबाट आवश्यकता अनुसार परीक्षण गर्ने कुराहरू देहाय अनुसार छन्:**

(१) निकासा अनसुार खर्च गरेको भए तापनि बेमनासिबतरिकाले वाराष्ट्रिय धनको हानि नोक्सानी हुने गरी खर्च भएको देखिएमा त्यस्तो खर्च रनिकासाको सम्बन्धमा,

Where ΔPFB_t refers to food price and ΔPET_t is fuel price. Delta (Δ) shows first difference and p is the lag orders of dependent variable food price and q is the lag order of independent variable fuel price. In this equation Pq (2,1) is used to show that it starts from zero and ends up with two. The result from this methodology would not give satisfactory result when it compares both asymmetries and non-linearities. Therefore, to incorporate asymmetric into ARDL model, we consider Non-linear Autoregressive Distribution Lags (NARDL) modelling methods in order to find more convincing result which was proposed by Shin et al. (2014). It involves positive and negative fuel price to investigate the decomposition of independent variable PET_{t-i} in short run and long run for Non-linear Autoregressive Distribution Lag (NARDL).

Positive and negative analysis shows the increase and decrease in following ways:

$$POS_t = \sum_{j=1}^{t} \Delta PET_j^{+} = \sum_{j=1}^{t} \max(\Delta PET_j, 0),$$
$$NEG_t = \sum_{j=1}^{t} \Delta PET_j^{-} = \sum_{j=1}^{t} \min(\Delta PET_j, 0),$$

Where is the partial sum of positive changes which reflects only appreciation of fuel price and is the partial sum of negative changes reflecting only depreciation of fuel price. After the decomposition of negative and positive independent variable (fuel price), we combined the equation into long run and short run in equation 3.

$$\Delta PFB_t = \mu + \rho_1 PFB_{t-i} + \rho_1^{+} PET_{t-1}^{+} + \rho_2^{-} PET_{t-1}^{-} + \sum_{i=1}^{p-1} \alpha_i \Delta PFB_{t-i} +$$
$$\sum_{i=0}^{q-1} (\beta i^{+}{}_i \Delta PET_{t-i}^{+} + \beta_i^{-} \Delta PET_{t-i}^{-}) + \epsilon_t, \quad (3)$$

In this equation, and define short run relationship among fuel price and food price whereas anddescribe long run relationship, superscripts (+) and (-) means negative and positive partial sum decomposition of food price and fuel price and also the lag level of both variables. Based on SIC (Schwarz Information Criterion), the optimal lag length P and q is chosen to show the result for short run estimates of food price to Fuel price. Null hypothesis for long run co-integration H0: is calculated against H1:≠ ≠0 by using F-Test.

For the interpretation of the long run relationship between food price and fuel price, bound test by Wong (2018) is followed through F statistics. Where there are two types of criteria for the F test. First bound test examines its significant level and if it is found significant, this model supports co-integration of the variables and vice versa if an insignificant result appears. But in the second step, it can be concluded that if the value of F statistics is less than the lower bound, it would fail to support the null hypothesis and no long- run relationship between food price and fuel price exists. To prevent the biasness of data, unit root test has been used and it is stationary in its first difference but not stationary at all levels. The null hypothesis and the alternative hypothesis have tested to its stationary level at I (0) and I (1) because NARDL model can be applicable as long as I (1).

4.5. Results

4.5.1. Some Preliminaries

Table 1: Summary Statistics

	National		Kathmandu		Tarai		Hill		PET
	PFB	PNF	PFBK	PNFK	PFBT	PNFT	PFBH	PNFH	
Mean	4.280	4.406	4.263	4.422	4.284	4.403	4.297	4.392	4.501
Median	4.303	4.396	4.293	4.417	4.281	4.387	4.347	4.387	4.531
Maximum	4.750	4.792	4.791	4.765	4.733	4.787	4.744	4.825	4.834
Minimum	3.668	4.080	3.618	4.075	3.692	4.069	3.686	4.030	4.141
Std. Dev.	0.340	0.222	0.363	0.212	0.326	0.217	0.337	0.241	0.212
Skewness	-0.279	0.082	-0.257	0.018	-0.256	0.088	-0.329	0.150	-0.176
Kurtosis	1.826	1.722	1.825	1.719	1.825	1.697	1.811	1.781	1.926
Observations	132	132	132	132	132	132	132	132	132

Monthly time series data is observed for 11 years and the result is calculated based on those 132 observations. In Table 1, there is an analysis of summary statistics for oil prices and food and non-food price. The price of fuel has an average log value of 4.502 Rs per litre and reached Rs 4.834 as the highest price and Rs 4.141 at the lowest price. Based on the skewness result, it can be said that the data do not follow the normal distribution for food prices because it seems negative in all-region. But on the other side, non-food item follows normal distribution since it shows a positive result in four regions. While considering the correlation in Table 2, it shows that fuel price is highly correlated to food and non-food price since it is more than 0.75 in all regions. However, food and beverage show more correlation with an average of 76% than non-food prices with an average of 73 %.

Table 2. Correlation matrix

	PFB	PFBK	PFBT	PFBH	PNF	PNFK	PNFT	PNFH	PET
PFB	1.000								
PFBK	0.999	1.000							
PFBT	0.999	0.999	1.000						
PFBH	0.999	0.998	0.998	1.000					
PNF	0.985	0.985	0.985	0.983	1.000				
PNFK	0.989	0.989	0.989	0.987	0.999	1.000			
PNFT	0.983	0.983	0.983	0.980	0.999	0.999	1.000		
PNFH	0.981	0.982	0.981	0.979	0.999	0.999	0.999	1.000	
PET	0.758	0.751	0.753	0.771	0.730	0.751	0.753	0.771	1.000

Notes: (1) PFB is the log of consumer price index of food and beverage at the national level, and PFBK, PFBT, and PFBH are the logs of consumer price index of food and beverage in Kathmandu, Tarai, and Hill regions, respectively. (2) PNF is the log of consumer price index of non-food at the national level, and PFBK, PFBT, and PFBH are the logs of consumer price index of non-food in Kathmandu, Tarai, and Hill regions, respectively. (3) PET is the log of fuel price. (4) All indices are seasonally adjusted.

4.5.2 Unit root tests

Before concluding NARDL, we need to check if all variables are stationary at I (0) or I (1), we apply several methods for unit root test. It is followed based on LLC, IPS W- Stat, ADF Fischer and PP Fischer test as a unit root test which is presented in Table 3. The result supports our expectation and it is found that all the variables are I (0) or I (1).

Table 3. Unit root test

LLC		IPS W-stat		ADF-Fischer		PP-Fischer	
-1.296*	[0.098]	-1.103	[0.135]	76.992**	[0.033]	73.132*	[0.062]
-8.742***	[0.000]	-10.391***	[0.000]	232.758***	[0.000]	329.912***	[0.000]
-1.795**	[0.036]	1.805	[0.965]	45.330	[0.845]	31.963	[0.996]
2.624	[0.996]	-1.258	[0.104]	76.812**	[0.034]	151.156***	[0.000]
-0.247	[0.402]	0.111	[0.544]	55.620	[0.489]	57.345	[0.425]
-5.908***	[0.000]	-8.926***	[0.000]	202.258***	[0.000]	298.510***	[0.000]
3.698	[0.999]	0.648	[0.741]	66.766	[0.154]	91.054***	[0.002]
-16.863***	[0.000]	-17.726***	[0.000]	353.497***	[0.000]	404.743***	[0.000]
-0.975	[0.165]	-0.800	[0.212]	66.536***	[0.158]	118.050***	[0.000]
-19.920***	[0.000]	-17.883***	[0.000]	393.060***	[0.000]	548.164***	[0.000]
6.218	[1.000]	8.063	[1.000]	18.503	[1.000]	39.978	[0.978]
-13.213***	[0.000]	-14.241***	[0.000]	305.585***	[0.000]	429.029***	[0.000]
1.260	[0.896]	2.013	[0.978]	53.258	[0.719]	51.706	[0.768]
-5.139***	[0.000]	-8.133***	[0.000]	178.998***	[0.000]	239.278***	[0.000]
4.030	[1.000]	5.459	[1.000]	49.329	[0.836]	61.007	[0.440]
-18.082***	[0.000]	-17.991***	[0.000]	385.765***	[0.000]	472.804***	[0.000]
10.418	[1.000]	10.559	[1.000]	25.971	[1.000]	49.190	[0.788]
-14.638***	[0.000]	-14.624***	[0.000]	339.118***	[0.000]	425.654***	[0.000]

Notes: (1) PFB is the log of consumer price index of food and beverage at the national level, and PFBK, PFBT, and PFBH are the logs of consumer price index of food and beverage in Kathmandu, Tarai, and Hill regions, respectively. (2) PNF is the log of consumer price index of non-food at the national level, and PFBK, PFBT, and PFBH are the logs of consumer price index of non-food in Kathmandu, Tarai, and Hill regions, respectively. (3) PET is the log of fuel price. (4) All indices are seasonally adjusted. (5) Figures in the parenthesis indicate p-values. (6) Optimal lag lengths

are determined by Modified Akaike Info Criterion. (7) Individual intercept and individual linear trend are included for all variables. (8) *, **, and *** represent the 10%, 5%, and 1% significance levels, respectively.

4.5.3. Estimates of the Fuel and Food and Beverage relationship in four regions

There are three categories of results in table 4. First, short-run coefficients estimate the fuel price and food price. Second, a long-run relationship of variables is considered and the third one is diagnostics statistics where results would tell about F-test, Lagrange Multiplier statistic (LM test), Reset statistics and Wald test.

When the short-run coefficient of food and beverage is considered in table 4, there is positive and significant result found in all regions in both linear and non-linear ARDL model but at the same time, when fuel price is considered, it is found that fuel price (PET) is insignificant in all regions with -0.010 value in national level, -0.018 in Kathmandu valley,-0.011 in Tarai and -0.020 in Hill. Since the result is insignificant, no long-run relationship is found between fuel price and food price in the short-run while using the linear ARDL model.

When the data goes through the long run estimations in the same table, the result is quite different than that of the short-run. Fuel price (PET) has an insignificant result with 0.775 for the national level, 0.321 for Kathmandu 0.352 in Tarai and 0.624 in Hill while considering the linear ARDL model. It shows no long-run relationship between fuel price and food price. But, when the result follows a nonlinear ARDL model, it shows the significant result for positive fuel price but not significant in the case of negative fuel price. Therefore, it can be analysed by interpreting that if fuel price goes up by 1%, food price will also increase by 0.643% at the National level, 0.594% in Kathmandu valley, 0.597% in Tarai and 0.850% in a hill. However, in the case of negative fuel price, it cannot be said that if fuel price is decreased by 1% food price also decreased by 0.309% in national level and 0.305% in Kathmandu valley, 0.278% in Tarai and 0.5345 in Hill because it is not significant in all regions. Likewise, the result is supporting the asymmetric relationship of fuel price and food price because when fuel price goes up, food price also increases by a certain percentage but when fuel price goes down, food price is insensitive.

To support the result from long-run estimation, various diagnostic statistics have been completed in the third part of table 4. First, when we went through the F test, we found an insignificant result in all regions in both linear and nonlinear model but it is less than lower bound in all regions. So, we found a long-run relationship between food price and fuel price. Secondly, there is an estimation of Error Correction Term () at the same lag orders and it obtained a negative result which is significant in all regions. This significantly negative coefficient supports the co-integration between the dependent and independent variables. Third, the Lagrange Multiplier (LM) statistics test is tested for serial correlation among dependent and independent variables. Since the result is insignificant, it could be said that there is no serial correlation among our variables. Similarly, insignificant reset test support for the lack of misspecification. Finally, as the long run Wald Test shows the significant result, we reject the null hypothesis of the long run symmetric relationship between fuel price and food price.

Table 4

	National		Kathman-du		Tarai		Hill	
	Linear ARDL	Nonlinear ARDL	Linear ARDL	Nonlinear ARDL	Linear ARDL	Nonlinear ARDL	Linear ARDL	Non-linear ARDL
Short-run								
ΔPFB_{t-1}	0.460*** (0.088)	0.373*** (0.077)	0.247*** (0.086)	0.246** (0.084)	0.326*** (0.082)	0.320*** (0.080)	0.222*** (0.086)	0.189** (0.084)
ΔPFB_{t-1}	-0.180** (0.088)							
ΔPET_{t}	-0.010 (0.021)		-0.018 (0.034)		-0.011 (0.024)		-0.020 (0.023)	
ΔPOS_{t}		-0.005 (0.023)		-0.022 (0.041)		-0.022 (0.041)		-0.017 (0.027)
ΔNEG_{t}		0.033 (0.039)		0.041 (0.063)		0.016 (0.044)		0.024 (0.042)
Long-run								
PET	0.775 (1.453)		0.321 (0.261)		0.352 (0.310)		0.624 (1.733)	
POS		0.643*** (0.219)		0.594** (0.192)		0.597*** (0.215)		0.850** (0.381)
NEG		-0.309 (0.210)		-0.305 (0.197)		-0.278 (0.203)		-0.534 (0.395)
Diagnostic statistics								
F	2.410	4.092	2.112	3.912	2.379	3.337	2.091	4.02
ECT_{t-1}	-0.010*** (0.004)		-0.039* (0.015)		-0.025*** (0.010)		-0.006*** (0.002)	
LM	0.077	1.832	3.29*	0.785	1.319	0.495	0.138	0.162
RESET	5.364**	1.288	6.874***	2.689	2.099	0.055	9.24	0.234
Wald-Short								
Wald-Long		6.245**		5.001**		5.906**		6.167**

Notes: (1) ΔPFB_{t-1} is the difference in price of food and ΔPFB_{t-2} beverage for previous period. And is the difference in price of food and beverage for two years before. (2) ΔPFB_{t} is a difference of log of fuel price (3) PET is the log of fuel price. (4) ΔPOS_{1} is a difference in fuel price (5) POS and NEG is a positive fuel price and negative fuel price (6) All indices are seasonally adjusted. (7) Figures in the parenthesis indicate p-values. (8) Optimal lag lengths are determined by Modified Akaike Info Criterion. (9) Individual intercept and individual linear trend are included for all variables. (10) *, **, and *** represent the 10%, 5%, and 1% significance levels, respectively.

The model described in table 4 includes only food prices and fuel prices. To check that empirical validity, we included the non-food price in the model and checked the consistency of the result

in table 5.

4.6. Robustness check

Table 5. Nonlinear ARDL

	National	Kathmandu	Tarai	Hill
Short-run				
ΔPFB_{t-1}	0.377*** (0.077)	0.240*** (0.084)	0.327*** (0.080)	0.173** (0.082)
ΔPOS_t	-0.012 (0.026)	-0.027 (0.041)	-0.019 (0.030)	-0.024 (0.027)
ΔNEG_t	0.031 (0.039)	0.040 (0.063)	0.012 (0.044)	0.033 (0.042)
ΔPNF_t	0.078 (0.117)	0.168 (0.149)	-0.001 (0.118)	-0.031 (0.111)
Long-run				
POS	0.566*** (0.174)	0.591** (0.194)	0.540*** (0.183)	0.521*** (0.165)
NEG	-0.231 (0.177)	-0.318 (0.206)	-0.215 (0.184)	-0.274 (0.182)
PNF	-0.801 (0.726)	0.275 (0.983)	-0.550 (0.639)	-1.573 (0.657)
Diagnostic statistics				
F	3.791	3.129	2.85	4.623
ECT_{t-1}	-0.070*** (0.016)	-0.089*** (0.023)	-0.067*** (0.018)	-0.077*** (0.016)
LM	1.238	0.904	0.293	0.656
RESET	0.439	5.24	0.075	0.707
Wald-Short				
Wald-Long	6.58**	5.842**	5.912**	6.899***

Notes: (1) ΔPFB_{t-1} is the difference in price of food and beverage for previous period. (2) ΔPET_t is a difference of log of fuel price (3) PET is the log of fuel price. (4) ΔPOS_t is a difference is fuel price (5) POS and NEG is a positive fuel price and negative fuel price (6) All indices are seasonally adjusted. (7) Figures in the parenthesis indicate p-values. (8) Optimal lag lengths are determined by Modified Akaike Info Criterion. (9) Individual intercept and individual linear trend are included for all variables. (10) *, **, and *** represent the 10%, 5%, and 1% significance levels, respectively.

Finally, in table 5, the nonlinear ARDL model is followed to test the robustness of the data. To get a significant result, the non-food item is included in the analysis. In the short- run, there is positive

value with 0.377 in the National level, 0.240 in Kathmandu valley, 0.327 and 0.173 in Tarai and Hill respectively and the result shows National, Kathmandu, and Tarai is significant at 1 % level whereas Hill is significant at 5% level. Similarly, when the result is considered in a long run, it shows positive fuel price is significant with 0.566% in the National level, 0.591% in Kathmandu valley,0.540% in Tarai and 0.521% in Hill. However, negative fuel price does not have any relation in the long term. So, we can conclude that if fuel price increases by 1%, non-food item's price also increase by more than 0.5% in all regions but if fuel price decreases by 1%, nobody can forecast the reduction percentage since the result is insignificant in all regions. While interpreting the F test, it is found that it has a value of 3.791 in National, 3.129 in Kathmandu, 2.85 in Tarai and 4.632 in Hill. According to the theory regarding the bound test, all the value is less than the lower bound which means the result supports that long-run relationship exists between food price and fuel price. Similarly, negative and significant error correction terms support the cointegration between fuel price and food price. Insignificant LM test support that there is no serial correlation between our dependent and independent variables and the Reset test is also insignificant which shows a lack of misspecification. Finally, as we found that the long-term Wald test is significant in all regions, our result supports the asymmetric relationship between fuel price and food price.

CONCLUSIONS

In this study, the asymmetric relation is found between fuel price on food prices in Nepal. Linear and nonlinear ARDL model is used to find the long run as well as the short-run relationships between fuel price and food price. From the analysis, it can be concluded that the oil price increase is associated with the increase in food price, whereas a decrease in oil price has no significant association with food price. In other words, it can be said that one percent increase in fuel price tends to increase food price by 0.57% in national level, 0.59% in Kathmandu, 0.54% in Tarai and 0.52% in Hill. At the same time, if fuel price decreases by one percent, food prices would not decrease by a certain percentage. The result is robust when the non-food category is included. Insensitivity in fuel price decrease and food price creates challenges for the government for price stability. Increasing demand for fuel associated for increasing cost of food from production to delivery and it directly hampered to the low-income group or vulnerable group in terms of purchasing power. Thus, the government of Nepal should adopt a policy to reform the food market and control the excess volatility. Through this policy, the government should focus on social safety net schemes for the access to food and basic needs of vulnerable groups at the time of fuel price hike and it should protect the group from excess volatility.

For further improvement, the government of Nepal should adopt the systematic pricing mechanism to all regions so that price flooring and price ceiling can be monitored by the effective mechanism. Even though the government is monitoring the market through some channels, it is not as effective as expected. Insufficient and inappropriate supply chain and lack of a smooth delivery system are always creating some tension in the Nepalese market and maintenance of those systems should be a priority for the government.

The strong association between Indian oil market and domestic oil price have serious implications for the domestic price level, especially with the oligopolistic market like Nepal. Thus, the evidence of asymmetric relations of fuel price and food price make the situation more worrying for the policymakers as it causes welfare loss to the general consumer. Therefore, the policymaker should have a serious concern with a global oil price while addressing the domestic price. Moreover, the government should adopt a dynamic monetary policy to control more inflationary pressure.

Furthermore, an appropriate mechanism for controlling market price, dynamic monetary policy and policy reform for food market might be an immediate policy implication for the government of Nepal but there are some alternatives for long term food price stability as follows:

1. As Nepal is a very rich country in water resources, the potentiality of hydroelectricity is very high. To make hydropower a reliable alternative source of energy for fuel, investment in this sector might help to reduce fuel dependency in the future.

2. Unpredictable demand and supply, inappropriate delivery system, limited storage, and politically influenced management are some of the major reasons for inefficiency and ineffectiveness of Nepal Oil Corporation, the only fuel supplier. Therefore, the government of Nepal should break the monopoly of this state-owned enterprise by inviting more players to make the market structure more competitive. This approach might help to address the asymmetric issue in the future.

References

Abdlaziz, R., Rahim, K., & Adamu, P. (2016). International Journal of Energy Economics and Policy Oil and Food Prices Co-integration Nexus for Indonesia: A Non-linear Autoregressive Distributed Lag Analysis. *International Journal of Energy Economics and Policy* |, *6*(1), 82–87. Retrieved from http:www.econjournals.com

Abu-Bakar,M.,&Masih,M.(2018). Is the oil price pass- through to domestic inflation symmetric or asymmetric? new evidence from India based on NARDL

Alom, F. (2011). Economic Effects of Oil and Food Price Shocks in Asia and Pacific Countries : An Application of SVAR Model. *New Zealand Agricultural & Resources Economics Society*, 1–43.

Alom, F., Ward, B. D., & Hu, B. (n.d.). Macroeconomic effects of world oil and food price shocks in Asia and Pacific economies : application of SVAR models.

Apergis, N., & Vouzavalis, G. (2018). Asymmetric pass through of oil prices to gasoline prices: Evidence from a new country sample. *Energy Policy*, *114*(September 2017), 519–528. https://doi.org/10.1016/j.enpol.2017.12.046

Awunyo-Vitor, D., Samanhyia, S., & Addo Bonney, E. (2018). Do oil prices influence economic growth in Ghana? An empirical analysis. *Cogent Economics and Finance*, *6*(1), 1–14. https://doi.org/10.1080/23322039.2018.1496551

नेपालमा घर जग्गा निःसर्गमा पूँजीगत लाभकर

युवराज श्रेष्ठ

कर प्रतिफल पाउने अधिकार नभएको तर राज्यलाई तिर्नु बुझाउन पर्ने अनिवार्य रकम हो। आय कुनै व्यक्तिले रोजगारी, व्यबसाय, लगानी वा आकस्मिक लाभबाट प्राप्त गरेको आम्दानी हो।

नेपालमा आयकर लगाउन वि.स. २००८ सालको बजेट वक्तव्यमा उल्लेख भएतापनि वि.स. २०१६ सालमा व्यापार मुनाफा र पारिश्रमिक कर अध्यादेश जारी गरि सोही वर्षदेखि शहरी क्षेत्रको घर जग्गा र विदेशी लगानीमा कर लगाउने व्यवस्था भएको थियो। वि.स. २०१७ सालमा व्यापार मुनाफा र पारिश्रमिक कर ऐन जारी भयो। त्यसपछि मनोरन्जन कर ऐन, २०१७, हवाई उड्‌ययन कर ऐन, २०१८, घरजग्गा कर ऐन, २०१९ र विदेशी लगानी कर ऐन, २०१९ जारी गरी कर संकलनको व्यवस्था गरिएको थियो। आयकर ऐन, २०१९ र आयकर नियमावली, २०२० जारी भएपछि व्यापार मुनाफा र पारिश्रमिकका साथै घर जग्गा बहाल, लगानी, कृषि, बीमा एजेन्सी समेतमा कर लगाई करको दायरा बढाईएको थियो।आयकर ऐन, २०३१, आयकर नियमावली, २०३९ जारी भई आयका स्रोतहरूलाई कृषि, उद्योग, पेशा व्यवसाय, पारिश्रमिक, घरजग्गा बहाल र अन्य स्रोतमा विभाजन गरी कर लगाउने व्यवरथा गरियो।आयकर ऐन, २०५८ वि.स .२०५८ चैत्र १९ गतेदेखि लागू हुने गरी जारी भयो। यस ऐनले आयका स्रोतहरूलाई व्यवसाय, लगानी र रोजगारीमा विभाजन गरी बासिन्दा व्यक्तिको जहाँसुकैको आयमा कर लाग्ने र गैर बासिन्दाको हकमा नेपालमा स्रोत भएको आयमा कर लाग्ने व्यवस्था गरेको छायो ऐनका विषेशताहरूमा फराकिलो कराधार, आयका श्रोतको वर्गीकरण, स्वयं कर प्रणालीमा आधारित र करदाताको अधिकार तथा कर्तव्यको व्यवस्था गरिएको छ।

नेपालमा आ.व. २०६६/६७ को बजेट वक्तव्य मार्फत कुनै प्राकृतिक व्यक्तिको व्यवसायको आयमा प्रयोग नभएको गैर व्यावसायिक सम्पत्तिको निःसर्गबाट हुने पुँजीगत लाभ वा हानीलाई पुँजीगत लाभकर लगाउने कार्य शुरु गरिएको हो। आयकर ऐन, २०५८ बमोजिम घर, जग्गा र शेयर बिक्रीमा पुँजीगत लाभकर लाग्ने व्यवस्था गरिएको छ। "पुँजीगत लाभकर" भन्नाले कुनै पनि पुँजीगत सम्पत्ति वा पुँजीगत दायित्वको निःसर्ग गर्दा प्राप्त हुने लाभमा लाग्ने करलाई बुझाउदँछ भने "निःसर्ग" भन्नाले सम्पत्ति वा दायित्वको बिक्री वा हस्तान्तरण हो। गैह्र व्यावसायिक सम्पत्तिको बिक्री वितरण वा हक हस्तान्तरण गर्दा खरिदमूल्य र खर्च कट्टा गरि बढी भई आउने बचत नै लाभ हो र यस्तो लाभमा लाग्ने कर पूँजीगत लाभकर हो।

व्यक्तिले घर जग्गा आफ्नो स्वामित्वमा राखेकोले मात्र नभई सरकारको लगानीको कारणले समेत घर जग्गाको मूल्यवृद्धि हुने हुन्छ। सरकारले पूर्वाधार विकासमा गरेको लगानी र शान्ति सुरक्षाको प्रबन्ध आदि कारणले हुन जाने घर जग्गाको मूल्य वृद्धिको प्रतिफलको केहि हिस्सा सरकारले पनि पाउन व्यक्तिको स्वामित्वमा रहेको व्यवसाय वा लगानीको आय आर्जनको लागि प्रयोग नभएको सम्पत्तिहरूलाई गैर व्यावसायिक करयोग्य सम्पत्तिको रूपमा परिभाषा गरी करको दायरामा ल्याइएको हो।जग्गा तथा घरजग्गा निःसर्गमा लाग्ने पुँजीगत लाभकर सम्बन्धमा आयकर ऐन, २०५८ (संशोधन समेत), आयकर नियमावली, २०५९ (संशोधन समेत), आयकर निर्देशिका, २०६६ (संशोधन समेत) र जग्गा तथा घरजग्गा निःसर्गमा पुँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२ (संशोधन समेत) मा विविध व्यवस्थाहरू छन। जग्गा तथा घरजग्गा निःसर्गमा पुँजीगत लाभकर सम्बन्धमा अर्थ मन्त्रालय,आन्तरिक राजस्व विभाग, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, आन्तरिक राजस्व कार्यालयहरू र मालपोत कार्यालयहरूबाट प्रशासन हुने संस्थागत व्यवस्था छ। हाल मालपोत कार्यालयहरूबाट जग्गा तथा घरजग्गा निःसर्गमा अग्रिम कर असुली गर्ने अभ्यास रहेको छ। हामिले घर जग्गाको कारोवार गर्दा द्विविधा नहोस भनि हाल अभ्यासमा रहेको कानुनी व्यवस्था बारेमा यहा प्रस्तुत गरिएको छ।

१. पुँजीगत लाभकर संकलनको अवस्था

घर जग्गा/शेयर(०००)

शिर्षक/आ.व.	७६/०७५	७७/०७६	७८/०७७	७९/०७८	८०/०७९
व्यक्तिगत ११११३	१०१२९३९७	८८४११८९	२८६६१७३०	२८७४२७६२	१५४६६९७५
कर्पोरेट १११२५	१४०७२५८	२३६८६८८३	७०२९३८	१९३५५१२	११०३५५९
जम्मा	११५३६६५५	३२५२८०७२	२९३६४६६८	३०६७८२७४	१६५७०५३४

श्रोत: आन्तरिक राजस्व विभागको वार्षिक प्रतिवेदनहर”

२. जग्गा तथा घरजग्गा निःसर्गमा पुँजीगत लाभकर सम्बन्धमा कानूनी व्यवस्थाः

आयकर ऐन, २०५८ को दफा ९५क. को उपदफा (५) र (६) मा मालपोत कार्यालयबाट पुँजीगत लाभकर असुल गर्ने सम्बन्धमा भएको व्यवस्था -

उपदफा (५) - कुनै प्राकृतिक व्यक्तिको जग्गा वा निजी भवन निःसर्ग बापत भएको पुँजीगत लाभमा मालपोत कार्यालयले रजिस्ट्रेशनका बखत देहाय बमोजिम अग्रिम कर असुल गर्नु पर्नेछः

(क) निःसर्ग भएको गैर व्यावसायिक कर योग्य सम्पत्ति (जग्गा तथा भवन) को स्वामित्व **पाँच** वर्ष वा सोभन्दा बढी भएको छ भने दुई दशमलब पाँच प्रतिशतका दरले,

(ख) निःसर्ग भएको गैर व्यावसायिक कर योग्य सम्पत्ति (जग्गा तथा भवन) को स्वमित्व पाँच वर्षभन्दा कम भएको छ भने पाँच प्रतिशतका दरले ।

उपदफा (६) - उपदफा (५) मा लेखिएदेखि बाहेक अन्य कुनै व्यक्तिको स्वामित्वको जग्गा **वा** भवनको निःसर्ग भएको मूल्यमा मालपोत कार्यालयले रजिष्ट्रेशनका बखत एक दशमलब पाँच प्रतिशतका दरले अग्रिम कर असुल गर्नु पर्नेछ ।

आयकर ऐन, २०५८ को दफा २ (द) मा गैर व्यावसायिक करयोग्य सम्पत्तिको परिभाषा गरिएको छः

गैर व्यावसायिक करयोग्य सम्पत्ति” भन्नाले देहायका सम्पत्ति बाहेकका जग्गा, भवन तथा कुनै निकायमा रहेको हित वा सुरक्षण सम्झनु पर्छः

(१) व्यावसायिक सम्पत्ति, ह्रासयोग्य सम्पत्ति वा व्यापारिक मौज्दात,

(२) कुनै प्राकृतिक व्यक्तिको निम्न अवस्थाको निजी भवनः

(क) अविच्छिन्न दश वर्ष वा सोभन्दा बढी अवधि स्वामित्वमा रहेको, र

(ख) त्यस्तो व्यक्तिले अविच्छिन्न वा पटक पटक गरी कुल दश वर्ष वा दश वर्षभन्दा बढीबसोबास गरेको,

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि “निजी भवन" भन्नाले भवन, भवनले ओगटेको जग्गा र सो भवनले ओगटेको क्षेत्रफल बराबरको थप जग्गा वा एक रोपनी जग्गामध्ये जुन घटी हुन्छ त्यसलाई सम्झनु पर्छ ।

(३) कुनै हिताधिकारीको अवकाश कोषमा रहेको हित,

(४) कुनै प्राकृतिक व्यक्तिको दश लाख रुपैयाँभन्दा कम मूल्यमा निःसर्ग गरेको जग्गा, घरजग्गा तथा निजी भवन, वा

(५) तीन पुस्ताभित्र भएको खरिद, बिक्री बाहेक अन्य किसिमले हस्तान्तरण गरी निःसर्गगरेको सम्पत्ति ।

३. करको दर

- ५ वर्ष वा सो भन्दा बढी स्वामित्व भएमा ५ प्रतिशत
- ५ वर्ष भन्दा कम स्वामित्व भएमा ७.५ प्रतिशत
- प्राकृतिक व्यक्तिको उपरोक्त बमोजिमको गैर व्यावसायिक करयोग्य सम्पत्ति बाहेक अन्य व्यक्ति फर्म कम्पनी संघ सस्थाको नाममा रहेको जग्गा वा भवन बिक्रीको हकमा बिक्री मूल्यको १.५ प्रतिशतले अग्रिम कर असुल गर्नुपर्ने ।

४. पुँजीगत लाभकर कोसँग कट्टी गर्नु पर्छ

- अविच्छिन्न १० वर्ष भन्दा कम अवधि स्वामित्वमा रहेको वा अविच्छिन्न वा पटक पटक गरी कुल १० वर्ष भन्दा कम बसोबास गरेको निजL भवन (घर) निःसर्ग (बिक्री वा हक हस्तान्तरण) गर्ने प्राकृतिक व्यक्तिसँग, यस उपखण्डको प्रयोजनको लागि "निजी भवन" भन्नाले भवन र भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गा वा एक रोपनी जग्गामध्ये जुन घटी हुन्छ त्यसलाई सम्झनु पर्छ।
- जग्गाको हकमा जति वर्ष भए पनि पूजिंगत लाभकर आकर्षित हुने,
- एक पटक वा पटक पटक गरी एक आर्थिक वर्षमा १० लाख भन्दा बढी मूल्यमा जग्गा घरजग्गा वा निजी भवन निःसर्ग गर्ने प्राकृतिक व्यक्तिसँग

५. पुँजीगत लाभकर कोसँग कट्टी गर्नु नपर्ने

- साझेदारी फर्म, ट्रष्ट वा कम्पनी, गाउँपालिका, नगरपालिका, जिल्ला समन्वय कार्यालय, प्रदेश सरकार, नेपाल सरकार, विदेशी सरकार र सोका प्रान्तीय वा स्थानीय सरकार, सन्धिबाट स्थापित सार्वजनिक अन्तर्राष्ट्रिय संगठन, आफु बासिन्दा नभएको मुलुकमा अवस्थित रहने संस्था वा संगठनको स्थायी संस्थापन ।
- अविच्छिन्न १० वर्ष वा सो भन्दा बढी स्वामित्व भएको वा अविच्छिन्न वा पटक पटक गरी १० वर्ष वा सो भन्दा बढी बसोबास गरेको घर भवन र १० लाख भन्दा कम थैली रकम कायम भएको जग्गा निःसर्ग गर्दा प्राकृतिक व्यक्तिसंग,
- तिन पुस्ता भित्रको खरिद बिक्रि बाहेक अन्य किसिमले (अंशबण्डा, अंश भर्पाई, मृत्यु पछिको हस्तान्तरण र अपुताली बकसपत्र) हस्तांन्तरण गरी निःसर्ग गरेको सम्पत्तिको हकमा सो हस्तान्तरण गर्ने प्राकृतिक व्यक्तिसंग,

६. कर योग्य आय कसरी गणना गर्ने

कर योग्य आय=बिक्री गर्ने घरजग्गाको पारित लिखतमा उल्लिखित थैली अंक - बिक्री गरिएको घरजग्गा खरिद गर्दा वा प्राप्त हुँदाको थैली अंक वा मूल्य अंक।

७. लाभकर सम्बन्धी केही उदाहरणहरू

- संयुक्त स्वामित्वमा श्रीमान श्रीमती वा अन्य व्यक्तिहरूको नाममा रहेको घर जग्गा निःसर्ग गर्दा सबैलाई एक एकाई (single unit) मानी सोही अनुसार लाभकर असुल गर्नुपर्ने ।

- नामसारी वा अंशबण्डाबाट स्वामित्व प्राप्त भएको घर जग्गा बिक्रिवाट निःसर्ग गर्दा लाभकर लाग्ने।
- कुनै व्यक्तिको स्वामित्वमा एकै प्लटमा ८ आना जग्गा रहेकोमा ४ आनामा घर बनाएको र ४ आना जग्गा खाली रहेकोमा पूरै ८ आना जग्गा निःसर्ग गर्दा घरले ओगटेको ४ आनामा लाभकर नलाग्ने र बाँकी ४ आनामा पनि लाभकर लाग्दैन। यसर्थ घर जग्गाको लिखत पारित गर्दा घर र जग्गाको अलग अलग मूल्य उल्लेख गर्नु पर्छ। घर वा निजी भवन भन्नाले घर वा भवनले ओगटेको पूरै जग्गा वा १ रोपनी जग्गा मध्ये जुन घटी हुन्छ सो लाई सम्झनु पर्छ।
- कसैको ३ रोपनी जग्गा रहेछ। निजले १० वर्ष अगावै २ रोपनी जग्गामा आफैले भवन निर्माण गरी आफै बसोबास गरेको रहेछ र बिक्री गर्नुपर्दा १ रोपनीको मात्र गैह्र व्यावसायिक छुट पाउने हुँदा १ रोपनी जग्गा र भवनको मात्र छुट पाउछ २ रोपनी जग्गाको लाभकर लाग्छ।
- कसैले आफनो नामको ३ आना जग्गामा १० वर्ष अगावै एक तल्ला घर निर्माणगरी बसोबास गर्न थालेको थियो। निजले ७ वर्ष अगाडि माथि २ तल्ला थप गरी पूरै घर आफैले बसोबास गरी आएको घर जग्गा बिक्री गर्दा १ तल्ला घर र जग्गाको लाभकर लाग्दैन पछि थप गरेको २ तल्लाको लाभकर लाग्छ।
- कसैले आफनो स्वामित्वमा आएको १० वर्ष पूरा नहुदै आफुले कानूनबमोजिम अंश दिनुपर्ने दायित्व भएका अंशियारलाई अंश दिंदा १० लाख भन्दा बढीको सम्पत्ति अंशबण्डा वा अंश भर्पाई गर्दा करयोग्य सम्पत्तिको रुपमा चारित्रीकरण गर्न नमिल्ने। लाभकर नलाग्ने।
- आफनो नाममा स्वामित्व कायम भएको १० वर्ष भन्दा कम भए पनि सो सम्पत्ति अंश वापत प्राप्त भएको र अंश दिने संग तिन पुस्ता भित्र अंश बापत स्वामित्व प्राप्त भएको हुदा अ. श दिनेले स्वामित्व लिए देखि बिक्री गर्दा लाभकर लाग्दैन।
- अंश वापत प्राप्त भएको घर जग्गा १० वर्ष नपुगदै वा हंश दिनेसँग स्वामित्व प्राप्त गरेको १० वर्ष पुरा भएको भएता बिक्री गर्दा लाभकर लाग्छ।
- लोग्ने स्वास्नीको सम्बन्ध सुमछुर नभै मानो चामल अलग अलग गरी बसेका लोग्ने स्वास्नीले आफनो नाममा भएको घर जग्गा कुनै तवरले हक हस्तान्तरण गर्दा स्वामित्व प्राप्त गरेको १० वर्ष नपुगेको र १० लाख बढीको सम्पत्ति भए पनि लाभ कर लाग्दैन। यस्तो लिखत पारित गर्न आन्तरिक राजस्व कार्यालयको सिफारिस लिएर मात्र लिखत पारित गर्नु पर्छ।
- किस्ता बन्दीमा घर जग्गा खरिद बिक्री हुँदा व्याज तथा किस्ता रकम र अवधि जे जस्तो भएता पनि लिखतमा उल्लिखित जम्मा थैली अंकको आधारमा लाभ करको गणना गर्नु पर्छ।
- गैर बजार हस्तान्तरण गरेको हकमा मिति २०५८।१२।१९ भन्दा पछाडि खरिद गरेको भए लिखतमा उल्लेख गरिएको मुल्य।
- रु १ करोड रुपैयाभन्दा बढी मूल्यको जग्गा वा भवन खरीद बिक्री गरेमा खरीद बिक्री गर्ने दुवै जनाको स्थायी लेखा नम्बर अनिवार्य गरिएको छ।

आयकर ऐन, २०५८ मा मालपोत अधिकृतलाई कर अधिकृतको रूपमा परिभाषित गरिएको छैन। लाभ कर स्वयं कर घोषणा हो। लाभकरको संशय, संशोधन र परीक्षण गर्ने अधिकार कर अधिकृतलाई मात्र छ। कुनै संशोधित कर निर्धारणमा चित्त नबुझेमा कर निर्धारण उपर आन्तरिक राजस्व विभागको महानिर्देशक समक्ष पुनरावेदनको लागि निवेदन गर्न सकिनेछ।लाभकर दाखिला गर्नुपर्ने दायित्व भएका १० लाख भन्दा बढीको कारोवार गर्ने करदाताले आयकर ऐन, २०५८ को दफा ८९ख को प्रयोजनका लागि भर्नुपर्ने पुँजीगत लाभकर घोषणा फारममा संशोधन तथा टिप्पणी गर्ने अधिकार मालपोत अधिकृतमा छैन। करको घोषणा, खर्च कट्टी मिले नमिलेको हेर्न, कर परीक्षण गर्ने काम कर अधिकृतले मात्र गर्न

सक्नेछ । करदाताले घोषणा गरेको फारम हेरफेर र केरमेट गर्न हुदैन । मालपोत कार्यालयहरूले करको संशय, संशोधन र परिक्षणका लागि महिना समाप्त भएको ७ दिन भित्रै कर कार्यालय रहेको क्षेत्रमा कर कार्यालयमा र कर कार्यालय नरहेको क्षेत्रमा कोष तथा लेखा नियन्त्रण कार्यालयमा बुझाउनु पर्नेछ । घोषणा फारममा खर्च कट्टी गर्दा खरिद गरी लिएको थैली, दस्तुर, शुल्क र २०५८/१२/१९ को न्यूनतम मूल्यांकनमा फरक पर्न हुदैन । एउटा आ.व.मा प्राकृतिक व्यक्ति वा निजको परिवारले १० लाख भन्दा बढी रकमको अन्य कारोबार भएको छ छैन एकिन गर्नु पर्दछ । व्यबहारमा Online service लागु नभएका वा भै नसकेको अवस्थामा यो व्यवहारमा ल्याउन कठिन छ । तर एउटै श्रेस्ता र पुर्जाबाट भएको कारोबार भए सो सामान्य रूपमा एकिन गर्न सकिन्छ । आय विवरण पेस गर्न करदातालाई स्वेच्छिक व्यवस्था गरिएको छ । यी माथिका कानुनी व्यवस्था र अभ्यास हेर्दा अझ सुधार हुनु जरुरी छ। घर बाटो सिफारिसमा एकरूपता र एकिन हुनु पर्ने देशभरिको वार्षिक एकीकृत कारोबार देखाउने प्रणालीको विकास तथा जथाभावी लागत खर्च लिने प्रवृतिलाई रोक्न सकिएमा पुँजिगत लाभकर राजस्व अझ बढ्ने निश्चित छ। महालेखापरीक्षकको वार्षिक प्रतिवेदन र अन्य नियामक निकायहरूको वार्षिक प्रतिवेदनहरूको सुझाव अनुसार सुधार गर्दै जानु पर्ने आवश्यकता देखिन्छ।

नोट समय समयमा परिवर्तन हुने ऐन बमोजिम लाभकर सोहि बमोजिम नै हुनेछ।

सन्दर्भ सामग्री

आयकर ऐन, २०५८ (संशोधन समेत)

आयकर नियमावली, २०५९ (संशोधन समेत)

आयकर निर्देशिका, २०६६ (संशोधन समेत)

जग्गा तथा घरजग्गा निःसर्गमा पुँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२ (संशोधन समेत)

आन्तरिक राजस्व विभागका विभिन्न वार्षिक प्रतिवेदन र परिपत्रहरू

भूमि व्यवस्थापन तथा अभिलेख विभागका विभिन्न बार्षिक प्रतिवेदन र परिपत्रहरू

अन्तर-सरकार वित्तीय सम्बन्ध; चुनौती र संभावना

सुनिता सुबेदी

पृष्ठभूमिः

सङ्घीय इकाई बीच जिम्मेवारी स्रोत साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र बिस्तार गर्ने राज्यको मूल नीति रहेको छ। संविधानले नेपालको राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तह बाट हुने व्यवस्थाका साथै एकल तथा साझा अधिकारको सूची समेत तोकि राज्य शक्तीको बाँडफाँट गरेको छ भनेतीनै तहका सरकारहरू आ-आफ्ना विकास योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्न सक्दछन्।संविधानले नै सहकारिता सहअस्तित्व र समन्वय लाई संघीय शासन प्रणालीको आधारभूत सिद्धान्तको रुपमा अंगिकार गरेको छ। वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयनका लागि संविधानले नै अधिकार सम्पन्न प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था गरेको छ। प्राकृतिक स्रोतको परिचालनका लागि स्रोतको उपयोग र संभाव्यताको अध्ययन गरी लगानी तथा अपेक्षित प्रतिफलको बाँडफाँटको ढाँचा सिफारिस गर्ने र सो सम्बन्धी विवाद समाधानका लागि उपायहरू समेत सुझाव दिने आयोगको कार्य जिम्मेवारी रहेको छ । प्राकृतिक स्रोत तथा वित्त आयोग संघीय व्यवस्थामा वित्त व्यवस्थापनका लागि तीन तहका सरकारलाई नियमन, सहयोग, सहजीकरण र सहकार्य गर्ने एक अधिकार सम्पन्न बिशेषज्ञ संस्थाको रुपमा क्रियाशील छ। संघीयताको मूल मर्म भनेकै संघीय इकाईहरूमा हुने शक्तीको बाँडफाँट हो। बाडफाँटको प्रकृति भने हरेक राष्ट्रको राजनीतिक पद्वति र सन्दर्भ बिशेषमा निर्भर हुने गर्दछ ।दुई तहका संघीय प्रणाली अबलम्बन गरिएका मुलुकहरू जस्तै अमेरिका, अष्ट्रेलिया र भारत भन्दा नेपालको अन्तरसरकारी वित्तीय सम्बन्धको प्रकृति भिन्न रहेको छ । मुलुक संघीय शासन प्रणालीमा रुपान्तरण भए संगै राष्ट्रिय अर्थतन्त्रको संरचना र स्वरुपमा पनि उल्लेख्य परिवर्तनहरू देखा पर्न थालेका छन्।संघीय अभ्यासले प्रदेश र स्थानीय तहमा उपलब्ध स्रोत साधनको पहिचान, प्रभावकारी परिचालन तथा नवीनतम् स्रोतका अवसरहरू संगै राजनीतिक तथा प्रशासनिक संरचनात्मक क्षमता अभिबृद्धि भएको छ। वित्तीय सम्बन्धका चार आयामहरू खर्च जिम्मेवारी, राजस्व जिम्मेवारी, वित्तीय हस्तान्तरण र ऋण मध्ये खर्च जिम्मेवारीको आंकलनमा तुलनात्मक रुपमा सहज हुंदै गएको देखिए तापनि जिम्मेवारीको दोहोरोपना कम गर्न थप स्पस्टता आवश्यक देखिएको छ। कार्य जिम्मेवारी र राजस्वको अन्तराल पूर्ति गर्न संविधानले नै अन्तरसरकारी वित्तीय हस्तान्तरणलाई सुनिश्चित गरेको छ।

नेपालको संविधानमा अन्तर-सरकारी सम्बन्धको व्यवस्थाः

संविधानले नै तीन तहबीचको अन्तरसम्बन्धलाइ बलियो बनाउन मार्ग निर्देश गरेको छ । जस्तैः

- संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ,
- एक प्रदेशले अर्को प्रदेशको कानूनी व्यवस्था वा न्यायिक एवम् प्रशासकीय निर्णय वा आदेशको कार्यान्वयनमा सहयोग गर्नु पर्नेछ,
- एक प्रदेशले अर्को प्रदेश संग साझा चासो, सरोकार र हितको विषयमा सूचना आदान प्रदान गर्ने, परामर्श गर्ने, आफ्नो कार्य र विधायनका बारेमा आपसमा समन्वय गर्ने र आपसी सहयोग विस्तार गर्न सक्नेछ,
- एक प्रदेशले अर्को प्रदेशको बासिन्दालाई आफ्नो प्रदेशको कानुन बमोजिम समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउनु पर्नेछ

- अन्तर प्रदेश व्यापारलाई सहज बनाउन एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर, वा महसुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाइने छैन,
- वर्तमान संविधानले तीनै तहका सरकार बीच शक्तीको वांडफाट गर्दा त्यसमा वित्तीय अधिकारहरू पनि समेटेको छ भने अनुसूचि ५ देखि ९ सम्म साझा र एकल अधिकारका सूचीहरू निर्धारण गरिदिएको छ।

संविधानले आर्थिक अधिकारको प्रयोगको विषयलाइ निम्नानुसार समेटेको छ।

- संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, बार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वियन गर्नेछन्।
- संघले साझा सूचीका विषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाई समेत लागू हुने गरी आवश्यक नीति, मापदण्ड र कानुन बनाउन सक्नेछ
- संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो तहको बजेट बनाउने छन् र प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय संघीय कानुन बमोजिम हुनेछ।
- संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नु पर्नेछ रत्यस्तो लाभको निश्चित अंश रोयल्टी सेवा वा वस्तुको रुपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समूदायलाई कानुन बमोजिम वितरण गर्नु पर्नेछ।
- संघ प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको उपयोग गर्दा स्थानीय समूदायले लगानी गर्न चाहेमा लगानीको प्रकृति र आकारको आधारमा कानुन बमोजिमको अंश लगानी गर्न प्राथमिकता दिनु पर्नेछ।
- वैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारको हुनेछ। त्यस्तो सहायता वा ऋण लिंदा देशको समष्टिगत आर्थिक स्थायित्व हुने गरी लिनु पर्नेछ।

संविधानले राजस्व स्रोतको बाँडफाँटको व्यवस्थालाई निम्नानुसार समेटेको छ।

- तीनै तहका सरकारले आ-आफ्नो आर्थिक अधिकारक्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्नेछन् तर साझा सूचीभित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।
- नेपाल सरकारले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाउनेछ।
- प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुनेछ।
- नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने छन्।
- नेपाल सरकारले संघीय सञ्चित कोषबाट प्रदान गर्ने सशर्त अनुदान, समपूरक अनुदान वा अन्य प्रयोजनका लागि दिने विशेष अनुदान वितरण सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ।
- संघ प्रदेश र स्थानीय तहबीच राजस्वको बाँडफाँट गर्दा सन्तुलित र पारदर्शी रुपमा गर्नु पर्नेछ।

अन्तरसरकार वित्तीय सम्बन्ध स्थापित गर्न निर्मित प्रमुख कानूनी पूर्वाधारहरूः

- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
- अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन,२०७४
- स्थानीय सरकार संचालन ऐन,२०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन,२०७४
- समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि २०७७
- विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७
- संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड,२०७६
- प्रदेश तथा स्थानीय तहमा अन्तराष्ट्रिय विकास सहायता परिचालन सम्बन्धी मापदण्ड, २०७६

अन्तरसरकार वित्तीय सम्बन्ध स्थापित गर्न निर्मित प्रमुख संरचनागत पूर्वाधारहरूः

- **अन्तरप्रदेश परिषद् :** संविधानले संघ र प्रदेशबीच तथा प्रदेश-प्रदेश बीच उत्पन्न राजनीतिक विवाद समाधान गर्न सक्ने एक उच्चस्तरको राजनीतिक संयन्त्रको रुपमा प्रधानमन्त्रीको अध्यक्षता गृहमन्त्री, अर्थमन्त्री र सबै प्रदेशका मुख्यमन्त्रीहरू सदस्य रहने गरी अन्तर प्रदेश परिषदको व्यवस्था गरेको छ ।
- **राष्ट्रिय समन्वय परिषद् :** संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन,२०७७ ले प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय समन्वय परिषद्को व्यवस्था गरेको छ जसले अन्तरसरकार सम्बन्धका विविध बिषयहरूमा सहजीकरण गर्न सक्ने व्यवस्था छ जस्तैः साझा अधिकारका विषयमा कानुन तथा नीति तर्जुमाको लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गर्ने, राष्ट्रिय हित तथा स्वार्थसंग जोडिएका विषयमा समन्वय गर्ने, कानुन निर्माण तथा कार्यान्वयनका विषयमा सुझाव दिने, विकासका आयोजनाहरूको कार्यान्वयनमा समन्वय गर्ने, सेवा प्रवाहमा सामञ्यस्यता कायम गर्ने आदि।
- **अन्तर- सरकारी वित्त परिषद् :** नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच अन्तर- सरकारी वित्त व्यवस्थापनका विषयमा आवश्यक परामर्श,वित्तीय सवालमा छलफल तथा समन्वय गर्न सक्ने गरी नेपाल सरकारको अर्थ मन्त्रीको संयोजकत्वमा अन्तर-सरकारी वित्त परिषद्को व्यवस्था अन्तर- सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ ले कानुनी संरचना निर्माण गरेको छ।
- **विषयगत समिति :** नेपाल सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रीको अध्यक्षतामा विषयगत समिति संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन,२०७७ मा रहेको व्यवस्था अनुसार संघ र प्रदेशका सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रालय तथा स्थानीय तहबीचमा समन्वय कायम गरी नीति तथा योजना कार्यान्वयन र विकास निर्माण लगायतका काममा प्रभावकारिता ल्याउन विषयगत समितिरहेको छ।
- **प्रदेश समन्वय परिषद् :** प्रदेश सरकारको मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश समन्वय परिषद् संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन,२०७७ मा रहेको कानुनी संयन्त्रले प्रदेश र स्थानीय तहबीच वा प्रदेशभित्रका एकभन्दा बढी जिल्लाभित्रका स्थानीय तहबीचको समन्वय वा अन्तरसम्बन्धलाई व्यवस्थित गर्न यस परिषद् उपयोगि रहेको छ।
- **जिल्ला सभा र जिल्ला समन्वय समिति :** नेपालको संविधानले जिल्ला भित्रका स्थानीय सरकारहरूबीच आवश्यक समन्वय गर्न जिल्लासभा तथा संघ, प्रदेश र स्थनीय तहबीचको सम्बन्धलाई व्यवस्थित गर्न जिल्ला समन्वय समिति जस्ता संयन्त्रहरूको व्यवस्था गरेको छ ।

अन्तरसरकार वित्तीय सम्बन्धमा देखिएका विद्यमान चुनौतीहरूः

- अनुसन्धान तथा तथ्यमा आधारित आर्थिक विषयका कानुनको निर्माण,प्रभावकारी कार्यान्वयन र परिपालनामा जिम्मेवारी अभिबृद्धि गर्नु,
- एकल एवम् साझा आर्थिक अधिकारको विषयमा बन्ने कानुनमा सङ्घीयता अनुकूलको नीतिगत तादाम्यता कायम गर्नु,
- अन्तर-सरकार वित्त परिषद्‌लाई प्रभावकारी तुल्याउनु,
- प्राकृतिक स्रोतको उपयोगको अधिकार स्पष्ट गर्नु,
- प्राकृतिक स्रोतको उपयोग सम्बन्धी एकिकृत कानुन निर्माण गर्नु,
- सूचकहरूको आधारमा प्रदेश तथा स्थानीय तहको खर्च आवश्यकता तथा क्षमता र राजस्व परिचालनको अवस्थाको विश्लेषण गरी राजस्व बाँडफाँट र वित्तीय हस्तान्तरणलाई समन्यायिक बनाउनु,
- वित्त हस्तान्तरणलाई राजस्व क्षमता तथा खर्च आवश्यकता संग आवद्ध गर्नु,
- स्रोतको उपयोगमा वित्तीय उत्तरदायित्व सुनिश्चित गर्नु,
- वित्तीय अनुशासन प्रवर्द्धन गर्नु,
- प्रदेश र स्थानीय तहको विशिष्टता र संभावनाको खोज तथा अनुसन्धानको लागि लगानी प्रवर्द्धन गर्नु,
- संघ, प्रदेश र स्थानीय तहका योजना पद्धतिको समन्वय, सहकार्य र सहयोगि कार्य संस्कृतिको विकास गर्नु ;

संभावना एवं अवसरहरूः

तीनै तहमा आर्थिक-सामाजिक क्रियाकलापहरू विस्तार भई थप स्रोतका लागि आधार तयार हुनु, तीनै तहका सरकारहरूले आ-आफ्नो राजस्व अधिकार परिचालनमा बढोत्तरी हुने अवस्था रहनु, स्थानीय अर्थतन्त्रको विकासको संभावना बढ्‌दै जानु, समग्र आर्थिक विकासमा तीनै तहका सरकारको अपनत्व कायम हुनु, शासनमा सर्वसाधरण नागरिकको पहुँचमा थप सहज हुदै जानु, नागरिकहरूमा सचेतना र जागरुकता बढ्‌दै जानु, प्राकृतिक स्रोत तथा वित्त आयोगको भूमिका बढ्‌दै जानु, प्रदेश र स्थानीय तहमा कर्मचारीहरूको क्षमता अभिबृद्धि हुदै जानु, जनप्रतिनिधिहरूमा सिकाई र अनुभव बढ्‌दै जानु,

अबको बाटो

- मौजुदा कानूनी व्यवस्थाको समीक्षा गरी तहगत सरकारको समन्वयमा प्रदेश र स्थानीय अर्थतन्त्र सम्बन्धी मार्गदर्शक नीति तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने,
- अन्तर-तह समन्वयकारी संस्थाको क्रियाशीलता अभिबृद्धि गरी संस्थागत सहकार्यमा निर्णय कार्यान्वयन गर्ने गराउने,
- अन्तरसरकारी वित्त हस्तान्तरणलाई पारदर्शी, अनुमानयोग्य, र न्यायोचित बनाउने ,
- प्रदेश तथा स्थानीय तहको वित्तीय सुशासनको जोखिम विश्लेषण विधिको विकास र अवलम्बन गरी वित्तीय जोखिम न्यूनीकरण गर्ने,
- सूत्रमा आधारित तहगत वित्तीय हस्तान्तरण लागू गर्ने,
- सशर्त अनुदान क्रमशः कम गर्दै समानीकरण अनुदान बढाउदै वित्तीय स्वायत्तता अभिबृद्धि गर्ने,

- संघ, प्रदेश र स्थानीय तहको आवश्यकता एवं कार्य जिम्मेवारीका आधारमा वित्तीय स्वायत्तता अभिबृद्धि गर्ने,
- प्राकृतिक स्रोतसम्बन्धी एकीकृत कानुन तथा ढाँचाहरूको विकास गरी तहगत साझेदारी कायम गर्दै प्राकृतिक स्रोतको पहिचान, लगानी तथा उपयोगको प्रवर्द्धन गर्ने,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतमा लगानी, उपयोग तथा बाँडफाँटको स्पष्ट खाका बनाई कार्यान्वयनमा ल्याउने,
- संघ, प्रदेश र स्थानीय सरकारको साझा पहुँच स्थापित हुने गरी एकिकृत सूचना प्रणालीको विकास गर्ने,
- अन्तरसरकारी वित्त हस्तान्तरणलाई समन्यायिक, पूर्वानमानयोग्य र पारदर्शी बनाउने विद्युतीय प्रणाली कार्यान्वयनमा ल्याउने,

निष्कर्ष:

संघीय शासन प्रणालीको सफलता स्वस्थ वित्तीय सम्बन्धमा धेरै हदसम्म निर्भर रहन्छ ।प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापनले आम्दानीका स्रोतहरूको महत्तम उपयोग गर्ने, वितरणमा प्रभावकारिता ल्याउने, प्रभावकारी खर्च गर्न सक्ने नकरात्मक प्रभावहरूको न्यूनिकरण गर्ने जस्ता काममा सहयोग पुर्याउदछ । संविधानले संघ, प्रदेश र स्थानीय तहको आवश्यकता अनुरुप बैज्ञानिक पद्वतिबाट वित्तीय श्रोतको समन्यायिक वितरण गर्ने संवैधानिक दायित्व एवम् वित्तीय संघीयताको संरक्षकको भूमिका सहितको राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको व्यवस्था गरेको छ ।संघीय शासन प्रणालीको अभ्यासले प्रदेश र स्थानीय तहमा उपलब्ध स्रोत साधनको पहिचान, प्रभावकारी परिचालन तथा नवीनतम् स्रोतको आधारका लागि अवसरको सिर्जना र राजनीतिक तथा प्रशासनिक क्षमता अभिबृद्धि हुदै मुलुकको समृद्धिका लागि संभावनाका क्षेत्रहरू विस्तार हुदैछन् ।संघ, प्रदेश र स्थानीय तहका नीति, योजना, बजेट तथा कार्यक्रम प्रभावकारी ढंगले कार्यान्वयन गर्न तीनै तहले तर्जुमा गर्ने नीति, योजना, बजेट तथा कार्यक्रममा सामञ्जस्यता हुन आवश्यक छ ।राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने सोच अनुरुप मुलुक अगाडि बढ्न वित्तीय सम्बन्ध स्वस्थ राख्नुका साथै तीनै तहका सरकारले केन्द्रीकृत मानसिकता हटाउदै संविधानले मार्ग निर्देश गरे बमोजिम अधिकार र जिम्मेवारीहरू निक्षेपित एवं विकेन्द्रित गर्दै जनताको नजिकको सरकार वडा स्तर सम्म पुर्याउन जरुरी छ।

वित्तीय उत्तरदायित्वको वृहत् दृष्टिकोणः नेपालमा यसको कार्यान्वयन र अन्तर विश्लेषण

-रुपेश जंग थापा मगर**

सारांश

वित्तीय उत्तरदायित्वको सम्बन्धमा विभिन्न विद्वानहरू यसको बहुआयामिक पक्षहरूमा वकालत गरेको पाईन्छ। यी बहुआयामिक अवधारणाहरूले व्याख्या गरे अनुरूप वित्तीय उत्तरदायित्वले आर्थिक सुशासन, पारदर्शिता, जवाफदेहिता मात्र नभई आर्थिक वृद्धि र सामाजिक समानतालाई प्रवर्द्धन गर्दै दीर्घकालीन वित्तीय स्थायित्व हासिल गर्नमा योगदान पुर्याउँदछ। नेपालमा वित्तीय उत्तरदायित्व वहन गराउने सम्बन्धमा भएकाविभिन्न नीतिगत, कानूनी, संस्थागत व्यवस्थाहरू रहेको भएता पनिसोको कार्यान्वयनबाट प्राप्त नतिजा र व्यवहारमा भने ठूलो अन्तर छ। जसको कारण सार्वजनिक वित्तले लिएको उद्देश्य र प्राथमिकता अनुरूपका लक्ष्यहरू हासिल हुन सकेको छैन। सार्वजनिक वित्तको सबलीकरण, नीतिगत एवं कानूनी व्यवस्थाको पालना,नीति निर्माता, कार्यान्वयनकर्ता र सरोकारवाला सबै पक्षहरूले आ-आफ्नो जिम्मेवारी र जवाफदेहितालाई मन, वचन र कर्म देखि नै पालना गर्ने हो भने आर्थिक अनुशासन, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन भई वित्तीय उत्तरदायित्व सुदृढ हुन सक्दछ।

शब्द कुञ्जीः वित्तीय उत्तरदायित्व, सार्वजनिक वित्त, वित्त नीति, सार्वजनिक वित्त व्यवस्थापन।

१. विषय प्रवेश

सामान्यतः वित्तीय उत्तरदायित्व भन्नाले सरकारले सार्वजनिक वित्त व्यवस्थापन मार्फत् सार्वजनिक आर्थिक क्रियाकलापहरूमा वित्तीय अनुशासन, वित्तीय पारदर्शिता र जवाफदेहिता कायम गर्ने कार्य भन्ने बुझिन्छ।सरकारको सार्वजनिक वित्तको प्रभावकारिता, समुचित उपयोगिता र प्राप्त प्रतिफलप्रतिको उत्तरदायित्वको समग्रता वित्तीय उत्तरदायित्वसँग सम्बन्धित भएको विषयमा द्विविधा छैन। यद्यपी वित्तीय उत्तरदायित्वको अवधारणालाई यसको उद्धेश्य, सिद्धान्त, प्रयुक्त उपकरण एवं दृष्टिकोणीय अवधारणाको आलोकमा हेर्दा यसलाई यतिमा मात्रै सीमित गर्न सकिंदैन। वृहतरूपमा हेर्दा मुलुकको दीर्घकालीन आर्थिक स्थायित्व र समृद्धिको प्रवर्द्धन गर्न, सरकारको खर्च क्षमतामा सुधार तथा दिगो लगानीको सुनिश्चितता प्रदान गर्नका साथै नागरिक र लगानीकर्ताप्रति सरकारको विश्वासनियता अभिवृद्धि गर्न सार्वजनिक वित्तको समुचित उपयोग र व्यवस्थापन गर्ने कार्यसँग वित्तीय उत्तरदायित्व सम्बन्धित छ।

२. वित्तीय उत्तरदायित्वको वृहत दृष्टिकोण

वित्तीय उत्तरदायित्वको सम्बन्धमा विभिन्न विद्वानहरूले विभिन्न आयामबाट व्याख्या गरेको पाउन सकिन्छ। यी विद्वानहरूको फरक एवं आयामिक दृष्टिकोणको अध्ययन एवं विश्लेषणबाटवित्तीय उत्तरदायित्वलाई समग्रतामा अर्थ्याउन वा बुझ्न सहज हुन्छ।

❖ Fiscal Sustainabilityको अवधारणाः

प्रस्तुत अवधारणाले वित्तीय उत्तरदायित्वलाई दिगोपनाको आधारमा व्याख्या गर्दै अत्याधिक बजेट घाटा एवं पुस्ता दर पुस्तालाई पर्ने आर्थिक भारलाई कम गर्न स्पष्ट कानुनी व्यवस्था र सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ भन्ने मान्यता राख्दछ।Public Choice Theory का एक प्रमुख योगदानकर्ताका रूपमा स्थापित अर्थशास्त्री James M. Buchanan ले वित्तीय उत्तरदायित्वलाई परम्परागत सिद्धान्तको विपरित पृथक ढंगबाट यसलाई परिभाषित गरेको पाईन्छ।

---

* प्रमुख कोष नियन्त्रक, कोष तथा लेखा नियन्त्रक कार्यालय, सिंहदरबार, काठमाडौं।

उनको भनाईमा राजनीतिज्ञ हुन् वा कर्मचारीतन्त्र वा मतदाता नै किन नहोस् सबैको आ-आफ्नो स्वार्थ रहन्छ जसको कारणले सार्वजनिक वित्तका निर्णयहरू प्रभावित हुन्छन्। उदाहरणको लागि कतिपय नीति तथा कार्यक्रमहरू दिगोरूपमा फलदायी नहुँदा नहुँदै पनि आफ्नो मतदातालाई प्रभावित पार्ने गरी प्राथमिकता दिने प्रवृत्ति राजनीतिमा देखिन्छ।Public Choice Theory ले यस्तो अल्पकालीन राजनीतिक लाभ र दीर्घकालीन वित्तको दीगोपना बीचको सम्भाव्य द्वन्दलाई उजागर गर्दै राजनीतिज्ञहरू वर्तमानमा लोकप्रिय कार्यक्रमहरूलाई प्राथमिकता दिने तर भविष्यको पुस्ता माथि पर्न सक्ने नकारात्मक वित्तीय परिणामहरूलाई बेवास्ता गर्ने प्रवृत्ति रहन्छ भनि व्याख्या गरेको पाईन्छ।

अर्थशास्त्री Buchanan ले अत्याधिक बजेट घाटा र सार्वजनिक ऋणलाई निरुत्साहित गर्न संविधानमा नै सार्वजनिक खर्च र ऋणका सीमाहरू निर्धारण गर्नुपर्छ भनी वकालत गरेका छन्। यस्तो संवैधानिक व्यवस्थाले राजनीतिज्ञहरूको अदुरदर्शी एवं अल्पकालीन राजनीतिक लाभ लिने प्रवृत्तिमाथि नियन्त्रण गर्दछ भन्ने कुरामा जोड दिएका छन्। विशेषगरी Buchanan ले वित्तीय उत्तरदायित्वको सम्बन्धमा निम्न तीनवटा विषयहरूको महत्वलाई जोड दिएका छन्।

- दीर्घकालीन योजना (Long-term Planning) - सरकारले तत्कालीन लाभको लागि भविष्यका पुस्ताहरूमा लागत थोपर्नेजस्ता अदुरदर्शी नीतिहरूलाई प्राथमिकता नदिई सार्वजनिक खर्च एवं ऋण जस्ता नीतिहरूको कार्यान्वयन गर्दा यसको दीर्घकालीन असर वा प्रभावलाई समेत विचारगर्नुपर्दछ।
- पारदर्शी खर्च प्रणाली(Transparent Budgeting)-सार्वजनिक खर्च सम्बन्धमा नागरिकलाई आफूले तिरेको करको उपयोग कसरी भईरहेको छ भन्ने सूचनाको सहज उपलब्धताहुनुपर्दछ।सार्वजनिक वित्तमा गोपनीयताको प्रवर्द्धनले स्रोतको दुरूपयोगलाई बढावा दिने हुँदा पारदर्शी खर्च प्रणालीले जनताका प्रतिनिधिहरूलाई आफूले गर्ने खर्चप्रति नागरिकप्रति वित्तीयरूपमा उत्तरदायी बनाउन समेत मद्दत गर्दछ।
- संस्थागत नियन्त्रण र संतुलन (Institutional Checks and Balances) -अनिवार्य वार्षिक संतुलित बजेटको तर्जुमा गर्नुपर्ने, सार्वजनिक खर्चमा अंकुश लगाउने जस्ता वित्तनीतिमा सीमितता कायम गर्ने गरी स्पष्ट संवैधानिक एवं कानुनी व्यवस्था गरी अंकुश लगाउनुपर्दछ। यस्तो नीतिगत अवरोधले सरकारको वित्त नीतिमा नियन्त्रण र संतुलन कायम भई सार्वजनिक खर्च र ऋणको दीगो र प्रभावकारी उपयोगले प्राथमिकता प्रदान गर्न मद्दत गर्दछ।

सारांशमाBuchanan को प्रस्तुत दृष्टिकोणले सरकारको सार्वजनिक खर्च एवं ऋण सम्बन्धी नीतिहरूको लागि जवाफदेही हुने, दीर्घकालीन परिणामहरूलाई प्राथमिकता दिने र भविष्यका पुस्ताहरूलाई अत्याधिक ऋणको बोझबाट जोगाउने खालको वित्तीय उत्तरदायित्व प्रणाली आवश्यक हुन्छ भन्ने कुरामा जोड दिन्छ।

❖ Flexibility vs. Rulesको अवधारणा:

सरकारको जिम्मेवारपूर्ण खर्च सुनिश्चितताको लागि वित्तीय नियमहरू (Fiscal Rules)लागू गर्नुपर्दछ तर आर्थिक मन्दी लगायतका चुनौतीहरूलाई सम्बोधन गर्न यस्ता नियमहरूमा आवश्यक्तानुसार केही लचिलो पनि हुनुपर्दछ भन्ने मान्यता प्रस्तुत दृष्टिकोणीय अवधारणाले लिएको छ। यस दृष्टिकोणका प्रणेता वृहत् अर्थशास्त्री Robert J. Barro ले वित्तीय अनुशासन प्रवर्द्धन गर्न, सरकारी खर्च नियन्त्रण गर्न तथा सरकारलाई दीर्घकालीन रूपमा स्थिर राख्न सन्तुलित बजेट जस्ता वित्तीय नियमहरू (Fiscal Rules) लागू गर्नुपर्दछ भन्ने कुरामा विश्वास गर्दछन्। साथै आर्थिक मन्दी लगायतको प्रतिकूल अवस्थामा यस्तो नियमहरूलाई केही लचिलोबनाउनु पर्दछ भन्नेमा पनि विश्वास गर्दछन्।

Fiscal Rules को फाईदा:

- Promoting Fiscal Discipline – यसले सरकारलाई सार्वजनिक खर्चमा वृद्धि वा कर कटौती गर्न हुने दबावलाई प्रतिरोध गर्न मद्दत गर्दछ।

- Long-term Solvency- यसले सरकारको बजेट घाटा माथि नियन्त्रण गरी सरकारलाई भविष्यका आर्थिक दायित्वहरू पुरा गर्न सक्ने क्षमता सुनिश्चित गर्न मद्दत गर्दछ।
- Increased Investor Confidence- यसले सरकारको राम्रो वित्तीय अभ्यासहरूको पालनालाई सुनिश्चित गर्दछ। यसबाट लगानीकर्ताहरूको मनोबल उच्च भई थप लगानीलाई आकर्षित गर्दछ।

Flexibilityको आवश्यक्ता:

अर्थशास्त्री Robert J. Barro लेFiscal Rules को फाईदाको बावजुद पनि चुनौतीपूर्ण अर्थतन्त्रको समयमाFlexibilityको आवश्यक्तालाई स्वीकार गर्दछन्। यसको कारण निम्न रहेका छन्।

- Automatic Stabilizers- बेरोजगार भत्ता, वा बेरोजगार बीमा जस्ता सामाजिक सुरक्षा कार्यक्रमले आर्थिक मन्दीको समयमा स्वतः सरकारको खर्चमा वृद्धि गर्दछ। यसले आर्थिक मन्दीको प्रभावलाई कम गर्न र समग्र मागलाई बढाउन मद्दत गर्दछ।
- Discretionary Fiscal Policy-गम्भीर आर्थिक संकटको अवस्थामा सरकारले स्वःस्फूर्त ढंगमा आर्थिक निर्णयहरू गर्न आवश्यक हुन्छ। यस्तो अवस्थामा आर्थिक प्याकेजका कार्यक्रमहरूमा खर्च बढाउन वा अर्थव्यवस्थालाई बढावा दिन कर छुट वा करका दरहरू घटाउन सक्दछ।

संक्षेपमा Barro को अवधारणाले Fiscal Rules को पालना र वित्त नीतिमाFlexibility कायम राख्ने बीचको संतुलनको वकालत गर्दछन्।Fiscal Rules ले जिम्मेवार सार्वजनिक वित्तको लागि एक रूपरेखा प्रदान गर्दछ तर आर्थिक संकटको अवस्थामा सुधारको लागि केही हदसम्म Flexibility आवश्यक हुन्छ भन्ने मान्यता राख्दछन्।

❖ **Growth and Equityको अवधारणा:**

Levy Economics Institute का William Lyons ले सन्तुलित बजेट Balanced Budget मा मात्र केन्द्रित हुने वित्तीय उत्तरदायित्वको परम्परागत दृष्टिकोणलाई चुनौती दिँदै यस सम्बन्धमा अझ सुक्ष्म दृष्टिकोणलाई अगाडी सारेका छन्। जसले निम्न विषयलाई प्राथमिकतामा राख्दछ।

- **Economic Growth:** Lyonsले संतुलित बजेटको लागि सार्वजनिक खर्चमा कटौती गर्नुको सट्टा आर्थिक गतिविधिलाई बढावा दिन रणनीतिक रूपमा नै सार्वजनिक खर्चमा प्रयोगगर्नुपर्दछ अर्थात्"Spending Strategically"भनी वकालत गरेका छन्। यस्ता खर्चहरूलाई विभिन्न पूर्वाधार, शिक्षा, अनुसन्धान र विकास जस्ता क्षेत्रमा लगानी गर्न सकिन्छ र यसले मुलुकमा दीर्घकालीन आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्नमा समेत मद्दत गर्दछ भनी विश्वास गरेका छन्।
- **Addressing Income Inequality:** Lyonsले आय असमानता कम गर्नको लागि वित्त नीतिको भूमिकालाई जोड दिएका छन्। यसका लागि सरकारले वित्त नीतिमा प्रगतिशील कर, धनीहरूलाई उच्च दरमा कर लगाउने, पुनर्वितरणका कार्यक्रमहरू जस्तै सामाजिक सुरक्षा, र कम आय भएका लक्षित समुदायहरूका लागि शिक्षा र रोजगारजन्य तालिम जस्ता विषयहरू समावेश गर्नुपर्दछ भनी व्याख्या गरेका छन्।

सैद्धान्तिक अवधारणा:

Lyonsको वित्तीय उत्तरदायित्व सम्बन्धी अवधारणाले परम्परागत संतुलित बजेटको दृष्टिकोणलाई निम्न आर्थिक सिद्धान्तको जगमा चुनौती दिएका छन्।

- The Fallacy of Composition: कल्पना गरौं कि यदि अर्थतन्त्रमा सबैले एकैपटक पैसा बचत गर्दछन् भने के हुन्छ? व्यक्तिगत तहमा यो राम्रो निर्णय भए तापनि राष्ट्रिय तहमा यसले बुमर्याङ्ग नै हुन्छ। यदि सबैले धेरै बचत र थोरै खर्च

गर्दछन् भने यसले वस्तु तथा सेवाको समष्टिगत मागमा गिरावट ल्याउँछ। जसको कारण उत्पादन घट्छ, घट्दो उत्पादनले रोजगारीमा कटौती ल्याउँछ र अन्ततः समष्टिगत आर्थिक क्रियाकलापमा नै गिरावट आउँदछ।एक व्यक्तिको लागि बचत गर्नु राम्रो निर्णय हुन सक्छ तर समग्र अर्थतन्त्रको लागि यसले राम्रो नतिजा ल्याउँछ भन्नु आवश्यक हुँदैन भन्ने कुरालाई The fallacy of composition(मिश्रणको भ्रम) लेउजागर गर्दछ।

- Misplaced Concreteness: यो सिद्धान्तले सन्तुलित बजेटलाई वित्तीय उत्तरदायित्वको एकमात्र उपायको रूपमा बढी जोड दिएकोमा आलोचना गर्दछ।एकलरूपमा यसविषयमा मात्र ध्यान केन्द्रित गर्दा आर्थिक नीतिका अन्य फराकिलो लक्ष्यहरूलाई बेवास्ता गरिन्छ वा छुट्न जान्छ भनी आलोचना गरेको पाईन्छ।वास्तवमा सरकारको भूमिका आफ्ना नागरिकहरूको कल्याणलाई प्रवर्द्धन गर्नु हो। विशेषतः पर्याप्त रोजगारी सिर्जना, आधारभूत आवश्यक्ताको परिपूर्ति एवं मर्यादित जीवन, र अर्थतन्त्रको बढोत्तरी एवं नयाँ अवसरहरूको सिर्जना गर्ने वातावरण निर्माण जस्ता विषयहरू बढी महत्वपूर्ण हुन्छन् भनी प्रस्तुत सिद्धान्तले जोड दिएको पाईन्छ।

- Government Debt: यस सिद्धान्तले सार्वजनिक ऋण परम्परागत दृष्टिकोणले भने झैं स्वाभाविक रूपमा खराब हुँदैन भन्ने कुरालाई जोड दिन्छ।जबसम्म आर्थिक वृद्धि दरले सार्वजनिक ऋणलाई धान्न सक्ने गरी पर्याप्त हुन्छ, तबसम्म सार्वजनिक ऋणलाई आर्थिक लक्ष्यहरू हासिल गर्ने एक उपकरण Debt as a tool को रूपमा लिनु पर्दछ र यसको उपयोग पूर्वाधार शिक्षा वा विकासलाई प्रोत्साहन गर्ने अन्य क्षेत्रमा लगानी गर्नुपर्दछ भन्ने मान्यता समेत राख्दछ। त्यसकारण निःसन्देह रूपमा अनियन्त्रित सार्वजनिक ऋणले भविष्यमा राज्यलाई ठूलो भार पर्ने हुँदा सरकारले सार्वजनिक ऋणको जिम्मेवारीपूर्वक व्यवस्थापन र समयमा नै ऋणसँग सम्बन्धित भुक्तानीहरू गर्नको लागि आवश्यक पर्ने पर्याप्त आर्थिक वृद्धि सुनिश्चित गर्नु महत्वपूर्ण हुन्छ भनी जोड दिएको छ।

संक्षेपमा Lyons ले सरकारले खर्च कटौती गर्ने कुरामा मात्र ध्यान नदिई" Smartly" कसरी खर्च गर्ने भन्ने तर्फ पनि सोच्नुपर्दछ, अर्थात् रणनीतिक वित्त नीति मार्फत् आर्थिक विकासको प्रवर्द्धन, असमानतालाई सम्बोधन गर्ने एवं दीर्घकालीन रूपमा सबैका लागि समृद्ध र समतामूलक समाज निर्माण गर्न सकिन्छ भनी Lyonsले व्याख्या गरेका छन्। उनले सार्वजनिक ऋणको जिम्मेवार प्रयोगबाट नै आर्थिक प्रगति हासिल गर्ने माध्यम हुन सक्छ भनी तर्क गरेका छन्।

❖ Transparency and Accountabilityको अवधारणा:

यस अवधारणाले वित्तीय उत्तरदायित्व भनेको सरकार आफ्नो वित्तको बारेमा खुला र पारदर्शी हुनुपर्छ भन्ने सिद्धान्त हो। अर्थात् सरकारले कति राजस्व सङ्कलन गरिरहेको छ र यसलाई कसरी खर्च गरिरहेको छ भन्ने बारे नागरिकहरूलाई स्पष्ट जानकारी तथा पहुँच हुनुपर्छ। यसले सरकारको बढ्दो बजेट घाटा वा राष्ट्रिय ऋण कम गर्ने जस्ता वित्त लक्ष्यहरू प्राप्त गर्नका लागि सरकारलाई अझ बढी जवाफदेही बनाउन मद्दत गर्दछ भनी व्याख्या गरेको पाईन्छ।

Center on Budget and Policy PrioritiesकाAlice M. Rivlin ले सार्वजनिक वित्तमा पारदर्शिताको महत्त्वलाई जोड दिंदै यसले नागरिकहरूलाई लोकतान्त्रिक प्रक्रियामा भाग लिन र उनीहरूलाई सरकारले कसरी काम गरिरहेको छ भन्ने बारेमा जानकारी प्राप्त गर्न सक्षम हुनुपर्दछ भनी जोड दिएको पाईन्छ। साथै सरकारलाई सार्वजनिक वित्तका लक्ष्यहरू हासिल गर्ने सम्बन्धमा जिम्मेवार र जवाफदेही बनाउन नागरिकहरूलाई सरकारको आम्दानी र कसरी खर्च गरिरहेको छ भन्ने बारेमा स्पष्ट जानकारी हुनुपर्दछ भनी वकालत गर्दछन्।यसबाट उनले वित्तीय उत्तरदायित्वको सम्बन्धमा निम्न तीनवटा पक्षहरूलाई महत्व दिएको पाईन्छ।

वित्तीय उत्तरदायित्वका पक्षहरू	विवरण
Transparency	सरकार आफ्नो वित्तको बारेमा खुला र पारदर्शी हुनुपर्छ।
Citizen Oversight	सरकारी खर्च र राजस्वसम्बन्धी सूचनामा नागरिकको पहुँच सुनिश्चित हुनुपर्छ।
Accountability for Results	सार्वजनिक वित्तका लक्ष्यहरू हासिल गर्न सरकारलाई जवाफदेही बनाउनुपर्छ।

Rivlin ले सरकारको वित्तीय उत्तरदायित्व सम्बन्धमा सार्वजनिक वित्तलाई पारदर्शी बनाउनुपर्दछ भन्ने कुरालाई जोड दिएका छन्। पारदर्शिताले नागरिकको चेतनास्तर मात्रै होईन सरकारको वित्तीय उत्तरदायित्व प्रवर्द्धन गर्ने महत्वपूर्ण माध्यम पनि हो भनि वकालत गरेका छन्। साथै Rivlin ले नागरिक सशक्तीकरणको प्रवर्द्धन पारदर्शिता मार्फत् नै हुने हुँदा यसलाई लोकतन्त्रको खम्बाको रूपमा पनि व्याख्या गरेका छन्। यसलाई देहायमा विस्तृतमा चर्चा गरिएको छ।

Empowering Citizens through Transparency

कल्पना गरौं कुनै सरकारको खर्च कसरी भईरहेको छ भन्ने विषयपारदर्शी छैन। नागरिकहरूलाई आफूले तिरेको करको उपयोग कसरी भईरहेको छ भनी जानकारी छैन भनेत्यस्तो अवस्थामा देहायका विषयहरू सम्भव हुँदैन:

- To evaluate government performance: शिक्षा, स्वास्थ्य सेवाजस्ता क्षेत्रमा सरकारले कति खर्च गर्यो भनी थाहा नहुँदा सम्म यी क्षेत्रमा सरकारले पर्याप्त लगानी गरेको छ वा छैन भनी नागरिकले मूल्याङ्कन गर्न सक्दैनन्।
- To hold leaders accountable: यदि सरकारको खर्च अपारदर्शी छ भने राजनीतिज्ञले नागरिक आवश्यक्तालाई प्राथमिकता दिईरहेका छन् या व्यर्थका परियोजनाहरूमा भनी थाहा पाउन कठिन हुन्छ।
- To make informed voting decisions: यदि कुन उम्मेदवारले कुन कुन क्षेत्रमा कति रकम खर्च गर्ने भनी प्रस्ताव गरेको थाहा हुँदैन भने नागरिकहरूले कुन उम्मेदवारलाई समर्थन गर्ने भनि निर्णय गर्न सक्दैनन्।

माथी भनिए भन्दा फरक पारदर्शिताको प्रवर्द्धनले यी विषयहरूलाई उलटफेर गर्दछ, अर्थात् सरकारको खर्च सम्बन्धमा स्पष्ट सूचनाको पहुँचले देहायको अवस्था सुनिश्चित गर्दछः

- Citizens become informed participants: नागरिकहरूलाई सरकारी खर्चहरू उनीहरूको प्राथमिकता र मूल्यसँग कसरी मेल खान्छ भन्ने जानकारी हुन्छ।
- Public discussions can be more meaningful: जनताले सरकारी खर्च र प्राथमिकताहरूको बारेमा बहस गर्न सक्छन्।
- A check and balance is created: पारदर्शिताले गर्दा सरकारलाई फजूल खर्च वा कोषको दुरूपयोग लुकाउन कठीन बनाउँछ।

Transparency as a Pillar of Democracy

पारदर्शिताले लोकतन्त्रका आधारभूत सिद्धान्तहरूलाई सुदृढ गर्ने हुँदा Rivlin ले यसलाई प्राथमिकतामा राखेका हुन्। यसका आधारहरू निम्न छन्।

- Accountability: Leaders are held responsible to the people they represent.
- Informed consent: Citizens can make informed decisions about their government.
- Public participation: People have a say in how their communities are run.

संक्षेपमा, यस अवधारणालेपारदर्शिताको कारण नागरिकहरूलाई लोकतन्त्रमा सक्रिय सहभागी बन्न सक्षम बनाउँछ।निष्क्रिय पर्यवेक्षक मात्र होइन, यसले जनताको आवश्यकतालाई प्राथमिकता दिने थप जिम्मेवार र उत्तरदायी सरकारलाई बढावा दिन्छ भन्ने मान्यता राख्दछ।

३. वित्तीय उत्तरदायित्वः वृहत दृष्टिकोणहरूको संश्लेषण

वित्तीय उत्तरदायित्व सम्बन्धमा विभिन्न विद्धानहरूको अवधारणाको सम्बन्धमा माथि चर्चा गर्यौं। वित्तीय उत्तरदायित्वको सम्बन्धमा यी उल्लिखित बाहेक अन्य विभिन्न विद्धानहरूले यसको बहुआयामिक पक्षहरूमा वकालत गरेको पाईन्छ। यी सबै बहुआयामिक अवधारणाहरू भए तापनि वित्तीय उत्तरदायित्वले आर्थिक वृद्धि र सामाजिक समानतालाई प्रवर्द्धन गर्दै दीर्घकालीन वित्तीय स्थायित्व हासिल गर्नमा ध्यान केन्द्रीत गर्ने विषयमा दुईमत छैन।

सरकारले मुलुकको वृहत्तर आर्थिक स्थायित्व कायम गर्ने, आर्थिक वृद्धि र विकासको लागि स्रोतहरूको परिचालन गर्ने र उपलब्ध स्रोतहरूको समन्यायिक वितरणगर्ने सरकारको उद्धेश्यहरूलाई वित्त नीतिमार्फत् हासिल गर्न वित्तीय उत्तरदायित्वको महत्वपूर्ण भूमिका हुन्छ। चारैवटा अवधारणाले फरक फरक तरीकाले वित्तीय उत्तरदायित्वलाई व्याख्या गरेता पनि अन्तत्वगोत्वा पुग्ने गन्तव्य सबैको एउटै हो। सार्वजनिक वित्तको समुचित परिचालन गर्दै राजस्व, सार्वजनिक खर्च र ऋणको जिम्मेवारपूर्ण एवं दीगो उपयोगमार्फत् आर्थिक स्थायित्व, अनुशासन र पारदर्शी प्रणालीको सुनिश्चितता नै यसको गन्तव्य हो। वित्तीय उत्तरदायित्व यी सबै विषयलाई सही दिशानिर्देश गर्ने सक्ने औजार हो।

Buchanan को सार्वजनिक खर्च एवं ऋण नीतिहरूमा जवाफदेही हुनुपर्ने मान्यता होस् वा Lyons को रणनीतिक वित्त नीति मार्फत् "Smartly" खर्च गर्नुपर्दछ भन्ने मान्यता होस्, यी सबै मान्यताहरूले सार्वजनिक वित्तको दिगोपना र जवाफदेहिताको कुरालाई प्रष्टसँग वकालत गरेका छन्।पारदर्शिताको सिद्धान्ते अझ एक कदम अगाडी बढेर वित्तीय उत्तरदायित्वलाई जिम्मेवार र उत्तरदायी सरकारको रूपमा मात्र नभएर नागरिकहरूलाई लोकतन्त्रमा सक्रिय सहभागी बन्न सक्षम बनाउने माध्यमको रूपमा समेत चर्चा गरेको छ।यी चारैवटा सिद्धान्तले फरक फरक दृष्टिकोणले व्याख्या गरेता पनि वित्तीय उत्तरदायित्व मुलुकको आर्थिक सामाजिक विकास, समृद्धि र स्थायित्वको लागि सरकारले सार्वजनिक वित्तः राजस्व, सार्वजनिक खर्च र ऋणको दिगो परिचालन गर्ने, जनताको सर्वोपरी हित एवं दीर्घकालीन परिणामलाई प्राथमिकता दिने, "Smartly" निर्णयहरू गर्ने, यी विषयहरूमा जनताको पहुँच सुनिश्चित गर्दै पारदर्शीता कायम गर्ने, जिम्मेवारी र जवाफदेहिता वहन गर्ने विषय नै वित्तीय उत्तरदायित्व हो।वित्तीय उत्तरदायित्वले सरकारको आर्थिक अनुशासन, पारदर्शिता र जवाफदेहिता वहन गर्नुपर्ने विषयमा मात्र सीमित नभई समग्र वित्त नीतिले लिएका दिगो आर्थिक सामाजिक विकास, आर्थिक स्थायित्व, समृद्धि, सुशासन तथा लोकतन्त्रको रक्षा लगायतको विषयलाई सुनिश्चित गर्नको लागि आवश्यक महत्वपूर्ण एवं वृहत् अवधारणाको रूपमा बुझ्नुपर्दछ।

४. नेपालमा वित्तीय उत्तरदायित्वको कार्यान्वयन र अन्तर विश्लेषण

अवधारणागत आयामः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले वित्तीय उत्तरदायित्व भन्नाले वित्त सम्बन्धी प्रतिफलमा सुधार गर्न, वित्तीय अनुशासन, पारदर्शिता तथा जवाफदेहिता कायम गर्न बहन गर्नु पर्ने जिम्मेवारी, जवाफदेहिता तथा सोबाट प्राप्त हुने प्रतिफलप्रतिको उत्तरदायित्व तथा परिपालन सम्झनु पर्छ भनी उल्लेख गरेको छ। सरकारले लिने वित्त नीतिको सफल कार्यान्वयनको लागि बजेट निर्माणपूर्व देखि बजेट कार्यान्वयनको प्रत्येक चरण एवं तहमा वित्तीय अनुशासन कायम गरी वित्तीय उत्तरदायित्व कायम गर्ने विषयमा यस ऐनले जोड दिएको छ। साथै विनियोजन दक्षता, सार्वजनिक खर्चको औचित्यपूर्ण उपयोग, पारदर्शिता एवं जवाफदेहिता कायम गर्दै वित्तीय उत्तरदायित्व वहन गर्ने विषयलाई समेत ऐनले समेटेको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ऐनले योजना छनौट गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, बजेट प्रस्ताव गर्ने, सरकारी सम्पत्तिको संरक्षण, व्यवस्थापन गर्ने गराउने, बजेट समर्पण गर्ने गराउने तथा योजना तथा कार्यक्रमको अनुगमन गरी जिम्मेवार पदाधिकारीहरूले (संवैधानिक अङ्ग तथा निकायको हकमा सम्बन्धित अङ्ग तथा

निकायको प्रमुख, मन्त्रालय तथा केन्द्रीयस्तरको सचिवालय तथा आयोगको हकमा सम्बन्धित मन्त्रालयका विभागीय मन्त्री वा राज्यमन्त्री) वित्तीय उत्तरदायित्व कायम गर्ने गराउने व्यवस्था ऐनले गरेको छ। साथै विभागीय मन्त्री वा राज्यमन्त्रीबाट वित्तीय उत्तरदायित्व भए नभएको सम्बन्धमा प्रधानमन्त्रीबाट निगरानी हुने भन्ने व्यवस्थाले नेपालमा वित्तीय उत्तरदायित्वको स्थान कति माथि र महत्वपूर्ण छ भन्ने कुरा बुझ्न सकिन्छ।

नेपालको संविधान, आर्थिक कार्यविधि ऐन तथा नियमावली, सार्वजनिक खरीद ऐन तथा नियमावली, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, स्थानीय सरकार सञ्चालन ऐन लगायतका कानूनी व्यवस्थाहरूलाई हेर्दा मूलतः तीन तहको सरकारको आर्थिक कारोबारलाई पारदर्शी बनाउने, आर्थिक अनुशासन कायम गर्ने र सबै निकाय वा पदाधिकारीलाई सोप्रति जिम्मेवार र जवाफदेही बनाई वित्तीय उत्तरदायित्व कायम गर्ने उद्धेश्य लिएको छ। विद्यमान नीतिगत एवं कानूनी व्यवस्थाहरूलाई मनन गर्दा निम्न विषयहरू वित्तीय उत्तरदायित्वको आधारभूत सिद्धान्तको रूपमा सरकारले बढी महत्व दिएको पाउन सकिन्छ।

- Sound Public Financial Management:सार्वजनिक वित्त व्यवस्थापन अन्तर्गतका विभिन्न कानून, संगठन, प्रणाली र प्रक्रियाहरूले मुलुकको समग्र वित्तीय अनुशासन, वित्तीय पारदर्शिता एवं जवाफदेहिता प्रवर्द्धन गरी वित्तीय उत्तरदायित्वलाई सुदृढ बनाउने,
- Transparency: सरकारका वित्तीय सूचना एवं जानकारीमा जनताको सहज पहुँच स्थापित गर्ने र जनताप्रतिको विश्वास एवं जवाफदेहितालाई सुनिश्चत गरी पारदर्शिताको प्रवर्द्धन गर्ने,
- Accountability: वित्त नीति मार्फत् सरकारले लिएका सार्वजनिक वित्त सम्बन्धी उद्देश्यहरूलाई प्राप्त गर्नको लागि सरकारलाई उत्तरदायी एवं जवाफदेही बनाउने,
- Sustainability: सरकारले दीर्घकालीन रूपमा भविष्यका पुस्तालाई अत्याधिक ऋणको भार नपर्ने गरी आफ्नो वित्तीय दायित्व पूरा गर्न सक्ने अवस्थाको सुनिश्चिता गर्ने,
- Economic Growh: करको दायरा विस्तार गरी राजस्व अभिवृद्धि गर्ने, रोजगारी सिर्जना गर्ने र नागरीकहरूको जीवनस्तरमा सुधार ल्याउन वित्तीय उत्तरदायित्वको प्रवर्द्धन गरी स्वस्थ अर्थतन्त्रको विकास गर्ने।

नेपालमा वित्तीय उत्तरदायित्वको कार्यान्वयनः

नेपालको सन्दर्भमा वित्तीय उत्तरदायित्वको अवधारणात्मक एवं कार्यान्वयनात्मक दृष्टिकोणले हेर्दा वित्तीय उत्तरदायित्वको कार्यान्वयनमा मूख्य रूपमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावलीलाई लिन सकिन्छ। उक्त ऐनले संघीय वित्तीय व्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउन, समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने र संघ, प्रदेश तथा स्थानीय तहको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न आवश्यक व्यवस्था गर्ने उद्देश्य लिएको छ।यसले बजेट निर्माणपूर्व देखि बजेट कार्यान्वयनको चरणसम्म नै वित्तीय उत्तरदायित्वलाई सुनिश्चित गर्ने विषयमा जोड दिएको छ।यसका अलावा नेपालको संविधान, कानून एवं विद्यमान संरचनाहरूलाई हेर्ने हो भने नेपालमा वित्तीय उत्तरदायित्व वहन गर्न गराउन देहायमा उल्लिखित पक्षहरूको महत्वपूर्ण योगदान रहेको पाउन सकिन्छ।

१। **संवैधानिक व्यवस्थाहरूः** संघीय प्रदेश र स्थानीय आर्थिक कार्यप्रणालीको व्यवस्था, कानून बमोजिम बाहेक कुनै कर नलगाइने र नउठाइने र कुनै ऋण लिन नपाइने व्यवस्थाऽ संघ प्रदेश र स्थानीय तहको आर्थिक अधिकारको सुनिश्चितता संविधानले गरेको छ।

२। **वित्त नीतिः** वार्षिक रूपमा संघ प्रदेश र स्थानीय सरकारले संवैधानिक एवं कानुनी व्यवस्था अनुरूप समष्टिगत उद्देश्य, प्राथमिकता र तत् तत् लक्ष्य प्राप्तिको लागि बजेटको खर्च विनियोजन र राजस्व परिचालन नीति समेतको वार्षिक बजेट तर्जुमा र कार्यान्वयन गरिन्छ।

३। **वित्त नीति सम्बन्धी कानूनहरू**: संघीय वित्तीय व्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउने उद्देश्य सहितको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ कार्यान्वयनमा रहेको छ। त्यस्तै तीनै तहको सरकारको राजस्व, ऋण, बजेट व्यवस्थापन, सार्वजनिक खर्च तथा वित्तीय अनुशासन कायम गर्न अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय सरकारको सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ समेत कार्यान्वयनमा रहेको छ।

४। **सार्वजनिक ऋण र कुल गार्हस्थ उत्पादनको अनुपात लक्ष्य**: संघीय सरकारको ऋण सम्बन्धमा अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, लगायतको संरचनागत व्यवस्था रहेको छ। साथै अन्तर्राष्ट्रिय मुद्रा कोष IMF ले सार्वजनिक ऋणको सीमा र जोखिम सम्बन्धमा नजिकबाट हेर्ने र सरकारलाई आवश्यक सुझाव दिने गरेको छ। नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले राष्ट्रिय प्राकृतिक तथा वित्त आयोगको सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानूनी व्यवस्था समेत गरेको छ।

५। **मध्यमकालीन खर्च संरचना**: यसले सार्वजनिक खर्चमा वित्त अनुशासन कायम गरी समष्टीगत आर्थिक स्थायित्व कायम गर्नको लागि सरकारको मध्यम अवधिको आन्तरिक र वाह्य स्रोतको यथार्थपरक अनुमान गरी समष्टिगत आर्थिक खाका तथा बजेट खाका तयार गर्दछ। वार्षिक बजेट र दीर्घकालीन वित्त लक्ष्यहरू बीच एकरूपता कायम गर्दै मध्यमकालीन खर्च संरचनाको विकास र कार्यान्वयनमा अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगले महत्वपूर्ण भूमिका खेल्दछन्।

६। **महालेखा नियन्त्रकको कार्यालय**: सार्वजनिक निकायको आर्थिक कार्य प्रणालीको कार्यान्वयनऽ सार्वजनिक कोषको कुशल व्यवस्थापनमार्फत् लेखा उत्तरदायी सार्वजनिक निकायको सुनिश्चिता, सुदृढ आन्तरिक नियन्त्रण प्रणाली र आर्थिक अनुशासन र पारदर्शिताको प्रवर्द्धन गर्दै वित्तीय उत्तरदायित्व प्रणालीलाई संस्थागत गर्ने कार्यमा अहम् भूमिका रहेको छ।

७। **महालेखा परीक्षकको कार्यालय**: संविधानबमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै निकायको वित्तीय विवरण, कारोबार तथा सेवा प्रवाहको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा परीक्षण गरी देखिएका बेहोरा औंल्याई सार्वजनिक वित्त व्यवस्थापनमा सुधार एवं जिम्मेवार पदाधिकारीहरूलाई वित्तीय जवाफदेहिता पालना गराउनमा महत्वपूर्ण भूमिका खेल्दछ।

८। **संसदीय समितिहरू**: प्रतिनिधि सभा अन्तर्गत गठित अर्थ समिति, राज्य व्यवस्थापन तथा सुशासन समिति, सार्वजनिक लेखा समिति, राष्ट्रिय सभा अन्तर्गत गठित दिगो विकास तथा सुशासन समिति लगायतका समितिहरूले सरकार एवं जिम्मेवार पदाधिकारीहरूलाई आफ्नो पदीय जिम्मेवारी र उत्तरदायित्व वहन गराउन भूमिका खेल्दछन्।

९। **अन्य निकाय तथा समितिहरू**: वित्तिय उत्तरदायित्वको प्रवर्द्धन र संरक्षणको लागि विभिन्न संस्थागत निकायहरूले आआफ्नो क्षेत्राधिकारमा रहि महत्वपूर्ण योगदान गर्दछन्। अख्तियार दुरूपयोग अनुसन्धानआयोग, राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय योजना आयोग, लगायतका विभिन्न निकायहरूले वित्तीय अनुशासन र उत्तरदायित्व वहन गराउन कार्यमा महत्वपूर्ण योगदान गरेका छन्। राष्ट्रिय विकास समस्या समाधान समिति, मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति, अन्तर-सरकारी वित्त परिषद्, बेरूजु फर्स्यौट समिति लगायतले पनि वित्तीय उत्तरदायित्व वहन गराउने सम्बन्धमा महत्वपूर्ण भूमिका खेल्दछन्। यसको अलावा सरोकारवाला निकायहरू, मिडिया, राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नागरिक समाज, पनि प्रत्यक्ष अप्रत्यक्ष रूपमा उत्तरदायित्व वहन गराउन योगदान गर्दछन्।

व्यवहारगत अन्तरतथा समस्याहरू:

- सरकारमा रहेका राजनीतिक दलहरू जिम्मेवार हुन नसक्नु, आफ्नो निर्वाचन क्षेत्रमा मात्र बढी बजेट विनियोजन गर्नेपरिपाटीले आर्थिक अनुशासन र पारदर्शिता प्रवर्द्धन हुन सकेको छैन,
- संघीय सरकारको केन्द्रीय मानसिकताको कारण संघ प्रदेश र स्थानीय तहको बजेट नीति कार्यक्रमहरूबीच तादाम्यता हुन सकेको छैन। यसले गर्दा एकातिर प्रदेश र स्थानीय तहले त्यस्ता नीति कार्यक्रमको अपनत्व पनि नलिने र सोको नतिजाप्रतिको जिम्मेवार र जवाफदेहीता पनि वहन नगर्ने समस्या छ।
- कतिपय स्थानीय तहले समयमै बजेट ल्याउन सकेका छैनन्, सबै स्थानीय तहको अन्तिम लेखापरीक्षण हुन सकेको छैन, तीन तहको सरकारको प्रत्येक वर्ष बेरूजु बढ्दो क्रममा रहेको छ, प्रदेश तथा स्थानीय तहमा आर्थिक कार्यविधि ऐन बमोजिमको जिम्मेवारी र जवाफदेहिता समेत पालना हुन नसक्दा वित्तीय उत्तरदायित्वको सिद्धान्त र व्यवहारमा ठूलो अन्तर रहेको छ।
- सार्वजनिक वित्त व्यवस्थापनको एकीकृत विकासको लागि आवश्यक ठूलो स्रोत र जनशक्ति विशेष गरी प्रदेश र स्थानीय तहमा परिचालन गर्न सकिएको छैन। जसले गर्दा समयमा नै सरकारको एकीकृत आर्थिक तथा वित्तीय प्रतिवेदन तयारी नहुने अवस्था विद्यमान रहेको छ।
- संघीय सरकारबाट मध्यमकालीन खर्च संरचनाको व्यवहारिक उपयोग हुन सकेको छैन। साथै प्रदेश तथा स्थानीय तहमा अनिवार्य रूपमा मध्यमकालीन खर्च संरचना तयार गरी सो अनुरूप वार्षिक बजेट तर्जुमा गर्न समेत सकिएको छैन।
- तीनै तहका निकायहरूको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सकिएको छैन। अनावश्यक चालु खर्च घटाउने तथा गुणस्तरीय पुँजीगत खर्चलाई बढावा दिने गरी परिचालन गर्न सकिएको छैन।
- आर्थिक वर्षको अन्त्यमा मात्र खर्च गर्ने, अबन्डामा राखी बजेट खर्च गर्ने, औचित्वपूर्णरूपमा रकमान्तर नगर्ने, स-साना टुक्रे आयोजनाहरू संघीय बजेटबाट नै विनियोजन गर्ने कार्यहरू चलि नै रहेका छन्। यस्तो कार्यले एकातिर आर्थिक अनुशासन र पारदर्शितामा प्रश्न त उठ्छन् नै यसप्रति को जिम्मेवार र जवाफदेही हुने भन्ने प्रश्न अनुत्तरित हुँदा वित्तीय उत्तरदायित्वको अवस्था क्षीण हुँदै गएको पाउन सकिन्छ।

चुनौतीहरू:

- संघीय सरकारको भूमिकालाई प्रभावकारी बनाउँदै तीनै तहमा आर्थिक सुशासन, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गरी वित्तीय उत्तरदायित्व कायम गर्नु,
- बजेट विनियोजनलाई वस्तुनिष्ठ बनाई संलग्न निकाय तथा पदाधिकारीको विनियोजन कुशलता र कार्यान्वयन दक्षतामा अभिवृद्धि गर्दै बजेट कार्यान्वयन पद्धतिलाई सुदृढ गर्नु,
- बजेट विनियोजनमा देखिने गरेका अप्राकृतिक राजनीतिक दबाव तथा निश्चित निर्वाचन क्षेत्रलाई मात्र बढी लाभ हुने गरी बजेटको अपारदर्शी विनियोजन संस्कारलाई अन्त्य गर्नु,
- विद्यमान आर्थिक एवं वित्तीय कानूनहरूको तीनै तहमा अक्षरशः पालना गराई जिम्मेवार र उत्तरदायी प्रणालीको विकास गर्नु,
- मध्यमकालीन खर्च संरचनालाई तीनै तहमा यथार्थपरक र संस्थागत बनाई त्यसैको आधारमा बजेट तर्जुमा गर्नु एवं आवधिक योजना, मध्यमकालीन खर्च संरचना र बजेट तथा कार्यक्रमबीच तादम्यता कायम गर्नु,
- अनावश्यक चालु खर्चलाई नियन्त्रण गरी पुँजीगत खर्चलाई बढावा दिने पारदर्शी खर्च प्रणालीको विकास गरी मुलुकमा तीव्र र दीगो विकासको अवधारणालाई साकार पार्नु,

- तीनै तहमा राजस्वको कमजोर आधारलाई बढावा दिनु, समग्र राजस्व प्रशासन र प्रणालीलाई सुदृढ गरी हाल देखिएको राजस्व लक्ष्य र प्राप्ति बीचको ठूलो खाडललाई परिपूर्ति गर्नु,
- नेपालको अर्थतन्त्रलाई महामारी, वैश्विक एवं क्षेत्रीय युद्ध, जस्ता वाह्य प्रभाव, विपद्, प्राकृतिक प्रकोप जस्ता दैविक विपत्तीबाट पर्ने प्रभावलाई धान्न सक्ने खर्च एवं राजस्व प्रणालीको विकास गर्नु एवं सोप्रति जिम्मेवार सबैलाई उत्तरदायी बनाउने प्रणालीको विकास गर्नु,
- सार्वजनिक वित्त व्यवस्थापनलाई सुदृढ बनाउँदै व्यवस्थित एवं पारदर्शी प्रक्रियाको सुनिश्चितता, नवप्रवर्तनात्मक कार्यप्रणालीलाई प्रोत्साहन, नतिजामूलक एवं कार्यदक्षतायुक्त जनशक्तिको विकास गर्नु, साथै यसको लागि आवश्यक ठूलो स्रोतको सुनिश्चितता गर्नु,
- भ्रष्टाचार नियन्त्रण, वित्तीय तथा आर्थिक अपराधहरूको निराकरण, अनौपचारिक अर्थतन्त्रलाई निरुत्साहन गरी आर्थिक कारोबारलाई कानूनसम्मत र पारदर्शी बनाई समग्र आर्थिक कार्यप्रणालीमा सुशासन कायम गर्नु।

सुधारको उपायहरूः

- बजेटको तर्जुमा देखि कार्यान्वयनसम्मको चरणमा संलग्न हुने नीति निर्माणकर्ता, कार्यान्वयनकर्ता र सरोकारवाला सबै पक्षहरूले आ-आफ्नो जिम्मेवारी र उत्तरदायित्वलाई मन, वचन र कर्म देखि नै पालना गर्नुपर्ने,
- तीनै तहमा आर्थिक सुशासन तथा वित्तीय उत्तरदायित्वलाई प्रवर्द्धन र संरक्षण गर्ने कानुनी व्यवस्थाहरू र यसको कार्यान्वयनमा निरन्तर एवं निर्मम ढंगले सुधार गर्दै लैजाने,
- अन्तर सरकार सम्बन्धलाई सहकारिता, समन्वय, सह-अस्तित्वको सम्बन्धलाई व्यवहारमा लागू गर्दै तीनै तहको नीति, योजना, बजेट, कार्यक्रमहरूबीच तादाम्यता कायम गर्दै तीनै तहले आ-आफ्नो भूमिकामा स्पष्टता र कार्यान्वयनमा जवाफदेहितालाई प्रवर्द्धन गर्दै लैजाने,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन कानूनहरू अक्षरशः पालना गरी सम्बन्धित जिम्मेवार पदाधिकारीलाई जिम्मेवार र उत्तरदायी बनाउने, कार्यसम्पादनको आधारमा दण्ड तथा पुरस्कार दिने प्रणालीलाई संस्थागत गर्नुपर्ने,
- मध्यमकालीन खर्च संरचनालाई तीनै तहमा अनिवार्यरूपमा लागू गरी आवधिक योजना, मध्यमकालीन खर्च संरचना र बजेट तथा कार्यक्रमबीच तादम्यता कायम गर्नुपर्ने,
- सार्वजनिक वित्त व्यवस्थापनको एकीकृत विकासको लागि आवश्यक संरचनागत व्यवस्था र जनशक्तिको सुदृढीकरणको लागि आवश्यक ठूलो स्रोतको सुनिश्चितता गर्ने,
- तीनै तहका निकायहरूमा आन्तरिक नियन्त्रण प्रणालीलाई थप व्यवस्थित बनाई सार्वजनिक खर्चलाई गुणस्तरीय र वस्तुनिष्ठ बनाउनुपर्ने, अनावश्यक खर्चमा नियन्त्रण गरी बचत रकमलाई पुँजीगत कार्यमा परिचालन गर्नुपर्ने,
- सार्वजनिक खर्च प्रणालीलाई अझै व्यवस्थित र परिणाममूखी बनाउन अर्थ मन्त्रालय एवं अन्य निकायहरूबीचको अन्तरनिकायगत समन्वयलाई सुदृढ बनाई कार्यक्रम, आयोजनाको कार्यान्वयन र सोको प्रतिफलप्रतिको उत्तरदायित्वलाई समेत संस्थागत गर्नुपर्ने,
- सार्वजनिक वित्त व्यवस्थापनमा संलग्न सबै सार्वजनिक निकायहरूको संस्थागत विकास र सबलीकरण गरी यसलाई सुदृढ र नतिजामूखी बनाउने,
- आर्थिक अनुशासन, पारदर्शिता एवं वित्तीय उत्तरदायित्वलाई सशक्त बनाउन गठित विभिन्न संसदीय समिति, आयोग, क्षेत्रगत समिति, स्वतन्त्र दबाव समूह, मिडिया, नागरिक समाज लगायत सबै सरोकारवाला समूहको नियमनकारी भूमिकालाई सक्रिय बनाई वित्तीय उत्तरदायित्वलाई प्रवर्द्धन गर्ने।

५। निस्कर्ष

सरकारको सार्वजनिक वित्तको प्रभावकारिता, समुचित उपयोगिता र प्राप्त प्रतिफलप्रतिको समग्रता नै वित्तीय उत्तरदायित्व हो। वित्तीय उत्तरदायित्वको सम्बन्धमा विभिन्न विद्धानहरूले विभिन्न आयामबाट व्याख्या र विवेचना गर्नुभएको छ। यसलाई एउटै आयामभन्दा पनि समग्र वृहत् आयामबाट वोध गर्नुपर्दछ। तसर्थ वित्तीय उत्तरदायित्वले सरकारको आर्थिक सुशासन, पारदर्शिता र जवाफदेहिताको मात्र प्रवर्द्धन नगरी वित्त नीतिले लिएको समष्टिगत आर्थिक सामाजिक दिगो विकास, समृद्धि र सुशासनकोलक्ष्य हासिल गर्नु समेत यसको गन्तव्य हो भनी बुझ्नुपर्दछ। नेपालमा वित्तीय उत्तरदायित्व कायम गर्ने सवालमा विभिन्न नीतिगत, कानूनी, संस्थागत व्यवस्थाहरू भएका छन्। यद्दपी वित्तीय उत्तरदायित्वको प्रवर्द्धन र संरक्षण गराउने सन्दर्भमा विभिन्न कारणहरूले व्यवहार एवं नतिजामा अन्तर पाउन सकिन्छ। मूख्यतः संघीय शासन प्रणाली र यसमा आवद्ध राजनीतिज्ञहरू र कर्मचारीहरू नै यसको सबलीकरणमा बढी जिम्मेवार हुन जरूरी छ। नीतिगत एवं कानूनी व्यवस्थाको अक्षरशः पालना हुने हो भने विद्यमान समस्याहरू क्रमिक रूपमा हट्दै जाने अपेक्षा गर्न सकिन्छ। सार्वजनिक वित्तको तर्जुमा देखि कार्यान्वयनसम्मको चरणमा संलग्न हुने नीति निर्माता, कार्यान्वयनकर्ता र सरोकारवाला सबै पक्षहरूले आ-आफ्नो जिम्मेवारी र उत्तरदायित्वलाई मन, वचन र कर्म देखि नै पालना गर्ने हो भने आर्थिक अनुशासन, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन भई वित्तीय उत्तरदायित्व सुदृढ हुन सक्दछ।

६। सन्दर्भ सामाग्री

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली संग्रह, २०८१, कानून किताब व्यवस्था समिति, बबरमहल, काठमाडौं।
- थापा मगर, रुपेश जंग (२०२४), वित्त नीतिको प्रभावकारी कार्यान्वयनमा सार्वजनिक वित्त व्यवस्थापनको भूमिकाः नेपालमा यसको प्रयोग र व्यवहार, राजस्व RAJASWA, Year ४४, Volume २, १४८-१५७
- वित्तीय संघीयता सम्बन्धी कानूनहरूको संग्रह, वित्तीय संघीयता समन्वय महाशाखा,अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं।
- मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०८०/८१) तथा वार्षिक विकास कार्यक्रम (आर्थिक वर्ष २०८०/८१), राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौ।
- महालेखापरीक्षकको एकसट्ठिऔं वार्षिक प्रतिवेदन, २०८१, महालेखापरीक्षकको कार्यालय, काठमाडौं, नेपाल।
- नेपालको संविधान, कानून किताब व्यवस्था समिति, बबरमहल, काठमाडौं।
- Barro, R.J. (१९८६). Recent Developments in the Theory of Rules Versus Discretion. Economic Journal, ९६(Supplement), २३-३७.
- Buchanan, J. M., & Tullock, G. (१९६२). The calculus of consent: Logical foundations of constitutional democracy. Public Affairs Press
- Evangelopoulos, Panagiotis. (२०१८). The Restoration of Fiscal Stability. A Public Choice Approach on the Problem of Public Debt. Theoretical Economics Letters. ०८. १४७-१५८. १०.४२३६/tel.२०१८.८२०१०.
- Kregel, Jan (२०१०) : Fiscal responsibility: What exactly does it mean?, WorkingPaper, No. ६०२, Levy Economics Institute of Bard College, Annandale-on-Hudson, NY
- Marcel, M. (२०१३). Structural fiscal balances: Methodological, conceptual, and practical alternatives.

***

Central Payroll System

(कर्मचारीको एकिकृत सेवा सुविधा भुक्तानी प्रणाली)

रविचन्द्र अर्याल*

नेपाल सरकारका कार्यालयहरूले आफ्ना कर्मचारीहरूको तलब भत्ता लगायतका Payroll मा आधारित सेवा सुविधाहरू निर्धारित ऐन नियमको परिधिमा रहेर सम्बन्धित कार्यालयबाटै भुक्तानी गर्ने व्यवस्था रहेको छ। कर्मचारीको पारिश्रमिक कार्यालय अनुसार फरक फरक समयमा भुक्तानी हुने र कट्टि रकम पनि फरक फरक समयमा दाखिला हुने गर्दछ। कुनै कार्यालयमा Payroll मा आधारित सुविधाको रकम चाहिने भन्दा बढि रकम मौज्दात रहन जाने त कुनैमा अपुग भई समयमा कर्मचारीहरूलाई पारिश्रमिक भुक्तानी गर्नै नपाएको अवस्था छ। साथै एकै मितिमा नियुक्त भएका कर्मचारीहरूको पारिश्रमिक समेत फरक फरक रहेको देखिन्छ भने अर्को तर्फ सरकारसंग आफ्ना कर्मचारीहरूको लागि चाहिने पारिश्रमिक लगायत Payroll मा आधारित सुविधाको रकम कति भुक्तानी भयो र अव भुक्तानी गर्न कति रकम बाँकी छ अथवा आवश्यक पर्दछ भन्ने हिसावको Real time data छैन। कर्मचारीको पारिश्रमिकमा विनियोजित बजेट अन्य कार्यमा प्रयोग भएको समेत देखिन्छ।यस्ता समस्या संगै नेपाल सरकारको दरबन्दी कति रिक्त र कतिमा कर्मचारी छन तथा Payroll मा आधारित सुविधाका लागि बजेट पुग्छ पुग्दैन one click मा आधारमा हिसाव निकाल्न सक्ने अवस्था छैन। अझ केही निकायमा कर्मचारीको पारिश्रमिकमा अनिवार्य विनियोजन गर्नुपर्ने रकम अन्यत्र अरु काममा विनियोजन गरी पारिश्रमिकमा रकम पुगेन भनि अनिवार्य दायित्वको नाममा थप बजेट माग गर्दा समेत पनि हाम्रो प्रणालीले थाहा पाउदैन। देश भरमा कर्मचारीको स्वीकृत दरबन्दी कति छ फरक नपर्ने तथ्याङ्क छैन भने देश भरमा फाजिलमा कति कर्मचारी छन भन्न सक्ने अवस्था छैन, अझ भन्नुपर्दा जुन कर्मचारीले जुन पदमा काम गरेको छ राष्ट्रिय कितावखानामा उसको सोही अध्यावधिक अभिलेख रहेको अवस्था छैन। यी र यस्तै खालका समस्या समाधानको लागि अब CENTRAL PAYROLL SYSTEM लागु गर्नुपर्ने अवस्था देखिन्छ।

हालको अवस्थाः

कुनै पनि कार्यालयको कर्मचारी दरबन्दी स्वीकृत भए पछि उक्त कार्यालयमा सो दरबन्दीको लागि आवश्यक बजेट विनियोजन गरी उक्त दरबन्दीमा रहेको कर्मचारीलाई तलब भत्ता भुक्तानी गरीन्छ । यसरी भुक्तानी गर्दा दरबन्दी भन्दा बढी कर्मचारी भए पनि बढि भएको जानकारी दिइ थप बजेट लिएर भुक्तानी गरीन्छ । कर्मचारी सुविधाको लागि बजेट बनाउदा अनिवार्य दायित्व पहिले छुट्टाइ बाँकी बजेट अरु कामको लागि राख्ने निर्देशन हुन्छ तर कुनै निकायले तलबमा कम विनियोजन गरी अरु काममा बजेट विनियोजन गरी वर्षको विचमा पारिश्रमिक पुगेन भने कर्मचारीलाई समयमा भुक्तानी दिन नसकेर रोकिने पनि हुन्छ। कुनै कार्यालयमा दरबन्दी भन्दा बढी कर्मचारी र कुनैमा कम कर्मचारी भए भने बढी हुनेमा तलब पुग्दैन भने कम हुनेमा रकम बचेर मौज्दात रहिरहेको हुन्छ ।तलब भुक्तानी पनि कुनै निकायले महिना भुक्तान नहुदै भुक्तानी लेख्छन भने कुनैले महिना भुक्तान भए पछि मात्र।हाल कर्मचारीको तलब भत्ता CGAS र SuTRA जस्ता प्रणालीबाट भुक्तानी गर्ने व्यवस्था मिलाईएको छ। उक्त प्रणालीहरूमा कर्मचारीको विवरण करदाताको रुपमा लिएको स्थायी लेखा नम्बरको आधारमा पहिचान गरी प्रणालीमा राख्ने गरीन्छ। कर्मचारीको दरबन्दी र कर्मचारी तथा सो को भुक्तानीको अन्तरसम्बन्ध स्थापित हुन सकेको छैन। उता नेपाल सरकारका कार्यालयहरूको दरबन्दी र सो दरबन्दीमा कार्यरत कर्मचारीको विवरण राख्ने राष्ट्रिय कितावखानाको विवरण सँग CGAS र SuTRA को अन्तर सम्बन्ध स्थापित हुन सकेको छैन। जसको कारण

---

* लेखा अधिकृत, स्वास्थ्य सेवा विभाग

राष्ट्रिय कितावखानामा एउटा पद र कार्यालय देखाएको कर्मचारीको वास्तविक पद र कार्यालय अर्कै रहेको अवस्था छ। रमाइलो त उसको वास्तविक विवरण अवकास भएपछि पेन्सन प्रयोजनको लागि बल्ल अध्यावधिक गराउने कार्य हुन्छ।यसैले कार्यालयको दरबन्दीको आधारमा कर्मचारीको पदस्थापन र उक्त दरवन्दि तथा कर्मचारीको आधारमा निजको पारिश्रमिक भुक्तानी गर्ने कार्यको समन्वय हुन सकेको छैन। राष्ट्रिय कितावखानाले तलबी प्रतिवेदन सम्म पारित गर्ने गर्दछ जसको आधारमा मात्र तलब भत्ता भुक्तानी गरीदैन बर्षको विच विचमा कर्मचारी थप घट हुदा यसले नियन्त्रण गर्दैन। साथै दरबन्दी र कर्मचारी संख्यामा नियन्त्रण गरेको पनि पाइदैन र फाजिल कर्मचारीको तलवी प्रतिवेदन पारित गर्दछ तर एकिकृत हिसाव दिन सक्दैन। राज्यले कर्मचारीहरूलाई काममा लगाएर दिएका सेवा सुविधाको विवरण राख्न सकेको छैन। राष्ट्रिय कितावखानामा रहेको कर्मचारीको बैयक्तिक विवरण भित्र उसले सेवा अवधिमा प्राप्त गरेका सेवा सुविधाको एकिकृत हिसावै छैन। जस्तै सेवा अवधि भरको संचयकोषको हिसाव त देखिन्छ नि त्यस्तै हिसाव राज्यले दिएको सेवा सुविधाको पनि राख्नु पर्ने त हो नि, त्यो हिसाव चाहिएमा नत राज्यले नै भन्न सक्छ न त कर्मचारीले नै देखाउन सक्छ। यी र यस्तै समस्या समाधान गरी नेपाल सरकारका निकायमा रहेको दरबन्दीको विवरण real time based मा उपलब्ध गराउने, सो दरबन्दीमा रहेका कर्मचारीको सबै प्रकारको विवरण पनि अध्यावधिक गरी राष्ट्रिय किताबखानाबाट कर्मचारीको ट्र्याक गर्दा उसका सबै विवरण आउने अवस्था श्रृजना गरी सबै कर्मचारीलाई चाहिने तलब भत्ताको अवस्था के छ भनि समय समयमा एउटै निकायबाट आवश्यक अद्यावधिक तथ्याङ्कको आधारमा आवश्यक निर्णमा पुग्न एकिकृत सेवा सुविधा भुक्तानी प्रणालीको विकास गर्न आवश्यक छ। यसले केवल कर्मचारीको सेवा सुविधा भुक्तानीमा एकिकृत कार्यमात्र नगरी कार्यालयको दरबन्दी त्यसमा रहेका कर्मचारी र निज कर्मचारीको अध्यावधिक विवरण तयार गर्ने बिषयलाई पनि सशक्त रुपमा संगै विकास गर्ने अवधारण राख्दछ ।

हाल नेपालमा CGAS र SuTRA जस्ता प्रणालीबाट कर्मचारीको तलब भुक्तानी गर्ने गरीन्छ तर कर्मचारीको ट्र्याग अर्थात पहिचान राष्ट्रिय किताबखानामा रहेको कर्मचारीको दरबन्दी र संकेत नम्बरबाट गरीदैन उसको स्थायी लेखा नम्बरबाट गरीन्छ। यसले के दखाउछ भने उ कर्मचारी भएको नाताबाट भन्दा पनि कर दाताको रुपबाट Payroll मा जोडिन्छ। यसैले गर्दा हाल सम्म कर्मचारी, दरबन्दी र बजेट वीच अन्तरसम्बन्ध कायम हुन नसक्दा ठ्याक्कै भन्न सक्ने कर्मचारी संख्या, दरबन्दी संख्या, सत्यतामा आधारित कर्मचारी विवरण र उनिहरूको लागि चाहिने ठ्याक्कै बजेटको बारेमा भन्न नसक्ने अवस्था रहेको हो।

के हो CENTRAL PAYROLL SYSTEM?

Central Payroll System (CPS) भन्नाले साधरणतया एक भन्दा बढि निकायहरू रहेको संस्थाले आफ्ना सबै निकायमा कार्यरत कर्मचारीहरूको तलब भत्ता जस्ता payroll मा आधारित सेवा सुविधाहरू एकिकृतरुपमा एकै मिति र समयमा तोकेको एकल)केन्द्रीय(निकायबाट भुक्तानी गर्ने प्रकृयालाई बुझिन्छ। कर्मचारीहरूको payroll मा आधारित सेवा सुविधाहरू भुक्तानी गर्ने नविन विद्युतिय प्रणाली हो। यसले सबै कर्मचारीहरूलाई payroll मा आधारित सेवा सुविधाहरू एकै प्रकारले र एकै निकायबाट उपलब्ध गराउने गर्दछ। यसले सेवा सुविधाहरूको प्रक्षेपण गर्न र वितरण गर्न सजिलो बनाउछ ।यसको साथै समयको बचत र थोरै जनशक्तिमा धेरै काम लिन सकिन्छ,किन भने कर्मचारीको सेवा सुविधा भुक्तानी र बजेट व्यवस्था गर्दा राष्ट्रिय किताबखानामा रहेको दरबन्दी र कर्मचारीको अभिलेखको आधारमा Payroll तयार गर्ने र त्यस्ता Payroll लाई एकिकृत गरी भुक्तानी गर्ने कार्य यो प्रणालीमा हुने हुनाले यसले कर्मचारीको दरबन्दी, कार्यरत कर्मचारी र बजेटको हिसाव एकिकृत रुपमा गर्ने गर्दछ ।

यो तलबी प्रतिवेदनको परिस्कृत र आधुनिक प्रविधिमा आधारित प्रणाली हो भन्न पनि सकिन्छ। तलबी प्रतिवेदनले केवल एउटा निकायको मात्र उल्लेख गर्छ भने यो प्रणालीले देश भरको र प्रत्येक सरकारको एकिकृत कर्मचारी, दरबन्दी र सेवा सुविधालाई अन्तर सम्बन्धित बनाउनुको साथै व्यवस्थित बनाउन समेत सहयोग गर्दछ। यसले हालको राष्ट्रिय किताबखानामा

रहेको कर्मचारीको अभिलेखलाई Real time based मा अध्यावधिक गर्न पनि बाध्यकारी गराउदछ। PIS मा कर्मचारीको बैयक्तिक विवरण अध्यावधिक हुन नसकेमा उसको तलब ,दरबन्दी र नामले प्राप्त गर्ने सेवा सुविधामा असर गर्ने भएकोले कर्मचारी कार्यरत कार्यालयको Data समयमै अध्यावधिक गराउन लागिहाल्छन र दरबन्दीको आधारमा कर्मचारीको तलब बनाउन असर गर्ने भएकोले दरबन्दी भन्दा बढी कर्मचारी थुपार्न पनि यसले दिदैन भने दरबन्दी र कर्मचारी विवरण समयमै अध्यावधिक गर्न समेत बाध्य बनाउछ। यसरी कर्मचारीको Payroll तयार गर्दा PIS को विवरणको आधारमा तयार गर्नुका साथै कर्मचारीलाई Payroll मा आधारित सुविधा भुक्तान गरेपछि त्यो विवरण PIS मा रहेको उसको व्यक्तिगत अभिलेखमा कुन कार्यालयबाट कुन मितिमा के कति भुक्तानी गरीयो त्यसको विवरण Automatically Statement को रुपमा अध्यावधिक हुने व्यवस्था मिलाएको हुन्छ । जस्तै LMBIS मा बजेट पास भएपछि CGAS मा Automatically देखिन्छ भने CGAS मा खर्च लेखाङ्कन भए पछि LMBIS मा खर्च भएको रकम पनि देखिन्छ। अर्थात दुबै प्रणाली वीच विवरण आदान प्रदान गरी विवरण अध्यावधिक र भरपर्दो हुने व्यवस्था मिलाएको हुन्छ। यसमा PIS को विवरणको आधारमा Payroll बन्ने र Payroll को आधारमा भुक्तानी पाएको सेवा सुविधा PIS मा अध्यावधिक हुने व्यवस्था मिलाएको हुन्छ। यस बाट PIS मा देशभरका कार्यालय संख्या त्यहाँरहेको दरबन्दी संख्या र ति दरबन्दीमा कार्यरत कर्मचारी संख्या र ती कर्मचारीको लागि विनियोजित बजेटको अवस्था लगायतका आवश्यकतानुसारका प्रतिवेदनहरू एक क्लिकको आधारमा हेर्न मिल्ने बनाउदछ ।

नेपालमा CENTRAL PAYROLL SYSTEM (कर्मचारीको एकिकृत सेवा सुविधा भुक्तानी प्रणाली) आवश्यक पर्नाको कारणः

- कार्यालयका दरबन्दी, दरबन्दीमा कार्यरत कर्मचारी र कर्मचारीको लागि आवश्यक पर्ने बजेटको अन्तरसम्बन्ध कायम गर्न।
- सरकारका सबै कर्मचारीहरूलाई एकै पटक तलब भत्ता वितरण गर्ने र कट्टि रकम एकै पटक जम्मा गर्ने व्यवस्था मिलाई समानताको अनुभुति प्रदान गर्न।
- कर्मचारीको तलब भत्तामा वितरणमा एक रुपता र एकिकृत प्रकृया अवलम्बन गर्न।
- कर्मचारीको थप हुने सुविधा र कट्टि गर्ने रकममा एकरुपता कायम गरी समानताको अनुभुती प्रदान गर्न|
- कर्मचारीको विववरण अध्यावधिक गरी real time based data उपलब्ध गराउन।
- तलब भत्ता जस्ता रकमहरू कुनै कार्यालयमा खर्चनभएर मौज्दात रहने र कसैलाई भुक्तानी गर्न नपुग हुने समस्या समाधान गर्न।
- सरकारले कर्मचारी दरबन्दी, कार्यरत कर्मचारीको र कर्मचारी सुविधाका लागि आवश्यक बजेट Real time based calculation गर्न सक्ने गराउन।
- कर्मचारी भएर पनि समयमा नियमानुसार प्राप्त गर्ने पारिश्रमिक नपाउने अन्यायबाट कर्मचारीलाई मुक्ति दिलाउन, जस्तै फाजिलमा रहेका कर्मचारी वा तलब नपुग भएर भुक्तानी नपाएका।
- धेरै निकायमा तलब भत्ता विनियोजन गर्ने कार्यलाई हटाइ निश्चित कार्यालयमा मात्र विनियोजन गरी एकिकृत रुपमा भुक्तानी गर्ने प्रणालीको विकास गर्न।
- कर्मचारी पनि तलब दिलाई पाँउ भनि अदालत जाने समस्या समाधान गर्न।
- कार्यालयका दरबन्दी तथा कर्मचारीको एकिकृत अनुगमन तथा मुल्याङ्कन र समय समयमा समिक्षा गर्न सहज बनाउन।

- कर्मचारीको विवरणमा प्राप्त सेवासुविधाको विवरण रहने र कर्मचारीले पाउने सेवा सुविधा उसको विवरणको आधारमा भुक्तानी गर्ने अन्तरसम्बन्धित प्रणाली स्थापित गर्न।
- राष्ट्रिय किताबखानामा रहने कार्यालयको विवरण, कार्यालयको दरबन्दी विवरण र दरबन्दीमा रहने कर्मचारीको विवरणलाई Real time update गरीरहन।
- कर्मचारीले जीवनभर पाएको सेवा सुविधाको विवरण उसको PIS रहने व्यवस्था मिलाउन।
- मुख्यरुपमा कर्मचारीको सबै प्रकारको विवरण अध्यावधीक गर्न।

CENTRAL PAYROLL SYSTEM संचालनका सम्भावित विधिहरूः

CENTRAL PAYROLL SYSTEM भन्ने वित्तिकै केन्द्रीय तोकिएको एउटै निकायबाट कर्मचारीहरूको PAYROLL मा आधारित सुविधाहरू भुक्तानीको प्रकृया अगाडि बढाउने बिषयमा त दुविधानै भएन, मात्र भुक्तानीलाई के कसरी एकिकृत गर्ने वा तोकिएको कार्यालयलाई कसरी जिम्मेवार बनाउने वा सम्बन्धित कार्यालयबाटनै गर्ने भन्ने सम्बन्धमा विवधता र प्रकृयामा अन्योलता आउन सक्छ। यसको लागि सजिलो बाट जटिल सम्मका विधिहरू क्रमश लागु गर्दै अगाडि बढ्नु उपयुक्त देखिन्छ। ती सरल बाट जटिल विधिहरू निम्नानुसार अवलम्बन गर्न सकिन्छः

१. कार्यालयहरूले नै Payroll Generate गरी भुक्तानी गर्ने विधी,

२. कार्यालयहरूले Payroll Generate गरी तोकिएको कार्यालयमा पठाउने र तोकिएको कार्यालयले संकलन गरी एकमुष्ठरुपमा भुक्तानी गर्ने विधी,

३. कार्यालयहरूले Payroll Generate गरी तोकिएको कार्यालयमा पठाउने र तोकिएको कार्यालयले संकलन गरी तोकिएको केन्द्रीय निकायमा पठाउने र तोकिएको केन्द्रीय निकायले भुक्तानी गर्ने विधी,

४. कार्यालयहरूले Payroll Generate गरी तोकिएको केन्द्रीय निकायमा पठाउने र तोकिएको केन्द्रीय निकायले भुक्तानी गर्ने विधी,

५. कर्मचारिको Online मा आधारित बिधुतिय हाजिरीको आधारमा तोकिएको केन्द्रीय निकायले नै Payroll Generate गरी भुक्तानी गर्ने विधी।

१. कार्यालयहरूले नै Payroll Generate गरी भुक्तानी गर्ने विधीः

यो हालको चलिआएको विधि हो मात्र फरक यसमा Payroll बनाउदा कार्यालयको कोड नम्बरको आधारमा PIS मा अध्यावधिक भएको कार्यालयको दरबन्दी र ती दरबन्दीमा कार्यरत कर्मचारीको विवरण देखिने व्यवस्था गरी त्यो विवरण मध्ये कार्यालयले आफ्नो कार्यालयमा कार्यरत अर्थात हाजिर भएका कर्मचारीको नाम छनौट गरेर Payroll तयार गर्ने र भुक्तानी गर्ने गरी व्यवस्था मिलाउदछ। यसमा विवरण Centrally एकिकृत गरी हेर्ने व्यवस्था मिलाईएको हुन्छ तर भुक्तानी कार्यायिलाई नै गर्ने अधिकार दिइन्छ। यो CPS को सुरुवाती चरण मात्र हो।

२. कार्यालयहरूले Payroll Generate गरी तोकिएको निकायमा पठाउने र तोकिएको निकायले संकलन गरी एकमुष्ठरुपमा भुक्तानी गर्नेः

कार्यालयहरूले आ-आफ्ना कर्मचारीहरूको PAYROLL केन्द्रीय तहमा निर्मित CENTRAL PAYROLL SYSTEM वा CGAS र SuTRAबाट तयार गरी तोकिएको निकायमा प्रमाणित गरी पठाउने र उक्त तोकिएको निकायले आफुलाई तोकिएको क्षेत्रका कार्यालयहरूको PAYROLLसंकलन गरी तोकिएको निश्चित मितिमा एकमुष्ठ

रुपमा भुक्तानी गर्ने विधिमा हो। यसको लागि तोकिएको निकायलाई उसको निश्चित क्षेत्रका कार्यालयहरूमा कार्यरत कर्मचारीको लागि PAYROLL मा आधारित सुविधा भुक्तानीका लागि आवश्यक रकम विनियोजन गरीएको हुन्छ। सबै कार्यालयमा PAYROLLमा आधारित सुविधाको लागि रकम विनियोजन गरीदैन। यो पद्धतिबाट काम गर्दा System Central level बाट नियन्त्रित हुन्छ भने भुक्तानी तोकिएको निकायमा सिमित गरीएको हुन्छ। उदाहरणको लागि को.ले. नि.का.लाई यस्तो कार्य गर्ने जिल्ला स्तरिय कार्यालयको रुपमा तोक्न सकिन्छ। यसले जसरी हाल विभिन्न कार्यालयले पठाएको भुक्तानी आदेशको आधारमा भुक्तानी एउटै खाताबाट पठाउछ त्यसै गरी सबै कार्यालयबाट Payroll प्राप्त भएपछि ती Payroll संकलन गरी एकिकृत गरेर एउटै विवरण बनाइ विनियोजित बजेटबाट एकै पटक भुक्तानी गर्नुपर्दछ।यो प्रणालीमा तलब भत्ता भुक्तानी गर्ने खर्च ईकाइ केवल देश भरमा ७७ वटा मात्र हुन्छन। तलब भत्ताको रकम केवल ७७ वटा निकायमा मात्र विनियोजन गरे हुन्छ ।यस विधिलाई संक्षेपमा निम्न चित्रबाट प्रस्तुत गरीएको छः



३. कार्यालयहरूले Payroll Generate गरी तोकिएको निकायमा पठाउने र तोकिएको निकायले संकलन गरी तोकिएको केन्द्रीय निकायमा पठाउने र तोकिएको केन्द्रीय निकायले भुक्तानी गर्ने:

कार्यालयहरूले आ-आफ्ना कर्‍मचारीहरूको PAYROLL केन्द्रीय तहमा निर्मित CENTRAL PAYROLL SYSTEMवा CGAS र SuTRAबाट तयार गरी तोकिएको कार्यालयमा प्रमाणित गरी पठाउने र तोकिएको निकायले आफुलाई तोकिएको क्षेत्रका कार्यालयहरूको PAYROLLसंकलन गरी रुजु गरेर तोकिएको केन्द्रीय निकायमा पठाउने र सबै तोकिएका कार्यालयबाट प्राप्त Payroll संकलन गरी देश भरका नेपाल सरकारका कर्मचारीहरूको PAYROLLमा आधारित सुविधाहरू तोकिएको मितिमा एकमुष्ठ भुक्तानी गर्ने कार्य यो विधिमा गरीन्छ। यसको लागि तोकिएको केन्द्रीय निकायमा देशभरका नेपाल सरकारका कर्मचारीहरूको PAYROLLमा आधारित सेवा सुविधा बापतको रकम एकमुष्ठ विनियोजन गरीन्छ। अन्य कुनै कार्यालयमा PAYROLLमा आधारित सेवा सुविधा बापतको रकम विनियोजन गरीदैन।

यसबाट देश भरका कर्मचारीहरूको एकै दिनमा पारिश्रमिक भुक्तानी तथा कट्टि रकम दाखिला गर्ने गरीन्छ। जस्तै उदाहरणको लागि कार्यालयले PAYROLL तयार गरेर DTCO मा पठाउदछ र DTCO ले आफ्नो क्षेत्राधिकार भित्रका PAYROLL संकलन गरी मर्ज गरेर एउटा बनाएर उक्त PAYROLL तोकिएको केन्द्रीय कार्यालयमा पठाउने जस्तै राष्ट्रिय कितावखाना वा अर्थ मन्त्रालय अन्तर्गतको तोकिएको कुनै निकायमा संकलन गरी देश भरका PAYROLL संकलन भए पछि उक्त निकायले देश भरका कर्मचारीहरूको तलब भत्ता एकै दिन एकै पटक भुक्तानी गर्ने ।यस विधिलाई संक्षेपमा निम्न चित्रबाट



प्रस्तुत गरीएको छः

४. कार्यालयहरूले Payroll Generate गरी सिधै तोकिएको केन्द्रीय निकायमा पठाउने र तोकिएको केन्द्रीय निकायले भुक्तानी गर्नेः

कार्यालयहरूले आ-आफ्ना कर्मचारीहरूको PAYROLL केन्द्रीय तहमा निर्मित CENTRAL PAYROLL SYSTEMवा CGAS र SuTRAबाट तयार तोकिएको केन्द्रीय निकायमा पठाउने र सबै कार्यालयबाट प्राप्त Payroll संकलन गरी देश भरका नेपाल सरकारका कर्मचारीहरूको PAYROLLमा आधारित सुविधाहरू तोकिएको मितिमा एकमुष्ठ भुक्तानी गर्ने कार्य यो विधिमा गरीन्छ । यसको लागि तोकिएको केन्द्रीय निकायमा देशभरका नेपाल सरकारका कर्मचारीहरूको PAYROLLमा आधारित सेवा सुविधा बापतको रकम एकमुष्ठ विनियोजन गरीन्छ। अन्य कुनै कार्यालयमा PAYROLLमा आधारित सेवा सुविधा बापतको रकम विनियोजन गरीदैन । यसबाट देश भरका कर्मचारीहरूको एकै दिनमा पारिश्रमिक भुक्तानी तथा कट्टि रकम दाखिला गर्ने गरीन्छ। यसमा कार्यालय र तोकिएको केन्द्रीय निकाय वीचको अन्तरसम्बन्ध कायम गरीएको हुन्छ वीचमा PAYROLL Collect गरेर माथि पठाउने निकाय हटाइएको हुन्छ।

५. कर्मचारिको Online मा आधारित बिद्युतिय हाजिरीको आधारमा तोकिएको केन्द्रीय निकायले नै Payroll Generate गरी भुक्तानी गर्नेः

यो CENTRAL PAYROLL SYSTEM संचालन गर्न नेपाल सरकारका सबै कार्यालयहरूमा विधुतिय हाजिरीको व्यवस्था गरी उक्त हाजिरी Online मार्फत CENTRAL PAYROLL SYSTEM मा आवद्ध गरी सो हाजिरीको

आधारमा तोकिएको केन्द्रीय निकायलेनै देशभरका नेपाल सरकारका कर्मचारीहरूको Payroll तयार गरी तोकिएको मितिमा एकमुष्ठ भुक्तानी गर्ने विधि हो । यसको लागि तोकिएको केन्द्रीय निकायमा देशभरका नेपाल सरकारका कर्मचारीहरूको PAYROLLमा आधारित सेवा सुविधा बापतको रकम एकमुष्ठ विनियोजन गरीन्छ। अन्य कुनै कार्यालयमा PAYROLLमा आधारित सेवा सुविधा बापतको रकम विनियोजन गरीदैन र सम्बन्धित कार्यालयले कर्मचारीहरूको Payroll बनाएर पनि पठाउनु पर्दैन, कर्मचारीको विदा स्वीकृती तथा अन्य कारवाहि भएमा विधुतिय हाजिरिमा समयमा उल्लेख गरीदिनु पर्दछ । यसबाट देश भरका कर्मचारीहरूले के कसरी काम गरीरहेका छन भनि एकै ठाँउबाट अनुगमन समेत गर्न सकिन्छ ।नेपालमा हाल यो विधि नेपाल टेलिकम र नेपाल राष्ट्र बैंकमा पनि कार्यान्वयनमा रहेको छ ।यस विधिलाई संक्षेपमा निम्न चित्रबाट प्रस्तुत गरीएको छः

यो प्रणाली लागु गर्दा तलब भत्ता भुक्तानी तथा PAYROLL तयार गरी पठाउने समय निश्चित क्यालेन्डरमा आधारित



बनाउनु पर्दछ। जस्तै प्रत्येक महिनाको मसान्त भित्र कार्यालयले PAYROLL तयार गरेर पठाइ सक्नु पर्ने र अर्को महिनाको ५ गते प्राप्त हुन आएका PAYROLL एकिकृत गरी भुक्तानी हुने निश्चित गर्नु पर्दछ र ढिलो गरी प्राप्त हुने PAYROLL लाई अर्को महिनाको तलब भत्ता भुक्तानी हुदा मात्र समावेश गर्ने व्यवस्था हुनुपर्दछ।

निश्कर्ष

CENTRAL PAYROLL SYSTEM कार्यालय, कार्यालयको दरबन्दी र उक्त दरबन्दीमा कार्यरत कर्मचारीको विवरण अध्यावधिक गरीरहनुका साथै पारिश्रमिकमा आधारित सेवा सुविधामा आवश्यक पर्ने बजेट Actual विनियोजन र खर्च तथा देश भरका कर्मचारीलाई एकै समयमा पारिश्रमिक भुक्तान गर्ने प्रणाली हो। कर्मचारीको सेवाको साथै प्राप्त सेवा सुविधाको अभिलेख व्यवस्थित बनाउनुको साथै कर्मचारीहरूको लागि आवश्यक पर्ने तलब भत्ताको रकम कत्ति पनि कम वा वेशी नहुने गरी बजेट व्यवस्था तथा उपयोग गर्न सुनिष्चित गर्नको लागि CENTRAL PAYROLL SYSTEM महत्वपुर्ण औजार पनि हो।

सुशासनका लागि आन्तरिक नियन्त्रण प्रणाली

अन्जु न्यौपाने *

१.परिचय

मन्त्रालय र केन्द्रीय निकायले आफ्नो र मातहत कार्यालयबाट सम्पादन गरिने कार्य र प्रदान गरिने सेवा तथा स्वीकृत कार्यक्रम बमोजिमको क्रियाकलाप मितव्यी, कार्यदक्ष, प्रभावकारी र जोखिमरहित ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न कामको प्रकृतिअनुसार तयार गरि लागु गरिने प्रणालीलाई आन्तरिक नियन्त्रण प्रणाली भनिन्छ।

कानुनद्वारा निर्धारित प्रक्रिया पालना भए-नभएको भनी तालुक कार्यालयबाट निरन्तर रूपमा गरिने सुपरीवेक्षण अनुगमन नै आन्तरिक नियन्त्रण हो कुनै पनि सङ्गठनको कार्य सम्पादनलाई थप कुशल र प्रभावकारी बनाउन कार्यरत जनशक्तिको सहभागितामा तयार पारिएको पद्दति हो। संगठनको उद्देश्य प्राप्तिका लागि आईपर्न सक्ने जोखिमको पहिचान गरी जोखिम व्यवस्थापन हुने गरी नियन्त्रणको वातावरण तयार गर्दै निरोधात्मक वा उपचारात्मक उपाय अवलम्बन गर्न यस्तो पद्धती तयार गरी लागु गर्ने गरिन्छ।

सार्वजनिक निकायको कार्यप्रणालीमा सुधार र वित्तीय सुशासन कायम गर्ने अस्त्र मध्येको एक आन्तरिक नियन्त्रण प्रणाली हो। आन्तरिक नियन्त्रण प्रणालीले कार्यसम्पादनमा पारदर्शिता कायम गरी सुशासन वृद्धिमा मद्दत पुर्याउँछ। हरेक सार्वजनिक निकायले आफ्नो आन्तरिक नियन्त्रणको लागि कानुन र संयन्त्र बनाउनु पर्ने र लेखापरीक्षण गराउनु पर्ने हुन्छ। जसले वित्तीय कारोबारलाई पारदर्शीबनाइ उपलब्ध स्रोतको मितव्ययी, प्रभावकारी र कार्यदक्षता पूर्वक उपयोगमा जोड दिन्छ। सार्वजनिक निकायको सेवा प्रवाह (लागत, लाभ, समय र गुणस्तर), वित्तीय कारोबारको विश्वसनीयता, यथार्थता र स्रोत साधनको महत्तम प्रयोगको अवस्था मूल्याङ्कन गर्न आन्तरिक नियन्त्रणप्रणालीलाई आधार लिइन्छ।

संगठनको उद्देश्य प्राप्तिको समुचित प्रत्याभूति गर्न सघाउ पुर्याउनु आन्तरिक नियन्त्रण प्रणालीको आधारभूत पक्ष भित्र पर्दछ जसमा लाभ लागत र जोखिमहरूको सही संवोधन हुनुपर्दछ। परिवर्तित परिस्थितिहरूमा परिमाणात्मक र गुणात्मक रुपमा जोखिमहरूको मूल्याकंन हुनुपर्दछ। आन्तरिक र बाह्य दुवै अनिश्चितताको वातावरणमा संगठनको लक्ष्य प्राप्तिमा यसको संचालनगत पक्षलाई सही मार्गनिर्देश गर्न आन्तरिक नियन्त्रण प्रणालीको ठुलो महत्व रहेको हुन्छ। संगठनका क्रियाकलापहरूको संचालनमा हुन सक्ने जालसांजी, साधन श्रोतको नोक्सानी, दुरुपयोग र त्रुटीपुर्ण व्यवहार पत्ता लगाउने एवं अनुपयुक्त क्रियाकलापबाट बचाउने र नियम कानूनहरूको परिपालना गर्ने कुराहरू आन्तरिक नियन्त्रण प्रणालीका आधारभूत क्रियाकलापहरू हुन्।

उदाहरणका लागि कार्यालयमा कुनै सामान आपूर्ति भएपछि आपूर्तिकर्तालाई चेकबाट भुक्तानी दिंदा चेक तयार गर्ने काम आर्थिक प्रशासन शाखाको कर्मचारीले गर्दछ भने त्यस चेकमा कार्यालयका तोकिएका जिम्मेवार दुई जना कर्मचारीले दस्तखत गरिने काम आन्तरिक नियन्त्रणको एउटा छोटो प्रकृया हो।

प्रचलित कानुनले निर्धारण गरेको प्रक्रिया प्रत्येक कार्यालय तथा कर्मचारीहरूले परिपालना गर्ने र सोको परिपालना भयो वा भएन भनी तालुक कार्यालय वा माथिल्लो पदाधिकारी वा अधिकार प्राप्त अधिकारीबाट निरन्तररुपमा गरिने निरीक्षण

* लेखा अधिकृत,नेपाल सरकार

सुपरिवेक्षण तथा अनुगमन आन्तरिक नियन्त्रण हो । यो निरन्तर चल्ने र स्वचालित हुनु पर्दछ। निकायको कार्यमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता, विश्वसनीयता वृद्धि गरी अपेक्षित नतिजा हासिल गर्न आन्तरिक नियन्त्रण प्रणाली आवश्यक छ। हाम्रो देशमा सुशासन र सदाचारिताका लागि आन्तरिक नियन्त्रण प्रणाली एक महत्वपुर्ण विषय हो। यो नेपालका लागि एक नोलो अभ्यास पनि हो।

नेपालको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३१ तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८१ मा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी व्यवस्था रहेको छ साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३२ मा आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक तथा अन्तिम लेखापरिक्षणको प्रतिवेदनको कार्यान्वयनका लागि प्रत्येक मन्त्रालय वा निकायमानिम्न पदाधिकारी रहने आन्तरिक नियन्त्रण समितिको व्यवस्था गरिएको छ।

१) सम्बन्धित मन्त्रालय वा निकायको लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको अधिकृत -	संयोजक
२) सम्बन्धित निकायको योजना महाशाखा प्रमुख	सदस्य
३) सम्बन्धित निकायको प्रशासन महाशाखा प्रमुख	सदस्य
४) संयोजकले तोकेको सम्बन्धित निकायमा कार्यरतविषय क्षेत्रको ज्ञान तथा अनुभव भएको सम्बन्धित पदाधिकारी	सदस्य
५) सम्बन्धित निकायको अनुगमन महाशाखा वा शाखा प्रमुख	सदस्य
६) सम्बन्धित निकायको आर्थिक प्रशासन प्रमुख	सदस्य-सचिव

उपरोक्त आन्तरिक नियन्त्रण समितिले आफ्नो कार्यालय वा निकाय र मातहतका कार्यालयबाट सम्पादन गरिने कार्यहरू दक्षतापुर्ण एवं मितव्ययी रुपमा सम्पादन गरी नतिजा उन्मुख गराउने वित्तीय जोखिम न्यूनीकरण गर्ने वित्तीय विवरणलाई विश्वसनिय बनाउने तथा लेखापरिक्षणबाट कायम भएका बेरुजु फर्स्यौट गरी गराई आन्तरिक नियन्त्रण प्रणालीलाई सक्षम सुदृढ र प्रभावकारी बनाउन कार्य गर्दछ।

२. आन्तरिक नियन्त्रण प्रणाली किन आवश्यक छ ?

- सार्वजनिक निकायहरूको कार्यसंचालन क्रमबद्ध नैतिक मितव्ययी कार्यकुशल र प्रभावकारीरुपमा कार्यान्वयन गर्न,
- जवाफदेहीताको अभिवृद्धि गर्न,
- सम्वन्धित ऐन कानुनको परिपालना गर्न,
- साधन स्रोतको दुरुपयोग क्षति नोक्सानी हुनबाट बचाउन,
- वित्तीय प्रतिवेदनको विश्वसनियता अभिबृद्धि गर्ने र प्रभावकारिता अभिबृद्धि गर्न,
- संगठनको संचालनगत पक्षको क्रमबद्ध नैतिक मितव्ययी कार्यकुशल र प्रभावकारी कार्यान्वयन गर्न,
- जवाफदेहीताको अभिवृद्धि गर्न,
- सम्वन्धित ऐन कानूनको परिपालना गर्न,
- साधन श्रोतको दुरपयोग क्षति र नोक्सानी हुनबाट बचाउन,

- वित्तीय प्रतिवेदनको विश्वासनीयता अभिबृद्धि गर्न,
- लेखापरीक्षण प्रणालीलाई सरल र सहज बनाउन।

३.आन्तरिक नियन्त्रण प्रणालीका तत्वहरू:

Committee of Sponsoring Organization of the Treadway Commission (COSO) Frame work १९९२ ले आन्तरिक नियन्त्रणको ५ तत्त्व प्रतिपादन गरेको छ जसलाई निम्नअनुसार देखाइएको छ।



१) नियन्त्रणको वातावरण

निकायमा आन्तरिक नियन्त्रण कायम गर्नको लागि तयार गरिएका ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड, दिग्दर्शनका साथै संगठन संरचना, प्रणाली, कार्य विभाजन तथा कार्य विवरण लगायतका व्यवस्थालाई नियन्त्रणको वातावरण भनिन्छ। नियन्त्रणको वातावरणलाई आन्तरिक नियन्त्रण प्रणालीको सबै अवयवको मुख्य आधारको रूपमा लिइन्छ । यसले सङ्गठनको संरचना, कार्यप्रक्रिया, कार्यस्तर र अनुशासनको पक्षलाई समेट्छ। नियन्त्रणको वातावरणले हुन सक्ने सम्भावित कमजोरी वा त्रुटि रोक्नमा सहयोग गर्दछ

२) जोखिम विश्लेषण

निकायको उद्देश्य हासिल गर्ने सम्बन्धमा विद्यमान रहेका जोखिम पहिचान एवं मूल्याङ्कन गर्न अवलम्बन गर्ने कार्यनै जोखिम विष्लेषण हो। सङ्गठनमा जोखिम कुनै पनि अवस्थामा आउन सक्छ र यसले अपेक्षित नतिजा प्राप्तिमा असर पार्न सक्छ। नयाँ नेतृत्व र व्यवस्थापक नियुक्त हुँदा वा परिवर्तन हुँदा, नयाँ कार्यक्रम कार्यान्वयन गर्दा, भिन्न प्रकारको वा जटिल कार्यक्रम कार्यान्वयन गर्दा, नयाँ वस्तु वा सेवा प्रवाह गर्दा, सेवाग्राहीको माग वा बजारको माग परिवर्तन हुँदा, नयाँ नयाँ प्रविधिको विकास हुँदा, कामदार वा कर्मचारीमा असन्तुष्टि आएमा, नयाँ प्रणाली कार्यान्वयनमा ल्याउँदा, प्राकृतिक विपत्ति आएमा, कुनै परिस्थितिमा स्रोत साधनको अभाव भएमा, देशको आर्थिक संरचनामा परिवर्तन भएमा जस्ता परिस्थितिमा जोखिमको अवस्था आउँछ। यस्ता सम्भावित जोखिमको वातावरण कम गर्न व्यवस्थापनले जोखिमको पहिचान, विश्लेषण र व्यवस्थापन जस्ता तीन वटा काम गर्नु पर्छ। विश्लेषणले देखाएका उच्च जोखिम क्षेत्र, न्यून जोखिम

क्षेत्रको पहिचान गर्नु पर्छ। यस्तो पहिचान पछि सोको व्यवस्थापन गर्ने उपायको खोजी र प्रयोग गर्नु पर्छ ।

३) नियन्त्रण क्रियाकलाप

उद्देश्य हासिल गर्ने क्रममा आईपर्ने जोखिमलाई न्यून गर्न निकायले अपनाउनुपर्ने नीतिगत, प्रक्रियागत तथा प्रणालीगत व्यवस्था नै नियन्त्रण क्रियाकलाप हो। नियन्त्रण क्रियाकलाप सङ्गठनको सबै तहमा कार्यान्वयन गर्नु पर्छ।

४) सूचना तथा सञ्चार

सङ्गठनको योजना, नियन्त्रणको वातावरण, जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको क्रियाकलाप तथा कार्यसम्पादनको अवस्थाबारे सङ्गठनसँग संवद्ध र आबद्ध सबैलाई समयमै विश्वसनीय, यथार्थ र ताजा सूचना प्रवाह गर्नु पर्छ। यसले सङ्गठनको लक्ष्य प्राप्त गर्न वा नतिजा हासिल गर्न सहज हुन्छ। कसको काम के हो, के कस्तो नतिजा, कहिले सम्म प्राप्त गर्नुपर्ने हो र लागत कति लाग्ने हो जस्ता महत्वपूर्ण सूचनाको जानकारी भयो भने कार्यसम्पादनमा सहज हुन्छ। यसबाट सुपरिवेक्षकलाई पनि कामको अनुगमन गर्न र सही किसिमले अगाडि बढाउन मद्दत पुग्छ। सङ्गठनको योजना, नीति, लक्ष्य वा प्राप्त गर्नुपर्ने नतिजा, सङ्गठन संरचना, सेवा वा वस्तुको स्तर, काम कर्तव्य र जिम्मेवारी, कार्य सम्पादन प्रक्रिया, पालन गर्नुपर्ने आचरण अनुशासन, आवधिक भौतिक र वित्तीय प्रगतिको अवस्था, कार्यसम्पादन स्तर, आन्तरिक र बाह्य लेखापरीक्षण प्रतिवेदन, कार्यसम्पादन मूल्याङ्कनको नतिजालगायत अन्य महत्वपूर्ण विषयको बारेमा सङ्गठनमा सबैलाई जानकारी गराउनु पर्छ। यसबाट लक्ष्य प्राप्त गर्न वा नतिजा हासिल गर्न सहज हुन्छ।

५) अनुगमन

आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन अवस्थाको नियमित वा आवधिक रुपमा गर्ने अनुगमन कार्य नै अनुगमन हो।सङ्गठनमा आन्तरिक नियन्त्रण प्रणाली आवश्यकता अनुसार तर्जुमा गरियो गरिएन, सही किसिमले कार्यान्वयन भयो भएन र प्रभावकारी भयो भएन भन्ने विषयलाई अवलोकन गरिन्छ। यदि यी सबै पक्ष सशक्त, क्रियाशील र प्रभावकारी छन् भने आन्तरिक नियन्त्रण प्रणाली सही किसिमले तर्जुमा भएको रहेछ भन्ने देखिन्छ। अनुगमन सम्बन्धि काम व्यवस्थापक स्वयं, आन्तरिक लेखापरीक्षक वा यस्तै प्रकृतिको सङ्गठनको सहयोग लिई गर्न सकिन्छ ।

४. आन्तरिक नियन्त्रणका प्रकार

- **Preventative Controls**
  जोखिम न्यूनीकरण र वित्तीय सुशासन कायम गर्नको लागि पूर्व तयारीको रूपमा अवलम्बन गरिने विधि जसमा निम्न पर्दछन् ।
  • काम, कर्तव्य र अधिकारको बाँडफाँड गर्ने, कार्य योजना बनाइ लागु गर्ने
  • स्रोतको अनुचित प्रयोग रोक्न अख्तियारको प्रत्यायोजन गर्ने
  • लेखा अभिलेख र प्रतिवेदन प्रणाली पारदर्शी, वस्तुनिष्ठ गर्ने
  • Password and information को संरक्षण गर्ने
  • जिम्मेवार पदाधिकारीबाट खरिद स्वीकृति पश्चात् मात्र खरिद प्रक्रिया अगि बढाउने, भौचर प्रमाणित गरेर राख्ने
  • चेक जारी गर्दा दोहोरो (तयार गर्ने र स्वीकृत गर्ने) सिग्नेचरको व्यवस्था गर्ने।

- **Detective Controls**
  जब Preventive Controls ले सम्भावित जोखिम, गल्ती र छलकपट रोक्न प्रभावकारिता कम हुन्छ तब यस विधिको प्रयोग गरी प्रयोगमा ल्याउनु पर्दछ। जसमा निम्न पर्दछन्।
  • बैङ्क रिकन्सिलेसन, लेजर र सब लेजर अनुसार आर्थिक विवरणको भिडान (बैङ्क स्टेटमेन्ट अनुसारको

मौज्दात र कार्यालयको Cash book ले देखाएको मौज्दात)

• रसिद नियन्त्रण खाता र दैनिक राजस्व आम्दानी रेकर्ड रजिष्टर वा बैङ्क स्टेटमेन्टको भिडान • जिन्सीको भौतिक परीक्षण र जिन्सी खाता अनुसारको स्थलगत परीक्षण

- **Corrective control**

  Detective Controls ले गल्ती, छलकपट र अनियमितताको पहिचान भइसके पश्चात् भविष्यमा सुधारको लागी अवलम्बन गरिने विधि यसमा पर्छ जस्तै,

  • तथ्याङक भण्डारणको लागी Backups को व्यवस्था गर्ने (data backup)

  • भौतिक सम्पत्तिको सुरक्षाको लागि बिमाको व्यवस्था (Insurance)

  • भविष्यमा गल्ती र अनियमितता हुन नदिन तालीम र अभिमुखीकरण आयोजना गर्ने(Capacity development)

  • तथ्याङ्कको वैधानिकता पुष्टि गर्न data validity tests को व्यवस्था (use of evidences)

५.आन्तरिक नियन्त्रणका सीमाहरू:

क) काबु बाहिरको परिस्थिति: सबै अवस्थामा संगठनले निर्दिष्ट गरेको उद्देश्य प्राप्त नहुन सक्छ र आन्तरिक नियन्त्रण प्रणालीले यसको पुर्ण प्रत्याभूति नदिन पनि सक्छ। निरपेक्ष रुपमा प्रणालीको परिकल्पना गर्न पनि सकिदैंन । सरकारका नीति तथा कार्यक्रमहरू, जनसांख्यिक परिवर्तन वा आर्थिक अवस्था जस्ता विषयहरू संगठनको नियन्त्रण बाहिरको तत्वको रुपमा रहन सक्छन्। यस्तो अवस्थामा जोखिमको स्वीकार्य तह निर्धारण गरी आन्तरिक नियन्त्रण प्रणालीलाई पुनः निर्धारण गर्नु पर्ने हुनसक्छ।

ख) मानवीय त्रृटी: आन्तरिक नियन्त्रण प्रणाली मानवीय तत्वमा भर पर्छ। व्यवस्थापनको ढाँचा निर्माण गर्दा एवं त्रृटीहरूको जांच परख र परिभाषा गर्दा हुने कमजोरी सुझवुझको कमी लापरवाही थकान विकर्षण मिलेमतो दुरुपयोग र नजरअन्दाज आदि कारणहरूले हुनसक्ने जोखिमहरू रहन सक्छन। त्यसको समुचित संवोधन गर्न जरुरी हुन्छ।

ग) स्रोत साधनको कमी: आन्तरिक नियन्त्रण प्रणाली निर्माणसंग सम्बन्धित अर्को सीमा भनेको साधन स्रोतको कमी पनि हो। आन्तरिक नियन्त्रण प्रणालीको संचालनबाट प्राप्त हुने लाभ र लागत बीचको तादाम्यता नहुने जोखिम पनि उत्तिकै हुन्छ।

घ) व्यवस्थापनको धारणा एवं प्रवृत्ति: संगठनमा हुने परिवर्तनहरू र व्यवस्थापनको धारणा एवं प्रवृत्तिले पनि आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीतालाई सीमित गर्न सक्छ।

सार्वजनिक निकायहरूले यी सीमाहरूलाई समेत ध्यानमा राखी आन्तरिक नियन्त्रण प्रणालीको ढाँचा निर्माण गर्नु पर्ने हुन्छ ।

संगठनको उद्देश्य प्राप्तिको समुचित प्रत्याभूति गर्न सघाउ पुर्याउनु आन्तरिक नियन्त्रण प्रणालीको आधारभूत पक्ष भित्र पर्दछ जसमा लाभ लागत र जोखिमहरू सहि संबोधन हुनु पर्दछ। परिवर्तित परिस्थितिहरूमा परिमाणात्मक गुणात्मक रुपमा जोखिमहरूको मुल्याकंन हुनुपर्दछ। आन्तरिक र बाह्य दुवै अनिश्चितताको वातावरणमा संगठनको लक्ष्य प्राप्तिमा यसको संचालनगत पक्षलाई सही मार्गनिर्देश गर्न आन्तरिक नियन्त्रण प्रणालीको ठुलो महत्व रहेको हुन्छ। संगठनका क्रियाकलापहरूको संचालनमा हुनसक्ने जालसांजी,साधन श्रोतको नोक्सानी दुरुपयोग र त्रृटीपुर्ण व्यवहार पत्ता लगाउने एवं अनुपयुक्त क्रियाकलापबाट बचाउने र नियम कानुनहरूको परिपालना गर्ने कुराहरू आन्तरिक नियन्त्रण प्रणालीका आधारभुत क्रियाकलाप हुन। नेपालको सार्वजनिक प्रशासनमा आन्तरिक नियन्त्रण प्रणालीको महत्वलाई दृष्टिगत गर्दै यसलाई

कार्यान्वयनमा ल्याउने प्रयासहरू भएका छन्। आन्तरिक नियन्त्रण प्रणालीले आर्थिक र व्यवस्थापकीय स्वअनुशासन कायम गरी सुशासनयुक्त सार्वजनिक प्रशासनको निर्माणमा सहयोग गर्ने हुँदा सबै सार्वजनिक निकायमा यसको प्रयोग अपरिहार्य देखिन्छ।

निष्कर्ष:

जनसहभागिता, जवाफदेहिता, कुशलता, प्रभावकारिता, मितव्ययिता, खुल्लापन र पारदर्शिता, विधिको शासन, आचार संहिताको परिपालना,चुस्त आर्थिक व्यवस्थापन लगायत आन्तरिक नियन्त्रणका अवयवहरू सुशासनका समेत अवयवहरू हुन।कार्य सञ्चालनलाई व्यवस्थित, सिलसिलाबद्ध र नियमित गर्न, साधन, स्रोत र सम्पत्तिको उपयोगमा नियमितता, मितव्ययितता, कार्यदक्षता, प्रभावकारिता ल्याउन, प्रचलित ऐन, नियम लगायतका कानुनी व्यवस्था तथा कार्यविधिको परिपालता गराउन, स्रोत, साधन तथा सम्पत्तिको अपव्यय, दुरुपयोग र हानीनोक्सानी हुनबाट रोक्न, वित्तीय प्रतिवेदनको विश्वसनियता, गुणस्तरियता र प्रभावकारिता अभिवृद्धि गर्न, वित्तिय जिम्मेवारी तथा अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहीता प्रवर्द्धन गर्न लगायतका कार्य गर्न आन्तरिक नियन्त्रण प्रणालीको अपरिहार्यता रहेको छ जसले असल शासन अर्थात सुशासनको निर्माण गरी नागरिक उन्मुख शासनको विकासमा महत्वपुर्ण टेवा पुग्ने देखिन्छ।

सन्दर्भ सामाग्री

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७

आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन,२०७५,नेपाल सरकार,अर्थ मन्त्रालय,महालेखा नियन्त्रक कार्यालय

स्थानिय तहको आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन,२०७८(नमुना सहित),नेपाल सरकार,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार,काठमाण्डौ

विकिपिडिया

नागरिक वडापत्र

नेपाल सरकार

अर्थ मन्त्रालय

महालेखा नियन्त्रक कार्यालय

कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय

नागरिक वडापत्र (Citizen Charter)

सि. नं	कार्यालयको कामको विवरण	संलग्न गर्नु पर्ने कागजात	लाग्ने समय	लाग्ने शुल्क	जिम्मेवार शाखा	गुनासो सुन्ने आधिकारी	कैफियत
१.	सरकारी बाँकि रकमको लगत कस्ने	आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ११२ बमोजिम सम्बन्धित मन्त्रालयको लेखाउत्तरदायी अधिकृत स्तरीय निर्णय सहित अनुसूची १५ प्रमाणित गरी सम्बन्धित निकायबाट भए गरेको काम कारबाहीको कागजात सहितको सक्कल फाइल	७ दिन	नलाग्ने	लगत शाखा	कार्यालय प्रमुख	
२.	लगत कसिएको व्यक्ति वा संस्थालाई सो सम्बन्धि जानकारी दिने	लिखित पत्र	लगत कसेको ३ दिन	नलाग्ने	लगत शाखा	कार्यालय प्रमुख	
३.	सरकारी बाँकि रकम असुल उपरको कारबाही गर्ने	सरकारी बाँकीको लगत र सो संग सम्बन्धित कागजात	निरन्तर	नलाग्ने	लगत शाखा	कार्यालय प्रमुख	
४.	सरकारी बाँकीको लगत कट्टा गर्ने	निबेदन सहित रा.बा.बैंकमा रहेको राजस्व खाता न. 1000200010000 राजस्व शिर्षक नं. 15111 बेरुजुमा यस कार्यालयको कोड नं. 305013503 उल्लेख गरी रकम जम्मा गरेको सक्कल बैंक भौचर	३ दिन	नलाग्ने	लगत शाखा	कार्यालय प्रमुख	
५.	रोक्का राखेको धितो तथा बैक खाता फुकुवा गर्ने	सरकारी बाँकीको लगत कट्टाको निर्णय र सम्बन्धित व्यक्ति/फर्म/संस्थाको निवेदन।	३ दिन	नलाग्ने	लगत शाखा	कार्यालय प्रमुख	
६.	आ.ब. २०५९/०६० सम्मको बेरुजुको लगत कट्टा गर्ने	सम्बन्धित मन्त्रालयका सचिव वा अधिकार प्राप्त निकायको प्रमुखले फछर्यौट गरेको प्रमाण र तोकिएको ढाँचा अनुसारको कागजात	लगत भिडेको ७ दिन	नलाग्ने	बेरुजु शाखा	कार्यालय प्रमुख	
७.	बेरुजु फछर्यौट समितिमा पेश हुने फाइल दर्ता गर्ने	बेरुजुसँग सम्बन्धित व्यहोरा सम्बोधन गर्ने प्रमाण सहितको सक्कल फाइल	बेरुजु फछर्यौट समिति गठन भएपछि तोकेको समयमा				
८.	बार्षिक रुपमा जीवित देवी कुमारीको पुजा गर्ने	-------------------------------	प्रत्येक बर्ष भाद्र शुल्क पक्षको अवधिमा	नलाग्ने	प्रशासन शाखा	कार्यालय प्रमुख	

कार्यालयको वेवसाईटः www.kumarichowk.gov.np ईमेलः info@kumarichowk.gov.np टेलिफोन नं. ०१-५३२९३३७, ५३४०७४९

बेरुजु फस्यौंट समितिको सचिवालयको कार्यसम्पादनको अवस्था

परिचय

साधारण भाषामा कुनै पनि आर्थिक कारोवार गर्न बनेका ऐन, नियम, निर्देशिका तथा मापदण्ड भन्दा फरक तवरबाट भए गरेका आर्थिक कारोवारका सम्बन्धमा लेखापरीक्षकले औल्याएको त्यस्तो नियम विपरितको कारोवार अथवा कानून सँग मेल नखाएको व्यहोरालाई बेरुजु भनिन्छ।

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २ (त) अनुसार बेरुजु भन्नाले प्रचलित कानून बमोजिम पुर्याउनु पर्ने रीत नपुर्याई कारोबार गरेको वा राख्नु पर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औल्याइएको वा ठहर्याएको कारोबार सम्झनु पर्छ भनि उल्लेख गरेको छ।

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ४२ बमोजिमा सामान्य प्रक्रियाबाट फस्यौंट हुन नसकेका बेरुजु फस्यौंट गर्न नेपाल सरकारले सार्वजनिक लेखा समिति र महालेखापरीक्षकको राय लिई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी देहाय बमोजिमको एक बेरुजु फस्यौंट समिति गठन गर्न सक्ने व्यवस्था रहेको छः

१. प्रतिनिधि सभा, सार्वजनिक लेखा समितिले तोकेको समितिको सदस्य -अध्यक्ष

२. महालेखापरीक्षकले तोकेको उप-महालेखापरीक्षक वा नायव महालेखापरीक्षक -सदस्य

३. अर्थ मन्त्रालयको सचिव वा निजले तोकेको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत -सदस्य

४. महालेखा नियन्त्रक वा निजले तोकेको महालेखा नियन्त्रक कार्यालयको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत -सदस्य

५. कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयको प्रमुख -सदस्य-सचिव

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ११३ को उपनियम (२) बमोजि पछिम कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयले बेरुजु फस्यौंट समितिको सचिवालयको रुपमा काम गर्नुपर्ने व्यवस्था गरेको छ। पछिल्लो पटक नेपाल सरकार मन्त्रिपरिषदको २०६५ साल फागुन २१ को निर्णयबाट सार्वजनिक लेखा समितिका सदस्य श्री उषा गुरुङको अध्यक्षतामा बेरुजु फस्यौंट समिति गठन भएको थियो।उक्त समितिले बेरुजु फस्यौंटको कार्य गरिरहेको अवस्थामा २०६९ जेठ १४ गते संविधान सभाको म्याद सकिए संगै यो समिति पनि स्वत विघटन हुन गयो।तत पश्चात नेपाल सरकार मन्त्रीपरिषदको मिति २०६९ आश्विन ११ को निर्णयानुसार *सरकारी हानी नोक्सानी वा मस्यौट भएको बाहेक अन्य बेरुजु सम्बन्धित मन्त्रालयका सचिव वा अधिकार प्राप्त निकायको प्रमुखले गरेको फस्यौंटको आधारमा लगत कट्टा गर्ने* भनि १६८५ थान ठेली (आ.ब.२०१८/१९ देखि २०५९/६० सम्मको रु ५ अर्व २४ करोड ७२ लाख १४ हजार) लेखापरीक्षणका प्रतिवेदनहरू यस कार्यालयमा हस्तान्त्रण भै आएको र उक्त प्रतिवेदनमा लगत कट्टा गर्न बाँकी लगतको लगत कट्टाको काम उक्त समितिको सचिवालयको हैसियतले यस कार्यालयले गर्दै आइरहेको छ।

उक्त कार्य यस कार्यालयलाई प्रदान गर्दाको निर्णयहरू देहाय बमोजिम रहेका छनः

नेपाल सरकार
अर्थ मन्त्रालय

विषयः कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयलाई आ.व. २०५९/६० सम्मको बेरुजुको लगत राखी र सोको फछर्यौटको आधारमा लगत कट्टा गर्ने कार्यको जिम्मेवारी तोक्ने सम्बन्धमा ।

विभागीय मन्त्रीबाट स्वीकृत मितिः २०६९/०६/०३

१. विषयको संक्षिप्त व्यहोराः

नेपाल सरकार (मं.प.) को मिति २०६५/११/२१ को निर्णयानुसार आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २३ (१) बमोजिम माननीय उषा गुरुङको अध्यक्षतामा गठित बेरुजु फछर्यौट समितिलाई आ.व.०५९/६० सम्मका बेरुजु फछर्यौट गर्ने कार्य तोकी उक्त समितिको म्याद पटकपटक थप भएपनि सो अवधिमा फछर्यौट हुन बाँकी बेरुजु रु. ५ अर्ब २४ करोड ७२ लाख १४ हजार रहेको र उक्त समितिको म्याद समाप्त भएकोले सो बेरुजुको लगत राखी फछर्यौटको व्यवस्था गर्नुपर्ने देखिएको छ ।

२. प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुराः

महालेखा परीक्षकको कार्यालयबाट हाल बेरुजु फछर्यौट समिति कायम नरहेको अवस्थामा आर्थिक वर्ष २०५९/६० सम्मको बेरुजु फछर्यौट एवं लगत कट्टा गर्ने कार्य कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयबाट गराउने सहमति मिति २०६९/५/१८ को पत्रबाट प्राप्त भएको छ ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र मन्त्रालयको सिफारिसः

नेपाल सरकार (मं.प.) को मिति २०६५/११/२१ को निर्णयानुसार गठित बेरुजु फछर्यौट समितिको म्याद संविधान सभाको म्याद समाप्तिसँगै २०६९/०२/१४ मा समाप्त भएको तर उक्त समितिलाई तोकिएको अवधिको बेरुजु मध्ये रु. ७ अर्ब २४ करोड ७२ लाख १४ हजार फछर्यौट हुन बाँकी देखिन्छ । यस्तो अवस्थामा उक्त अवधिको बेरुजुको लगत राखी फछर्यौटको आधारमा लगत कट्टा गर्ने र प्रतिवेदन गर्ने कार्य गर्न कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयलाई तोक्न उपयुक्त देखिन्छ । यसको लागि महालेखा परीक्षकको कार्यालयबाट सहमति समेत प्राप्त भई सकेको छ । बेरुजु फछर्यौट समितिको सचिवालयको रुपमा कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयले आ.व. २०५९/६० सम्मको बेरुजुको लगत राखी सो मध्ये सरकारी हानी नोक्सानी वा मस्यौट भएको बाहेक अन्य बेरुजु सम्बन्धित मन्त्रालयका सचिव वा अधिकारप्राप्त निकायका प्रमुखले गरेको फछर्यौटका आधारमा लगत कट्टा गर्ने र सोको विवरण चौमासिक रुपमा महालेखा परीक्षकको कार्यालय, अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयमा पठाउने गरि जिम्मेवारी तोक्ने निर्णयका लागि नेपाल सरकार (मं.प.) मा प्रस्ताव पेश गर्ने माननीय अर्थमन्त्रीज्यूबाट मिति २०६९/०६/०३ मा स्वीकृत भएकाले नेपाल सरकार (कार्यसम्पादन) नियमावली २०६४ को अनुसूची (१) को विषय संख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४ निर्णय हुनुपर्ने व्यहोराः

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १०४ बमोजिम बेरुजु फछर्यौट समितिको सचिवालयको रुपमा कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयले आ.व.२०५९/६० सम्मको बेरुजुको लगत राखी सो मध्ये सरकारी हानी नोक्सानी वा मस्यौट भएको बाहेक अन्य बेरुजु सम्बन्धित मन्त्रालयका सचिव वा अधिकार प्राप्त निकायका प्रमुखले गरेको फछर्यौटका आधारमा लगत कट्टा गर्ने र सोको विवरण चौमासिक रुपमा महालेखा परीक्षकको कार्यालय, अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयमा पठाउने तथा सो कार्यको अनुगमन महालेखा परीक्षकको कार्यालयले गर्ने गरी जिम्मेवारी तोक्ने ।

(कृष्णहरि बाँस्कोटा)
सचिव

मितिः २०६९/०६/०४

उक्त कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा प्राप्त बेरुजुहरू सम्बन्धित कार्यालयले फस्र्यौट गरी लगत कट्टाको लागि कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा पेश गर्नु पर्दछ। बेरुजु फस्र्यौट गर्दा बेरुजुको प्रकार अनुसार त्यसको फस्र्यौटको प्रकृया अवलम्बन गर्नुपर्दछ। आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन तथा नियमावलीमा रहेका व्यवस्थाहरूलाइ देहायको चित्र तथा तालिकामा प्रस्तुत गरिएको छ। सोही बमोजिमको प्रकृया पुरागरी बेरुजु फस्र्यौट तथा फरफारक गरी पेश भएमा कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयले लगत कट्टा गर्ने तथा सरकारी बाँकी सरह असुल उपरको लगत कायम गर्ने कार्य गर्दछ।

बेरुजु फस्र्यौट गर्ने तरिका र सो को कानुनी आधार

प्रकार	सम्बन्धित कार्यालयले अवलम्बन गर्ने प्रकृया	कानूनी आधार	लगत कट्टा
असुल गर्नुपर्ने	नियमित गर्ने प्रकृतीको कारोबार असुलउपर गर्नुपर्ने उल्लेख भएको बेरुजु भएमा म. ले. प. मा नियमित गर्ने बेरुजु कायम गरिदिन अनुरोध गर्ने।	नियम ८९ (४)	महालेखा परीक्षकको कार्यालयमा लगत कट्टाको लागि अनुरोध गर्ने महालेखा परीक्षकको कार्यालयबाट बेरुजुको लगत कट्टा गर्ने
	जिम्मेवार व्यक्ति वा संस्थालाई बेरुजु रकम २१ दिनभित्र दाखिला गर्न पत्राचार गर्ने	नियम ९० (१)(२)	
	निजले भुक्तानी पाउने जुनसुकै रकमबाट कट्टा गरी असुल उपर गर्ने।	नियम ९० (३)(४)	
	सरकारी निकायमा निजले भुक्तानी पाउने जुनसुकै रकमबाट बेरुजु रकम कट्टी गर्न लेखी पठाउने।	नियम ९० (३)(४)	
	बेरुजु रकम दाखिला गर्न ३५ दिनको सार्वजनिक सूचना जारी गर्ने।	नियम ९०(५) (६)	
	सरकारी बाँकी असुल गर्न कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा लेखि पठाउने।	नियम ९० (१०)	
	कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयले लगत कसी सरकारी बाँकी असुल गर्ने।	नियम ८९ (७)	
	सार्वजनिक लेखा समितिको प्रतिवेदन बमोजिम हटाएको बेरुजु लगत।	नियम ९१ (१)(२)	
	सरकारी बाँकी सरह असुल उपर गर्नपनि सकिएन भने मिन्हा दिने।	दफा ४६ नियम १११ (५)	
पेश्की बाँकी	प्रमाण कागजात पेश गर्न लगाई पेश्कि फस्र्यौट गर्ने।	नियम ५१ (१)	
	बैक जमानत/निजले पाउने सुविधाबाट असुल उपर गरी पे. फ. गर्ने।	नियम ५१ (२)	
	पे.फ. हुन नसकेको पेश्की सरकारी बाँकी सरह असुल उपरको प्रकृयामा लैजाने।	नियम ५१ (३)	
नियमित गर्नुपर्ने	कार्यालय प्रमुख आफैले नियमित गर्नुपर्नेमा आफै नियमित गर्ने।	नियम ८९ (१)	महालेखा परीक्षकको कार्यालयमा लगत कट्टाको लागि अनुरोध गर्ने महालेखा परीक्षकको कार्यालयबाट बेरुजुको लगत कट्टा गर्ने
	जिम्मेवार पदाधिकारीले नियमित गर्नुपर्नेमा जिम्मेवार पदाधिकारी समक्ष पेश गरी नियमित नियमित गराउने।		
	सरकारी नगदी र जिन्सी हानि नोक्सानी नभएको र पुर्याउनुपर्ने रित नपुगेको प्रमाण संकलन गरि नियमितका लागि विभाग समक्ष पेश गर्ने।		
	सरकारी नगदी र जिन्सी हानि नोक्सानी नभएको र पुर्याउनुपर्ने रित नपुगेको प्रमाण र विभागिय सिफारिस सहित लेखाउत्तरदायी अधिकृत समक्ष नियमितका लागि पेश गर्ने		
	लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिमा छलफल गरी सिफारिस गर्ने	नियम ८९ (२)	
	समितिको सिफारिसमा लेखा उत्तरदायी अधिकृतले नियमित गर्ने।	दफा ४०(३) नियम ८९ (२)	
	नियमित गर्ननमिल्ने असुल उपरनै गर्नुपर्ने देखिएमा असुल उपरको प्रकृयामा लैजाने	दफा ४३(ख)	
	ले.उ.अधिकृतबाट नियमित हुन नसकेमा बेरुजु फस्र्यौट समितिमा पेश गरी नियमित गराउने।	नियम ९२ (२)(३)	
	सार्वजनिक लेखा समितिको प्रतिवेदन बमोजिम हटाएको बेरुजु लगत कट्टाको लागि पेश गर्ने।	नियम ९१ (१)(२)	

बेरुजु व्यवस्थापन प्रणाली (IMS) सञ्चालन निर्देशिका

कुनै पनि Browser मा ims.kumarichowk.gov.np टाईप गर्ने वा kumarichowk.gov.np को वेवसाइटको तलपट्टी लिंकमा बेरुजु व्यवस्थापन प्रणाली लेखिएको छ त्यसमा किलिक गर्ने र तत पश्चात कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयबाट उपलब्ध गराएको User ID & Password प्रविष्ट गरी sign in मा click गर्ने ।अव हामि वेरुजु व्यवस्थापन प्रणाली भित्र प्रवेश गर्नेछौ ।

अथवा

१. सबै मन्त्रालय /सचिवालय/आयोगको एकमुष्ट बेरुजु

Login भै सकेपछि गृह पृष्ठमा रहेको मन्त्रालय छान्ने अप्सनमा आफुले चाहेको मन्त्रालय/सचिवालय/आयोग आदीको नाम छान्ने यसमा उक्त मन्त्रालयको विनियोजन,धरौटी र राजस्व तर्फको जम्मा बेरुजु कति छ त्यसमा लगत कट्टा कति भै सक्यो र अव बाँकी बेरुजु के कति छ भनि एकमुष्ठ विवरण हेर्न र प्रिन्ट गर्न सकिन्छ ।

२ . कार्यालयवाइज बेरुजु विवरण



गृह पृष्ठमा हेरेको बेरुजु रकम सम्बन्धित मन्त्रालय/सचिवालय/आयोग आदी अन्तर्गतका कुन कुन आ. ब., विभाग, कार्यालय र दफाको हो आदी विवरण हेर्न प्रतिवेदनमा जानु पर्दछ ।सर्वप्रथम प्रतिवेदन भित्र अन्यमा रहेको कार्यालयवाइज बेरुजु विवरणमा जाने । त्यस पछि आफुले हेर्न चाहेको मन्त्रालय छान्ने र मन्त्रालय अन्तर्गतका सबै विभागको हेर्नु छ भने विभाग कुनै नछान्ने तर बिशेष कुनै विभाग अन्तरगतका कार्यालयहरूको विवरण हेर्नु छ भने विभाग छानेर खोजमा किलिक गर्ने ।तत पश्चाल सम्बन्धित

मन्त्रालयको नाम र कोड नम्बर विभागको नाम र कोड नम्वर तथा कार्यालयको नाम र कोड नम्बवर तथा उक्त कार्यालयको एकमुष्ठ बाँकी बेरुजु रकम देखिन्छ

कार्यालयको छेउमा देखाएको सुरु बेरुजुमा किलिक गरेमा जम्मा बेरुजुको दफावार विवरण देखाउछ भने लगत कट्टामा आएको अंकमा किलिक गरेमा लगत कट्टा भएको मात्र विवरण देखाउदछ भने बाकी वेरुजुमा किलिक गरेमा लगत कट्टा भै बाँकी रहेको विवरण मात्र देखाउदछ ।

३. दफावार बेरुजु





कार्यालयवाइज बाँकी बेरुजु त देखियो तर कु. व. र दफाको हो भनि थाहा पाउनको लागि प्रतिवेदन भित्र अन्यमा दफावारमा किलिक गर्ने ततपश्चात मन्त्रालय विभाग र कार्यालयको नाम अनिवार्यरुपमा छनोट गर्ने र खोजमा किलिक गर्ने । याद राख्नुपर्ने बिषय यदि मन्त्रालय विभाग र कार्यालयको कोड नम्बर थाहा छ भने उक्त कोड नम्वर टाइप गरे सम्बन्धित मन्त्रालय विभाग र कार्यालयको नाम आउछ यदि थाहा भएन भने लिष्टबाट छनौट गर्नुपर्दछ । तर आ. व. छनौट नगरे पनि हुन्छब छनौट नगरेमा सबै आ.ब.को विवरण आउछ भने छनौट गरेमा छनौट गरेको आ.ब.को मात्र विवरण देखिन्छ ।अथवा कार्यालयगत बेरुजुमा देखाएको कुल बेरुजु अंकमा किलिक गर्यो भने पनि त्यो बेरुजु अंक कुन आ ब को कुन ब उ शि न र दफाको हो दफवाररुपमा देख्न सकिन्छ ।

४. महालेखापरीक्षकको प्रारम्भिक प्रतिवेदन

प्रतिवेदन भित्र विनियोजन धरौटी राजस्व मध्ये जसको चाहिएको हो त्यस भित्र गएर लेखापरीक्षण प्रतिवेदनमा किलिक गर्ने तत पश्चात लेखापरीक्षण प्रतिवेदनको लागि आवश्यक विवरण छनौट गर्ने फिल्ड देखा पर्दछ त्यसमा सम्बन्धित आ व मन्यालय विभाग र कार्यालय तथा विनियोजनको हकमा बजेट उपशिर्षक छनौट गरी खोजमा किलिक गरेपछि महालेखापरीक्षकको प्रारम्भिक प्रतिवेदन देखिनेछ ।

५. आर्थिक बर्षवाईज प्रतिवेदन



यो प्रतिवेदन सम्बन्धित मन्त्रालय/सचिवाल/आयोगको विनियोजन, धरौटी र राजस्व तर्फको प्रत्येक आ.ब.मा नियमित गर्ने, असुल गर्ने र बेरुजु तर्फको के कति बेरुजु थियो लगत कट्टा भयो र बाकी के कति छ भनि बेरुजुको संक्षिप्तरुपमा सबै विवरण देखाउन प्रयोग गरिन्छ ।यसको लागि प्रतिवेदन भित्र अन्यमा रहेको आ ब वाइज प्रतिवेदनमा किलिक गरी सम्बन्धित मन्त्रालय विभाग कार्यालयको नाम छनोट गर्ने फिल्ड आउछ सोहि बमोजिम छनौट गरी सकेपछी खोजमा किलिक गरेपछि उक्त कार्यालयको आ ब वाइज बेरुजुको विवरण लगतकट्टाको विवरण र बाँकी रहेको बेरुजुको विवरण देखाउछ ।

५. अन्य प्रतिवेदनहरू:

विनियोजन राजस्व र धरौटी तर्फका छुट्टाछुट्टै विवरणहरू हेर्नको लागि प्रतिवेदन भित्र विनियोजन राजस्व र धरौटि मध्ये जुनको विवरण चाहिएको हो त्यसैलाइ सेलेक्ट गरि त्यस भित्र रहेको मन्त्रालयवाइजविभागवाइज र कार्यालयवाइजमा गएर विवरणहरू छनौट गरी प्रतिवेदन हेर्न सकिन्छ ।

उल्लेखित प्रतिवेदनहरूबाट आ-आफ्नो मन्त्राय/सचिवालय/आयोग र अन्तरगतका निकायहरूको बेरुजु विवरण जानकारी लिन सकिन्छ । यसरी जानकारी लिए पश्चात केन्द्रीय निकायहरूले मातहतका निकायहरूलाइ ताकेता गरी बेरुजु अव पाल्ने होइन फाल्ने तर्फ कारवाही अगाडी बढाउन यसले सहयोग गर्ने छ । बेरुजु फर्स्यौटको लाग उठाउने टिप्पणी तथा लगत कट्टाको लागि तयार गर्ने पत्रको नमुनाहरू कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयको वेवसाइट wwww. kumarichowk.gov.np मा राखिएको छ तहाँबाट डाउनलोड गरि प्रयोग गर्न सकिनेछ ।

कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयको सरकारी बाँकी असुली सम्बन्धी कार्यविधी

परिभाषा

साधारण भाषामा सरकारलाइ कुनै व्यक्ति वा संस्थाले कानुन बमोजिम तिर्न बुझाउन तथा सरकारले असुल गर्न बाँकी रहेको रकमलाइ सरकारी बाँकी रकम भनिन्छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २ (फ) "सरकारी रकम" भन्नाले ऐन, यस नियमावली तथा अन्य प्रचलित कानून बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई राजस्वको रूपमा वा अन्य कुनै किसिमबाट प्राप्त हुने र सङ्घीय सञ्चित कोष, प्रदेश सञ्चित कोष वा स्थानीय सञ्चित कोषबाट खर्च हुने रकम सम्झनु पर्छ।

सोही नियमावलीको नियम २ (प)"सरकारी बाँकी" भन्नाले ऐनको दफा ४७ बमोजिम नेपाल सरकारले असुल गर्नु पर्ने भनी लगत राखिएको रकम सम्झनु पर्छ।

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २ (ग) बमोजिम असुल उपर गर्नुपर्ने रकम भन्नाले लेखापरीक्षण हुँदा प्रचलित कानून बमोजिम भुक्तानी दिन नहुने रकम भुक्तानी दिएको वा बढी हुने गरी भुक्तानी दिएको वा घटी रकम असुल गरेको कारणबाट अल उपर गर्नुपर्ने भनी ठहर्याएको बेरुजु रकम सम्झनु पर्दछ र सो शब्दले हिनामिना वा मस्यौट गरेको रकम तथा नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने अन्य कुनै रकमलाई समेत जनाउँछ।

यसकारण सरकारलाइ कुनै व्यक्ति वा संस्थाले तिर्नुपर्ने र सरकारले प्राप्त गर्ने रकम (राजस्व शुल्क दस्तुर दण्ड जरिवाना थप शुल्क आदी) लाई सरकारी रकमको नामले सम्बोधन गरिन्छ भने सरकारले सम्बन्धित व्यक्ति वा संस्थावाट समयमानै असुल उपर गर्न नसकेको वा सम्बन्धित व्यक्ति वा संस्थाले समयमा सरकारलाइ नबुझाएको सरकारी रकमलाइ सरकारी बाँकि रकम भन्न सकिन्छ।

कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयले सरकारी बाँकी सरह असुल उपर गर्नुपर्ने बिषयहरू

ऐनको दफा ४९(१), ४९(४) तथा नियमावलीको नियम ११४ बमोजिम

- आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसारको असुल उपरहुन नसकेको बेरुजु
- अन्य प्रचलित कानून बमोजिम जिम्मेवार व्यक्तिबाट असूल उपर गर्नुपर्ने ठहर भएको रकम।
- नेपाल सरकार सँग गरेको शर्तानामा अनुसार बुझाउनु पर्नेमा नबुझाएको रकम।
- सरकारी नगदी तथा जिन्सी सम्पत्ती हिनामिना गर्ने व्यक्तिबाट त्यस्तो हिनामिना भएको रकम।
- अर्धन्यायिक निकाय वा अधिकारीबाट भएको फैसला बमोजिमको दण्ड जरिवाना।

१. कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा सरकारी बाँकीको लगत पठाउने प्रकृयाः

१.१ आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६

दफा ४७ नियमित प्रकृयाबाट फस्यौट नभएको बेरुजु सरकारी बाँकीको रुपमा रहनेः

(१) लेखापरीक्षणबाट मस्यौट तथा हिनामिना भएको भनी ठहर भएको रकम दफा ३९ र ४० बमोजिम फस्यौट तथा फरफारख हुन नसकेमा त्यस्तो बेरुजु रकम सरकारी बाँकी मानी सम्बन्धित जिम्मेवार व्यक्तिबाट असुल उपर गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने देखिएको रकम तीन बर्ष सम्म प्रयास गर्दा पनि नियमित, असुल, फस्यौट तथा फरफारख हुन नसकेमा सरकारी बाँकीको रुपमा लगत कायम गरी सोको सूचना जिम्मेवार व्यक्तिलाई समेत दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सरकारी बाँकीको रुपमा लगत कायम गरिएको असुल उपर गर्नुपर्ने रकमको विवरण सम्बन्धित लेखा उत्तरदायी अधिकृतले असुल उपरको लागि तोकिए बमोजिम कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा लेखी पठाउनु पर्नेछ।

१.२ आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७

नियम ११२.सरकारी बाँकीको लगत पठाउनु पर्ने: (१) ऐनको दफा ४७ को उपदफा (३) बमोजिम लेखा उत्तरदायी अधिकृतले कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा सरकारी बाँकीको लगत पठाउँदा अनुसूची-१५ बमोजिमको ढाँचामा आवश्यक विवरण भरी पठाउनु पर्नेछ।

१.३ सरकारी बाँकीको लगत पठाउने निकायले पुरा गर्नुपर्ने प्रकृयाहरूः

१.३.१ आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९० मा उल्लेखित प्रकृया पुरा गरेर आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ४७(२) बमोजिम सरकारी बाँकीको लगत तयार गरी सो को सूचना असुल उपर गर्नुपर्ने व्यक्तिलाई बुझाएको हुनुपर्दछ।

१.३.२

कार्यहरू	कृयाकलाप	कानूनी आधार	जिम्मेवार/सहयोगी निकाय निकाय
पत्राचार	असुल उपर गर्नु पर्ने बेरूजु रकम एक्काइस दिनभित्र दाखिला गर्न लिखित जानकारी गराउने।	नियम ९०(१)	सम्बन्धित कार्यालय प्रमुख
रकम कट्टी	बेरूजु रकम दाखिला नगरेमा कार्यालयले सम्बन्धित व्यक्ति वा संस्थाले सरकारी निकायबाट कुनै रकम भुक्तानी पाउने रहेछ भने त्यस्तो रकमबाट कट्टा गरी दिन सम्बन्धित निकायलाई लेखी पठाउने	नियम ९०(३)	सम्बन्धित सरकारी निकाय
सार्वजनिक सूचना	बेरूजु रकम दाखिला गर्न सम्बन्धित व्यक्ति वा संस्थाको नाममा पैंतीस दिनको सार्वजनिक सूचना जारी गरी गर्ने	नियम ९०(५)	सम्बन्धित कार्यालय
सरकारी बाँकीको लगत कायम गर्ने	त्यस्तो बेरुजु रकम सरकारी बाँकीको रुपमा लगत कायम गरी सो को सूचना जिम्मेवार व्यक्ति/फर्मलाई दिने।	दफा २)४७)	सम्बन्धित कार्यालय प्रमुख
	अन्तमा उक्त रकम सरकारी बाँकी सरह असुल उपरको लागि लेखा उत्तरदायी अधिकृतले कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा अनुसूची-१५ बमोजिमको ढाँचामा लगत कस्न पठाउने।	दफा ३)४७) नियम ९०(१०)	सम्बन्धित मन्त्रालयको लेखा उत्तरदायी अधिकृत

१.३.३ लगत पठाउने निकायको सम्बन्धित मन्त्रालयको लेखा उत्तरदायी अधिकृतबाट सरकारी बाँकी असुल उपरको लागि कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा लगत कस्न पठाउने बिषयको निर्णय भएको सक्कलै फाइल संलग्न गरी पठाउनु पर्दछ।

१.३.४ अनुसूची-१५ मा भएको सबै विवरण उल्लेख गरी लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गरी पठाउनु पर्दछ।यो फाराममा तिनपुस्ते विवरण, व्याज लाग्ने, नलाग्ने र लाग्ने भएमा के कति दरमा कति अवधीको लाग्ने, निजको नागरिकता नम्बर वा स्थायि लेखा नम्बर तथा निजको सम्पर्क ठेगाना र सम्पर्क नम्बर अनिवार्यरुपमा उल्लेख गर्नुपर्दछ।

१.३.५ असुल उपर गर्नुपर्ने रकम र व्यक्तिको सम्बन्धमा अदालतमा मुद्धा विचाराधिन रहेको छ भने लगत कस्न पठाउनु हुदैन।

१.३.६ संस्थासँग भएको कारोवारमा कुन कुन व्यक्ति जिम्मेवार हुन निजहरू सबैको बिवरण अनिवार्यरुपमा उल्लेख गर्नुपर्दछ।

१.३.७ जे.भी. वा जिम्मेवार व्यक्ति एक भन्दा बढी भएमा अनुसूची १५ को सि.नं. १ को विवरण प्रत्येक व्यक्तिकोहकमा छुट्टाछुट्टै तयार गरेर पठाउनु पर्छ।

२. **कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयले सरकारी बाँकीको लगत कायम गर्ने प्रकृयाः**

२.१ आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६

दफा ४९ कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयको काम, कर्तव्य, र अधिकारः

(१) यो ऐन र अन्य प्रचलित कानून बमोजि जिम्मेवार व्यक्तिबाट असूल उपर गर्नुपर्ने रकम तथा नेपाल सरकारसँग गरेको शर्तनामा अनुसार बुझाउन पर्ने रकम नबुझाएको वा सरकारी नगदी तथा जिन्सी सम्पत्ति हिनामिना गर्ने व्यक्तिबाट त्यस्तो रकम असुल उपरको लागि सम्बन्धित निकायबाट लेखी आएमा कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयले जिम्मेवार व्यक्तिबाट त्यस्तो रकम असुल उपर गर्न लगत कायम गर्नुपर्नेछ।

२.२ आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७

नियम ११२.सरकारी बाँकीको लगत पठाउनु पर्ने:

उपनियम (२) उपनियम (१) बमोजिम प्राप्त लगत जाँचबुझ गर्दा उल्लेख गर्नु पर्ने सबै विवरण उल्लेख गरेको पाइएमा कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयले सात दिनभित्र त्यस्तो सरकारी बाँकीको लगत कसी सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई जानकारी दिनु पर्नेछ।

उपनियम (३) उपनियम (१) बमोजिम प्राप्त लगतमा उल्लेख गर्नु पर्ने कुनै विवरण उल्लेख नभएको पाइएमा कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयले सात दिनभित्र त्यस्तो विवरण उल्लेख गरी पठाउन सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई लेखी पठाउन सक्नेछ।

२.३ कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयले गर्ने कार्य प्रकृया:

२.२.१ सरकारी बाँकी सरह असुल उपर गर्नपर्ने व्यक्ति वा संस्थाको नाममा लगत कायम गर्नुपर्दा सर्वप्रथम लगत कायम गर्ने संक्षिप्त पर्चा तयार गर्ने।

२.२.२ पर्चा र प्राप्त सक्कलै फाइलको आधारमा लगत कायम गर्ने टिप्पणी तयार गरी स्वीकृत गर्ने।

२.२.३ टिप्पणी स्वीकृत भएपछी व्यक्तिगत असुली रजिष्टरमा विवरण प्रविष्ट गर्ने।

२.२.४ यि सबै कार्य हाल कम्प्युटरमा आधारित लगत व्यवस्थापन प्रणालीमा विवरण प्रविष्ट गर्नासाथ तयार हुन्छ।यि दुबै तरिकाबाट Hard copy र Soft copy दुबैमा विवरण तयार गर्नु पर्दछ।

२.२.५ यस पछि आवश्यक असुलीका प्रकृया सुरु हुन्छ।

३. कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयको काम, कर्तव्य र अधिकार

३.१ आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६

दफा ४९ कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयको काम, कर्तव्य, र अधिकार:

(२) यो ऐन र अन्य प्रचलित कानून बमोजि जिम्मेवार व्यक्तिबाट असूल उपर गर्नुपर्ने रकम तथा नेपाल सरकारसँग गरेको शर्तनामा अनुसार बुझउन पर्ने रकम नबुझएको वा सरकारी नगदी तथा जिन्सी सम्पत्ति हिनामिना गर्ने व्यक्तिबाट त्यस्तो रकम असुल उपरको लागि सम्बन्धित निकायबाट लेखी आएमा कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयले जिम्मेवार व्यक्तिबाट त्यस्तो रकम असुल उपर गर्न लगत कायम गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम लगत कायम भएको रकम असुल उपर गर्ने दायित्व कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयको हुनेछ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा लगत कायम रहेको असुल उपर गर्नुपर्ने रकम सम्बन्धित प्रदेश वा स्थानिय तहबाट असूल उपर गर्न सहज हुने देखिएमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयलाई लगत हस्तान्त्रण गरी असुल उपर गर्न गराउन सकिनेछ।

(५) उपदफा (१) र (३) मा लेखिएदेखि बाहेक प्रचलित कानून बमोजिम प्रदत्त अधिकार प्रयोग गरी अर्धन्यायिक निकाय वा अधिकारीबाट भएको फैसला बमोजिमको दण्ड जरिबाना तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले त्यस्तो दण्ड जरिवाना नतिरे नबुझाएमा सम्बन्धित अर्धन्यायिक निकाय वा अधिकारी वा त्यस्तो अर्धन्यायिक निकायको प्रमुखले त्यस्तो दण्ड जरिवानाको विवरण उल्लेख गरी दण्ड जरिवाना असुल उपर गर्नको लागि कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा पठाउनु पर्नेछ।

(६) उपदफा (४) बमोजिम कुनै विवरण प्राप्त हुन आएमा कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयले सो विवरण बमोजिम लगत कसी सम्बन्धित व्यक्तिबाट त्यस्तो फैसला वा आदेश बमोजिमको दण्ड जरिबाना सरकारी बाँकी सरह असुल उपर गरी सङ्घीय सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(७) उपदफा (५) बमोजिम असुल उपर गर्नुपर्ने दण्ड जरिवाना असुल उपर भएपछि कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयले त्यस्को विवरण सम्बन्धित लेखा उत्तदायी अधिकृत तथा सम्बन्धित अर्धन्यायिक निकायको प्रमुख समेतलाई दिनु पर्नेछ।

(८) कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयले असुल उपर गर्नु पर्ने रकम असुल उपर गर्दा सम्बन्धित व्यक्ति, संस्था वा पदाधिकारीसँग आवश्यक प्रमाण बुझ्ने, बयान गराउने, साक्षी झिकाउने लगायत प्रचलित कानूनको अधीनमा रही थुनामा राखी कारबाही गर्ने सम्बन्धमा अदालतलाई भए सरहो अधिकार प्रयोग गर्न सक्नेछ।

(९) असुल उपर गर्नुपर्ने ठहरी लगत कसिएको बेरुजु वा दण्ड जरिवाना असुल उपर गर्दा कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय आफैले वा अन्य कार्यालयद्वारा असुल उपर गराउन सक्नेछ।

(१०) यस दफा बमोजिम बेरुजु रकम असुल उपर गर्ने कार्यमा सहयोग गरिदिन कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयबाट लेखी आएमा आवश्यक सहयोग उपलब्ध गराई दिनु सम्बन्धित कार्यालयको कर्तव्य हुनेछ।

(११) कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयको अन्य काम, कर्तब्य र अधिकार तथा बेरुजु असुल उपर तथा फर्स्यौट सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

३.२ आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७

नियम११३.कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयको काम, कर्तव्य र अधिकार: (१) ऐनको दफा ४९ मा उल्लेख भएको अतिरिक्त कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(१) सरकारी बाँकी असुल उपर गर्नु पर्ने व्यक्तिले कुनै सरकारी निकायबाट तलब, भत्ता, निवृत्तभरण, उपदान वा अन्य कुनै प्रकारको भुक्तानी पाउने रहेछ भने त्यस्तो भुक्तानी रोक्का गरी असुल उपर गर्नु पर्ने रकम कट्टा गर्न वा सम्बन्धित व्यक्तिको बैङ्क खाता तथा सम्पत्ती रोक्का गर्न सम्बन्धित निकायमा लेखी पठाउने,

(२) सरकारी बाँकी तिर्नु पर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीको नाम र बाँकी रकमको लगत प्रत्येक वर्ष अद्यावधिक गरी सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायमा पठाउने,

(३) सरकारी रकम असुल उपर गर्नु पर्ने व्यक्ति वा निजको जमानी बस्ने व्यक्तिले जेथा जमानी दिएको भए त्यस्तो जायजेथा खोजतलास गरी रोक्का राख्न लगाउने,

(४) कुनै विदेशी नागरिक, अन्तर्राष्ट्रिय फर्म, संस्था, कम्पनीबाट सरकारी बाँकी असुल उपर गर्नुपर्ने भएमा सो असुल उपर गर्न प्रचलित कानून बमोजिम परराष्ट्र मन्त्रालयमार्फत सम्बन्धित विदेशी मुलुक वा निकायमा लेखी पठाउने।

४. <u>सरकारी बाँकी रकम कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयले असुल उपर गर्ने प्रकृया:</u>

४.१ आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६र

दफा ४८ बेरुजु रकम जायजेथाबाट असुल उपर हुनेः

दफा ४७ बमोजिम असुल उपरका लागि प्राप्त भएको बेरुजु रकम कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयले सम्बन्धित व्यक्तिको जायजेथाबाट सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

४.२ आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७

निमय११४.सरकारी बाँकी असुल फर्स्यौट गर्ने प्रक्रिया:

(१) कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयले नियम ११२ बमोजिम लगत कायम भएको बेरूजु रकम बुझाउन सम्बन्धित व्यक्ति वा निजको हकवाला वा त्यस्तो रकम बुझाउनु पर्ने संस्था भए त्यस्तो संस्थाको नाममा पैंतीस दिनको म्याद दिई सूचना पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र रकम दाखिला गर्न नसकी सोको पर्याप्त कारणसहित सम्बन्धित व्यक्ति वा संस्थाले म्याद थपको लागि माग गरेमा कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयले बढीमा तीस दिनसम्मको म्याद थप गरिदिन सक्नेछ।

(३) उपनियम (१) वा (२) बमोजिमको म्यादभित्र समेत रकम दाखिला नगरेमा कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयले त्यस्तो व्यक्ति वा संस्थाले सरकारी निकायबाट कुनै रकम भुक्तानी पाउने भएमा त्यस्तो रकम कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयको नाममा जम्मा गरिदिन वा निजको नाममा जुनसुकै बैङ्कमा मौज्दात रहेको रकमबाट असुल उपर गर्न सम्बन्धित बैङ्कमा लेखी पठाउन सक्नेछ।

(४) उपनियम (३) बमोजिम कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयबाट असुल उपरको लागि लेखी आएमा सम्बन्धित कार्यालय वा बैङ्कले त्यस्तो रकम कट्टा गरी कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयको नाममा जम्मा गरिदिनु पर्नेछ। कुनै व्यक्तिले कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयले असुल उपर गर्नु पर्ने रकम हो भन्ने जानीजानी त्यस्तो रकम सो कार्यालयको नाममा रकम जम्मा नगरेमा सो कार्यालयले त्यस्तो सरकारी कार्यालय वा बैङ्कको सम्बन्धित कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(५) कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयले तोकिदिएको म्यादभित्र आफूले तिर्नु बुझाउनु पर्ने सरकारी बाँकी रकम नबुझाउने व्यक्ति वा संस्थाको जुनसुकै सम्पत्ति वा जायजेथाबाट त्यस्तो रकम असुल गर्न सक्नेछ।

(६) उपनियम (५) बमोजिम सरकारी बाँकी असुल गर्दा त्यस्तो व्यक्ति वा संस्थाको नाममा रहेको जायजेथा रोक्का गर्न सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाउनु पर्नेछ। त्यसरी जायजेथा रोक्का राख्न लेखी आएमा सम्बन्धित मालपोत कार्यालयले त्यस्तो व्यक्तिको नाममा रहेको जायजेथा खोजतलास गरी रोक्का राखी सोको जानकारी कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयलाई दिनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम जायजेथा रोक्का भएको जानकारी प्राप्त भए पछि कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयले त्यस्तो जायजेथाको प्रचलित कानून बमोजिम चलनचल्तीको मूल्य कायम गरी पैंतीस दिनको म्याद दिई सिलबन्दी बोलपत्र वा सार्वजनिक बढाबढको माध्यमबाट त्यस्तो जायजेथाको लिलाम बिक्रीको लागि कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(८) उपनियम (७) बमोजिम लिलाम बिक्री गर्दा असुल उपर गर्नु पर्ने रकम खाम्न सक्ने जति मात्रै जायजेथाको लिलाम बिक्री गर्नु पर्नेछ। जायजेथा खण्ड खण्ड बिक्री गर्न नमिल्ने भई पुरै लिलाम बिक्री गर्दा वा खण्ड खण्ड गरी लिलाम बिक्री गर्दा समेत असुल उपर गर्नु पर्ने रकमभन्दा बढी असुल भएमा बढी भएको जायजेथा सम्बन्धित व्यक्ति वा संस्थालाई फिर्ता दिनु पर्नेछ।

(९) उपनियम (७) बमोजिम लिलाम गर्दा दुई पटकसम्म लिलाम सकार हुन नसकेमा वा सकार हुन आएको रकम मालपोत कार्यालयबाट रजिष्ट्रेशन प्रयोजनको लागि कायम भएको न्यूनतम मूल्य भन्दा पनि कम हुन आएमा वा रकम असुल उपर गर्नु पर्ने व्यक्ति वा संस्थाले बुझाउनु पर्ने रकम खाम्न नसक्ने भएमा त्यस्तो जायजेथा नियम १११ को उपनियम (५) बमोजिम गठित समितिले निर्णय गरी नेपाल सरकारको स्वामित्वमा लिनेछ।

(१०) उपनियम (९) बमोजिम नेपाल सरकारको स्वामित्व कायम भएको छ महिनाभित्र सम्बन्धित व्यक्ति वा संस्थाले बुझाउनु पर्ने रकम र लिलाम बिक्री सम्बन्धी सूचना प्रकाशन गर्दा लागेको सम्पूर्ण खर्च रकम समेत दाखिला गरी त्यस्तो जायजेथा फिर्ता माग गरेमा नेपाल सरकारले त्यस्तो जायजेथा सम्बन्धित व्यक्ति वा संस्थालाई फिर्ता दिन सक्नेछ।

(११) यस नियम बमोजिम जायजेथा लिलामबाट पनि सरकारी बाँकी असुल हुन नसकेमा वा सरकारी बाँकी तिर्नु पर्ने व्यक्ति वा संस्थाको कुनै जायजेथा नभएमा निजलाई कसैले कुनै जमानी दिएको रहेछ भने त्यस्तो जमानी बस्ने व्यक्तिबाट यस नियम बमोजिम सरकारी बाँकी असुल गर्नु पर्नेछ। त्यसरी असुल गर्दा समेत सरकारी बाँकी असुल हुन नसकेमा असुल हुन नसकेको रकमले खामे जति सम्बन्धित व्यक्ति वा संस्थाको प्रमुखलाई जिल्ला अदालतको आदेश लिई प्रचलित कानून बमोजिम कैदमा राखी सरकारी बाँकी रकम असुल गर्नु पर्नेछ।

